# प्रदेश सभा दर्पण

२०८२


बागमती प्रदेश सभा सचिवालय

हेटौँडा, नेपाल

# प्रदेश सभा दर्पण

## २०८२

## (आठौँ अङ्क)

## बागमती प्रदेश सभा सचिवालय

### हेटौँडा, नेपाल

यस प्रदेश सभा दर्पणमा प्रकाशित लेख, रचनाहरूमा अभिव्यक्त भएका विचारहरू सम्बन्धित लेखक स्वयमको विचार भएकोले उक्त लेख, रचनामा प्रस्तुत भएका विषयप्रतिका विचारहरूमा प्रदेश सभा सचिवालय सम्बन्धित हुनेछैन।

**संरक्षक**

माननीय अपसरा चापागाईं
प्रदेश सभा सचिव श्री रामकुमार पौडेल
सचिवालय सचिव श्री पूर्ण बहादुर दर्जी

**सम्पादक मण्डल**

श्री प्रकाश चापागाईं, उपसचिव (कानुन)
श्री शान्ति दाहाल, कानुन अधिकृत
श्री हिमा न्यौपाने, अधिकृत सातौँ
श्री महेन्द्र रावत, लेखा अधिकृत
श्री प्रतिज्ञा देवकोटा, अधिकृत सातौँ
श्री रोशन प्रधान, कम्प्युटर अधिकृत छैटौँ
श्री सुजन पुडासैनी, माइक अपरेटर

प्रिन्ट संख्याः ४००

**मुद्रण**

न्यू प्रयास छापाखाना, हेटौँडा-१०
ईमेलः prayas.press@gmail.com

**प्रकाशक**

बागमती प्रदेश सभा सचिवालय
हेटौंडा, नेपाल

**सम्पर्क**

०५७-५२४८८९, ५२७५०८
https://provincialassembly.bagamati.gov.np/
info.assembly@bagamati.gov.np; state3assembly@gmail.com

# शुभकामना



संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको सात प्रदेशहरूमध्ये केन्द्रीय भू-भागमा अवस्थित, संघीय राजधानी समेत समेटिएको तथा विकास-निर्माणका विविध सूचकहरूमा अग्रणी स्थानमा रहेको बागमती प्रदेश सभाले आफ्नो गौरवमय आठौं वर्ष पूरा गरेको यस शुभ अवसरमा प्रदेशवासी सम्पूर्णमा हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछु।

यस अवसरमा संघ, प्रदेश र स्थानीय तहबीचको अन्तरसम्बन्धलाई सहअस्तित्व, सहकारिता र समन्वयको संविधानसम्मत सिद्धान्तमा आधारित हुँदै जनताप्रति उत्तरदायी, जनताको सेवामा समर्पित र जनताद्वारा निर्देशित शासन प्रणालीलाई अझ प्रभावकारी बनाउने साझा प्रतिबद्धता सुदृढ होस् भन्ने कामना व्यक्त गर्दछु।

संविधानतः बागमती प्रदेश संघीयताको मेरुदण्डका रूपमा स्थापित हुन सक्ने अपार सम्भावना बोकेको प्रदेश हो। तसर्थ प्रदेशको समग्र विकास, समृद्धि र सुशासनको लक्ष्यलाई साकार पार्न राजनीतिक नेतृत्व, नागरिक समाज तथा आम जनसमुदायबीच उच्च अभिलाषा, आपसी विश्वास र जिम्मेवार सहभागिताको आवश्यकता आज झनै महसुस भएको छ।

यसै सन्दर्भमा, बागमती प्रदेश सभा सचिवालयले प्रदेश सभाको गौरवमय आठौं वार्षिकोत्सवको उपलक्ष्यमा प्रदेश सभाबाट सम्पादित कार्यहरू तथा भए गरेका कामकारवाहीहरूको व्यवस्थित अभिलेखीकरण गर्दै तिनलाई पारदर्शी रूपमा आम सरोकारवालामाझ प्रस्तुत गर्ने उद्देश्यले "प्रदेश सभा दर्पण" प्रकाशन गर्न लागेकोमा अत्यन्तै खुसी व्यक्त गर्दछु।

प्रदेश सभाको दोस्रो कार्यकालको पाँचौं तथा छैठौं अधिवेशनमा भएका कामकारवाहीहरूको विवरणसहित विविध महत्वपूर्ण विषय समेटिएको प्रस्तुत प्रदेश सभा दर्पण प्रकाशन, प्रदेश सभाका गतिविधिहरूबारे जानकारी लिन चाहने सबैका लागि सन्दर्भयोग्य र उपयोगी हुने विश्वास व्यक्त गर्दछु।

अन्त्यमा, यस दर्पण प्रकाशनलाई सफल बनाउन प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा योगदान गर्नु हुने सम्पूर्णमा हार्दिक आभार व्यक्त गर्दै बागमती प्रदेश सभाको आठौं वार्षिकोत्सवको पूर्ण सफलताको कामना गर्दछु। धन्यवाद ।

माननीय अपसरा चापागाईं
उपसभामुख
बागमती प्रदेश, हेटौंडा, नेपाल

# सम्पादकीय

नेपालको संविधानले अंगिकार गरेको संवैधानिक मार्गदर्शन तथा संघीय लोकतान्त्रिक गणतन्त्रको मूल मर्म अनुरूप बागमती प्रदेश सभा प्रदेशस्तरीय शासन व्यवस्थाको एक सशक्त, उत्तरदायी र जनमुखी संस्थाका रूपमा स्थापित छ। प्रदेश सरकारलाई जनताप्रति उत्तरदायी बनाउँदै विधिको शासनलाई सुदृढ, प्रभावकारी र जीवन्त बनाउने प्रमुख संवैधानिक थलोका रूपमा प्रदेश सभाले निरन्तर महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ। प्रदेश सरकारको गठन तथा त्यसलाई जनता र संसदप्रति उत्तरदायी बनाउने उद्देश्यसहित संविधान बमोजिम प्रदेशका अधिकार कार्यान्वयन गर्न आवश्यक कानुनी संरचना निर्माण गर्नु प्रदेश सभाको मूल संवैधानिक दायित्व हो।

जनताको सार्वभौम अधिकारको प्रतिनिधित्व गर्ने यस संस्थाले कानुन निर्माण, नीति निर्माण तथा सरकार माथि प्रभावकारी संसदीय निगरानीमार्फत नागरिक हित, अधिकार र चासोको संरक्षण, प्रवर्द्धन तथा संवर्द्धनमा अग्रणी भूमिका निर्वाह गर्दछ। प्रदेश सभाको सबलीकरणमार्फत नै प्रदेशस्तरीय शासन व्यवस्थापनमा प्रभावकारिता, पारदर्शिता र उत्तरदायित्व सुनिश्चित गर्न सकिन्छ भन्ने दृढ विश्वास लिइएको छ।

बागमती प्रदेश सभाले हरेक वर्ष माघ १८ गते वार्षिकोत्सव मनाउँदै आइरहेको छ। सोही अवसरमा प्रकाशन गरिने प्रदेश सभा दर्पणको आठौँ संस्करण आज यहाँहरू समक्ष प्रस्तुत गरिएको छ। प्रदेश सभा दर्पण प्रदेश सभाको वार्षिक गतिविधि, उपलब्धि र चुनौतीहरूको अभिलेख मात्र नभई समग्र प्रदेश सभाको भूमिका, महत्व तथा संसदीय अभ्यासलाई उजागर गर्ने एक महत्वपूर्ण दस्तावेज हो। यस प्रकाशनले विधायिकी बहस, कानुन निर्माण प्रक्रिया, समिति गतिविधि, संसदीय अभ्यास तथा लोकतान्त्रिक मूल्य मान्यताको संरक्षण र प्रवर्द्धनमा भएका प्रयासहरूको समग्र र सन्तुलित चित्र प्रस्तुत गर्दछ।

यस वर्षमा प्रदेश सभाले ७ वटा विधेयक सहित हालसम्म ९० वटा विधेयक पारित गरेको छ। हाल, सभा, समिति तथा सचिवालयमा ४ वटा विधेयक विचाराधीन अवस्थामा रहेका छन्। यी कानुनहरूले सुशासन प्रवर्द्धन, पारदर्शिता र जवाफदेहितालाई संस्थागत गर्दै संस्कारका रूपमा विकास गर्न शासन प्रणालीलाई थप उत्तरदायी र नागरिक केन्द्रित बनाउन महत्वपूर्ण योगदान पुऱ्याउने विश्वास लिइएको छ। यस सन्दर्भमा प्रदेश सभा दर्पण केवल एक अभिलेख मात्र नभई बागमती प्रदेश सभाको संस्थागत स्मृति, सिकाइ र सुधार को मार्गदर्शक दस्तावेजका रूपमा रहेको छ, जसले विगतका अनुभवलाई समेट्दै आगामी दिनका लागि दिशानिर्देश प्रदान गर्दछ।

यही भदौ २३ र २४ गतेको जेन्जी प्रदर्शनका क्रममा बागमती प्रदेश सभाको प्रशासकीय तथा विधायिकी भवन, सवारी साधन, प्राविधिक उपकरण तथा जिन्सी सामग्रीमा व्यापक क्षति पुग्न गई सहज रूपमा कार्य सञ्चालन गर्न चुनौतीपूर्ण अवस्था सिर्जना भए तापनि प्रदेश सरकार, नागरिक समाज, सञ्चारकर्मी, आम जनता तथा शुभेच्छुक संघ-संस्थाको सहयोग, सहकार्य र सद्भावका कारण प्रदेश सभा आफ्नो आठौँ वार्षिकोत्सव तथा प्रदेश सभा दर्पण प्रकाशन गर्न सफल भएको छ।

यस ऐतिहासिक प्रकाशनका लागि प्रेरणा, मार्गदर्शन तथा सहयोग प्रदान गर्नुहुने बागमती प्रदेश सभाका माननीय उपसभामुखज्यू, माननीय प्रदेश सभा सदस्यहरू, प्रदेश सभा सचिवालयका कर्मचारीहरू तथा लेख-रचना उपलब्ध गराई योगदान पुऱ्याउनुहुने सम्पूर्ण लेखकहरूप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछौँ।

सम्पादक मण्डल

माघ २०८२

# विषयसूची

## परिच्छेद १
## प्रदेश परिचय


१.१. पृष्ठभूमि १

१.२. भौगोलिक अवस्थिति १

१.३. राजनीतिक विभाजन २

१.४. प्रशासनिक विभाजन ३

१.५. सामाजिक अवस्था ३

  १.५.१. लैङ्गिक अनुपात ३

  १.५.२ जातीय समूह ३

  १.५.३ भाषा ३

  १.५.४ धर्म ४

१.६ जनसङ्ख्या ४


## परिच्छेद २
## प्रदेश सभा


२.१. परिचय ५

२.२. संवैधानिक व्यवस्था ६

२.३. काम, कर्तव्य र अधिकार ७

२.४. सभा सञ्चालन सम्बन्धी व्यवस्था ८

२.५. सभाले गरेका कार्य १०

  २.५.१ सभाका अधिवेशन आव्हान तथा अन्त्य १०

  २.५.२ विधेयकमाथिको छलफल बाहेक सभामा भएको अन्य छलफल (पाँचौ र छैठौँ अधिवेशन) १०

  २.५.३ सभामा भएका छलफलका विषयहरू ११

२.६ सभामा माननीय सदस्यहरूको दलगत तथा लैङ्गिक प्रतिनिधित्व ५२

२.७ प्रदेश सभाका माननीय सदस्यहरूको विवरण ५३


## परिच्छेद ३
## विषयगत समिति


३.१. परिचय ५८

३.२. कार्यक्षेत्र ५९

३.३ विषयगत समिति ६०

३.३.१ प्रदेश मामिला समिति ६०
३.३.१.१. बैठक तथा निर्णयहरू ६१
३.३.२ अर्थ तथा विकास समिति ६६
३.३.२.१ बैठक तथा निर्णयहरू ६७
३.३.३ सार्वजनिक लेखा समिति ७३
३.३.३.१ माननीय सदस्यहरूको विवरण ७३
३.३.३.२ बैठक तथा निर्णयहरू ७४
३.३.४ शिक्षा, स्वास्थ्य तथा कृषि समिति ८०
३.३.४.१ माननीय सदस्यहरूको विवरण ८०
३.३.४.२ बैठक तथा निर्णयहरू ८१
३.३.५ उद्योग, पर्यटन तथा वातावरण समिति ८४
३.३.५.१ माननीय सदस्यहरूको विवरण ८४
३.३.५.२ बैठक तथा निर्णयहरू ८५
३.३.६ विशेषाधिकार समिति ८९
३.३.६.१ माननीय सदस्यहरूको विवरण ८९
३.३.६.२ बैठक तथा निर्णयहरू ९०
३.४ कार्यान्वयन परामर्श समिति ९१
३.४.१ माननीय सदस्यहरूको विवरण ९१

## परिच्छेद ४

## विधेयक तथा अध्यादेश सम्बन्धी विवरण

४.१ विधेयक तथा अध्यादेश दर्ता विवरण ९२
४.२ अध्यादेश ९२
४.३ विधेयक दर्ता देखि पारित सम्मको विवरण ९३
४.४ अध्यादेश सम्बन्धी विवरण ९८

## परिच्छेद ५

## कार्यक्रम तथा गतिविधि

५.१ अन्तरप्रदेश अनुभव आदानप्रदान कार्यक्रम ९९
५.१.१ मधेश प्रदेश सभा ९९
५.१.२ लुम्बिनी प्रदेश सभा ९९
५.१.३ कर्णाली प्रदेश सभा १००
५.१.४ गण्डकी प्रदेश सभामा प्रदेश मामिला समितिको अनुभव आदानप्रदान १००

५.१.५ कोशी प्रदेश सभामा उद्योग, पर्यटन तथा वातावरण समितिको अनुभव आदानप्रदान १०१
५.१.६ कर्णाली प्रदेश सभामा शिक्षा, स्वास्थ्य तथा कृषि समितिको अनुभव आदानप्रदान १०१
५.१.७ गण्डकी प्रदेश सभामा अर्थ तथा विकास समितिको अनुभव आदानप्रदान १०२
५.१.८ गण्डकी प्रदेश सभामा सार्वजनिक लेखा समितिको अनुभव आदानप्रदान १०२
५.२ अन्य प्रदेश सभाबाट बागमती प्रदेश सभामा अनुभव आदानप्रदान १०३
५.२.१ मधेश प्रदेश सभा १०३
५.२.२ मधेश प्रदेश सभा, महिला बालबालिका तथा सामाजिक न्याय समिति १०३
५.२.३ लुम्बिनी प्रदेश सभा कृषि, वन तथा वातावरण समिति १०४
५.२.४ गण्डकी प्रदेश सभा, अर्थ समिति १०४
५.२.५ कोशी प्रदेश सभा, अर्थ समिति १०४
५.३ कार्यक्रम तथा गतिविधि १०४
५.३.१ सञ्चारकर्मीसँग अन्तरक्रिया १०४
५.३.२ स्वकीय सचिवहरूलाई अनुशिक्षण कार्यक्रम १०५
५.३.३ महिला माननीयहरूको लागि क्षमता अभिवृद्धि कार्यक्रम १०६
५.३.४ अन्तरप्रदेश उत्तर विधायिकी परीक्षण कार्यशाला १०७
५.३.५ कानून निर्माण, कार्यान्वयन र अपेक्षा सम्बन्धमा स्थानीय तहसँग छलफल तथा अन्तरक्रिया कार्यक्रम १०८
५.३.५.१ दुप्चेश्वर गाउँपालिका १०८
५.३.५.२ माडी नगरपालिका १०८
५.३.५.३ राक्सिराङ गाउँपालिका १०९
५.३.५.४ बागमती प्रदेश सभाको सातौं वार्षिकोत्सव कार्यक्रम १०९
५.४ नमुना युवा संसद कार्यक्रम ११०
५.५ कर्मचारीहरूको लागि क्षमता अभिवृद्धि कार्यक्रम १११
५.६ विषयगत समितिका कार्यक्रमहरू ११२
५.६.१ विषयगत समितिका सदस्यहरूलाई विधेयक मस्यौदा तयारी तथा प्रतिवेदन लेखन सम्बन्धी क्षमता अभिवृद्धि कार्यक्रम ११२
५.६.२ प्रदेश निजामती सेवा ऐन, २०७९ उत्तरविधायिकी परीक्षण सम्बन्धमा विज्ञ तथा सरोकारवालाहरूसँग अन्तरक्रिया कार्यक्रम ११२
५.६.३ विधेयक सम्बन्धी सरोकारवालाहरूसँग छलफल ११३
५.६.४ विषयगत समितिको कार्यक्षेत्र बमोजिम विज्ञ तथा सरोकारवालासँग छलफल तथा अन्तरक्रिया र प्रतिवेदन लेखन कार्यक्रम ११४
५.६.५ विषयगत समितिको कार्यक्षेत्र बमोजिम विज्ञ तथा सरोकारवालासँग छलफल तथा अन्तरक्रिया कार्यक्रम ११४

५.७ समितिको अनुगमन र निगरानी ११५
५.७.१ शिक्षा, स्वास्थ्य तथा कृषि समिति ११५
५.७.२ उद्योग, पर्यटन तथा वातावरण समिति ११५
५.७.३ सार्वजनिक लेखा समिति ११६

## परिच्छेद – ६
## बागमती प्रदेश सभा सचिवालय

६.१ प्रदेश सभा सचिवालय ११८
६.२ काम, कर्तव्य र अधिकार ११८
६.३ दरबन्दी ११९
६.४ संगठन संरचना १२०
६.५ कर्मचारी १२१
६.६ बागमती प्रदेश सभा सचिवालय : वर्तमान अवस्था १२३

## परिच्छेद ७
## लेख रचना

मा. इन्द्र प्रसाद गोतामे, प्रदेश सभा सदस्य १२५
मा. मदु कुमार श्रेष्ठ, प्रदेश सभा सदस्य १३२
मा. राम कुमार पहाडी, प्रदेश सभा सदस्य १३५
मा. रामेश्वर श्रेष्ठ, प्रदेश सभा सदस्य १४४
मा. सुना परियार, प्रदेश सभा सदस्य १५२
श्री रामकुमार पौडेल १६०
श्री हिमा न्यौपाने १७२
श्री रोशन प्रधान १७८
श्री रिपेश दाहाल १८३
श्री पोष्टराज अधिकारी (कुमार) १९०
श्री श्यामलाल दुलाल (गणेश) १९७
श्री शिवराज खड्का २०३
श्री सुनिता सापकोटा २०७
तस्वीरहरू २१४-२२१
सन्दर्भ सामग्री २२२

# परिच्छेद-१

# प्रदेश परिचय

## १.१ पृष्ठभूमि

नेपालका सात प्रदेशहरू मध्ये बागमती प्रदेश एक हो। नेपालको मुटुमा अवस्थित यो प्रदेशले हिमालको शीतलता, पहाडको सौन्दर्य र तराईको उर्वरता एकैसाथ बोकेको छ। देशको राजधानी समेटेको बागमती प्रदेश प्रशासनिक, सांस्कृतिक र भौगोलिक दृष्टिले अत्यन्त महत्वपूर्ण छ। प्रदेश राजधानी हेटौँडा भएको यस प्रदेशले २०,३०० वर्ग किलोमिटरको क्षेत्रफल ओगटेको छ। प्रदेशले नेपालको कुल क्षेत्रफल १,४७,१८१ मध्ये १३.७९ प्रतिशत क्षेत्रफल ओगटेको छ। समुन्द्र सतहदेखि १४१ मिटर देखि ७,२२९ मिटरसम्म फैलिएको यस प्रदेशको तल्लो विन्दु चितवनको गोलाघाट रहेको हो भने माथिल्लो विन्दु लाङटाङ हिमाल रहेको छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम धादिङ, दोलखा, रसुवा, सिन्धुपाल्चोक र रामेछाप पाँचवटा हिमाली जिल्ला, नुवाकोट र काभ्रेपलाञ्चोक दुईवटा पहाडी जिल्ला, काठमाडौं, भक्तपुर र ललितपुर तीनवटा उपत्यकाका जिल्ला र सिन्धुली, चितवन र मकवानपुर तीनवटा भित्री मधेसका जिल्लाहरू यस प्रदेशमा पर्दछन्। बागमती प्रदेश साविकको जनकपुर अञ्चलका तीन जिल्ला, बागमती अञ्चलका आठ जिल्ला र नारायणी अञ्चलका दुई जिल्ला समेटेर बनेको छ। यो प्रदेश हिमाल देखि तराईसम्म फैलिएको छ।

## १.२ भौगोलिक अवस्थिति

नेपाल सरकारको नापी विभागका अनुसार बागमती प्रदेश २६ डिग्री ५५ मिनेट उत्तरी अक्षांशदेखि २८ डिग्री २३ मिनेट उत्तरी अक्षांशसम्म र ८३ डिग्री ५५ मिनेट पूर्वी देशान्तरदेखि ८६ डिग्री ३४ मिनेट पूर्वी देशान्तरसम्म फैलिएको छ। यो प्रदेशको पूर्वमा कोशी प्रदेश र पश्चिममा गण्डकी प्रदेश पर्दछन्। त्यसैगरी उत्तरमा चीनको स्वशासित क्षेत्र तिब्बत र दक्षिणमा मधेश प्रदेश र भारतको विहार राज्य पर्दछन्। यस प्रदेशमा भरतपुर, काठमाडौं र ललितपुर महानगरपालिका रहेका छन्। यस प्रदेशमा एक मात्र हेटौंडा उपमहानगरपालिका रहेको छ। नेपालको राजधानी काठमाडौं, गाउँपालिका विहीन जिल्ला भक्तपुर(सबैभन्दा सानो जिल्ला) र नगरपालिका विहीन जिल्ला रसुवा यसै प्रदेशमा रहेका छन्। नेपालको जनगणना २०७८ अनुसार यस प्रदेशको जनसङ्ख्या ६१,१६,८६६ रहेको छ। यहाँको हावापानीमा पनि विविधता भेटिन्छ। बागमती प्रदेशको

नाम काठमाडौं उपत्यका हुँदै बग्ने बागमती नदीको नामबाट राखिएको हो।यस नदीलाई नेवारी सभ्यता र सहरीकरणको स्रोत मानिन्छ।विनयपिटकमा यो नदीलाई नन्दबग्गा र वग्गुमुदा भनी उल्लेख गरिएको छ।

यस प्रदेशमा १० वटा उपजलाधार प्रणालीहरू र ३३ वटा मुख्य नदीहरू रहेका छन्। यी मध्ये सबैभन्दा लामो नदी सुनकोशी रहेको छ जसको लम्बाई १६०.१९ किलोमिटर रहेको छ भने सबैभन्दा छोटो नदी लालबकैया रहेको छ जसको लम्बाई १.८९ किलोमिटर रहेको छ। यस प्रदेशको कुल भुभागको ५३.७ प्रतिशत (१०९००८५ हेक्टर) जमिन वनले र ७.५७ प्रतिशत (१५३७५९ हेक्टर) झाडी बुट्यानले गरी कुल ५९.२७ प्रतिशत (१२४३८४४ हेक्टर) जमिन वन क्षेत्रले ओगटेको छ भने २४.३४ प्रतिशत (४९४०८४ हेक्टर) जमिनमा खेती भएको पाइन्छ। सबैभन्दा थोरै जमिन ३०७ हेक्टर (०.०२ प्रतिशत) ताल पोखरीले ओगटेको पाइन्छ।

## १.३ राजनीतिक विभाजन

साविकको प्रदेश नं. ३ को मन्त्रिपरिषद्को हकमा मिति २०७४ माघ २९ गते मुख्यमन्त्री डोरमणि पौडेलको अध्यक्षतामा भौतिक पूर्वाधार विकास मन्त्री तथा आन्तरिक मामिला तथा कानून मन्त्री समेत गरी प्रारम्भमा तीन सदस्यीय मन्त्रिपरिषद् गठन भई फागुन १७ गते अन्य चार मन्त्रीहरू थप भई मुख्य मन्त्रीसहित सात सदस्यीय मन्त्रिपरिषद् गठन भए पश्चात् बागमती प्रदेशको मन्त्रिपरिषद्ले पूर्णता पाएको थियो।

वि.सं. २०७६ पुष २७ मा बसेको प्रदेश सभा बैठकले प्रदेश नं. ३ को नामाकरण “बागमती प्रदेश” र प्रादेशिक राजधानी “हेटौंडा” लाई कायम गर्ने प्रस्तावलाई बहुमतले पारित गरेको थियो।यस प्रदेशमा प्रतिनिधिसभाका ३३ निर्वाचन क्षेत्र र प्रदेश सभाका ६६ निर्वाचन क्षेत्रहरु रहेका छन्। यस प्रदेशको प्रदेशसभामा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीबाट निर्वाचित हुने सदस्य संख्या ६६ जना र समानुपातिक निर्वाचन प्रणालीबाट निर्वाचित हुने सदस्य संख्या ४४ जना गरी कुल ११० सदस्यहरु रहने छन्। १३ वटा जिल्लामा फैलिएको यस प्रदेशमा महानगरपालिका ३, उपमहानगरपालिका १, नगरपालिका ४१ र गाउँपालिका ७४ गरी जम्मा ११९ स्थानीय तहहरु रहेका छन् जस अन्तर्गत ११२१ वडाहरु रहेका छन्।

## १.४ प्रशासनिक विभाजन

बागमती प्रदेशमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सहित १४ मन्त्रालयहरु छन्। मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय अन्तर्गत प्रदेश लोक सेवा आयोग, प्रदेश नीति तथा योजना आयोग र मुख्य न्यायाधिवक्ताको कार्यालय रहेका छन्। यस प्रदेशमा सञ्चार रजिष्ट्रारको कार्यालय, मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान, प्रदेश सुशासन केन्द्र, प्रदेश खेलकुद परिषद्, प्रदेश दुग्ध विकास बोर्ड, प्रदेश सहकारी विकास बोर्ड लगायतका संरचनाहरु समेत रहेका छन्। यसैगरी संवैधानिक व्यवस्था अनुसार प्रदेश प्रमुखको कार्यालय र बागमती प्रदेश सभा सचिवालय पनि रहेका छन्।

## १.५ सामाजिक अवस्था

### १.५.१ लैङ्गिक अनुपातः

नेपालको जनगणना २०७८ अनुसार बागमती प्रदेशको जनसङ्ख्या ६१,१६,८६६ रहेको छ जसमा ३०,६८,१८२ महिला र ३०,४८,६८४ पुरुष रहेका छन्। यस प्रदेशमा लैङ्गिक अनुपात ९९.३६ रहेको छ।

### १.५.२ जातीय समूहः

जातिय आधारमा तामाङ यस प्रदेशको सबैभन्दा ठूलो जातीय समूह हो जहाँ तामाङहरूको सङ्ख्या प्रदेशको कुल जनसङ्ख्याको २०.५४ प्रतिशत हुन आउँछ। ब्राह्मण १८.३२ प्रतिशत जनसङ्ख्याको साथ प्रदेशको दोस्रो ठूलो जातीय समूह हो। यसका साथै यस प्रदेशका अन्य धेरै जनसङ्ख्या भएको जातिहरूमा क्षेत्री (१७.१३) र नेवार (१७.०७) प्रतिशत पर्दछन्। यसका साथै मगर, विश्वकर्मा, गुरुङको जनसङ्ख्या प्रदेशको कुल जनसङ्ख्याको क्रमशः ४.८७ प्रतिशत, २.५२ प्रतिशत र २.२२ प्रतिशत रहेको छ। थारू, राई, दमाई, सार्की र चेपाङको जनसङ्ख्या क्रमशः प्रदेशको कुल जनसङ्ख्याको १.६३ प्रतिशत, १.५२ प्रतिशत, १.३६ प्रतिशत, १.३३ प्रतिशत र १.१६ प्रतिशत रहेको छ।

### १.५.३ भाषाः

नेपाली भाषा यस प्रदेशमा सबैभन्दा बढी बोलिने भाषा हो। प्रदेशको कुल जनसङ्ख्याको ६७.२३ प्रतिशत मानिसहरू नेपाली मातृभाषी हुन्। तामाङ र नेपाल भाषा मातृभाषीहरूको जनसङ्ख्या क्रमशः १८.४९ प्रतिशत र १२.४४ प्रतिशत रहेको छ। यस प्रदेशमा बोलिने अन्य भाषाहरूमा मगर (१.८२ प्रतिशत), थारू (१.३३ प्रतिशत), मैथिली (१.१९ प्रतिशत), गुरुङ (०.९३ प्रतिशत) र चेपाङ (०.८५ प्रतिशत) रहेका छन्।

### १.५.४ धर्मः

नेपालको जनगणना २०७८ अनुसार यस प्रदेशमा ७१.७८ प्रतिशत मानिसहरू हिन्दु धर्मावलम्वी, २३.२८ प्रतिशत बौद्ध धर्मावलम्वी, २.८७ प्रतिशत ईसाई र ०.६७ प्रतिशत इस्लाम धर्मावलम्वीहरु रहेका छन्।

## १.६ जनसङ्ख्या

नेपालको जनगणना २०७८ अनुसार यो प्रदेशको कुल जनसङ्ख्या ६१,१६,८६६ रहेको छ जसमा पुरुष ३०, ४८, ६८४ (४९.८४ प्रतिशत) र महिला ३०,६८,१८२ (५०.१६ प्रतिशत) रहेका छन्।जनसङ्ख्याको वार्षिक वृद्धिदर ०.९७ प्रतिशत, घरपरिवारको सङ्ख्या १५,६७,९१७ र घरपरिवारको औसत आकार ३.८९ जना रहेका छन्। यस प्रदेश देशको सबैभन्दा बढी जनसङ्ख्या भएको प्रदेश समेत हो।यस प्रदेशको जनघनत्व ३०१ जनाप्रति वर्ग किलोमिटर रहेको छ।

# परिच्छेद-२
# प्रदेश सभा

## २.१ परिचय

नेपालको संविधानको धारा ५६ मा राज्यशक्तिको प्रयोग संघ, प्रदेश र स्थानीय तहले संविधान र कानुन बमोजिम गर्ने व्यवस्था रहेको छ। संविधानको धारा १७६ बमोजिम पहिलो हुने निर्वाचित हुने र समानुपातिक निर्वाचन प्रणालीबाट निर्वाचित हुने सदस्यबाट प्रदेश सभाको गठन हुने प्रावधान रहेको संविधानको अनुसूची-४ बमोजिम यस प्रदेशमा १३ जिल्ला रहेका छन्। मकवानपुर, चितवन, धादिङ, रसुवा, नुवाकोट, काठमाडौं, भक्तपुर, ललितपुर, काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक, सिन्धुली, रामेछाप र दोलखाका ११० जना माननीय सदस्यहरू सम्मिलित बागमती प्रदेश सभा गठन भएको छ।

पहिलो हुने निर्वाचित हुने निर्वाचनबाट निर्वाचित ६६ जना सदस्य र समानुपातिक प्रणालीबाट निर्वाचित ४४ जना सदस्य गरी ११० जना सदस्य रहनेगरी बागमती प्रदेश सभा गठन गरेको छ। दलगत रुपमा नेपाली कांग्रेस ३७ जना, नेकपा (एमाले) २७ जना, नेकपा (माओवादी केन्द्र) २१ जना, राष्ट्रिय प्रजातन्त्र पार्टी १३ जना, नेकपा (एकीकृत समाजवादी) ७ जना, नेपाल मजदुर किसान पार्टी ३ जना र हाम्रो नेपाली पार्टीबाट २ जना गरी माननीय सदस्यहरूको प्रतिनिधित्व रहेको छ। २०७९ पौष १४ गते प्रदेश सभा सदस्यको शपथ ग्रहण पश्चात बागमती प्रदेश सभाको पहिलो बैठक २०७९पौष १८ गते बसेको थियो।

२०८२ कार्तिक ३० गते नेकपा(माओवादी केन्द्र) र नेकपा(एकीकृत समाजवादी) एकीकरण भई नेपाली कम्युनिष्ट पार्टी गठन भए पश्चात् २८ जना सदस्य कायम भएको छ। २०८२ माघ ५ गतेदेखि लागू हुने गरी माननीय अमन कुमार मास्के, माननीय कुन्दन राज काफ्ले, माननीय प्रकाश श्रेष्ठ, माननीय वसन्त प्रसाद मानन्धर, माननीय युवराज दुलाल र माननीय सुनिल के.सीले प्रदेश सभा सदस्य पदबाट राजीनामा दिनुभएकोले हाल प्रदेश सभा सदस्य सङ्ख्या १०४ कायम रहेको छ।

प्रदेश सभाका पदाधिकारीहरूमा माननीय सभामुख भुवन कुमार पाठकले २०८२ असोज १ गतेदेखि लागू हुने गरी सभामुख पदबाट राजीनामा दिनुभएकोले उक्त पद रिक्त भएको छ। प्रदेश सभामा उपसभामुख पदमा माननीय अपसरा चापागाई रहनु भएको छ। प्रदेश सभामा प्रतिनिधित्व गर्ने राजनीतिक दल संसदीय दलका नेताहरूमा नेपाली कांग्रेसका माननीय इन्द्र बहादुर बानियाँ, नेकपा(एमाले)का नेता माननीय जगन्नाथ थपलिया, नेकपा(माओवादी केन्द्र)का नेता माननीय शालिकराम जम्कट्टेल, राष्ट्रिय प्रजातन्त्र पार्टीका माननीय उध्दव थापा,

नेकपा(एकीकृत समाजवादी)का माननीय कृष्ण प्रसाद शर्मा खनाल, नेपाल मजदुर किसान पार्टीका माननीय सुरेन्द्रराज गोसाई र हाम्रो नेपाली पार्टीका माननीय शैलेन्द्रमान बज्राचार्य रहनु भएको छ। २०८२ कार्तिक ३० गते नेकपा(माओवादी केन्द्र) र नेकपा(एकीकृत समाजवादी) एकीकरण भई नेपाली कम्युनिष्ट पार्टी गठन भए पश्चात् संसदीय दलको नेता चयन भएको जानकारी हालसम्म प्राप्त नभएको हुँदा साविक बमोजिम नै उल्लेख भएको छ। मुख्य सचेतकमा नेपाली कांग्रेसका माननीय पुकार महर्जन हुनुहुन्छ। प्रमुख सचेतकहरूमा नेकपा(एमाले)का माननीय एकालाल श्रेष्ठ, नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का माननीय रत्न प्रसाद ढकाल र राष्ट्रिय प्रजातन्त्र पार्टीका माननीय कुमारी तामाङ रहनु भएको छ। प्रदेश सभाका सचिव श्री कृष्ण हरि खड्का २०८१ फागुन २० गते पदावधि समाप्त भएपछि श्री रामकुमार पौडेल २०८१ चैत्र २१ गते प्रदेश सभा सचिव पदमा नियुक्ती हुनु भएको छ। प्रदेश सभा सचिवालय सचिव पदमा श्री पूर्ण बहादुर दर्जी कार्यरत रहनु भएको छ।

२०८० असार १२ गते बसेको बागमती प्रदेश सभाको बैठकले पाँच वटा विषयगत समिति र २०८१ जेठ ५ गते विशेषाधिकार समिति गठन गरेको छ। सभा संचालन सहजताका लागि कार्यव्यवस्था परामर्श समिति रहेको छ।

## २.२ संवैधानिक व्यवस्था

नेपालको संविधानको धारा १७५ देखि धारा १९६ सम्ममा प्रदेश व्यवस्थापिका सम्बन्धी व्यवस्था छ। प्रदेशको व्यवस्थापिका एक सदनात्मक हुनेछ जसलाई प्रदेश सभा भनिन्छ। प्रदेशबाट प्रतिनिधि सभामा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिम निर्वाचित हुने सदस्य संख्याको दोब्बर संख्यामा हुन आउने सदस्य संख्यालाई साठी प्रतिशत मानी बाँकी चालिस प्रतिशतमा समानुपातिक निर्वाचन प्रणालीबाट निर्वाचित हुने व्यवस्था रहेको छ।

बागमती प्रदेशमा प्रतिनिधि सभाका लागि ३३ जना पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिम निर्वाचित हुने भएकोले यसै निर्वाचन प्रणाली बमोजिम प्रदेश सभामा ६६ जना सदस्य प्रत्यक्ष निर्वाचन प्रणालीबाट र समानुपातिक निर्वाचन प्रणालीबाट ४४ जना सदस्य निर्वाचित हुने व्यवस्था छ। बागमती प्रदेश सभामा जम्मा ११० सदस्यहरू रहने व्यवस्था छ। प्रदेश सभाको दोस्रो कार्यकाल(२०७९) मा लैङ्गिक दृष्टिकोणबाट ७० जना पुरुष र ४० जना महिला सदस्यहरू रहनु भएको छ। यस मध्ये एकजना फरक क्षमता भएको महिला माननीय सदस्य रहनु भएको छ।

## २.३ काम, कर्तव्य र अधिकार

प्रदेश सभाको प्रमुख कार्य सरकार निर्माण गर्नु, प्रादेशिक कानुन बनाउनु, प्रदेश सरकारको वार्षिक नीति तथा कार्यक्रम र बजेट पारित गर्नु, प्रदेश सरकारको काम कारवाहीको निगरानी गर्नु र जनसरोकारको विषयमा प्रदेश सभामा छलफल गर्नु रहेको छ। नेपालको संविधानको भाग १३ मा प्रदेश कार्यपालिका, भाग १४ मा प्रदेश व्यवस्थापिका, भाग १५ मा प्रदेश व्यवस्थापन कार्यविधि र भाग १६ मा आर्थिक कार्यप्रणाली सम्बन्धी व्यवस्था उल्लेख भएको छ। यसको साथै प्रदेश सभाले देहाय बमोजिमका कानुन बनाउने कार्य गर्दछः

- प्रदेश सरकारी कामकाजको भाषा निर्धारण सम्बन्धी,
- नेपाल सरकारबाट प्राप्त अनुदान र आफ्नो राजश्वबाट मातहत स्थानीय निकायलाई वित्तीय सामान्यीकरण अनुदान दिने सम्बन्धी,
- स्थानीय स्तरमा न्यायिक निकाय स्थापना सम्बन्धी,
- मुख्य न्यायधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाका अन्य शर्त सम्बन्धी,
- प्रदेश प्रमुख र प्रदेश सरकारको नाममा हुने निर्णय वा आदेश सम्बन्धी अधिकार पत्रको प्रमाणीकरण सम्बन्धी,
- मुख्यमन्त्री र मन्त्रीको पारिश्रमिक एवम् सुविधा र शपथ सम्बन्धी,
- प्रदेश सभाको कार्यकाल थप सम्बन्धी,
- प्रदेश सभाको विशेषाधिकार सम्बन्धी,
- प्रदेश सभाको नियमावली,
- प्रदेश सभा सचिवालय, सचिव र कर्मचारीको सेवा शर्त सम्बन्धी,
- प्रदेश सभाको सभामुख, उपसभामुख र सदस्यको पारिश्रमिक र सुविधा सम्बन्धी,
- प्रदेश आकस्मिक कोष ऐन,
- प्रदेश आर्थिक कार्यविधि सम्बन्धी,
- जिल्ला सभाको सञ्चालन, जिल्ला समन्वय समितिका सदस्यले पाउने सुविधा सम्बन्धी,
- गाउँ सभा र नगर सभाको कानुन बनाउने प्रक्रिया सम्बन्धी,
- गाउँ सभा र नगर सभा सम्बन्धी अन्य व्यवस्था सम्बन्धी,
- अर्को प्रदेशको वासिन्दालाई आफ्नो प्रदेशमा दिने समान सुरक्षा, व्यवहार र सुविधा सम्बन्धी,
- स्थानीय तह र प्रदेश वीच तथा गाउँपालिका र नगरपालिका वीच उत्पन्न राजनीतिक विवाद समाधान गर्ने प्रक्रिया र कार्यविधि सम्बन्धी,
- प्रदेश लोक सेवा आयोगको गठन, काम कर्तव्य र अधिकार सम्बन्धी,

- प्रदेश प्रहरी संगठन सम्बन्धी,
- प्रदेश सरकारी सेवाको गठन र सञ्चालन सम्बन्धी,
- नेपालको संविधानको अनुसूची ६, ७, ९ मा उल्लेख भएका एकल र साझा अधिकारका विषयका कानुन।

## २.४ सभा सञ्चालन सम्बन्धी व्यवस्था

बागमती प्रदेश सभाले नेपालको संविधान बमोजिम प्रदेश सभा सञ्चालनको लागि प्रदेश सभा नियमावली, २०७४ पारित गरी कार्यान्वयनमा ल्याएको छ। जसमा प्रदेश सभा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी देहायको व्यवस्था रहेको छ।

**क) कार्यव्यवस्था परामर्श समितिको गठन**

बैठकमा पेस हुने विषयहरूको प्राथमिकता तथा समयावधिको निर्धारण लगायत बैठकलाई सुव्यवस्थित ढङ्गले सञ्चालन गर्ने प्रयोजनको लागि र सभामुखले आवश्यक ठहर्‍याएको अन्य विषयमा परामर्शको लागि सभामुखको अध्यक्षतामा प्रदेश सभामा प्रतिनिधित्व गर्ने प्रत्येक राजनीतिक दलको सदस्य समावेश हुने गरी एक कार्यव्यवस्था परामर्श समिति गठन हुनेछ। यस समितिमा बढीमा सत्र जना सदस्य रहने कानुनी व्यवस्था रहेको छ। प्रदेश सभाका उपसभामुख र प्रदेशको कानुन सम्बन्धी विषय हेर्ने मन्त्री समितिका क्रमशः पदेन उपाध्यक्ष र सदस्य हुने व्यवस्था रहेको छ।साथै सभामुखले कुनै सदस्यलाई समितिको बैठकमा भाग लिन आमन्त्रण गर्न सक्ने व्यवस्था समेत रहेको छ।

**ख) बैठकको अध्यक्षता गर्ने सदस्य मनोनयन**

प्रदेश सभाको अधिवेशन प्रारम्भमा सभामुख र उपसभामुखको अनुपस्थितिमा बैठकको अध्यक्षता गर्न पाँच जना सदस्यको मनोनयन माननीय सभामुखले गर्ने व्यवस्था रहेको छ।

**ग) बैठकको कार्यसूची**

सभामुखको निर्देशन बमोजिम सचिवले प्रत्येक बैठकमा प्रस्तुत हुने विषयहरू समावेश भएको कार्यसूची बैठक बस्नुभन्दा अगावै तयार गरी सदस्यलाई उपलब्ध गराउनु पर्ने व्यवस्था रहेको छ। सभामुखको अनुमति नलिई कुनै दिनको कार्यसूचीमा नपरेको कुनै विषयमाथि सो दिन छलफलमा ल्याउन नपाउने व्यवस्था रहेको छ।

**घ) समयावधिको निर्धारण**

बैठकमा पेस हुने विषयमाथि छलफल गर्ने समयावधि सभामुखले तोके बमोजिम हुने र तोकिएको समयावधि समाप्त भएपछि सभामुखले अरू छलफल हुन नदिई सो विषयको टुङ्गो लगाउन आवश्यक सबै प्रश्नहरू निर्णयार्थ बैठकमा प्रस्तुत गर्न सक्ने व्यवस्था नियमावलीमा रहेको छ।

**ङ) सूचना दिने तरिका**

सभाको कुनै सदस्यले सभामा पेस हुने कुनै सूचना दिंदा दिनको एघार बजेदेखि दुई बजेसम्म सचिवलाई दिनु पर्ने हुन्छ तर दिनको दुई बजे पछि दिइएको सूचना त्यसपछिको कार्य दिनमा दिएको मानिने व्यवस्था नियमावलीमा रहेको छ।

**च) सूचनामा संशोधन**

कुनै सूचनामा आपत्तिजनक, व्यङ्ग्यात्मक, अनावश्यक, अनुपयुक्त वा असम्बद्ध शब्द वा वाक्यांश प्रयोग भएको लागेमा सभामुखले त्यस्तो सूचना वितरण हुनुभन्दा अघि उपयुक्त संशोधन गर्न वा गराउन सक्ने व्यवस्था नियमावलीमा रहेको छ।

**छ) कागजपत्रको वितरण**

सचिवले सभाको बैठकको कार्यसूची बमोजिमका आवश्यक सबै कागजपत्र एवं सूचनाहरू सदस्यहरूलाई उपलब्ध गराउने व्यवस्था रहेको छ।सभाका सदस्यहरूलाई उपलब्ध गराउनु पर्ने कागजपत्र एवं सूचनाहरू प्रत्येक सदस्यसँग सम्बन्धित पिजनहोलमा सभामुखद्वारा निर्देशित तरिकाले राख्ने व्यवस्था सचिवले मिलाउनु पर्नेछ। यसरी पिजनहोलमा कागजपत्र एवं सूचना राखिएकोमा त्यस्तो कागजपत्र एवं सूचनाहरू सम्बन्धित सदस्यले प्राप्त गरेको मानिनेछ।

**ज) बैठकको प्रारम्भ**

बैठक कक्षमा सभामुखको आगमन भई राष्ट्रिय धुन बजेपछि बैठक प्रारम्भ हुने व्यवस्था रहेको छ।

**झ) बैठकमा पालना गर्नुपर्ने नियमहरू**

नियमावलीले बैठकमा सभामुख तथा सदस्यहरूले सभामा सभामुख बैठक कक्षमा प्रवेश गर्दा सम्मान प्रकट गर्न उठ्नुपर्ने, सभामुखले पनि बैठक समक्ष सम्मान प्रकट गरी आसन ग्रहण गर्नुपर्ने, सभामुखको ध्यानाकर्षण गर्न उठ्नुपर्ने र नाम बोलाएपछि वा इसारा गरेपछि बोल्नुपर्ने, सभामुखको अनुमतिले मात्र बोल्नुपर्ने, सभामुखलाई सम्वोधन गरी बोल्नुपर्ने र सभामुखले अन्यथा आदेश दिएमा बाहेक उभिएर बोल्नुपर्ने, सभामुखको आसन र बोलिरहेको सदस्य बिचबाट हिंड्न र सभामुखको आसन तर्फ पिठ्यू फर्काएर बस्नु नहुने, बैठक स्थगन भएपछि सभामुख बैठकबाट बाहिर निस्के पछि मात्र सदस्यले बैठक कक्ष छाड्नुपर्ने, सभामुखले बोलिरहेको समयमा सदस्यले स्थान छोड्नु नहुने र ध्यान पूर्वक सुन्नुपर्ने, सभा कक्षमा असम्बन्धित विषयको पुस्तक, समाचारपत्र र अन्य कागजातहरू पढ्न नहुने, मोबाइल फोन र अन्य हलुका विद्युत्तीय उपकरण प्रयोग गर्न नहुने, सदन वा सभामुखको कुनै निर्णय बदर गरियोस भन्ने प्रस्तावमा बोल्दा बाहेक सदन वा सभामुखको कुनै पनि निर्णयको आलोचना गर्न नहुने व्यवस्था रहेको छ।

**ञ) छलफलमा भाग लिने सदस्यले पालना गर्नुपर्ने नियमहरू**

बैठकमा भाग लिने सदस्यहरूले अशान्ति, मर्यादाभङ्ग वा अव्यवस्था उत्पन्न हुने काम गर्न नहुने, सभामुखको पद अनुकुल आचारण नगरेको भन्ने प्रस्ताव बाहेक सभामुखको आचरण वा निर्णयको आलोचना गर्न नहुने, संविधानको धारा ११९ बमोजिम बहसमा बन्देज लगाएका विषयमा बोल्न नहुने, व्यक्तिगत आक्षेप लगाउन नहुने, अशिष्ट, अश्लिल, अपमानजनक वा आपत्तिजनक शब्द बोल्न नहुने, बाधा पुऱ्याउने गरी बोल्न नहुने जस्ता विषयको पालना गर्नुपर्ने व्यवस्था रहेको छ।

**ट) नियमापत्ति**

बैठकमा तत्काल विचाराधीन रहेको कुरामा कुनै सदस्यलाई यस नियमावलीको कुनै नियमको उल्लङ्घन भएको छ भन्ने लागेमा नियमापत्ति गर्न सक्ने र सो विषय उठेपछि बोलिरहेको सदस्यले बोल्न बन्द गर्नुपर्नेछ र नियमापत्ति सम्बन्धी कुरा बोलिसकेपछि सभामुखले नियमापत्तिको सम्बन्धमा निर्णय गर्ने र सो निर्णय अन्तिम हुने व्यवस्था रहेको छ।

## २.५ सभाले गरेका कार्य

बागमती प्रदेश सभाको दोस्रो कार्यकालको पाँचौ र छैटौं (मिति २०८१/१०/१८ गतेदेखि हालसम्म)को अवधिमा सभाका अधिवेशन आव्हान र अन्त्य, सभाको बैठक र छलफलका विषयहरूलाई समेटिएका छन्।

### २.५.१ सभाका अधिवेशन आव्हान तथा अन्त्य

| सि. नं. | अधिवेशन | आह्वान मिति | अन्त्य मिति | जम्मा बैठक सङ्ख्या | अधिवेशन चलेको समय (घण्टामा) |
|---|---|---|---|---|---|
| १ | पाँचौ | २०८१/१०/१८ | २०८१/१२/२१ | ६ | ९ घण्टा २५ मिनेट |
| २ | छैटौं | २०८२/०२/०५ | २०८२/०८/०३ | २४ | ३९ घण्टा २१मिनेट |

### २.५.२ विधेयकमाथिको छलफल बाहेक सभामा भएको अन्य छलफल (पाँचौ र छैटौं अधिवेशन)

| क्र.स. | विषय | सङ्ख्या |
|---|---|---|
| १. | शुन्य समय | ३ |
| २. | विशेष समय | ६ |
| ३. | संकल्प प्रस्ताव | १ |
| ४. | प्रदेश प्रमुखबाट नीति तथा कार्यक्रम प्रस्तुत | १ |

## २.५.३ सभामा भएका छलफलका विषयहरू

| क्र.स. | अधिवेशन | मिति | समय | दिन | बैठक संख्या | छलफलका विषय |
|---|---|---|---|---|---|---|
| १. | पाँचौ | २०८१/१०/१८ | ११:०० | १ | पहिलो | • प्रदेश प्रमुखबाट अधिवेशन आह्वान सम्बन्धी प्राप्त पत्र वाचन<br>• मन्त्रिपरिषद् पुनर्गठन एवम् कार्य विभाजन पत्र वाचन<br>• विधेयक प्रमाणीकरण सम्बन्धी पत्र वाचन<br>• सभामुख र उपसभामुखको अनुपस्थितिमा बैठकको अध्यक्षता गर्ने माननीय सदस्यहरूको मनोनयन<br>• राजनीतिक दलका नेताहरूबाट अधिवेशन सफलताको शुभकामना मन्तव्य |
| २. | | २०८१/१०/२३ | ११:०० | २ | दोस्रो | • मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक अनुमति माग्ने प्रस्ताव पेस<br>• प्रदेश खेलकुद विकास ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक पेस<br>• प्रदेश औद्योगिक व्यवसाय ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक पेस<br>• प्रादेशिक व्यापार तथा व्यवसाय सम्बन्धी ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक पेस<br>• सन्देश सहित प्रदेश सभामा फिर्ता आएको प्रदेश कृषि विकास सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक पेस |
| ३. | | २०८१/१०/२३ | १:३० | | तेस्रो | • मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक माथि विचार |

| क.स. | अधिवेशन | मिति | समय | दिन | बैठक संख्या | छलफलका विषय |
|---|---|---|---|---|---|---|
| | | | | | | गरियोस् भन्ने प्रस्ताव पेस<br>• मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक माथि विचार गरियोस् भन्ने प्रस्तावमाथि अर्थात् विधेयक माथिको सामान्य छलफल प्रारम्भ<br>• मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक माथि विचार गरियोस् भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत<br>• प्रदेश खेलकुद विकास ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक माथि विचार गरियोस् भन्ने प्रस्ताव पेस<br>• "प्रदेश खेलकुद विकास ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक माथि विचार गरियोस् भन्ने प्रस्तावमाथि अर्थात् विधेयक माथिको सामान्य छलफल प्रारम्भ<br>• प्रदेश खेलकुद विकास ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक माथि विचार गरियोस् भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत<br>• प्रदेश औद्योगिक व्यवसाय ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक माथि विचार गरियोस् भन्ने प्रस्ताव पेस<br>• प्रदेश औद्योगिक व्यवसाय ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक माथि विचार गरियोस् भन्ने प्रस्तावमाथि अर्थात् विधेयक माथिको सामान्य छलफल |

| क्र.स. | अधिवेशन | मिति | समय | दिन | बैठक संख्या | छलफलका विषय |
|---|---|---|---|---|---|---|
| | | | | | | प्रारम्भ<br>• प्रदेश औद्योगिक व्यवसाय ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक माथि विचार गरियोस् भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत<br>• प्रादेशिक व्यापार तथा व्यवसाय सम्बन्धी ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक माथि विचार गरियोस् भन्ने प्रस्ताव पेस<br>• प्रादेशिक व्यापार तथा व्यवसाय सम्बन्धी ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक माथि विचार गरियोस् भन्ने प्रस्तावमाथि अर्थात् विधेयक माथिको सामान्य छलफल प्रारम्भ<br>• प्रादेशिक व्यापार तथा व्यवसाय सम्बन्धी ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक माथि विचार गरियोस् भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत<br>• प्रदेश कृषि विकास सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" माथि विचार गरियोस् भन्ने प्रस्तावमाथिको सामान्य छलफल प्रारम्भ<br>• प्रदेश कृषि विकास सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक माथि विचार गरियोस् भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत |
| ४. | | २०८१/१०/२४ | १:०० | ३ | चौथो | • विशेष समयको कार्यक्रम रहेको<br>• प्रदेश सभा नियमावली, २०७४ को नियम १५० को |

| क्र.स. | अधिवेशन | मिति | समय | दिन | बैठक संख्या | छलफलका विषय |
|---|---|---|---|---|---|---|
| | | | | | | उपनियम (१) बमोजिम माननीय शैलेन्द्रमान बज्राचार्यलाई उद्योग, पर्यटन तथा वातावरण समितिमा मनोनयन<br>• मुख्यमन्त्री श्री बहादुर सिंह लामा(तामाङ)ले प्रदेश लोक सेवा आयोगको पाँचौं वार्षिक प्रतिवेदन" सभामा पेस |
| ५. | | २०८१/१०/२६ | २:०० | ४ | पाँचौ | • विशेष समयको कार्यक्रम रहेको।<br>• माननीय स्वास्थ्य मन्त्री श्री किरण थापा मगरको तर्फबाट माननीय श्रम, रोजगार तथा यातायात मन्त्री श्री प्रेमभक्त महर्जनलाई मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक दफावार छलफलका लागि शिक्षा, स्वास्थ्य तथा कृषि समितिमा पठाइयोस् भन्ने प्रस्ताव पेस<br>• "मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक लाई दफावार छलफलका लागि शिक्षा, स्वास्थ्य तथा कृषि समितिमा पठाइयोस् भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत<br>• माननीय सभामुखबाट प्रदेश खेलकुद विकास ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक लाई कार्यसूचीबाट हटाइएको व्यहोरा जानकारी गराउनुभएको<br>• माननीय उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्री श्री |

| क्र.स. | अधिवेशन | मिति | समय | दिन | बैठक संख्या | छलफलका विषय |
|---|---|---|---|---|---|---|
| | | | | | | शुकमाया तामाङलाई प्रदेश औद्योगिक व्यवसाय ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक दफावार छलफलका लागि उद्योग, पर्यटन तथा वातावरण समितिमा पठाइयोस् भन्ने प्रस्ताव पेस<br>• प्रदेश औद्योगिक व्यवसाय ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयकलाई दफावार छलफलका लागि उद्योग, पर्यटन तथा वातावरण समितिमा पठाइयोस् भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत<br>• प्रदेश औद्योगिक व्यवसाय ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयकलाई दफावार छलफलका लागि उद्योग, पर्यटन तथा वातावरण समितिमा पठाइयोस् भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको<br>• माननीय उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्री श्री शुकमाया तामाङले प्रादेशिक व्यापार तथा व्यवसाय सम्बन्धी ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक दफावार छलफलका लागि उद्योग, पर्यटन तथा वातावरण समितिमा पठाइयोस् भन्ने प्रस्ताव पेस<br>• प्रादेशिक व्यापार तथा व्यवसाय सम्बन्धी ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयकलाई दफावार छलफलका लागि उद्योग, पर्यटन तथा वातावरण समितिमा पठाइयोस् भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत<br>• प्रादेशिक व्यापार तथा व्यवसाय सम्बन्धी ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयकलाई दफावार |

| क.स. | अधिवेशन | मिति | समय | दिन | बैठक संख्या | छलफलका विषय |
|---|---|---|---|---|---|---|
| | | | | | | छलफलका लागि उद्योग, पर्यटन तथा वातावरण समितिमा पठाइयोस् भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको<br>• माननीय कृषि तथा पशुपन्छी विकास मन्त्री श्री प्रकाश श्रेष्ठले प्रदेश प्रमुखबाट सन्देश सहित पुनर्विचारको लागि सभामा फिर्ता आएको प्रदेश कृषि विकास सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक छलफलका लागि शिक्षा, स्वास्थ्य तथा कृषि समितिमा पठाइयोस भन्ने प्रस्ताव पेस<br>• प्रदेश कृषि विकास सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकलाई दफावार छलफलका लागि शिक्षा, स्वास्थ्य तथा कृषि समितिमा पठाइयोस् भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत<br>• प्रदेश कृषि विकास सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकलाई दफावार छलफलका लागि शिक्षा, स्वास्थ्य तथा कृषि समितिमा पठाइयोस् भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको घोषणा |
| ६. | | २०८१/१०/२६ | ६:३० | ४ | छैटौं | • माननीय युवा तथा खेलकुद मन्त्री श्री मीनकृष्ण महर्जनले प्रदेश खेलकुद विकास ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक सभामा दफावार छलफल गरियोस् भन्ने प्रस्ताव पेस<br>• प्रदेश खेलकुद विकास ऐन, २०७५ लाई संशोधन गर्न |

| क्र.स. | अधिवेशन | मिति | समय | दिन | बैठक संख्या | छलफलका विषय |
|---|---|---|---|---|---|---|
| | | | | | | बनेको विधेयक माथिको दफावार छलफल सभामा गरियोस् भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत<br>• प्रदेश खेलकुद विकास ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक माथिको दफावार छलफल सभामा गरियोस् भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको घोषणा<br>• प्रदेश खेलकुद विकास ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक माथिको दफावार छलफल प्रारम्भ<br>• प्रदेश खेलकुद विकास ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयकको दफा २ देखि ४ सम्मका दफाहरू तथा सो संग सम्बन्धित उपदफाहरू विधेयकको अङ्ग बनोस् भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको घोषणा<br>• विधेयकको प्रस्तावना र नाम प्रदेश खेलकुद विकास ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयकको अङ्ग बनोस् भनी निर्णयार्थ प्रस्तुत<br>• विधेयकको प्रस्तावना र नाम प्रदेश खेलकुद विकास ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयकको अङ्ग बनोस् भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको घोषणा<br>• माननीय युवा तथा खेलकुद मन्त्री श्री मीनकृष्ण महर्जनले प्रदेश खेलकुद विकास ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक पारित गरियोस् भन्ने प्रस्ताव पेस<br>• प्रदेश खेलकुद विकास ऐन, २०७५ लाई संशोधन गर्न |

| क्र.स. | अधिवेशन | मिति | समय | दिन | बैठक संख्या | छलफलका विषय |
|---|---|---|---|---|---|---|
| | | | | | | बनेको विधेयकलाई पारित गरियोस् भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत<br>• प्रदेश खेलकुद विकास ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक सर्वसम्मतिले स्वीकृत भएको घोषणा |
| ७. | छैटौं | २०८२/०२/०५ | ११:०० | १ | पहिलो | • माननीय प्रदेश प्रमुखबाट प्राप्त पत्रहरूको वाचन<br>• माननीय प्रदेश प्रमुखबाट कार्यवाहक मुख्यमन्त्री तोकिएको पत्र वाचन<br>• प्रदेश प्रमुखको कार्यालयबाट प्राप्त विधेयक प्रमाणीकरण सम्बन्धी पत्र वाचन<br>• सभामुख र उपसभामुखको अनुपस्थितिमा बैठकको अध्यक्षता गर्ने माननीय सदस्यहरूको मनोनयन<br>• राजनीतिक दलका नेताहरूबाट अधिवेशन सफलताको शुभकामना मन्तव्य<br>• बाकि कार्यक्रमका विषयवस्तु कार्यसूचीबाट हटेको जानकारी माननीय सभामुखबाट भएको। |
| ८. | | २०८२/२/०६ | ११:०० | २ | दोसो | • विशेष समयको कार्यक्रम रहेको<br>• माननीय मुख्यमन्त्री श्री बहादुर सिं लामा तामाङले मुख्य न्यायाधिवक्ताको कार्यालयको वार्षिक प्रतिवेदन २०८०/०८१ सभामा पेस<br>• प्रदेश प्रमुखबाट सन्देशसहित सभामा फिर्ता आएको प्रदेश कृषि विकास सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक उपर शिक्षा, स्वास्थ्य तथा कृषि समितिले |

| क.स. | अधिवेशन | मिति | समय | दिन | बैठक संख्या | छलफलका विषय |
| --- | --- | --- | --- | --- | --- | --- |
| | | | | | | गरेको निर्णयको प्रतिवेदन २०८१ समितिका माननीय सभापति ठाकुर प्रसाद ढकालले पेस<br>• मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक उपर शिक्षा, स्वास्थ्य तथा कृषि समितिले गरेको निर्णयको प्रतिवेदन २०८१ समितिका माननीय सभापति ठाकुर प्रसाद ढकालले पेस<br>• प्रदेश औद्योगिक व्यवसाय ऐन २०७६ लाई संशोधन गर्न बनेको विधेयक उपर उद्योग, पर्यटन तथा वातावरण समितिले गरेको निर्णयको प्रतिवेदन २०८१ समितिका माननीय सभापति आनन्द कुमार श्रेष्ठले पेस<br>• प्रादेशिक व्यापार तथा व्यवसाय सम्बन्धी ऐन २०७६ लाई संशोधन गर्न बनेको विधेयक उपर उद्योग, पर्यटन तथा वातावरण समितिले गरेको निर्णयको प्रतिवेदन २०८१ समितिका माननीय सभापति आनन्द कुमार श्रेष्ठले पेस<br>• प्रदेश चलचित्र सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०८१ प्रस्तुत गर्न अनुमति प्राप्त भएको घोषणा<br>• माननीय आन्तरिक मामिला तथा कानुन मन्त्री श्री सुरजचन्द्र लामिछानेले प्रदेश चलचित्र सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०८१ पेस |
| ९. | | २०८२/२/०६ | ५:४५ | | तेस्रो | • माननीय आर्थिक मामिला तथा योजना मन्त्री श्री कुन्दन राज काफ्लेले आर्थिक वर्ष २०८२/८३ को |

| क्र.स. | अधिवेशन | मिति | समय | दिन | बैठक संख्या | छलफलका विषय |
|---|---|---|---|---|---|---|
| | | | | | | लागि विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता सम्बन्धमा (कर प्रस्ताव बाहेक) सभामा छलफल गरियोस् भन्ने प्रस्ताव पेस<br>• आर्थिक वर्ष २०८२/८३ को लागि विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता सम्बन्धमा (कर प्रस्ताव बाहेक) सभामा छलफल गरियोस् भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत<br>• आर्थिक वर्ष २०८२/८३ को लागि विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता सम्बन्धमा (कर प्रस्ताव बाहेक) सभामा छलफल गरियोस् भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको |
| १०. | | २०८२/२/०७ | ११:०० | ३ | चौथो | • विशेष समयको कार्यक्रम<br>• आर्थिक वर्ष २०८२/८३ को लागि विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता सम्बन्धमा (कर प्रस्ताव बाहेक) को छलफल सुरु |
| ११. | | २०८२/२/०८ | ११:०० | ४ | पाँचौ | • आर्थिक वर्ष २०८२/०८३ को लागि विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता सम्बन्धमा (कर प्रस्ताव बाहेक) बाँकी छलफल जारी<br>• माननीय आर्थिक मामिला तथा योजना मन्त्री श्री कुन्दन राज काफ्लेलाई आर्थिक वर्ष २०८२/०८३ को लागि विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता सम्बन्धमा (कर प्रस्ताव बाहेक) |

| क.स. | अधिवेशन | मिति | समय | दिन | बैठक संख्या | छलफलका विषय |
|---|---|---|---|---|---|---|
| | | | | | | छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन अनुमति<br>• आर्थिक वर्ष २०८२/०८३ को लागि विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता सम्बन्धमा (कर प्रस्ताव बाहेक) छलफल समाप्त<br>• बागमती प्रदेश सभाको मिति २०८० साल बैशाख १२ गते बसेको बैठकबाट पारित भई माननीय प्रदेश प्रमुखज्यू समक्ष प्रमाणीकरणको लागि पेस भएको प्रदेशस्तरको चिठ्ठा व्यवस्थापन तथा नियन्त्रण गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक माननीय प्रदेश प्रमुखबाट मिति २०८० साल जेठ ०७ गते पुनर्विचार हुन आवश्यक रहेको सन्देश सहित प्रदेश सभामा फिर्ता पठाउनु भएकोले सो उपर पुनर्विचार गरियोस् भन्ने प्रस्ताव पेस गर्न माननीय आन्तरिक मामिला तथा कानून मन्त्री श्री सुरज चन्द्र लामिछानेलाई अनुमति<br>• प्रदेशस्तरको चिठ्ठा व्यवस्थापन तथा नियन्त्रण गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक माथि पुनर्विचार गरियोस् भन्ने प्रस्तावमाथि अर्थात् विधेयक माथिको सामान्य छलफल प्रारम्भ<br>• प्रदेशस्तरको चिठ्ठा व्यवस्थापन तथा नियन्त्रण गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक माथि पुनर्विचार गरियोस् भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको घोषणा<br>• मिति २०८२ साल जेठ १४ गते बुधवार दिनको |

| क.स. | अधिवेशन | मिति | समय | दिन | बैठक संख्या | छलफलका विषय |
|---|---|---|---|---|---|---|
| | | | | | | १:०० बजे माननीय प्रदेश प्रमुखज्यूबाट प्रदेश सभाको बैठकमा प्रदेश सरकारको आ. व. २०८२/८३ को वार्षिक नीति तथा कार्यक्रम सम्बोधन हुने भएकोले माननीय सदस्यहरूलाई औपचारिक पोसाकमा ३० मिनेट अगावै सभामा उपस्थित हुन अनुरोध। |
| १२. | | २०८२/२/१४ | १:०० | ५ | छैटौं | • माननीय मुख्यमन्त्री श्री बहादुर सिं लामा तामाङलाई माननीय प्रदेश प्रमुखबाट प्रस्तुत हुने प्रदेश सरकारको आर्थिक वर्ष २०८२/०८३ को वार्षिक नीति तथा कार्यक्रमको प्रति माननीय प्रदेश प्रमुख समक्ष पेस गर्न अनुमति<br>• माननीय प्रदेश प्रमुख महोदयलाई प्रदेश सरकारको आर्थिक वर्ष २०८२/०८३ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गरी सभालाई सम्बोधन गरिदिनु हुन अनुरोध |
| १३. | | २०८२/२/१४ | ३:३० | | सातौं | • माननीय प्रदेश प्रमुख महोदयबाट सम्बोधन भएको प्रदेश सरकारको आर्थिक वर्ष २०८२/०८३ को वार्षिक नीति तथा कार्यक्रमको प्रति टेबुल गर्न माननीय मुख्यमन्त्री श्री बहादुर सिं लामा (तामाङ)लाई अनुमति<br>• माननीय प्रदेश प्रमुख श्री दीपक प्रसाद देवकोटाले सम्बोधन गर्नु भएको प्रदेश सरकारको आर्थिक वर्ष २०८२/०८३ को वार्षिक नीति तथा कार्यक्रमका लागि धन्यवादको प्रस्ताव पेस गर्न माननीय गोविन्द |

| क्र.स. | अधिवेशन | मिति | समय | दिन | बैठक संख्या | छलफलका विषय |
|---|---|---|---|---|---|---|
| | | | | | | लम्सालालाई अनुमति<br>• माननीय गोविन्द लम्सालले पेस गर्नु भएको धन्यवादको प्रस्ताव समर्थनको लागि माननीय मधुसुदन पौडेललाई अनुमति<br>• माननीय गोविन्द लम्सालले पेस गर्नुभएको धन्यवादको प्रस्तावलाई निर्णयार्थ प्रस्तुत<br>• "माननीय प्रदेश प्रमुख श्री दीपक प्रसाद देवकोटाबाट नेपालको संविधानको धारा १८४ बमोजिम बागमती प्रदेश सभाको बैठकलाई संवत २०८२ साल जेठ १४ गते बुधवारका दिन बागमती प्रदेश सरकारको आर्थिक वर्ष २०८२/०८३ को वार्षिक नीति तथा कार्यक्रम प्रस्ततु गरी सम्बोधन गर्नु भएकोमा सभाको यो बैठक माननीय प्रदेश प्रमुखमा धन्यवाद ज्ञापन गर्दछ।" भन्ने धन्यवादको प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको घोषणा |
| १४. | | २०८२/२/१९ | ११:०० | ६ | आठौं | • प्रदेश सभा नियमावली, २०७४ को नियम १५० को उपनियम (१) बमोजिम माननीय सदस्यहरू, प्रदेश सभाको विषयगत समिति अर्थ तथा विकास समितिमा रहनु भएको माननीय उर्मिला नेपाललाई उद्योग, पर्यटन तथा वातावरण समितिमा हेरफेर<br>• प्रदेश औद्योगिक व्यवसाय ऐन २०७६ लाई संशोधन गर्न बनेको विधेयक, २०८१ को सम्बन्धमा उद्योग, |

| क्र.स. | अधिवेशन | मिति | समय | दिन | बैठक संख्या | छलफलका विषय |
|---|---|---|---|---|---|---|
| | | | | | | पर्यटन तथा वातावरण समितिले गरेको निर्णयको प्रतिवेदन सहितको विधेयक माथि सभामा छलफल गरियोस् भन्ने प्रस्ताव पेस गर्न माननीय उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्री श्री शुकमाया तामाङलाई अनुमति<br>• माननीय उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्री श्री शुकमाया तामाङले प्रस्तुत गर्नु भएको प्रदेश औद्योगिक व्यवसाय ऐन २०७६ लाई संशोधन गर्न बनेको विधेयक, २०८१ को सम्बन्धमा उद्योग, पर्यटन तथा वातावरण समितिले गरेको निर्णयको प्रतिवेदन सहितको विधेयक माथि सभामा छलफल गरियोस् भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत<br>• प्रदेश औद्योगिक व्यवसाय ऐन २०७६ लाई संशोधन गर्न बनेको विधेयक, २०८१ को सम्बन्धमा उद्योग, पर्यटन तथा वातावरण समितिले गरेको निर्णयको प्रतिवेदन सहितको विधेयक माथि सभामा छलफल गरियोस् भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको घोषणा<br>• प्रदेश औद्योगिक व्यवसाय ऐन २०७६ लाई संशोधन गर्न बनेको विधेयक, २०८१ को सम्बन्धमा उद्योग, पर्यटन तथा वातावरण समितिले गरेको निर्णयको प्रतिवेदन सहितको विधेयक माथि सभामा छलफल गरियोस् भन्ने प्रस्ताव माथिको छलफल र माननीय |

| क.स. | अधिवेशन | मिति | समय | दिन | बैठक संख्या | छलफलका विषय |
|---|---|---|---|---|---|---|
| | | | | | | मन्त्रीबाट छलफलमा उठेका प्रश्नको जवाफ<br>• प्रदेश औद्योगिक व्यवसाय ऐन २०७६ लाई संशोधन गर्न बनेको विधेयक, २०८१ को सम्बन्धमा उद्योग, पर्यटन तथा वातावरण समितिले गरेको निर्णयको प्रतिवेदन विधेयकको अंग बनोस् भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको घोषणा<br>• प्रदेश औद्योगिक व्यवसाय ऐन २०७६ लाई संशोधन गर्न बनेको विधेयक, २०८१ को दफा २ देखि २५ सम्मका दफाहरू विधेयकको अङ्ग बनोस् भनी निर्णयार्थ प्रस्तुत<br>• प्रदेश औद्योगिक व्यवसाय ऐन २०७६ लाई संशोधन गर्न बनेको विधेयक, २०८१ को दफा २ देखि २५ सम्मका दफाहरू विधेयकको अङ्ग बनोस् भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको घोषणा<br>• विधेयकको प्रस्तावना र नाम प्रदेश औद्योगिक व्यवसाय ऐन २०७६ लाई संशोधन गर्न बनेको विधेयक, २०८२ को अङ्ग बनोस् भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको घोषणा<br>• माननीय उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्री श्री शुकमाया तामाङलाई प्रदेश औद्योगिक व्यवसाय ऐन २०७६ लाई संशोधन गर्न बनेको विधेयक, २०८२ लाई पारित गरियोस् भन्ने प्रस्ताव प्रस्तुत गर्न अनुमति<br>• माननीय उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्री श्री |

| क्र.स. | अधिवेशन | मिति | समय | दिन | बैठक संख्या | छलफलका विषय |
|---|---|---|---|---|---|---|
| | | | | | | शुकमाया तामाङले पेस गर्नुभएको प्रदेश औद्योगिक व्यवसाय ऐन २०७६ लाई संशोधन गर्न बनेको विधेयक, २०८२ लाई पारित गरियोस् भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत<br>• प्रदेश औद्योगिक व्यवसाय ऐन २०७६ लाई संशोधन गर्न बनेको विधेयक २०८२ सर्वसम्मतिले स्वीकृत भएको घोषणा<br>• प्रादेशिक व्यापार तथा व्यवसाय सम्बन्धी ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक, २०८१ को सम्बन्धमा उद्योग, पर्यटन तथा वातावरण समितिले गरेको निर्णयको प्रतिवेदन सहितको विधेयक माथि सभामा छलफल गरियोस् भन्ने प्रस्ताव प्रस्तुत गर्न माननीय उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्री श्री शुकमाया तामाङलाई अनुमति<br>• माननीय उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्री श्री शुकमाया तामाङले प्रस्तुत गर्नु भएको प्रादेशिक व्यापार तथा व्यवसाय सम्बन्धी ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक, २०८१ को सम्बन्धमा उद्योग, पर्यटन तथा वातावरण समितिले गरेको निर्णयको प्रतिवेदन सहितको विधेयक माथि सभामा छलफल गरियोस् भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत<br>• प्रादेशिक व्यापार तथा व्यवसाय सम्बन्धी ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक, २०८१ को |

| क्र.स. | अधिवेशन | मिति | समय | दिन | बैठक संख्या | छलफलका विषय |
|---|---|---|---|---|---|---|
| | | | | | | सम्बन्धमा उद्योग, पर्यटन तथा वातावरण समितिले गरेको निर्णयको प्रतिवेदन सहितको विधेयक माथि सभामा छलफल गरियोस् भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको घोषणा<br>• प्रादेशिक व्यापार तथा व्यवसाय सम्बन्धी ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक, २०८१ को सम्बन्धमा उद्योग, पर्यटन तथा वातावरण समितिले गरेको निर्णयको प्रतिवेदन सहितको विधेयक माथि सभामा छलफल गरियोस् भन्ने प्रस्ताव माथिको छलफल र माननीय मन्त्रीले छलफलमा उठेका प्रश्नको जवाफ दिनुभयो<br>• प्रादेशिक व्यापार तथा व्यवसाय सम्बन्धी ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक, २०८१ को सम्बन्धमा उद्योग, पर्यटन तथा वातावरण समितिले गरेको निर्णयको प्रतिवेदन विधेयकको अंग बनोस् भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको घोषणा<br>• प्रादेशिक व्यापार तथा व्यवसाय सम्बन्धी ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक, २०८१ को दफा २ देखि ४ सम्मका दफाहरू विधेयकको अङ्ग बनोस् भनी निर्णयार्थ प्रस्तुत<br>• प्रादेशिक व्यापार तथा व्यवसाय सम्बन्धी ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक, २०८१ को दफा २ देखि ४ सम्मका दफाहरू विधेयकको अङ्ग बनोस् भन्ने |

| क्र.स. | अधिवेशन | मिति | समय | दिन | बैठक संख्या | छलफलका विषय |
|---|---|---|---|---|---|---|
| | | | | | | प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको घोषणा<br>• विधेयकको प्रस्तावना र नाम प्रादेशिक व्यापार तथा व्यवसाय सम्बन्धी ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक, २०८२को अङ्ग बनोस् भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको घोषणा<br>• माननीय उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्री श्री शुकमाया तामाङलाई प्रादेशिक व्यापार तथा व्यवसाय सम्बन्धी ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक, २०८२ लाई पारित गरियोस् भन्ने प्रस्ताव प्रस्तुत गर्न अनुमति<br>• माननीय उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्री श्री शुकमाया तामाङले पेस गर्नुभएको प्रादेशिक व्यापार तथा व्यवसाय सम्बन्धी ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक, २०८२ लाई पारित गरियोस् भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत<br>• प्रादेशिक व्यापार तथा व्यवसाय सम्बन्धी ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक, २०८२ सर्वसम्मतिले स्वीकृत भएको घोषणा<br>• माननीय मुख्यमन्त्री श्री बहादुर सिं लामा(तामाङ्ग)लाई माननीय प्रदेश प्रमुख महोदयले मिति २०८२ जेष्ठ १४ गते बुधबार बागमती प्रदेश सभाको बैठकमा गर्नुभएको सम्बोधनमा उल्लिखित आर्थिक वर्ष २०८२/०८३ को बागमती प्रदेश सरकारको वार्षिक |

| क्र.स. | अधिवेशन | मिति | समय | दिन | बैठक संख्या | छलफलका विषय |
|---|---|---|---|---|---|---|
| | | | | | | नीति तथा कार्यक्रममाथिको छलफल प्रारम्भ गरियोस भन्ने प्रस्ताव पेस गर्न अनुमति<br>• माननीय मुख्यमन्त्री श्री बहादुर सिं लामा(तामाङ्ग)ले पेस गर्नुभएको प्रदेश प्रमुख महोदयले मिति २०८२ जेष्ठ १४ गते बुधबार बागमती प्रदेश सभाको बैठकमा गर्नुभएको सम्बोधनमा उल्लिखित आर्थिक वर्ष २०८२/०८३ को बागमती प्रदेश सरकारको वार्षिक नीति तथा कार्यक्रम माथिको छलफल प्रारम्भ गरियोस् भन्ने प्रस्ताव निर्णयार्थ प्रस्तुत<br>• प्रदेश प्रमुख महोदयले मिति २०८२ जेष्ठ १४ गते बुधबार बागमती प्रदेश सभाको बैठकमा गर्नुभएको सम्बोधनमा उल्लिखित आर्थिक वर्ष २०८२/०८३ को बागमती प्रदेश सरकारको वार्षिक नीति तथा कार्यक्रम माथिको छलफल प्रारम्भ गरियोस भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको घोषणा<br>• बागमती प्रदेश सरकारको आर्थिक वर्ष २०८२/०८३ को वार्षिक नीति तथा कार्यक्रम माथिको छलफल प्रारम्भ |
| १५. | | २०८२/२/२० | ११:०० | ७ | नवौं | • माननीय आन्तरिक मामिला तथा कानून मन्त्री श्री सुरजचन्द्र लामिछानेलाई प्रदेश चलचित्र सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०८१ माथि विचार गरियोस् भन्ने प्रस्ताव पेस गर्न अनुमति |

| क्र.स. | अधिवेशन | मिति | समय | दिन | बैठक संख्या | छलफलका विषय |
|---|---|---|---|---|---|---|
| | | | | | | • प्रदेश चलचित्र सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०८१ माथि विचार गरियोस् भन्ने प्रस्तावमाथि अर्थात् विधेयक माथिको सामान्य छलफल प्रारम्भ<br>• प्रदेश चलचित्र सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०८१ माथि विचार गरियोस् भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको घोषणा<br>• प्रदेशस्तरको चिठ्ठा व्यवस्थापन तथा नियन्त्रण गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकलाई दफावार छलफलका लागि प्रदेश मामिला समितिमा पठाइयोस् भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत<br>• प्रदेशस्तरको चिठ्ठा व्यवस्थापन तथा नियन्त्रण गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकलाई दफावार छलफलका लागि प्रदेश मामिला समितिमा पठाइयोस् भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको घोषणा<br>• प्रदेश कृषि विकास सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको सम्बन्धमा शिक्षा, स्वास्थ्य तथा कृषि समितिले गरेको निर्णयको प्रतिवेदन सहितको विधेयक माथि सभामा छलफल गरियोस् भन्ने प्रस्ताव प्रस्तुत गर्न माननीय कृषि तथा पशुपन्छी विकास मन्त्री श्री प्रकाश श्रेष्ठलाई अनुमति<br>• माननीय कृषि तथा पशुपन्छी विकास मन्त्री श्री प्रकाश श्रेष्ठले प्रस्तुत गर्नु भएको प्रदेश कृषि विकास सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक को सम्बन्धमा |

| क्र.स. | अधिवेशन | मिति | समय | दिन | बैठक संख्या | छलफलका विषय |
|---|---|---|---|---|---|---|
| | | | | | | शिक्षा, स्वास्थ्य तथा कृषि समितिले गरेको निर्णयको प्रतिवेदन सहितको विधेयक माथि सभामा छलफल गरियोस् भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत<br>• प्रदेश कृषि विकास सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको सम्बन्धमा शिक्षा, स्वास्थ्य तथा कृषि समितिले गरेको निर्णयको प्रतिवेदन सहितको विधेयक माथि सभामा छलफल गरियोस् भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको घोषणा<br>• प्रदेश कृषि विकास सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक को सम्बन्धमा शिक्षा, स्वास्थ्य तथा कृषि समितिले गरेको निर्णयको प्रतिवेदन सहितको विधेयक माथि सभामा छलफल गरियोस् भन्ने प्रस्ताव माथिको छलफल र माननीय मन्त्रिबाट जवाफ<br>• प्रदेश कृषि विकास सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको सम्बन्धमा शिक्षा, स्वास्थ्य तथा कृषि समितिले गरेको निर्णयको प्रतिवेदन विधेयकको अंग बनोस् भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको घोषणा<br>• प्रदेश कृषि विकास सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको दफा २ देखि ३३ सम्मका दफाहरू र अनुसूची १ देखि ३ सम्म विधेयकको अङ्ग बनोस् भनी निर्णयार्थ प्रस्तुत<br>• प्रदेश कृषि विकास सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको दफा २ देखि ३३ सम्मका दफाहरू र |

| | | | **आधारमा संघ प्रदेश र स्थानीय तहले गर्ने कार्यहरूको वर्गीकरण गरी तिनै तहबीच समन्वय, सहकार्य र छलफल लागि** यथाशिघ्र आवश्यक व्यवस्था मिलाउन प्रदेश सरकार(मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय)लाई निर्देशन दिने।<br>• प्रदेश आयोजना बैङ्क व्यवस्थापन प्रणालीको अवधारणालाई आर्थिक वर्ष २०८२/०८३ देखि नै आवश्यक प्रक्रिया पुरा गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्न मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई निर्देशन दिने र सोको बोधार्थ प्रदेश नीति तथा योजना आयोगलाई दिने। |
| ३ | २०८१/१२/१८ | २५ | • मिति २०८१ चैत्र १८ गते माननीय सभापति श्री नुरज बज्राचार्यज्यूको सभापतित्वमा बसेको समितिको बैठकमा समितिको वार्षिक कार्यक्रम अन्तर्गत समितिको सभापतिको नेतृत्वमा अन्तर प्रदेश अनुभव आदान प्रदान गर्न २०८२ सालको वैशाख महिनाको पहिलो हप्ता कोशी प्रदेशको यस समितिको कार्यविवरणसँग मिल्ने समितिका माननीय सदस्यहरू र सोही प्रदेशका माननीय सभामुखज्यूसँग भेटघाट, छलफल तथा अन्तर्क्रिया गर्ने निर्णय भयो।<br>• समितिको वार्षिक कार्यक्रम अन्तर्गत पूर्वबजेट छलफलका लागि देहायका तहहरूमा वैशाखको पहिलो हप्ताबाट छलफल गर्ने निर्णय भयो।<br>❖ विभिन्न मन्त्रालय र प्रदेश नीति तथा योजना आयोगसँग<br>❖ विभिन्न सहरमा व्यापारिक क्षेत्रका प्रतिनिधिहरूसँग<br>❖ स्थानीय तहका जनप्रतिनिधि तथा जनतासँग<br>❖ दुर्गम क्षेत्रका जनतासँग |
| ४ | २०८१/१२/१९ | २६ | • सभापतित्वमा बसेको समितिको बैठकमा माननीय आर्थिक मामिला तथा योजना मन्त्री श्री कुन्दनराज काफ्लेको समुपस्थितिमा श्रीमान सचिव कृष्णप्रसाद मैनालीले आ.ब. २०८१/०८२ को फागुन मसान्तसम्म प्रदेश सरकारबाट भएको बजेटको भौतिक तथा वित्तीय प्रगतिको विवरण र नेपालको संविधानद्वारा प्रदत्त अधिकारभित्र रही प्रदेश सरकारको अर्थ व्यवस्था, |

| क्र.स. | मिति | बैठक संख्या | निर्णय |
| --- | --- | --- | --- |
| | | | राजस्वको दायरा र विभिन्न क्षेत्रहरूबाट उठेका र उठन नसकेका राजस्व सम्बन्धी विषयहरूमाथि छलफल भयो। राजस्व संकलनमा संघीय सरकार र स्थानीय तहले प्रदेश सरकारलाई गर्न सक्ने र गर्नु पर्ने सहयोग, समन्वय र सहकार्य सम्बन्धमा समितिका माननीय सदस्यहरूले आ-आफ्नो धारणा राख्नु भयो र छलफल भयो।<br>• प्रदेश सरकारले राजस्व संकलन गर्दा तथा कर कायम गर्दा उत्पादन र उत्पादकत्वसँग जोडेर कर निर्धारण गर्ने नीति बनाउन आर्थिक मामिला तथा योजना मन्त्रालयलाई निर्देशन दिने । |
| ५ | २०८२/०१/१० | २७ | • मिति २०८२ वैशाख १० गते माननीय सभापति श्री नुरज बज्राचार्यज्यूको सभापतित्वमा बसेको समितिको बैठकमा माननीय सदस्यहरूले समितिको आन्तरिक कामकाज तथा गतिविधि लगायत समितिको कार्य र कमीकमजोरीको विषयमा आ-आफ्नो धारणा राखु भयो र छलफल भयो।<br>• समितिको पुर्वबजेट छलफल सिन्धुपाल्चोकको बलेफी गाउँपालिकाको कार्यालयमा स्थानीय जनतासँग मिति २०८२ वैशाख १९ गते शुक्रबारको दिन गर्ने र देहायको प्रतिनिधिमुलक संघसंस्थाहरूसँग मिति २०८२ वैशाख २० गते काभ्रेप्लान्चोक धुलिखेलको सारथी होटलमा गर्नेः<br>❖ नेपाल नगरपालिका संघ<br>❖ गाउँपालिका राष्ट्रिय महासंघ<br>❖ नेपाल उद्योग वाणिज्य महासंघ<br>❖ बागमती प्रदेश उद्योग वाणिज्य महासंघ<br>❖ नेपाल हस्तकला महासंघ<br>❖ बागमती प्रदेश हस्तकला संघ<br>❖ नेपाल निर्माण व्यवसायी महासंघ<br>❖ क्रसर व्यावसायी महासंघ |

| क्र.स. | मिति | बैठक संख्या | निर्णय |
| --- | --- | --- | --- |
| | | | ❖ धुलिखेल नगरपालिका प्रमुख तथा वडाध्यक्ष र सदस्यहरूसंग<br>❖ उद्योग वाणिज्य विभाग धुलिखेल |
| ६ | २०८२/०१/२४ | २८ | • मिति २०८१ वैशाख २४ गते माननीय सभापति श्री नुरज बज्राचार्यज्यूको सभापतित्वमा बसेको समितिको बैठकमा प्रदेश सरकारका सबै मन्त्रालयका सचिवज्यूहरू तथा महाशाखा प्रमुखहरूसँग मन्त्रालयको आ.व. २०८१/०८२ को वैशाख २३ सम्मको प्रदेश सरकारबाट भएको बजेटको भौतिक तथा वित्तीय प्रगतिको विवरण र मन्त्रालयको आ.व. २०८२/०८३ को बजेट निर्माणको प्रकृति तथा अवस्था सम्बन्धमा छलफल भयो।<br>• नेपालको संविधानको अनुसुची-६ ले प्रदेशलाई दिइएको एकल अधिकारका क्षेत्रहरूमा आधारित भई प्रदेश सरकारका मन्त्रालय, कार्यालय र कर्मचारीहरूको संख्या र सोको आधारमा भएको खर्चलाई कटौती गरी आर्थिक मितव्ययी कायम गर्न पुनर्विचार गर्नुपर्ने आवश्यकता रहेकोले प्रदेश सरकारले पुनर्संरचना अध्ययन समिति गठन गरी ३(तीन) महिनाभित्र यस समितिलाई प्रतिवेदन पेस गर्न मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई निर्देशन दिने<br>• बागमती प्रदेशको ६६ वटै निर्वाचन क्षेत्रहरूलाई आवश्यकताको आधारमा न्यायोचित वितरण हुने गरी बागमती प्रदेश सरकारको आ.व. २०८२/०८३ को कार्यक्रम तथा बजेट व्यवस्थापन गर्न र बजेट निर्माण गर्दा नेपालको संविधानद्वारा प्रदत्त एकल अधिकारका क्षेत्रहरूलाई प्राथमिकता दिने गरी बजेट तथा कार्यक्रम निर्माण गर्न आर्थिक मामिला तथा योजना मन्त्रालय मार्फत सबै मन्त्रालयलाई निर्देशन दिने।<br>• बागमती प्रदेशको वनभित्र रहेका प्राकृतिक स्रोत तथा सुखा खडा ढला पडा रुखहरूलाई आवश्यक व्यवस्थापन गरी प्रदेश सरकारको राजस्वसँग जोड्न कानुन निर्माण गर्न बन तथा वातावरण मन्त्रालयलाई निर्देशन दिने।<br>• बागमती प्रदेशले जारी गरेका नीति तथा कार्यक्रमहरूको अध्ययन, पुनरावलोकन तथा समिक्षा |

| क्र.स. | मिति | बैठक संख्या | निर्णय |
| --- | --- | --- | --- |
| | | | गरी आगामी बागमती प्रदेश सरकारको नीति तथा कार्यक्रम र सो अनुरुपको बजेट निर्माण गर्न मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई निर्देशन दिने।<br>• प्रदेश सरकारद्वारा स्वीकृत भएका बहुवर्षीय र स्रोत सुनिश्चितता भएका आयोजनालाई प्रतिफलका आधारमा वर्गीकरण गरी मात्र कार्यान्वयन गर्न मुख्यमन्त्री तथा मन्त्रिपरिषद्लाई निर्देशन दिने। |
| ७ | २०८२/०२/१३ | २९ | • मिति २०८२ जेठ १३ गते माननीय सभापति श्री नुरज बज्राचार्यको सभापतित्वमा बसेको समितिको बैठकले माननीय सुना परियारको संयोजकत्वमा देहायका माननीय सदस्य रहने गरी एक वार्षिक प्रतिवेदन तयार उपसमिति गठन गर्ने निर्णय गरेको छ।<br>क. माननीय सुना परियार -संयोजक<br>ख. माननीय ॐ कुमारी श्रेष्ठ -सदस्य<br>ग. माननीय अमृता नेपाल -सदस्य<br>घ. माननीय माईली तामाङ -सदस्य<br>ङ. माननीय लक्ष्मी देवी श्रेष्ठ -सदस्य<br>प्रदेश राजस्व वृद्धि सम्बन्धमा यस क्षेत्रका विज्ञ तथा सरोकारवाला सँग छलफल गरी आवश्यक कानुन निर्माणका लागि अध्ययन गर्ने । |
| ८ | २०८२/०२/२९ | ३० | • वार्षिक प्रतिवेदन तयारी उपसमितिले तयार गरेको प्रतिवेदन उपर छलफल गरी माननीय सभामुखज्यू मार्फत सभामा पेस गर्ने निर्णय गरियो। |
| ९ | २०८२/०९/०७ | ३१ | • समितिको आजको बैठकमा बागमती प्रदेश सरकार, आर्थिक मामिला तथा योजना मन्त्रालयबाट भएको प्रस्तुति माथि छलफल गर्दा चालु आर्थिक वर्षमा विनियोजन भएको बजेट खर्चको अवस्था न्युन भएको तर्फ समितिको ध्यानाकर्षण भएको हुँदा बजेटको प्रभावकारी कार्यान्वयन गर्न आर्थिक मामिला तथा योजना मन्त्रालयलाई निर्देशन दिने।<br>• आर्थिक वर्ष २०८३/०८४ को बजेट निर्माण कार्य पारदर्शिता र प्रभावकारी रुपमा गर्नको |

| क्र.स. | मिति | बैठक संख्या | निर्णय |
|---|---|---|---|
| | | | लागि आवश्यक पर्ने निर्देशिका/कार्यविधि तयार गरी लागू गर्न आर्थिक मामिला तथा योजना मन्त्रालयलाई निर्देशन दिने।<br>• समितिको कार्यक्षेत्रसँग सम्बन्धित विषयगत मन्त्रालयहरूसँग चालु आ.व.को नीति, कार्यक्रम र विनियोजन विधेयकमा विनियोजित बजेट रकम खर्च लगायतका विषयमा छलफल गर्न आगामी बैठकहरूमा आमन्त्रण गर्ने।<br>• बहुवर्षीय योजनाहरूमा अनिवार्य दायित्व बजेटमा व्यवस्थापन नगर्ने मन्त्रालयहरूको रकम सहितको विवरण उपलब्ध गराउन आर्थिक मामिला तथा योजना मन्त्रालयलाई निर्देशन दिने।<br>• निश्चित मापदण्डमा रहेर बहुवर्षीय योजनाको सीमा तयार गर्न आर्थिक मामिला तथा योजना मन्त्रालयलाई निर्देशन दिने। |
| १० | २०८२/०९/२४ | ३२ | बागमती प्रदेश सरकारका भौतिक पूर्वधार विकास मन्त्रालय, माननीय मन्त्री डा. दिनेशचन्द्र देवकोटा र मन्त्रालयका निर्देशक श्री नविन सिंह, महाशाखा प्रमुख श्री भुपेन्द्र कुमार यादव र अधिकृत नवौ श्री प्रतिभा न्यौपाने समेतको उपस्थितिमा मन्त्रालयको चालू आर्थिक वर्षको प्रगति विवरण सम्बन्धमा छलफल भई देहाय बमोजिमको निर्णय गरियो।<br>• बागमती प्रदेश सभाको क्षति भएको भवनहरूको आवश्यक प्रक्रिया पूरा गरी भवन निर्माणको प्रक्रिया तुरुन्त प्रारम्भ गर्न भौतिक पूर्वाधार विकास मन्त्रालयलाई निर्देशन दिने।<br>• बागमती प्रदेश सभाको बैठकको सञ्चालनको लागि हेटौडा उपमहानगरपालिका सँगै रहेको सभा हलको स्थलगत अवलोकन तथा निरीक्षण गर्ने। |

## ३.३.३ सार्वजनिक लेखा समिति

**हाल कायम सदस्यः१५** **पुरुष सदस्यः१२** **महिला सदस्यः३**

### ३.३.३.१ माननीय सदस्यहरूको विवरणः-

| क्र.स. | नाम, थर | पद | राजनीतिक दल | निर्वाचन क्षेत्र | निर्वाचन प्रक्रिया |
|---|---|---|---|---|---|
| १. | मा. श्रीराम लामिछाने | सभापति | नेपाली कांग्रेस | काठमाडौं | प्रत्यक्ष |
| २. | मा. इन्द्र प्रसाद गोतामे | सदस्य | नेपाली कम्युनिष्ट पार्टी | रसुवा | प्रत्यक्ष |
| ३. | मा. कृष्ण प्रसाद सिलवाल | सदस्य | नेकपा (एमाले) | चितवन | प्रत्यक्ष |
| ४. | मा. केशव प्रसाद पोखरेल | सदस्य | नेकपा (एमाले) | काठमाडौं | प्रत्यक्ष |
| ५. | मा. गिर बहादुर तामाङ | सदस्य | राष्ट्रिय प्रजातन्त्र पार्टी | चितवन | प्रत्यक्ष |
| ६. | मा. पुकार महर्जन | सदस्य | नेपाली कांग्रेस | काठमाडौं | प्रत्यक्ष |
| ७. | मा. प्रेम बहादुर पुलामी | सदस्य | नेपाली कम्युनिष्ट पार्टी | मकवानपुर | प्रत्यक्ष |
| ८. | मा. मातृका प्रसाद भट्टराई | सदस्य | नेपाली कम्युनिष्ट पार्टी | सिन्धुली | प्रत्यक्ष |
| ९. | मा. माया कुमारी कार्की | सदस्य | नेकपा (एमाले) | रामेछाप | समानुपातिक |
| १०. | मा. माया श्रेष्ठ | सदस्य | नेपाली कांग्रेस | चितवन | समानुपातिक |
| ११. | मा. मिनकृष्ण महर्जन | सदस्य | नेपाली कांग्रेस | ललितपुर | प्रत्यक्ष |
| १२. | मा. युवराज दुलाल* | सदस्य | नेपाली कम्युनिष्ट पार्टी | सिन्धुपाल्चोक | प्रत्यक्ष |
| १३. | मा. राजेन्द्र प्रजापति | सदस्य | राष्ट्रिय प्रजातन्त्र पार्टी | काठमाडौं | प्रत्यक्ष |
| १४. | मा. रामेश्वर श्रेष्ठ | सदस्य | नेकपा (एमाले) | ललितपुर | प्रत्यक्ष |
| १५. | मा. वसन्त प्रसाद मानन्धर* | सदस्य | नेपाली कम्युनिष्ट पार्टी | काठमाडौं | प्रत्यक्ष |
| १६. | मा. श्याम बहादुर खड्का | सदस्य | नेपाली कांग्रेस | काठमाडौं | प्रत्यक्ष |
| १७. | मा. सरिता खड्गी | सदस्य | हाम्रो नेपाली पार्टी | काठमाडौं | समानुपातिक |

** मिति २०८२ माघ ५ गते देखि लागू हुने गरी राजीनामा दिनु भएको।*

### ३.३.३.२ बैठक तथा निर्णयहरुः

| क्र.सं. | बैठक सङ्ख्या | बैठकको मिति | बैठकको निर्णयहरू |
|---|---|---|---|
| १. | २१ | २०८१/१०/२५ | • बागमती प्रदेश सभा, सार्वजनिक लेखा समितिको २०८१/०५/१३ गतेको बैठकद्वारा गठित उपसमितिहरूको समयावधि फागुन मसान्तसम्म थप गर्ने निर्णय गरियो ।<br>• बागमती प्रदेशको विभिन्न जिल्लामा रहेका शितभण्डारको विस्तृत विवरण दिन र निर्माण सम्पन्न भएका शितभण्डारहरूको चैत मसान्तसम्म सञ्चालन गरी सोको जानकारी दिन निर्देशन गर्ने निर्णय गरियो।<br>• बहुवर्षीय आयोजनाहरूको प्रगति, औचित्य, र उपादेयता सम्बन्धमा अध्ययन गर्न चैत्र मसान्तसम्मको समयावधि रहने गरी निम्न सदस्यहरू रहने गरी ३ सदस्यीय बहुवर्षीय आयोजनाहरूको अध्ययन समिति बनाउने निर्णय गरियो।<br>माननीय भरत बहादुर के.सी. - संयोजक<br>माननीय वसन्त प्रसाद मानन्धर - सदस्य<br>माननीय ईन्द्र प्रसाद गोतामे - सदस्य<br>• बागमती प्रदेश अन्तर्गतका बहुवर्षीय आयोजनाहरूको वित्तीय प्रगती, भौतिक प्रगति र सञ्चालनको अवस्थासहितको विस्तृत विवरण सबै मन्त्रालयहरूलाई यथाशिघ्र पठाउन निर्देशन गर्ने निर्णय गरियो।<br>• महालेखापरीक्षकको कार्यालयले बागमती प्रदेशको चौथो, पाचौं र छैठौं प्रतिवेदमा औंल्याएको बेरुजु सम्बन्धमा विवरण पठाउन बाँकी मन्त्रालय/ निकायहरूलाई छुट्टाछुट्टै स्पष्ट लिखित जवाफ र भए गरेका प्रगती सहितको विवरण ५ दिनभित्र उपलब्ध गराउन निर्देशन गर्ने निर्णय गरियो ।<br>• बागमती प्रदेशको लगानी भएको १३ वटै जिल्लाका अलपत्र अवस्थामा रहेका आयोजनाहरूको विस्तृत विवरण पठाउन निर्देशन गर्ने र आंशिक लगानी गरेर सम्पन्न हुने आयोजनाहरूलाई बजेटको व्यवस्था गर्न सुझाव दिने निर्णय गरियो। |

| क्र.सं. | बैठक सङ्ख्या | बैठकको मिति | बैठकको निर्णयहरू |
|---|---|---|---|
| | | | • महालेखापरीक्षकको कार्यालयको बागमती प्रदेशको छैटौं प्रतिवेदनमा औंल्याएका विषयहरूबारे मन्त्रालय तथा निकायहरूको लिखित जवाफ अध्ययन गरी राय सहितको प्रतिवेदन अर्को बैठकमा पेस गर्ने गर्न चौथो र पाचौं प्रतिवेदन उपसमितिको जिम्मेवारी पाउनु भएका माननीयहरूलाई नै तत् तत् मन्त्रालय/निकायहरूको जिम्मेवारी दिन निर्णय गरियो। |
| २. | २२ | २०८१/१२/१७ | • महालेखापरीक्षकको कार्यालयले बागमती प्रदेशको चौथो, पाचौं र छैटौं प्रतिवेदनमा औंल्याएको बेरुजु सम्बन्धमा विवरण पठाउन बाँकी मन्त्रालय/निकायहरूलाई छुट्टाछुट्टै स्पष्ट लिखित जवाफ र भए गरेका प्रगति विवरण चैत्र मसान्तभित्र उपलब्ध गराउन निर्देशन गर्ने निर्णय गरियो । |
| ३. | २३ | २०८१/१२/१८ | • आर्थिक वर्ष २०८१/८२ को बजेट कार्यान्वयन र स्रोत सुनिश्चतताको विषयमा सम्पन्न बैठकले माननीय मुख्यमन्त्रीको विशेष आतिथ्यताप्रति धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो।<br>• आगामी बजेट, नीति तथा कार्यक्रम र कार्यसम्पादन, सिमित साधन स्रोतको उच्चतम उपयोग गर्दै सुशासन र आर्थिक पारदर्शिता कायम गरी प्रदेश सरकारको आवश्यकता र औचित्यता पुष्टी हुनेगरी कार्य गर्न सरकारलाई निर्देशन दिने निर्णय गरियो। |
| ४. | २४ | २०८२/०२/०४ | • मिति २०८१ भदौ १४ गते बसेको सार्वजनिक लेखा समितिको ११ औ बैठकबाट गठित उपसमितिहरूले मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, विषयगत १२ वटा मन्त्रालय, प्रदेश सभा सचिवालय, प्रदेश नीति तथा योजना आयोग, प्रदेश लोकसेवा आयोग र मुख्य न्यायाधिवक्ताको कार्यालयको बेरुजु सम्बन्धमा जेठ १५ गतेभित्र समितिमा प्रतिवेदन पेस गर्ने निर्णय गरियो। |
| ५. | २५ | २०८२/०२/२२ | • यस आर्थिक वर्षमा बेरुजु फछ्र्यौटको अवस्था, श्रोत सुनिश्चतताको अवस्था, दैनिक भ्रमण भत्ता, सेवा सुविधा मापदण्ड परिपालनाको अवस्था एवं साधारण खर्चमा रकमान्तरण गर्ने प्रवृत्ति लगायत लेखा सन्तुलनको अवस्थाको विवरण सहित २०८२/०२/२८ गते हुने |

| क्र.सं. | बैठक सङ्ख्या | बैठकको मिति | बैठकको निर्णयहरू |
|---|---|---|---|
| | | | समितिको बैठकमा प्रदेश लेखा नियन्त्रकलाई उपस्थित हुनको लागि पत्राचार गर्ने निर्णय गरियो।<br>• प्रदेश योजना तर्जुमाका सन्दर्भमा हालसम्म वैज्ञानिक विधि अवलम्वन नभएको देखियो। आगामी आर्थिक वर्ष देखी प्रदेश योजना छनौट गर्नका लागि सबैलाई समेटिने र व्यवहारी साथै वैज्ञानिक हुने पद्धतिको निर्माण गरि प्रदेश सरकारलाई प्रत्यक्ष देखिने गरि योजना तर्जुमा गर्न सरकारलाई निर्देशन दिने निर्णय गरियो।<br>• मन्त्रालयले निर्माण गर्ने कार्यविधिमा एकरुपता नदेखिएको हुँदा आर्थिक वर्ष समाप्त भएको भाद्र १५ गतेभित्र निर्माण गरी लागू गर्न निर्देशन दिने निर्णय गरियो। |
| ६. | २६ | २०८२/०२/२८ | • संघीय सरकारबाट खटिने प्रमुख सचिव, सचिवले नायव सुब्बा र खरिदार सरहको अतिरिक्त सुविधा लिइरहेको विषयमा मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयबाट निर्णयको आधार र कारण सहित विस्तृत विवरण माग गर्ने निर्णय गरियो।<br>• चालु आर्थिक वर्षको बजेटमा गाडी खरिद निरुत्साहित गर्ने नीति लिए पनि गाडी खरिद भइरहेको हुदा उक्त विषयमा आर्थिक मामिला तथा योजना मन्त्रालयसँग कारण सहितको जवाफ माग गर्ने निर्णय गरियो। |
| ७. | २७ | २०८२/०२/२९ | • समिति सचिवालयबाट पेस भएको वार्षिक प्रतिवेदन उपर प्राप्त सुझाव समेटेर समितिबाट अनुमोदन गर्ने निर्णय गरियो। |
| ८. | २८ | २०८२/०२/३२ | • बेरुजु फछ्र्यौट तथा समपरीक्षण सम्बन्धी छलफल तथा अन्तरक्रिया कार्यक्रम र विषयगत समितिका सदस्यहरूलाई प्रतिवेदन लेखन सम्बन्धी क्षमता अभिवृद्धि कार्यक्रम काभ्रेपलाञ्चोकको नगरकोटमा आयोजना गर्ने निर्णय गरियो।<br>• समितिको सभापतिको नेतृत्वमा अन्तरप्रदेश अनुभव आदान प्रदान गर्न गण्डकी प्रदेश छनौट गर्ने निर्णय गरियो |
| ९ | २९ | २०८२/०५/१६ | • बागमती प्रदेश सरकारको मन्त्रालय र मातहतका कार्यालयहरूको सम्पत्तिको एकिकृत |

| क्र.सं. | बैठक सङ्ख्या | बैठकको मिति | बैठकको निर्णयहरू |
|---|---|---|---|
| | | | विवरण समग्रमा बागमती प्रदेशको स्थिर सम्पत्ती विवरण यथाशिघ्र पठाउन निर्देशन गर्ने निर्णय गरियो।<br>• बागमती प्रदेश सरकारको मन्त्रालय र मातहतका सरकारी कार्यालयहरूको भवन निर्माण भौतिक पूर्वाधार विकास मन्त्रालय मार्फत स्वदेशी काठको अनिवार्य प्रयोग एवं उपलब्ध हुन सक्ने स्वदेशी सामग्रीहरूको प्रयोग गरी निर्माण गर्न निर्देशन दिने निर्णय गरियो।<br>• बागमती प्रदेश सरकारका मन्त्रालय तथा मातहतका कार्यालयहरूबाट विनियोजन भएका संस्थाहरूलाई दिने चालु अनुदानलाई पारदर्शी बनाउन प्रचलित आर्थिक ऐन र कार्यविधिको अधिनमा रही स्पष्ट कार्यविधि एवं निर्देशिका बनाएर मात्र कार्यान्वयन गर्न निर्देशन दिने निर्णय गरियो।<br>• आ.व. २०८२/८३ को विनियोजित बजेटमा कार्यक्षेत्र भन्दा बाहिरका विनियोजन गरिएका योजना तथा कार्यक्रमहरू कार्यान्वयन नगर्न निर्देशन दिने निर्णय गरियो।<br>• बागमती प्रदेश सरकार र निकायहरूबाट भए गरेका कार्यहरूमा सार्वजनिक स्रोत र साधनको दुरुपयोग अनियमितता एवं त्रुटीहरू बागमती प्रदेशवासी चेतनशील सम्पूर्ण जनता एवं सरोकारवाला नेपाली नागरिकहरूबाट उजुरी एवं गुनासा सार्वजनिक लेखा समिति, बागमती प्रदेशमा सूचना मार्फत आह्वान गरिने निर्णय गरियो।<br>• बागमती प्रदेश सरकारले बजेट निर्माण गर्दा अपनाउनु पर्ने नीतिगत तथा सैद्धान्तिक सुधार गर्न गत आवमा बजेटको वारेमा प्रदेश सभामा उठेका सवालहरू एवं सुझावहरू, यस सम्बन्धमा सर्वसम्मत पास भएको संकल्प प्रस्ताव र सरकारबाट वेलावेलामा यस सम्बन्धमा दिइएका आस्वासनहरू समेतलाई समेटेर आगामी बैठकबाट बजेटको निर्माणमा देखिएका कमिकमजोरी हटाउन बजेट निर्माण वैज्ञानिक र पारदर्शी बनाउन आवश्यक राय सुझावसहितको प्रतिवेदन पेस गर्नमा माननीय युवराज दुलालको संयोजकत्वमा माननीय वसन्त प्रसाद मानन्धर र माननीय कृष्ण प्रसाद सिलवाल रहनुहुने |

| क्र.सं. | बैठक सङ्ख्या | बैठकको मिति | बैठकको निर्णयहरू |
|---|---|---|---|
| | | | तीन (३) सदस्यीय समिति गठन गर्ने निर्णय गरियो। |
| १० | ३० | २०८२/०९/०७ | • महालेखा परीक्षकको कार्यालयको बागमती प्रदेशको सातौं वार्षिक प्रतिवेदनले औल्याएका बेरुजुको सम्बन्धमा विभिन्न मन्त्रालय तथा निकायबाट प्रस्तुतिकरण भएको र सो सम्बन्धमा समितिको मिति २०८२/०९/०८ बस्ने बैठकले आवश्यक निर्देशन दिने निर्णय गरियो। |
| ११ | ३१ | २०८२/०९/०८ | • बागमती प्रदेशलाई संघीयता कार्यान्वयन र सुशासनयुक्त बनाउनको लागि यस समितिले खर्च कटौती गर्न र आर्थिक मितव्ययीता कायम गर्नको लागि पटक पटक निर्देशन गरेको र प्रदेश सभा बैठकबाट पनि संङ्कल्प प्रस्ताव मार्फत निर्देशन गरिएको भएतापनि निर्देशनहरूको उल्लङ्गन गर्दै सरकारले संरचना र कर्मचारीहरूको संगठन तथा व्यवस्थापन सर्वेक्षण (O&M) वस्तुनिष्ट समिक्षा एवं आवश्यकता र औचित्य विना नै कार्यालयहरू थप्ने, कर्मचारी करारमा राख्ने र नयाँ महँगा गाडीहरू खरिद गर्दै गरेको बुझिएको छ। श्रम, रोजगार तथा यातायात मन्त्रालयले भएका कार्यालयहरूको कार्यसमिक्षा नगरी बनेपा र काठमाण्डौ लगायतका ठाउँहरूमा नयाँ नयाँ कार्यालयहरू खडा गरी ट्रायल सेन्टरहरू खोल्न सूचना दिएको लाईसेन्स छपाई मेसिन र चार्जिङ सेन्टर सामाग्रीहरू करोडौमा खरिद गरि प्रयोग नगरेको र प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन २०७५ को नियमावली समेत नवनाई प्रदेश सरकारको व्ययभार बढाईरहेको विषयहरू प्रति यस समितिको गम्भिर ध्यानाकर्षण भएको छ। आवश्यकता र औचित्यताको आधारमा मन्त्रालयहरू संरचनाहरू र कर्मचारीको विश्लेषण बिना नै थप गर्न लागेको कार्यालयहरूको सूचना प्रक्रिया तत्काल रोक्न र एक महिना भित्र संगठन तथा व्यवस्थापन सर्वेक्षण (O&M) पुनरावलोकन गरी मात्र आवश्यक भए लागू गर्नको लागी बागमती प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय, आर्थिक मामिला तथा योजना मन्त्रालय र श्रम, रोजगार तथा यातायात मन्त्रायलाई निर्देशन दिने निर्णय गरियो। |

| क्र.सं. | बैठक सङ्ख्या | बैठकको मिति | बैठकको निर्णयहरू |
|---|---|---|---|
| | | | • यस समितिको गत बैठकहरूको निर्णयको आधारमा गरिएको निर्देशनहरू अनुरुप मन्त्रालयहरूले बेरुजु फछ्र्यौट, सम्परिक्षण र असुल उपर प्रक्रिया सम्वन्धी विवरण पेस र प्रस्तुत भएकोमा यस समितिमा छलफल हुँदा अपेक्षाकृत र निर्देशन बमोजिम पर्याप्त प्रगति नदेखिएकोले तत्काल बेरुजु फरफारक र आर्थिक मितव्ययता कायम गर्न र बेरुजु फछ्र्यौटको प्रगति विवरण एक महिना भिष सम्वन्धित मन्त्रालय र निकायहरूसँग माग गर्ने निर्णय गरियो।<br>• समितिको वार्षिक कार्यक्रमको कार्यान्वयनको सवालमा कार्ययोजना सहितको तालिका समितिमा पेस गरी पारित गर्ने निर्णय गरियो। |
| १२. | ३२ | २०८२/०९/२० | • बागमती प्रदेश सरकारको चालु आर्थिक वर्षको बजेट कार्यान्वयन सङ्कल्प प्रस्ताव र समसामयिक विषयमा आर्थिक मामिला तथा योजना मन्त्रालय र भौतिक विकास मन्त्रालयसँग छलफल भई बेरुजु फछ्र्यौट मूल्याङ्कन तथा अनुगमन समितिका अध्यक्ष प्रमुख सचिवबाट जानकारी लिइयो। |
| १३. | ३३ | २०८२/०९/२१ | • समितिको विगतको निर्देशनको कार्यान्वयनको सम्बन्धमा श्रम रोजगार तथा यातायात मन्त्रालय र सामाजिक विकास मन्त्रालयसँग छलफल भई लाईसेन्स छपाई सम्बन्धी मेशिनरी उपकरण र ट्राइल सेन्टर खोल्न दिएका हालसम्मका सम्पूर्ण निर्णयहरू श्रम रोजगार तथा यातायात मन्त्रालयसँग सात दिनभित्र माग गर्ने निर्णय गरियो।<br>• सहकारी संघ संस्थाहरूको नियमनमा प्रभावकारिता बढाउन सहकारी तथा गरिबी निवारण मन्त्रालयलाई आवश्यक निर्देशन दिने निर्णय गरियो। |

## ३.३.४ शिक्षा, स्वास्थ्य तथा कृषि समिति

हाल कायम सदस्यः२० पुरुष सदस्यः९ महिला सदस्यः११

### ३.३.४.१ माननीय सदस्यहरूः-

| क्र. स. | नाम थर | पद | राजनीतिक दल | निर्वाचन क्षेत्र | निर्वाचन प्रक्रिया |
|---|---|---|---|---|---|
| १. | मा. ठाकुर प्रसाद ढकाल | सभापति | नेपाली कम्युनिष्ट पार्टी | चितवन | प्रत्यक्ष |
| २. | मा. इश्वर सापकोटा | सदस्य | नेपाली कम्युनिष्ट पार्टी) | चितवन | समानुपातिक |
| ३. | मा. उत्तम जोशी | सदस्य | नेपाली कांग्रेस | चितवन | प्रत्यक्ष |
| ४. | मा. उर्मिला कुमारी लामा | सदस्य | नेपाली कम्युनिष्ट पार्टी | ललितपुर | समानुपातिक |
| ५. | मा. एका लाल श्रेष्ठ | सदस्य | नेकपा(एमाले) | मकवानपुर | प्रत्यक्ष |
| ६. | मा. कुमारी मुक्तान | सदस्य | नेपाली कम्युनिष्ट पार्टी | मकवानपुर | प्रत्यक्ष |
| ७. | मा. गीता गुरुङ्ग | सदस्य | नेपाली कांग्रेस | चितवन | समानुपातिक |
| ८. | मा. छेत्रबहादुर बम्जन | सदस्य | नेपाली कांग्रेस | सिन्धुली | प्रत्यक्ष |
| ९. | मा. तिर्थ बहादुर लामा | सदस्य | नेपाली कांग्रेस | काभ्रेपलाञ्चोक | प्रत्यक्ष |
| १०. | मा. मिना पराजुली पोखरेल | सदस्य | नेपाली कांग्रेस | काठमाडौं | समानुपातिक |
| ११. | मा. रघुनाथ महर्जन | सदस्य | नेकपा(एमाले) | ललितपुर | प्रत्यक्ष |
| १२. | मा. रमा आले मगर | सदस्य | नेपाली कम्युनिष्ट पार्टी | काठमाडौं | प्रत्यक्ष |
| १३. | मा. रामकुमार पहाडी | सदस्य | नेपाली कांग्रेस | सिन्धुली | प्रत्यक्ष |
| १४. | मा. लक्ष्मी घिमिरे | सदस्य | राष्ट्रिय प्रजातन्त्र पार्टी | रामेछाप | समानुपातिक |
| १५. | मा. शकुन्तला श्रेष्ठ | सदस्य | नेकपा(एमाले) | भक्तपुर | समानुपातिक |
| १६. | मा. शुष्पा भुजेल न्यौपाने | सदस्य | नेपाली कम्युनिष्ट पार्टी | सिन्धुली | समानुपातिक |
| १७. | मा. समिता खड्गी | सदस्य | नेपाली कांग्रेस | काठमाडौं | समानुपातिक |
| १८. | मा. सुनिल के.सी.* | सदस्य | राष्ट्रिय प्रजातन्त्र पार्टी | काठमाडौं | प्रत्यक्ष |
| १९. | मा. सृजना सायजु | सदस्य | नेपाल मजदुर किसान पार्टी | भक्तपुर | समानुपातिक |
| २०. | मा. हरि प्रभा खड्गी(श्रेष्ठ) | सदस्य | नेपाली कांग्रेस | काठमाडौं | प्रत्यक्ष |
| २१. | मा. हरि प्रसाद सापकोटा | सदस्य | नेकपा(एमाले) | चितवन | समानुपातिक |

** मिति २०८२ माघ ५ गतेदेखि लागू हुने गरी राजीनामा दिनुभएको।*

### ३.३.४.२ बैठक तथा निर्णयहरुः-

| क्रम संख्या | बैठक संख्या | बैठकको मिति | निर्णयहरू |
|---|---|---|---|
| १ | ३८ | २०८१/१२/१३ | • प्रदेश प्रमुखबाट सन्देशसहित पुनर्विचारको लागि फिर्ता आएको "प्रदेश कृषि विकास सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" सम्बन्धमा समितिका माननीय सभापति, समितिका माननीय सहस्यहरू, कृषि तथा पशुपन्छी विकास मन्त्रालयका माननीय मन्त्री, मन्त्रालयका सचिव लगायतको बीचमा छलफल गरि प्रदेश प्रमुखबाट आएको सन्देशलाई सम्बोधन गरी केही परिमार्जन गर्ने।<br>• समितिमा छलफलमा उठेका विषयलाई समावेश गरि प्रदेश प्रमुखबाट सन्देशसहित फिर्ता आएको "प्रदेश कृषि विकास सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" को प्रतिवेदन तयार गर्न समिति सचिवालयलाई निर्देशन दिने। |
| २ | ३९ | २०८१/१२/१४ | • यस समितिमा दफावार छलफलका लागि प्राप्त भएको "मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक" माथि समितिका माननीय सभापति र माननीय सदस्यहरू, संशोधनकर्ता माननीय सदस्यहरू, स्वास्थ्य मन्त्रालयबाट माननीय मन्त्री, सचिव, कानुन अधिकृत लगायतको बीच विधेयकको दफा १ देखि दफा ५ सम्म दफावार छलफल गरियो। |
| ३ | ४० | २०८१/१२/१८ | • प्रदेश प्रमुखबाट सन्देशसहित पुनर्विचारको लागि फिर्ता आएको "प्रदेश कृषि विकास सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" मा समितिको प्रतिवेदन सभामा पेस गर्ने निर्णय गरियो।<br>• यस समितिमा दफाबार छलफलका लागि प्राप्त भएको “मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक" मा समितिको प्रतिवेदनको अन्तिम प्रति तयार गरी सभामुख मार्फत सभामा पेस गर्ने निर्णय गरियो। |
| ४ | ४१ | २०८२/०२/२० | • आर्थिक वर्ष २०८१/०८२ को शिक्षा, स्वास्थ्य तथा कृषि समितिको वार्षिक प्रतिवेदन, बागमती प्रदेश सरकारको आर्थिक वर्ष २०८२/०८३ को बजेट सभाको बैठकमा |

| क्रम संख्या | बैठक संख्या | बैठकको मिति | निर्णयहरू |
|---|---|---|---|
| | | | प्रस्तुत हुनुपूर्व सभामा पेस गर्ने प्रयोजनार्थ प्रतिवेदनको मस्यौदा तयारी गर्न देहाय बमोजिमका सदस्यहरू रहने गरी **"एक वार्षिक प्रतिवेदन तयारी उपसमिति"** गठन गर्ने निर्णय गरियो।<br>माननीय एकालाल श्रेष्ठ – संयोजक<br>माननीय इश्वर सापकोटा – सदस्य<br>माननीय गिता गुरुङ्ग – सदस्य<br>माननीय रामकुमार पहाडी – सदस्य<br>माननीय लक्ष्मी घिमिरे – सदस्य |
| ५ | ४२ | २०८२/०२/३० | • वार्षिक प्रतिवेदन तयारी उपसमितिले तयार गरेको वार्षिक वार्षिक प्रतिवेदनको मस्यौदामाथि छलफल गरि सर्वसम्मत रुपमा पारित गर्दै माननीय सभामुखज्यू मार्फत प्रदेश सभामा मिति २०८२ जेठ ३० गते पेस गर्ने निर्णय गरियो। |
| ६ | ४३ | २०८२/०८/२१ | • आर्थिक वर्ष २०८२/०८३ को शिक्षा स्वास्थ्य तथा कृषि समितिको वार्षिक बजेट सम्बन्धमा छलफल गरी समितिको सभापतिको नेतृत्वमा अन्तरप्रदेश भ्रमण तथा अनुभव आदानप्रदान कार्यक्रम अन्तर्गत सुदुरपश्चिम प्रदेश सभा, सामाजिक विकास समितिसँग अनुभव आदान प्रदान गर्ने।<br>• समितिको कार्यक्षेत्र अन्तर्गतका मन्त्रालय मातहतका जिल्लास्थित कार्यालयहरूमा(सिन्धुपाल्चोक, दोलखा, चितवन, काठमाडौं, काभ्रेपलाञ्चोक जिल्लामा) स्थलगत अनुगमन गर्ने।<br>• प्रदेश युवा परिषद् ऐन २०७६ को उत्तरविधायिकी परीक्षण गर्ने उक्त कार्यको लागि उत्तर विधायिकी अध्ययन उपसमिति देहाय बमोजिम गठन गर्ने। |

| क्रम संख्या | बैठक संख्या | बैठकको मिति | निर्णयहरू |
|---|---|---|---|
| | | | <u>उपसमिति</u><br>मानननीय एकालाल श्रेष्ठ – संयोजक<br>माननीय इश्वर सापकोटा – सदस्य<br>माननीय उत्तम जोशी – सदस्य<br>माननीय गीता गुरुङ्ग – सदस्य<br>माननीय लक्ष्मी घिमिरे – सदस्य<br>माननीय शुष्पा भुजेल न्यौपाने – सदस्य<br>**कार्यविधिः**<br>उपसमितिले आफ्नो काम कारवाही व्यवस्थित बनाउन आफ्नो आन्तरिक कार्यविधि निर्माण गरी लागू गर्न सक्नेछ।<br>**स्थलगत अनुगमन**<br>उपसमितिले आफ्नो कामको सिलसिलामा स्थलगत अनुगमन गर्नुपरेमा सभापतिमार्फत सभामुखको अनुमति लिएर स्थलगत अवलोकन भ्रमण गर्न सक्नेछ।<br>**कार्यावधि**<br>उपसमितिको कार्यावधि उपसमितिको पहिलो बैठक बसेको मितिले ४५ दिनको हुनेछ। |

## ३.३.५ उद्योग, पर्यटन तथा वातावरण समिति

हाल कायम सदस्यः२२ पुरुष सदस्यः९ महिला सदस्यः१३

## ३.३.५.१ माननीय सदस्यहरूको विवरणः-

| क्र. स. | नाम थर | पद | राजनीतिक दल | निर्वाचन क्षेत्र | निर्वाचन प्रक्रिया |
|---|---|---|---|---|---|
| १. | मा. आनन्द कुमार श्रेष्ठ | सभापति | नेकपा(एमाले) | रामेछाप | समानुपातिक |
| २. | मा. गिता काफ्ले | सदस्य | नेपाल मजदुर किसान पार्टी | भक्तपुर | समानुपातिक |
| ३. | मा. ठुला थामी | सदस्य | नेकपा (एमाले) | दोलखा | समानुपातिक |
| ४. | मा. तारा नारायण श्रेष्ठ | सदस्य | नेपाली कम्युनिष्ट पार्टी | रामेछाप | प्रत्यक्ष |
| ५. | मा. दिपेन्द्र श्रेष्ठ | सदस्य | नेपाली कांग्रेस | काठमाडौं | प्रत्यक्ष |
| ६. | मा. धनेश्वरी प्रजापति | सदस्य | राष्ट्रिय प्रजातन्त्र पार्टी | भक्तपुर | समानुपातिक |
| ७. | मा. प्रेमभक्त महर्जन | सदस्य | नेकपा (एमाले) | ललितपुर | प्रत्यक्ष |
| ८. | मा. बाल कुमारी विस्वकर्मा | सदस्य | नेकपा(एमाले) | काठमाडौं | समानुपातिक |
| ९. | मा. बिमल ठकुरी | सदस्य | नेपाली कांग्रेस | काठमाडौं | प्रत्यक्ष |
| १०. | मा. भारती कुमारी पाठक | सदस्य | नेकपा(एमाले) | मकवानपुर | समानुपातिक |
| ११. | मा. भुवन केशरी श्रेष्ठ | सदस्य | नेपाली कम्युनिष्ट पार्टी | भक्तपुर | समानुपातिक |
| १२. | मा. मसिना खड्का | सदस्य | नेपाली कांग्रेस | सिन्धुपाल्चोक | प्रत्यक्ष |
| १३. | मा. मायादेवी शर्मा | सदस्य | नेपाली कम्युनिष्ट पार्टी | धादिङ | समानुपातिक |
| १४. | मा. मोनिका श्रेष्ठ | सदस्य | राष्ट्रिय प्रजातन्त्र पार्टी | दोलखा | समानुपातिक |
| १५. | मा. यमुना देवी श्रेष्ठ | सदस्य | नेपाली कांग्रेस | काठमाडौं | समानुपातिक |
| १६. | मा. याङ्किला शेर्पा | सदस्य | नेपाली कांग्रेस | काठमाडौं | समानुपातिक |
| १७. | मा. राजु विष्ट | सदस्य | राष्ट्रिय प्रजातन्त्र पार्टी | काठमाडौं | प्रत्यक्ष |
| १८. | मा. रुकु चौलागाई | सदस्य | नेपाली कम्युनिष्ट पार्टी | काभ्रेपलान्चोक | समानुपातिक |
| १९. | मा. लक्ष्मण लम्साल | सदस्य | नेपाली कम्युनिष्ट पार्टी | काभ्रेपलान्चोक | प्रत्यक्ष |
| २०. | मा. शान्ता ढकाल | सदस्य | नेपाली कांग्रेस | काठमाडौं | समानुपातिक |
| २१. | मा. शुकमाया तामाङ्ग | सदस्य | नेकपा(एमाले) | सिन्धुली | समानुपातिक |
| २२. | मा. शैलेन्द्र मान बज्राचार्य | सदस्य | हाम्रो नेपाली पार्टी | काठमाडौं | प्रत्यक्ष |

### ३.३.५.२ बैठक तथा निर्णयहरुः-

| क्र.सं. | बैठक संख्या | बैठकको मिति | निर्णय |
|---|---|---|---|
| १. | २५ | २०८१/१२/१७ | • यस समितिमा दफावार छलफलका लागि प्राप्त भएको प्रदेश औद्योगिक व्यवसाय सम्बन्धी ऐन २०७६ लाई संशोधन गर्न बनेको विधेयक माथि समितिका माननीय सदस्यहरू, संशोधनकर्ता माननीय सदस्यहरू, मन्त्रालयबाट माननीय मन्त्रीज्यू, सचिवज्यू लगायतको उपस्थितिमा विधेयकको दफा १ देखि दफा २४ सम्मका दफाहरूमा छलफल गरियो। |
| २. | २६ | २०८१/१२/१८ | • यस समितिमा दफावार छलफलका लागि प्राप्त भएको प्रादेशिक व्यापार तथा व्यवसाय सम्बन्धी ऐन २०७६ लाई संशोधन गर्न बनेको विधेयक माथि दफावार छलफलका क्रममा विधेयकमा केहि संशोधनको निर्णय गरियो। |
| ३ | २७ | २०८१/१२/२० | • प्रदेश औद्योगिक व्यवसाय सम्बन्धी ऐन २०७६ लाई संशोधन गर्न बनेको विधेयक माथि दफावार छलफलमा भएका निर्णयको प्रतिवेदन यस समितिमा दफावार छलफलका लागि प्राप्त भएको प्रदेश औद्योगिक व्यवसाय सम्बन्धी ऐन २०७६ लाई संशोधन गर्न बनेको विधेयक माथि दफावार छलफलका भई विधेयकमा भएका संशोधनहरूको निर्णय सहितको प्रतिवेदन सर्वसम्मतीले पारित गरी माननीय सभामुख मार्फत सभामा पेस गर्ने निर्णय गरियो।<br>• प्रादेशिक व्यापार तथा व्यवसाय सम्बन्धी ऐन २०७६ लाई संशोधन गर्न बनेको विधेयक माथि दफावार छलफलमा भएका निर्णयको प्रतिवेदन यस समितिमा दफावार छलफलका लागि प्राप्त भएको प्रादेशिक व्यापार तथा व्यवसाय सम्बन्धी ऐन २०७६ लाई संशोधन गर्न बनेको विधेयक माथि दफावार छलफलका भई विधेयकमा भएका संशोधनहरूको निर्णय सहितको प्रतिवेदन सर्वसम्मतीले पारित पारित गरी माननीय सभामुख मार्फत सभामा पेस गर्ने निर्णय गरियो।<br>• उद्योग, पर्यटन तथा वातावरण समितिको वार्षिक बजेटमा रहेको विषयगत समितिका सदस्यहरूलाई विधेयक मस्यौदा तयारी तथा प्रतिवेदन लेखन सम्बन्धी क्षमता अभिवृद्धि कार्यक्रम अन्तर्गत समितिले प्रदेश मामिला समितिसँग संयुक्त रुपमा २०८२ वैशाख २७ र २८ गते काभ्रेपलाञ्चोक, मण्डनदेउपुर-२ नगरकोटमा सम्पन्न गर्ने निर्णय गरियो। |

| क्र.सं. | बैठक संख्या | बैठकको मिति | निर्णय |
|---|---|---|---|
| ४ | २८ | २०८२/०२/२९ | • समितिले तयार गरेको वार्षिक प्रतिवेदनको मस्यौदामाथि छलफल गरि सर्वसम्मत रुपमा पारित गर्दै  माननीय सभामुखज्यू मार्फत प्रदेश सभामा मिति २०८२ जेठ ३० गते पेस गर्ने निर्णय गरियो।<br>• अन्तरप्रदेश अनुभव आदानप्रदान कार्यक्रम कोशी प्रदेशको उद्योग, पर्यटन तथा वातावरण समितिसँग  मिति २०८२ असार २ र ३ गते कोशी प्रदेश सभा विराटनगरमा गर्ने निर्णय गरियो। |
| ५ | २९ | २०८२/०९/११ | उद्योग, पर्यटन तथा वातावरण समितिको आजको बैठक माननीय सभापति आनन्द कुमार श्रेष्ठको सभापतित्वमा बस्यो। समितिमा उद्योग, वाणिज्य भूमि तथा प्रशासन मन्त्रालयका सचिव र समितिका माननीय सदस्यहरूको उपस्थिति थियो। समिति बैठको प्रस्तुति, छलफल तथा निर्णय देहाय बमोजिम रहेको छ।<br>• बागमती प्रदेश सरकार, उद्योग, वाणिज्य भूमि तथा प्रशासन मन्त्रालयको आ.व. २०८१/०८२ को वार्षिक समिक्षा र चालु आर्थिक वर्ष २०८२/०८३ को लागि कार्यक्रम कार्यान्वयन सम्बन्धमा छलफल भयो। समितिमा मन्त्रालयको हालसम्मको भौतिक र वित्तीय प्रगति, कार्यान्वयनको अवस्था, कार्यक्रम कार्यान्वयनमा देखा परेका चुनौतिहरू सम्बन्धमा प्रस्तुतिकरण भयो। समितिका माननीय सदस्यहरूले मन्त्रालयबाट संचालन हुने कार्यक्रम प्रभावकारी कार्यान्वयनको लागि आवश्यक सुझावहरू दिनुभयो।<br>• आर्थिक वर्ष २०८२/०८३ को लागि उद्योग, पर्यटन तथा वातावरण समितिको वार्षिक बजेट सम्बन्धमा छलफल गरि सचिवालयको वार्षिक कार्यक्रमको सि.न. २.७.२५.२८ मा रहेको समितिका सभापतिको नेतृत्वमा अन्तरप्रदेश भ्रमण तथा अनुभव आदानप्रदान कार्यक्रम अन्तर्गत कर्णाली प्रदेश सभा, अर्थ तथा प्राकृतिक श्रोत समितिसँग अनुभव आदानप्रदान गर्न कर्णाली प्रदेश सभा भ्रमण गर्ने निर्णय गरियो। |
| ६ | ३० | २०८२/०९/१२ | उद्योग, पर्यटन तथा वातावरण समितिको आजको बैठक माननीय सभापति आनन्द कुमार |

| क्र.सं. | बैठक संख्या | बैठकको मिति | निर्णय |
|---|---|---|---|
| | | | श्रेष्ठको सभापतित्वमा बस्यो। समितिमा संस्कृति तथा पर्यटन मन्त्रालयका माननीय मन्त्री सुरेश श्रेष्ठ, मन्त्रालयका सचिव र समितिका माननीय सदस्यहरूको उपस्थिति थियो। समिति बैठकको प्रस्तुति, छलफल तथा निर्णय देहाय बमोजिम रहेको छ।<br>• बागमती प्रदेश सरकार, संस्कृति तथा पर्यटन मन्त्रालयको आ.व. २०८१/०८२ को वार्षिक समिक्षा र चालु आर्थिक वर्ष २०८२/०८३ को लागि कार्यक्रम कार्यान्वयन सम्बन्धमा छलफल भयो। समितिमा मन्त्रालयको हालसम्मको भौतिक र वित्तीय प्रगति, कार्यान्वयनको अवस्था, कार्यक्रम कार्यान्वयनमा देखा परेका चुनौतिहरू सम्बन्धमा प्रस्तुतिकरण भयो। समितिका माननीय सदस्यहरूले मन्त्रालयबाट संचालन हुने कार्यक्रम प्रभावकारी कार्यान्वयनको लागि आवश्यक सुझावहरू दिनुभयो।<br>• प्रचलित कानुन, कार्यविधि तथा संसदीय अभ्यास बमोजिम बागमती प्रदेशमा लागू भएको सार्वजनिक, निजी, सहकारी साझेदारी ऐन २०७६को कार्यान्वयनको अवस्था, प्रभावकारीता, चुनौती तथा सुधारका क्षेत्रहरूको अध्ययन गर्नको लागि उत्तरविधायिकी परीक्षण गर्न देहाय बमोजिम एक उपसमिति गठन गर्ने निर्णय गरियो।<br>माननीय लक्ष्मण लम्साल - संयोजक<br>माननीय प्रेमभक्त महर्जन - सदस्य<br>माननीय भुवन केशरी श्रेष्ठ - सदस्य<br>माननीय धनेश्वरी प्रजापति - सदस्य<br>माननीय यमुना देवी श्रेष्ठ - सदस्य<br>क) उपसमितिले काम कारवाहीलाई प्रभावकारी बनाउन आवश्यकता अनुसार आफ्नो आन्तरिक कार्यविधि निर्माण गरी लागू गर्न सक्नेछ।<br>**ख) समितिको कार्यक्षेत्र देहाय बमोजिम हुनेछः-**<br>- सम्बन्धित ऐन/कानुनको कार्यान्वयन अवस्था अध्ययन गर्ने। |

| क्र.सं. | बैठक संख्या | बैठकको मिति | निर्णय |
|---|---|---|---|
| | | | - कानुनले लक्षित उद्देश्य हासिल भए/नभएको विश्लेषण गर्ने।<br>- सरोकारवाला निकाय, विज्ञ तथा सेवाग्राहीहरूसँग छलफल/परामर्श गर्ने।<br>- कानुन कार्यान्वयनमा देखिएका समस्या, चुनौती र असल अभ्यासहरू पहिचान गर्ने।<br>- आवश्यक सुधार तथा सिफारिससहित प्रतिवेदन तयार गरी समितिमा पेस गर्ने।<br>ग) उपसमितिले आफ्नो पहिलो बैठक बसेको मितिले ३ महिना भित्र उत्तर विधायिकी परीक्षण प्रतिवेदन समितिमा पेस गर्नुपर्नेछ।<br>घ) उपसमितिले आवश्यकता अनुसार बैठकमा समितिका सदस्यहरू, विज्ञ तथा सरोकारवालाहरूलाई आमन्त्रण गर्न सक्नेछ।<br>ङ) उपसमितिले आवश्यकता अनुसार कामको शिलशिलामा स्थलगत अनुगमन गर्नु परेमा सभापति मार्फत सभामुखको अनुमती लिएर स्थलगत अवलोकन भ्रमण गर्न सक्नेछ।<br>• प्रदेश सरकारबाट विनियोजित योजना तथा कार्यक्रमहरू कार्यान्वयन गर्दा प्रदेश सभा सदस्यहरूले कुनै जानकारी नपाएको भन्ने विषय उठ्दै आएकोले मन्त्रालय र मातहतका निकाय/कार्यालयहरूले त्यस्ता कार्यक्रमहरूमा सम्बन्धित जिल्ला/क्षेत्रबाट प्रदेश सभामा प्रतिनिधित्व गर्ने समितिका माननीय सदस्यहरूलाई सहभागी गराउन समितिको कार्यक्षेत्र बमोजिमका विषयगत मन्त्रालयहरू वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय र संस्कृति तथा पर्यटन मन्त्रालयलाई निर्देशन दिने निर्णय गरियो। |

### ३.३.६ विशेषाधिकार समिति

मिति २०८१ जेठ ५ गते बसेको प्रदेश सभाको बैठकले विशेषाधिकार समिति गठन गरेको थियो। विशेषाधिकार समिति सम्बन्धी विवरण देहाय बमोजिम रहेको छ।

**हाल कायम सदस्यः १३ पुरुष सदस्यः८ महिला सदस्यः५**

### ३.३.६.१ माननीय सदस्यहरूको विवरणः-

| क्र.स. | नाम थर | पद | राजनीतिक दल | निर्वाचन क्षेत्र | निर्वाचन प्रक्रिया |
|---|---|---|---|---|---|
| १. | मा. मायादेवी शर्मा | सभापति | नेपाली कम्युनिष्ट पार्टी | धादिङ | समानुपातिक |
| २. | मा. कृष्ण प्रसाद शर्मा खनाल | सदस्य | नेपाली कम्युनिष्ट पार्टी | चितवन | प्रत्यक्ष |
| ३. | मा. गिर बहादुर तामाङ | सदस्य | राष्ट्रिय प्रजातन्त्र पार्टी | चितवन | प्रत्यक्ष |
| ४. | मा. गोविन्द लम्साल | सदस्य | नेपाली कांग्रेस | धादिङ | प्रत्यक्ष |
| ५. | मा. देबेन्द्र श्रेष्ठ | सदस्य | नेपाली कम्युनिष्ट पार्टी | भक्तपुर | प्रत्यक्ष |
| ६. | मा. धनेश्वरी प्रजापति | सदस्य | राष्ट्रिय प्रजातन्त्र पार्टी | भक्तपुर | समानुपातिक |
| ७. | मा. रत्न प्रसाद ढकाल | सदस्य | नेपाली कम्युनिष्ट पार्टी | काभ्रेपलान्चोक | प्रत्यक्ष |
| ८. | मा. राजु विष्ट | सदस्य | राष्ट्रिय प्रजातन्त्र पार्टी | काठमाडौं | प्रत्यक्ष |
| ९. | मा. रामकृष्ण चित्रकार | सदस्य | नेपाली कांग्रेस | ललितपुर | प्रत्यक्ष |
| १०. | मा. शुष्पा भुजेल न्यौपाने | सदस्य | नेपाली कम्युनिष्ट पार्टी | सिन्धुली | समानुपातिक |
| ११. | मा. सरिता खड्गी | सदस्य | हाम्रो नेपाली पार्टी | काठमाडौं | समानुपातिक |
| १२. | मा. सुना परियार | सदस्य | नेपाली कांग्रेस | काठमाडौं | समानुपातिक |
| १३. | मा. सुरेन्द्रराज गोसाई | सदस्य | नेकपा(एमाले) | भक्तपुर | प्रत्यक्ष |

## ३.३.६.२ बैठक तथा निर्णयहरुः-

| क्र.सं. | बैठक संख्या | बैठकको मिति | निर्णय |
| --- | --- | --- | --- |
| १. | ७ | २०८२/०२/१३ | • समितिको वार्षिक कार्य सञ्चालन तालिकामा स्वीकृत समितिको कार्यक्षेत्र बमोजिम विज्ञ तथा सरोकारवालासँग छलफल तथा अन्तरक्रिया र प्रतिवेदन लेखन सम्बन्धी क्षमता अभिवृद्धि कार्यक्रमको मिति र स्थान समितिको अर्को बैठकबाट तय गर्ने निर्णय गरियो।<br>• विशेषाधिकार समितिको तपसिल बमोजिम वार्षिक प्रतिवेदन लेखन तयारी उपसमिति गठन गर्ने निर्णय गरियो।<br><u>तपसिलः-</u><br>माननीय प्रभात तामाङ – संयोजक<br>माननीय जयराम थापा – सदस्य<br>माननीय देबेन्द्र श्रेष्ठ – सदस्य |
| २. | ८ | २०८२/०२/२१ | • समितिको वार्षिक कार्यतालिका बमोजिमका कार्यक्रमहरू मिति २०८२/०३/१५ गते सम्म सञ्चालन गर्नुपर्ने निर्णय गरियो।<br>• वार्षिक प्रतिवेदन तयारी उपसमितिले पेस गरेको वार्षिक प्रतिवेदन २०८२ समितिमा छलफल भई सुझाव सहित पारित गर्ने र मिति २०८२/०२/३० गते प्रदेश सभा बैठकमा पेस गर्ने निर्णय गरियो। |
| ३. | ९ | २०८२/१०/११ | • समिति सचिवालयबाट तयार पारिएको समितिको वार्षिक कार्यतालिकको मस्यौदामा वृहत छलफल गरी सुझाब सहित स्वीकृत गर्ने निर्णय गरियो । |

## ३.४ कार्यव्यवस्था परामर्श समितिः

प्रदेश सभा नियमावली, २०७४(पहिलो संशोधन सहित)मा प्रदेश सभाको बैठकमा पेस हुने विषयहरूको प्राथमिकता तथा समयावधिको निर्धारण लगायत बैठकलाई सुव्यवस्थित ढङ्गले सञ्चालन गर्ने प्रयोजनको लागि र सभामुखले आवश्यक ठहर्‍याएको अन्य विषयमा परामर्शको लागि सभामुखको अध्यक्षतामा हुने प्रदेश सभामा प्रतिनिधित्व गर्ने प्रत्येक राजनीतिक दलको सदस्य समावेश हुने गरी बढीमा सत्र जना सदस्य रहने एक कार्यव्यवस्था परामर्श समिति गठन हुने व्यवस्था छ। प्रदेश सभाका उपसभामुख र प्रदेशको कानुन सम्बन्धी विषय हेर्ने मन्त्री समितिका क्रमशः पदेन उपाध्यक्ष र सदस्य हुन्छन। सभामुखले कुनै सदस्यलाई यस समितिको बैठकमा भाग लिन आमन्त्रण गर्न सक्नेछ। २०७९ माघ २२ गते बसेको प्रदेश सभाको बैठकले कार्यव्यवस्था परामर्श समिति गठन गरेको थियो। समिति सम्बन्धी विवरण देहाय बमोजिम रहेको छ।

### ३.४.१ माननीय सदस्यहरूको विवरणः-

**हाल कायम सदस्यः १५ पुरुषः १० महिलाः ५**

| क्र.स. | नाम, थर | पद | कार्यालय |
|---|---|---|---|
| १ | माननीय सभामुख | अध्यक्ष | प्रदेश सभा |
| २ | माननीय उपसभामुख श्री अपसरा चापागाई | उपाध्यक्ष | प्रदेश सभा |
| ३ | माननीय मन्त्री श्री शिवराज अधिकारी | सदस्य | आन्तरिक मामिला तथा कानुन मन्त्रालय |

**समितिका सदस्य (वर्णानुक्रमानुसार):-**

| क्र.स. | नाम, थर | पद |
|---|---|---|
| १. | माननीय ॐ कुमारी श्रेष्ठ | सदस्य |
| २. | माननीय एका लाल श्रेष्ठ | सदस्य |
| ३. | माननीय कुमारी तामाङ | सदस्य |
| ४. | माननीय कृष्ण प्रसाद सिलवाल | सदस्य |
| ५. | माननीय केशव प्रसाद पोखरेल | सदस्य |
| ६. | माननीय गिर बहादुर तामाङ | सदस्य |
| ७. | माननीय छिरीङ दोर्जे लामा | सदस्य |
| ८. | माननीय पुकार महर्जन | सदस्य |
| ९. | माननीय मीनकृष्ण महर्जन | सदस्य |
| १०. | माननीय रत्न प्रसाद ढकाल | सदस्य |
| ११. | माननीय राधिका तामाङ | सदस्य |
| १२. | माननीय शान्ता ढकाल | सदस्य |
| १३. | माननीय सुरेन्द्रराज गोसाई | सदस्य |

# परिच्छेद-४
# विधेयक तथा अध्यादेश सम्बन्धी विवरण

## ४.१ प्रदेश सभाबाट बनेका ऐनहरुको विवरण(हालसम्म)

| सि.न. | विधेयक | जम्मा |
|---|---|---|
| १. | दर्ता | ९३ |
| २. | पारित | ९० |
| ३. | प्रमाणीकरण | ८९ |
| ४. | सालवसाली | १६ |
| ५. | समितिमा विचाराधीन | १ |
| ६. | सभामा विचाराधीन | १ (प्रदेशस्तरको चिठ्ठा व्यवस्थापन तथा नियन्त्रण गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक) |
| ७. | फिर्ता (प्रदेश प्रमुखबाट) | २ (प्रदेशस्तरको चिठ्ठा व्यवस्थापन तथा नियन्त्रण गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक र प्रदेश कृषि विकास सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक) |
| ८. | जगाउने विधेयक पारित | १ (मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन,२०७६ को साविकको व्यवस्था जगाउने सम्बन्धि व्यवस्था गर्न बनेको विधेयक) |
| ९. | मुल ऐन पारित | ५० |
| १०. | संशोधन पारित | २१ |
| ११. | पहिलो प्रदेश सभा | ६९ |
| १२. | दोस्रो प्रदेश सभा | २४ |

## ४.२ अध्यादेश

| सि.न. | अध्यादेश | जम्मा |
|---|---|---|
| १. | दर्ता | १४ |
| २. | स्वीकृत | १४ |
| | प्रतिस्थापन | ७ |
| ३. | निष्क्रिय | ५ |

## ४.३ विधेयक दर्ता देखि पारित सम्मको विवरणः

बागमती प्रदेश सभामा हाल विभिन्न मन्त्रालयबाट दर्ता भएका विधेयक, सभामा पेस, विधेयक माथिको सैद्धान्तिक छलफल, सभाबाट समितिमा पठाइएको, समितिबाट सभामा पेस भएको प्रतिवेदन, सभाबाट पारित, प्रमाणित र प्रमाणीकरणको मिति सहित देहाय बमोजिम प्रस्तुत गरिएको छः

| विधेयक संख्या | विधेयक दर्ता मिति | विधेयकको नाम | सभामा पेस | सैद्धान्तिक छलफलको मिति | समितिमा पेस भएको मिति | समितिले प्रतिवेदन सहित पेस गरेको मिति | प्रदेश सभाबाट पारित मिति | प्रदेश प्रमुख समक्ष प्रमाणिकरणको लागि पठाएको मिति | प्रदेश प्रमुखबाट प्रमाणिकरण मिति |
|---|---|---|---|---|---|---|---|---|---|
| १. | २०७९/११/०५ | स्थानीय तहका सेवाको गठन तथा सञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | २०७९/११/१० | २०७९/११/१० | २०७९/११/१३ | २०७९/११/१४ | २०७९/११/१४ | २०७९/११/१७ | २०७९/११/१८ |
| २. | २०७९/११/०५ | प्रदेश निजामती सेवाको गठन, सञ्चालन र सेवाका शर्तहरु सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | २०७९/११/१० | २०७९/११/१० | २०७९/११/१३ | २०७९/११/१४ | २०७९/११/१४ | २०७९/११/१७ | २०७९/११/१८ |
| ३. | २०७९/११/०८ | मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०७६ को साविकको व्यवस्था जगाउने सम्बन्धि व्यवस्था गर्न बनेको विधेयक | २०८०/०१/१० | २०८०/०१/१२ | .............. | ............. | २०८०/०१/१२ | २०८०/०१/२६ | २०८०/०१/२६ |
| ४. | २०८०/०१/०५ | प्रदेशस्तरको चिठ्ठा व्यवस्थापन तथा नियन्त्रण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | २०८०/०१/१० | २०८०/०१/१२ | ............ | ............. | २०८०/०१/१२ | २०८०/०१/२६ | फिर्ता |

| विधेयक संख्या | विधेयक दर्ता मिति | विधेयकको नाम | सभामा पेस | सैद्धान्तिक छलफलको मिति | समितिमा पेस भएको मिति | समितिले प्रतिवेदन सहित पेस गरेको मिति | प्रदेश सभाबाट पारित मिति | प्रदेश प्रमुख समक्ष प्रमाणिकरणको लागि पठाएको मिति | प्रदेश प्रमुखबाट प्रमाणिकरण मिति |
|---|---|---|---|---|---|---|---|---|---|
| ५. | २०८०/०३/०१ | प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक | २०८०/०३/०१ | २०८०/०३/१९ | -------- | ----------- | २०८०/०३/२१ | २०८०/०३/२९ | २०८०/०३/३१ |
| ६. | २०८०/०३/०१ | आर्थिक वर्ष २०८०/०८१ को सेवा र कार्यको लागि प्रदेश संचितकोषबाट केही रकम विनियोजन र खर्च गर्न सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | २०८०/०३/१२ | २०८०/०३/२० | -------- | ----------- | २०८०/०३/२१ | २०८०/०३/२९ | २०८०/०३/३१ |
| ७. | २०८०/०५/१२ | विज्ञान प्रविधि, नवप्रवर्तन तथा विकास कोष सञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | २०८०/०५/२४ | २०८०/०५/२४ | २०८०/०५/३० | २०८१/०३/१४ | २०८१/०४/१६ | .......... | २०८१/०५/०६ |
| ८. | २०८०/०५/१२ | प्रदेश स्वास्थ्य सेवा ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक | २०८०/०५/२४ | २०८०/०५/२४ | २०८०/०५/३० | २०८१/०६/०६ | २०८१/०६/०७ | .......... | ........... |
| ९. | २०८०/०५/१३ | प्रदेश संचार माध्यम व्यवस्थापन ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक- | २०८०/०५/२४ | २०८०/०५/२४ | २०८०/०५/३० | २०८०/०६/२२ | २०८०/०६/२२ | २०८०/०७/२० | २०८०/०७/२३ |
| १०. | २०८०/०५/१७ | प्रदेश कृषि विकास सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | २०८०/०५/२४ | २०८०/०५/२४ | २०८०/०५/३० | २०८१/०६/०६ | २०८१/०६/०७ | .......... | फिर्ता |

| विधेयक संख्या | विधेयक दर्ता मिति | विधेयकको नाम | सभामा पेस | सैद्धान्तिक छलफलको मिति | समितिमा पेस भएको मिति | समितिले प्रतिवेदन सहित पेस गरेको मिति | प्रदेश सभाबाट पारित मिति | प्रदेश प्रमुख समक्ष प्रमाणिकरणको लागि पठाएको मिति | प्रदेश प्रमुखबाट प्रमाणिकरण मिति |
|---|---|---|---|---|---|---|---|---|---|
| ११. | २०८०/०५/२७ | प्रदेश सरकारी कामकाजको भाषा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | २०८०/०६/१४ | २०८०/०६/१४ | २०८०/०६/१७ | २०८०/०६/२२ | २०८०/०६/२२ | २०८०/०७/२० | २०८०/०७/२३ |
| १२. | २०८०/०६/२५ | हस्तकलाग्रामको स्थापना तथा संचालनको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८० | २०८०/११/१७ | २०८०/११/१७ | २०८०/११/२९ | २०८१/०६/०६ | २०८१/०६/०७ | | |
| १३ | २०८१/०२/२० | प्रदेश उच्च शिक्षा (पहिलो संशोधन) अध्यादेश, २०८१ लाई प्रतिस्थापन गर्न बनेको विधेयक | | | २०८१/०३/१४ | | | | प्रतिस्थापन हुन नसकेको |
| १४ | २०८१/०३/०१ | प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक २०८१ | २०८१/०३/०१ | २०८१/०३/१३ | .................. | .................... | २०८१/०३/१३ | | २०८१/०३/३० |
| १५ | २०८१/०३/०१ | आर्थिक वर्ष २०८०/०८१ को सेवा र कार्यको लागि प्रदेश संचित कोषबाट केहि रकम विनियोजन र खर्च गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०८१ | २०८१/०३/११ | २०८१/०३/१२ | ................... | ..................... | २०८१/०३/१३ | | २०८१/०३/३० |

| विधेयक संख्या | विधेयक दर्ता मिति | विधेयकको नाम | सभामा पेस | सैद्धान्तिक छलफलको मिति | समितिमा पेस भएको मिति | समितिले प्रतिवेदन सहित पेस गरेको मिति | प्रदेश सभाबाट पारित मिति | प्रदेश प्रमुख समक्ष प्रमाणिकरणको लागि पठाएको मिति | प्रदेश प्रमुखबाट प्रमाणिकरण मिति |
|---|---|---|---|---|---|---|---|---|---|
| १६ | २०८१/०६/१० | प्रदेश खेलकुद विकास २०७५ लाई संशोधन गर्न बनेको विधेयक | २०८१/१०/२३ | २०८१/१०/२३ | - | - | २०८१/१०/२६ | २०८०/०१/२६ | २०८१/११/०६ |
| १७ | २०८१/१०/०८ | मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन २०७६ लाई संशोधन गर्न बनेको विधेयक | २०८१/१०/२३ | २०८१/१०/२३ | २०८१/१०/२६ | २०८२/०२/०६ | २०८२/०२/२० | | २०८२/०४/१९ |
| १८ | २०८१/१०/०८ | प्रादेशिक व्यापार तथा व्यवसाय सम्बन्धी ऐन २०७६ लाई संशोधन गर्न बनेको विधेयक | २०८१/१०/२३ | २०८१/१०/२३ | २०८१/१०/२६ | २०८२/०२/०६ | २०८२/०२/१९ | - | २०८२/०४/१९ |
| १९ | २०८१/१०/०८ | प्रदेश औद्योगिक व्यवसाय ऐन २०७६ लाई संशोधन गर्न बनेको विधेयक | २०८१/१०/२३ | २०८१/१०/२३ | २०८१/१०/२६ | २०८२/०२/०६ | २०८२/०२/१९ | - | २०८२/०४/१९ |
| २० | २०८२/०१/२८ | प्रदेश चलचित्र सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०८१ | २०८२/०२/०६ | २०८२/०२/२० | २०८२/०२/३० | - | - | - | - |
| २१ | २०८२/०३/०१ | प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक २०८२ | २०८२/०३/०१ | २०८२/०३/२३ | - | - | २०८२/०३/२३ | - | २०८२/०३/३० |

| विधेयक संख्या | विधेयक दर्ता मिति | विधेयकको नाम | सभामा पेस | सैद्धान्तिक छलफलको मिति | समितिमा पेस भएको मिति | समितिले प्रतिवेदन सहित पेस गरेको मिति | प्रदेश सभाबाट पारित मिति | प्रदेश प्रमुख समक्ष प्रमाणिकरणको लागि पठाएको मिति | प्रदेश प्रमुखबाट प्रमाणिकरण मिति |
|---|---|---|---|---|---|---|---|---|---|
| २२ | २०८२/०३/०१ | आर्थिक वर्ष २०८१/०८२ को सेवा र कार्यको लागि प्रदेश संचित कोषबाट केहि रकम विनियोजन र खर्च गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०८२ | २०८२/०३/२० | २०८२/०३/२० | - | - | २०८२/०३/२३ | - | २०८२/०३/३० |
| २३ | २०८२/०५/२० | प्रदेश आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | | | | | | | |
| २४ | २०८२/०५/२० | प्रदेश खानेपानी तथा सरसफाई सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | | | | | | | |

## ४.४ अध्यादेश सम्बन्धी विवरणः

| क्र.स. | अध्यादेशको नाम | दर्ता मिति | सभामा पेस | प्रदेश सभाबाट स्वीकृत | प्रतिस्थापन विधेयकको रुपमा दर्ता |
|---|---|---|---|---|---|
| १. | प्रदेश हस्तकला ग्रामको स्थापना तथा संचालनको सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश | २०७९/०९/१२ | २०७९/०९/१८ | २०७९/१०/०२ | नभएको |
| २. | प्रदेश कृषि विकास सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश, २०७९ | २०७९/०९/१३ | २०७९/०९/१८ | २०७९/१०/०२ | नभएको |
| ३. | प्रदेश निजामती सेवाको गठन, सञ्चालन र सेवाका शर्तहरु सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश | २०७९/०९/१४ | २०७९/०९/१८ | २०७९/१०/०२ | २०७९/११/१० |
| ४. | स्थानीय तहका सेवाको गठन तथा सञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश | २०७९/०९/१४ | २०७९/०९/१८ | २०७९/१०/०२ | २०७९/११/१० |
| ५. | प्रदेश स्वास्थ्य सेवा ऐन, २०७५ लाई संशोधन गर्न बनेको अध्यादेश | २०७९/०९/१७ | २०७९/०९/१८ | २०७९/१०/०२ | नभएको |
| ६. | प्रदेश उच्च शिक्षा ऐन २०७८ लाई संशोधन गर्न बनेको अध्यादेश | २०८१/०१/२६ | २०८१/०१/३१ | - | नभएको |

# परिच्छेद-५
# कार्यक्रम तथा गतिविधि

प्रदेश सभा तथा विषयगत समितिहरूको विभिन्न कार्यक्रम तथा गतिविधिहरूको संक्षिप्त विवरण निम्नानुसार छन्:

## ५.१ अन्तरप्रदेश अनुभव आदानप्रदान कार्यक्रम

### ५.१.१ मधेश प्रदेश सभा



बागमती प्रदेश सभाका माननीय सभामुख श्री भुवन कुमार पाठकको नेतृत्वमा माननीय उपसभामुख अपसरा चापागाईको सहभागितामा २०८२ जेष्ठ ९ गते मधेश प्रदेश सभा, जनकपुरमा अन्तरप्रदेश अनुभव आदानप्रदान कार्यक्रम भएको थियो। उक्त कार्यक्रममा मधेश प्रदेश सभाका माननीय सभामुख श्री रामचन्द्र मण्डल, प्रदेश सभा सचिव श्री बासु प्रसाद कोईराला, बागमती प्रदेश सभाका सचिव श्री रामकुमार पौडेल लगायतका कर्मचारीहरूको सहभागिता रहेका थियो। कार्यक्रममा मधेश प्रदेश सभा र बागमती प्रदेश सभाले बनाएका ऐनहरूको विषयमा, दुवै सभाको नियमावलीमा भएका समानता र भिन्नताका बारेमा, विषयगत समितिहरू र तिनको क्षेत्राधिकारका विषयमा आ-आफ्ना अनुभव आदानप्रदान भयो। साथै मधेश प्रदेश सभा भवनको निरीक्षण गर्ने कार्य समेत भएको थियो।

### ५.१.२. लुम्बिनी प्रदेश सभाः



बागमती प्रदेश सभाका माननीय सभामुख श्री भुवन कुमार पाठकको नेतृत्वमा माननीय उपसभामुख अपसरा चापागाई सहभागी हुनुभएको अन्तरप्रदेश अनुभव आदानप्रदान कार्यक्रम २०८२ असार १० गते लुम्बिनी प्रदेश सभा, देउखुरीमा भएको थियो। उक्त कार्यक्रममा लुम्बिनी प्रदेश सभाका माननीय सभामुख श्री तुलाराम घर्ति मगर, माननीय उपसभामुख मन्जु के.सी. खाँड, प्रदेश सभा सचिव श्री दुर्लभ कुमार पुन मगर, बागमती प्रदेश सभा सचिवालयका सचिव श्री पूर्ण बहादुर दर्जी लगायतका कर्मचारीहरूको सहभागिता रहेका थियो। कार्यक्रममा लुम्बिनी

प्रदेश सभा र बागमती प्रदेश सभाले बनाएका ऐनहरूको विषयमा, दुवै सभाको नियमावलीमा भएका समानता र भिन्नताका बारेमा, विषयगत समितिहरू र तिनको क्षेत्राधिकारका विषयमा आ-आफ्ना अनुभव आदानप्रदान भयो। दुवै प्रदेश सभाले आफ्ना गतिविधिहरूलाई प्रभावकारी बनाउन एक आपसमा सहयोग र समन्वय गर्ने प्रतिवद्धता गरेका थिए। साथै लुम्बिनी प्रदेश सभा तथा सचिवालय भवनहरूको अवलोकन पनि गरिएको थियो।

### ५.१.३. कर्णाली प्रदेश सभाः



बागमती प्रदेश सभाका माननीय सभामुख श्री भुवन कुमार पाठकको नेतृत्वमा २०८२ असार १० गते कर्णाली प्रदेश सभा, सुर्खेतमा अनुभव आदानप्रदान कार्यक्रम गरिएको थियो। उक्त कार्यक्रममा कर्णाली प्रदेश सभाका माननीय सभामुख श्री नन्दा गुरुङ, माननीय उपसभामुख यसोदा न्यौपाने, प्रदेश सभा सचिव श्री जिवराज बुढाथोकी, बागमती प्रदेश सभा सचिवालयका सचिव श्री पूर्ण बहादुर दर्जी लगायत कर्मचारीहरूको सहभागिता रहेका थियो। कर्णाली प्रदेश सभा तथा सचिवालयका भवन, संसदीय दलको कार्यालय अवलोकन गरी छलफल तथा अनुभव आदानप्रदान गरिएको थियो। प्रदेश सभा संचालनमा अपनाएका विधि तथा प्रक्रियाहरूको जानकारी सम्बन्धमा अनुभव आदानप्रदान गरिएको थियो। दुवै प्रदेश सभाले एक आपसमा सहयोग आदानप्रदान गर्दै समन्वयात्मक तवरले आफ्ना गतिविधिहरूलाई प्रभावकारी बनाउने निष्कर्ष निकालेका थिए।

### ५.१.४. गण्डकी प्रदेश सभामा प्रदेश मामिला समितिको अनुभव आदानप्रदान




बागमती प्रदेश सभा, प्रदेश मामिला समितिका माननीय सभापति छिरीङ दोर्जे लामाको नेतृत्वमा २०८२ जेष्ठ १६ गते गण्डकी प्रदेश सभा, प्रदेश मामिला तथा कानुन समितिसँग अन्तरप्रदेश अनुभव आदानप्रदान कार्यक्रम गण्डकी प्रदेश सभा सचिवालय, पोखरामा सम्पन्न गरिएको थियो। उक्त कार्यक्रममा गण्डकी प्रदेश सभा, प्रदेश मामिला तथा कानुन समितिका माननीय सभापति, दुवै प्रदेशका समितिका माननीय सदस्यहरू र समितिका कर्मचारीहरूको उपस्थिति रहेको

थियो। कार्यक्रममा प्रदेशको अधिकार, शासन प्रणाली, प्रशासन र संघीय संरचनासँग जोडिएका विषयहरूमा छलफल भएको थियो। छलफलमा दुवै समितिहरूबाट पारित गरिएका ऐनहरूको विषय र त्यसको कार्यान्वयन सम्बन्धी विषयमा अनुभव आदानप्रदान गरिएको थियो। दुवै प्रदेश सभाका समितिले सरकारलाई जवाफदेही र उत्तरदायी बनाउन सरकारको काम कार्वाहीमा निरन्तर खबरदारी गरी प्रदेश सभाका समितिलाई सक्रिय बनाउनुपर्ने विषयमा छलफल भएको थियो।

### ५.१.५. कोशी प्रदेश सभामा उद्योग, पर्यटन तथा वातावरण समितिको अनुभव आदानप्रदान



बागमती प्रदेश सभा उद्योग, पर्यटन तथा वातावरण समितिका माननीय सभापति आनन्द कुमार श्रेष्ठको नेतृत्वमा २०८२ असार २ र ३ गते कोशी प्रदेश सभा, उद्योग, पर्यटन तथा वातावरण समितिसँग अन्तरप्रदेश अनुभव आदानप्रदान कार्यक्रम कोशी प्रदेश सभा सचिवालय, विराटनगरमा भएको थियो। उक्त कार्यक्रममा कोशी प्रदेश सभा, उद्योग, पर्यटन तथा वातावरण समितिका माननीय सभापति, दुवै समितिका माननीय सदस्यहरू र समितिका कर्मचारीहरूको उपस्थिति रहेको थियो। कार्यक्रममा समितिको कार्य क्षेत्रमा देखिएका समस्या, चुनौती र अवसरका बारेमा छलफल भएको थियो। उक्त छलफले प्रदेशको समग्र औद्योगिक विकास, पर्यटन क्षेत्रको विकास र स्वदेशी वन पैदावारको सदुपयोग विषयमा नयाँ ढङ्गबाट अघि बढ्नुपर्ने निष्कर्ष निकालेको थियो।

### ५.१.६. कर्णाली प्रदेश सभामा शिक्षा, स्वास्थ्य तथा कृषि समितिको अनुभव आदानप्रदान



बागमती प्रदेश सभा, शिक्षा, स्वास्थ्य तथा कृषि समितिका माननीय सभापति ठाकुर प्रसाद ढकालको नेतृत्वमा २०८२ बैशाख ४ गते कर्णाली प्रदेश सभा, सामाजिक समितिसँग अनुभव आदानप्रदान कार्यक्रम कर्णाली प्रदेश सभा सचिवालय विरेन्द्रनगर सुर्खेतमा सम्पन्न भएको थियो।

उक्त कार्यक्रममा कर्णाली प्रदेश सभा, सामाजिक विकास समितिका माननीय सभापति, दुवै समितिका माननीय सदस्यहरू र समितिका कर्मचारीहरूको उपस्थिति रहेको थियो। कार्यक्रममा दुबै समितिहरूको आफ्नो कार्यक्षेत्र भित्र रहेका विषयहरूमा छलफल भएको थियो। शिक्षा,स्वास्थ्य र कृषि क्षेत्रको विकासका लागि सरकारलाई आवश्यक कानुन निर्माण गर्न सुझाव दिने समितिमा दफावार छलफलका लागि प्राप्त विधेयकहरूमा छलफलका लागि आपसी समन्वय र सहकार्यलाई मजबुत बनाउने विषयमा छलफल भएको थियो।

### ५.१.७ गण्डकी प्रदेश सभामा अर्थ तथा विकास समितिको अनुभव आदानप्रदान




बागमती प्रदेश सभा, अर्थ तथा विकास समितिका माननीय सभापति नुरज बज्राचार्यको नेतृत्वमा गण्डकी प्रदेश सभा, अर्थ तथा विकास समितिसँग अन्तरप्रदेश अनुभव आदानप्रदान कार्यक्रम मिति २०८२ असार १५ गते गण्डकी प्रदेश सभा सचिवालय पोखरामा सम्पन्न भएको थियो। उक्त कार्यक्रममा गण्डकी प्रदेश सभा, अर्थ तथा विकास समितिका माननीय सभापति, दुवै समितिका माननीय सदस्यहरू र समितिका कर्मचारीहरूको उपस्थिति रहेको थियो। कार्यक्रममा दुवै प्रदेश सभाका समितिले प्रदेश सरकारका कामकारवाही र प्रदेश सरकारले तर्जुमा गरेको बजेट कार्यान्वयनको अवस्था, राजस्व, आम्दानीको अवस्था लगायतका विषयमा सरकालाई निर्देशन र खबरदारी गरिरहनुपर्ने विषयमा छलफल भएको थियो। प्रदेश सरकारको राजस्वको दायरा बढाउने गरी नयाँ क्षेत्रहरूको पहिचान गरी सरकारलाई सुझाव दिनुपर्ने वियषमा समेत छलफल भएको थियो।

### ५.१.८ गण्डकी प्रदेश सभामा सार्वजनिक लेखा समितिको अनुभव आदानप्रदान




बागमती प्रदेश सभा, सार्वजनिक लेखा समितिले समितिका सभापति माननीय श्रीराम लामिछानेज्यूको नेतृत्वमा गण्डकी प्रदेश सभा सार्वजनिक लेखा समितिका सदस्यसँग अन्तरप्रदेश अनुभव आदानप्रदान कार्यक्रम मिति २०८२ असार १३ देखि १५ गते आयोजना गरिएको थियो। अन्तरप्रदेश भ्रमणबाट प्रदेशस्तरमा सार्वजनिक वित्तीय

व्यवस्थापनमा सुधारका प्रयास  वित्तीय अनुशासन र बेरुजु नियन्त्रण सम्बन्धमा छलफल भएको थियो। संरचनागत, नीतिगत र जनशक्ति सम्बन्धी सुधार मार्फत  सार्वजनिक खर्चको प्रभावकारिता सुनिश्चित हुने देखिन्छ। यो अन्तरप्रदेशीय कार्यक्रमले दुवै प्रदेशका सार्वजनिक लेखा समितिहरूलाई आपसमा सिक्ने, आफ्ना चुनौतीहरू साझा गर्ने र समाधानका लागि सामूहिक रूपले सोच्ने एक उत्कृष्ट मञ्च प्रदान गर्‍यो। भविष्यमा यस्ता आदानप्रदान कार्यक्रमहरू नियमित रूपमा आयोजना गर्न आवश्यक रहेको छ।

## ५.२ अन्य प्रदेश सभाबाट बागमती प्रदेश सभामा अनुभव आदानप्रदान

### ५.२.१. मधेश प्रदेश सभा

मधेश प्रदेश सभाका माननीय सभामुख लगायत कर्मचारीहरू र बागमती प्रदेश सभाका माननीय सभामुख, प्रदेश सभाका सचिव, सचिवालय सचिव लगायत कर्मचारीहरूबीच बागमती प्रदेश सभा सचिवालय हेटौंडामा अनुभव आदानप्रदान कार्यक्रम भएको थियो। उक्त कार्यक्रममा बागमती प्रदेश सभा तथा सचिवालयका भवनहरू निरीक्षण र प्रदेश सभा सचिवालयसँग पारस्पारिक छलफल भएको थियो।

### ५.२.२ मधेश प्रदेश सभा, महिला बालबालिका तथा सामाजिक न्याय समितिः-




मधेश प्रदेश सभा, महिला बालबालिका तथा सामाजिक न्याय समितिका माननीय सभापति, माननीय सदस्यहरूसँग बागमती प्रदेश सभा शिक्षा, स्वास्थ्य तथा कृषि समितिका माननीय सभापति र माननीय सदस्यहरूबीच अन्तर प्रदेश अनुभव आदानप्रदान तथा अन्तरक्रिया कार्यक्रम बागमती प्रदेश सभा सचिवालय, हेटौंडामा भएको थियो। दुवै प्रदेश सभाको समितिहरूबीच आपसी समन्वय र सहकार्यलाई मजबुत बनाउने विषयमा छलफल भएको थियो।

### ५.२.३ लुम्बिनी प्रदेश सभा कृषि, वन तथा वातावरण समिति

लुम्बिनी प्रदेश सभा कृषि, वन तथा वातावरण समितिका माननीय सभापति, माननीय सदस्यहरूसँग बागमती प्रदेश सभा शिक्षा, स्वास्थ्य तथा कृषि समिति र उद्योग, पर्यटन तथा वातावरण समितिका माननीय सभापति र माननीय सदस्यहरूबीच अन्तर प्रदेश अनुभव आदानप्रदान तथा अन्तरक्रिया कार्यक्रम बागमती प्रदेश सभा सचिवालय हेटौंडामा भएको थियो।

### ५.२.४ गण्डकी प्रदेश सभा, अर्थ समिति

गण्डकी प्रदेश सभाको अर्थ तथा विकास समितिका माननीय सभापति, माननीय सदस्यहरूसँग बागमती प्रदेश सभाको अर्थ तथा विकास समिति र उद्योग, पर्यटन तथा वातावरण समितिका माननीय सभापति, माननीय सदस्यहरूबीच अन्तरप्रदेश अनुभव आदानप्रदान तथा अन्तरक्रिया कार्यक्रम बागमती प्रदेश सभा सचिवालय, हेटौंडामा भएको थियो।



### ५.२.५ कोशी प्रदेश सभा, अर्थ समिति

कोशी प्रदेश सभा, अर्थ समितिका माननीय सभापति, माननीय सदस्यहरूसँग बागमती प्रदेश सभा, अर्थ तथा विकास समितिका माननीय सभापति तथा माननीय सदस्यहरूबीच अन्तर प्रदेश अनुभव आदानप्रदान तथा अन्तरक्रिया कार्यक्रम बागमती प्रदेश सभा सचिवालय हेटौंडामा भएको थियो।



## ५.३ कार्यक्रम तथा गतिविधि

### ५.३.१ सञ्चारकर्मीसँग अन्तरक्रिया कार्यक्रम

२०८२ असार ४ र ५ गते बागमती प्रदेशका संसदीय मामिला पत्रकारहरूलाई मकवानपुरको ईन्द्रसरोवरमा संसदको कार्य र कार्यविधिको सम्बन्धमा सञ्चारकर्मीसँग अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको थियो। कार्यक्रममा संसदीय मामिला पत्रकार युवराज घिमिरे र दुर्गा खनालले प्रशिक्षकको रूपमा आफ्ना विषयवस्तुहरू प्रस्तुत गर्नुभएको



थियो। संसदीय गतिविधिको विभिन्न चरणहरूमा हुने क्रियाकलाप, विधेयक व्यवस्थापन तथा विधेयक पारित गर्दा सञ्चारकर्मीहरूको भूमिका र जनतासम्म सूचना सम्प्रेषण गर्दा ध्यान दिनुपर्ने विषयहरूमा छलफल भएको थियो। सञ्चारकर्मीहरूले संसदीय मामिलाका सम्बन्धमा निरन्तर जानकारी लिई प्रदेश सभाका कामकारवाहीलाई आम नागरिकहरू समक्ष सुसूचित गराउनुपर्ने दायित्व पुरा गर्नुपर्ने विषयमा छलफल भएको थियो। प्रदेश सभामा उठान भएका सार्वजनिक महत्वका विषयहरूलाई समेत विशेष जोड दिई आम नागरिक र सरोकारवालाहरूलाई समाचारको माध्यमबाट सुसूचित गराउनुपर्ने विषयमा समेत छलफल भएको थियो।

### ५.३.२ स्वकीय सचिवहरूलाई अनुशिक्षण कार्यक्रम



बागमती प्रदेश सभा सचिवालयको आयोजनामा प्रदेश सभा सदस्यका स्वकीय सचिवहरूको लागि अनुशिक्षण कार्यक्रम २०८२ बैशाख ९ गते बागमती प्रदेश सभाका माननीय सभामुख भुवन कुमार पाठक, माननीय उपसभामुख अपसरा चापागाई र प्रदेश सभा सचिव श्री रामकुमार पौडेल, प्रदेश सभा सचिवालय सचिव पूर्ण बहादुर दर्जीको समुपस्थितिमा हेटौंडामा सम्पन्न भएको थियो। कार्यक्रममा, बागमती प्रदेश सभाका सचिव श्री रामकुमार पौडेल, संघीय संसद सचिवालयका उपसचिव श्री अधिराज राई र बागमती प्रदेश सभा सचिवालयका कानुन अधिकृत श्री मनोज कुमार गुप्ताले प्रशिक्षकको रुपमा सहजीकरण गर्नुभएको थियो। कानुन निर्माणको क्रममा स्वकीय सचिवहरूले प्रदेश सभा सदस्यको काम

कारवाहीलाई प्रभावकारी बनाउन गर्नुपर्ने कार्य तथा भूमिका विषयमा प्रशिक्षण भएको थियो। प्रदेश सभाका माननीय सदस्यहरूको स्वकीय सचिवले माननीय सदस्यहरू र नागरिकबीचको सम्बन्ध मजबुत बनाउने जनसम्पर्कलाई प्रभावकारी बनाउने र कानुन निर्माणका सन्दर्भमा सहयोग गर्ने लगायतका कामहरू गर्नुपर्ने विषयमा छलफल भएको थियो।

### ५.३.३ महिला माननीयहरूको लागि क्षमता अभिवृद्धि कार्यक्रम



बागमती प्रदेश सभा सचिवालयको आयोजनामा, बागमती प्रदेश सभाका माननीय सभामुख भुवन कुमार पाठकको अध्यक्षता र माननीय उपसभामुख अपसरा चापागाईको विशेष आतिथ्यतामा २०८१ चैत्र १० र ११ गते काठमाडौंमा  बागमती प्रदेश सभामा प्रतिनिधित्व गर्ने महिला माननीयहरूको लागि क्षमता अभिवृद्धि कार्यक्रम भएको थियो। कार्यक्रममा प्रशिक्षकको रुपमा संघीय संसद सचिवालयका सचिव श्री रोजनाथ पाण्डे, नेपाल सरकारका पूर्व सचिव कृष्णहरि बाँस्कोटा, सूचना प्रविधि विज्ञ सरोज लामिछाने, महिलाको क्षेत्रमा काम गर्नुभएकी विज्ञ हिमा विष्ट रहनुभएको थियो। कार्यक्रममा सभामा विधेयकमा हुने छलफल, समितिमा विधेयकमाथि हुने दफावार छलफल, संसदको शुन्य समय र विशेष समयलाई कसरी प्रभावकारी बनाउने भन्ने विषयमा छलफल भएको थियो। यस्तै प्रदेश सभाका माननीय सदस्यहरूले आम नागरिकका समस्याहरूलाई कसरी सभा मार्फत सरकारलाई खबरदारी गर्न सकिन्छ भन्ने विषयमा समेत छलफल भएको थियो।

## ५.३.४. अन्तरप्रदेश उत्तर विधायिकी परीक्षण कार्यशाला



बागमती प्रदेश सभा सचिवालयको आयोजनामा अन्तरप्रदेश उत्तरविधायिकी परीक्षण कार्यशाला २०८२ वैशाख ३१ र जेष्ठ १ गते सम्पन्न भएको थियो। बागमती प्रदेश सभाका माननीय सभामुख भुवन कुमार पाठकको अध्यक्षतामा भएको कार्यक्रममा प्रतिनिधि सभाका सम्माननीय सभामुख देवराज घिमिरेको प्रमुख आतिथ्यता रहेको थियो। बागमती प्रदेशका माननीय मुख्यमन्त्री श्री बहादुर सिंह लामा तामाङ, आन्तरिक मामिला तथा कानुन मन्त्री श्री सुरजचन्द्र लामिछाने, प्रदेश सभाका माननीय उपसभामुख अपसरा चापागाईं, सातै प्रदेशका विषयगत समितिका माननीय सभापति, सदस्यहरू तथा सभा सचिवहरूको प्रतिनिधित्व रहेको थियो। कार्यक्रममा राष्ट्रिय सभाका पूर्व सदस्य एवं अधिवक्ता खिमलाल देवकोटा र प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका कानुन सचिव श्री फणिन्द्र गौतम, वरिष्ठ अधिवक्ता एवं संविधानविद् श्री चन्द्रकान्त ज्ञवाली विज्ञको रुपमा रहनुभएको थिय। कार्यक्रममा सातै प्रदेशका प्रदेश सभाले निर्माण गरेका कानुनहरूको विषयमा उत्तरविधियिकी परीक्षण गर्ने सम्बन्धमा समेत छलफल भएको थियो। छलफलका क्रममा सातै प्रदेशबाट कार्यक्रममा सहभागी भएका प्रतिनिधिहरूले आ आफ्ना प्रदेश सभाले निर्माण गरेका कानुनहरू र त्यसको उत्तरविधायिकी परीक्षणका सम्बन्धमा पनि छलफल भएको थियो। उक्त कार्यक्रमले ७ बुँदे साझा प्रतिवद्धता पनि जारी गरेको थियो।

### ५.३.५. कानुन निर्माण, कार्यान्वयन र अपेक्षा सम्बन्धमा स्थानीय तहसँग छलफल तथा अन्तरक्रिया कार्यक्रम

### ५.३.५.१ दुप्चेश्वर गाउँपालिका



बागमती प्रदेश सभा सचिवालयको आयोजनामा बागमती प्रदेश सभाका माननीय सभामुख, माननीय उपसभामुख, सभा सचिवको उपस्थितिमा बागमती प्रदेशको कानुन निर्माण, कार्यान्वयन र अपेक्षा सम्बन्धमा स्थानीय तहसँग छलफल तथा अन्तरक्रिया कार्यक्रम नुवाकोटको दुप्चेश्वर गाउँपालिकामा २०८१ चैत्र १२ गते संचालन भएको थियो। दुप्चेश्वर गाउँपालिकामा संचालन भएको कार्यक्रममा गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत लगायत विभिन्न सरोकारवालाहरूको उपस्थिति रहेको थियो। कार्यक्रमका सहजकर्ता संविधान सभा सदस्य एवम् वरिष्ठ अधिवक्ता श्री खिमलाल देवकोटाले कार्यक्रममा प्रशिक्षण गर्नुभएको थियो। स्थानीय तहमा कानुन कार्यान्वयन गर्ने क्रममा रहेका समस्या र समाधानका उपायहरू सम्बन्धमा पनि छलफल भएको थियो। स्थानीय तहमा देखिएका कर्मचारी प्रशासनका समस्या, प्राकृतिक स्रोत साधनको बाँडफाड तथा उपयोग स्थानीय तह र प्रदेशका साझा अधिकारको विषयमा समेत वृहत छलफल भएको थियो।

### ५.३.५.२ माडी नगरपालिका



बागमती प्रदेश सभा सचिवालयको आयोजनामा बागमती प्रदेश सभाका माननीय सभामुख, माननीय उपसभामुख, सभा सचिवज्यूको उपस्थितिमा बागमती प्रदेशको कानुन निर्माण, कार्यान्वयन र अपेक्षा सम्बन्धमा स्थानीय तहसँग छलफल तथा अन्तरक्रिया कार्यक्रम चितवनको माडी

नगरपालिकामा २०८२ बैशाख १० गते संचालन भएको थियो। माडी नगरपालिकामा संचालन भएको कार्यक्रममा नगरप्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत लगायत विभिन्न सरोकारवालाहरूको उपस्थिति रहेको थियो। कार्यक्रमका सहजकर्ता विज्ञ अधिवक्ता मोहनलाल आचार्यले प्रशिक्षण गर्नुभएको थियो। स्थानीय तहमा कानुन कार्यान्वयन गर्ने क्रममा रहेका समस्या र समाधानका उपायहरू सम्बन्धमा पनि छलफल भएको थियो। स्थानीय तहमा देखिएका कर्मचारी प्रशासनका समस्या प्राकृतिक स्रोत साधनको बाँडफाँट तथा उपयोग स्थानीय तह र प्रदेशका साझा अधिकारको विषयमा समेत वृहत छलफल भएको थियो।

### ५.३.५.३ राक्सिराङ गाउँपालिका



बागमती प्रदेश सभा सचिवालयको आयोजनामा बागमती प्रदेश सभाका माननीय सभामुख, माननीय उपसभामुख, सभा सचिवको उपस्थितिमा बागमती प्रदेशको कानुन निर्माण, कार्यान्वयन र अपेक्षा सम्बन्धमा स्थानीय तहसँग छलफल तथा अन्तरक्रिया कार्यक्रम मकवानपुरको राक्सिराङ गाउँपालिकामा २०८२ जेष्ठ १८ गते संचालन भएको थियो। कार्यक्रममा सम्वन्धित स्थानीय तहबाट अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत लगायत विभिन्न सरोकारवालाहरूको उपस्थिति रहेको थियो। कार्यक्रमका सहजकर्ता खिमलाल देवकोटाले कार्यक्रममा प्रशिक्षण गर्नुभएको थियो। स्थानीय तहमा कानुन कार्यान्वयन गर्ने क्रममा रहेका समस्या र समाधानका उपायहरू सम्बन्धमा पनि छलफल भएको थियो। स्थानीय तहमा देखिएका कर्मचारी प्रशासनका समस्या प्राकृतिक स्रोत साधनको बाँडफाड तथा उपयोग स्थानीय तह र प्रदेशका साझा अधिकारको विषयमा समेत वृहत छलफल भएको थियो।

### ५.३.५.४ बागमती प्रदेश सभाको सातौं वार्षिकोत्सव कार्यक्रम

बागमती प्रदेश सभा सचिवालयको आयोजनामा २०८१ माघ १८ गते बागमती प्रदेश सभाका माननीय सभामुख भुवन कुमार पाठकको सभाध्यक्षतामा भएको कार्यक्रममा बागमती प्रदेशका माननीय प्रदेश प्रमुख दीपक प्रसाद देवकोटाको प्रमुख आतिथ्यता रहेको थियो। कार्यक्रममा बागमती प्रदेशका माननीय मुख्यमन्त्री बहादुर सिंह लामा तामाङ, प्रमुख प्रतिपक्षी दलका नेता माननीय शालिकराम जम्कट्टेल, प्रदेश सरकारका माननीय मन्त्रीज्यूहरू, माननीय उपसभामुख, विषयगत समितिका माननीय सभापतिज्यूहरू, प्रदेश सभाका माननीय सदस्यज्यूहरू साथै अन्य सरोकारवालाहरूको उपस्थिति रहेको

थियो। कार्यक्रममा प्रदेश सभा दर्पण २०८१ विमोचन गरिएको थियो। कार्यक्रममा प्रदेश सभामा नियमित उपस्थित हुने प्रदेश सभा सदस्य तथा सचिवालयका कर्मचारीहरूलाई पुरस्कार तथा प्रमाणपत्र प्रदान गरिएको थियो।




## ५.४ नमुना युवा संसद कार्यक्रम




बागमती प्रदेश सभा सचिवालयको आयोजनामा मिति २०८२ असार २ र ३ गते बागमती प्रदेश सभाका माननीय सभामुख भुवन कुमार पाठकको अध्यक्षता तथा माननीय उपसभामुख अपसरा चापागाँईको विशिष्ट आतिथ्यतामा नमुना युवा संसद कार्यक्रम हेटौंडामा भएको थियो। कार्यक्रममा श्री महेन्द्र महेश मा.वि. नुवाकोटका विद्यार्थीहरू र श्री पद्मकन्या विद्याश्रम मा.वि. काठमाडौंका विद्यार्थीहरूलाई प्रदेश सभाको काम कारवाहीको बारेमा अनुशिक्षण गरी नमुना अभ्यास समेत गराईएको थियो। कार्यक्रममा प्रशिक्षकको रुपमा बागमती प्रदेश सभाका सचिव श्री रामकुमार पौडेल, कानुन अधिकृत मनोज कुमार गुप्ता रहनुभएको थियो। कार्यक्रममा विद्यालयका विद्यार्थीहरूलाई प्रदेश सभाको काम कारवाहीका बारेमा सैद्धान्तिक जानकारी दिई प्रयोगात्मक रुपमा नमुना अभ्यास समेत गराईएको थियो। यस क्रममा विद्यार्थीहरूले प्रदेश सभाको काम कारवाहीका सम्बन्धमा जानकारी लिई विद्यार्थीहरूले नमुना अभ्यास समेत गरेका थिए। प्रदेश सरकारको बजेट निर्माण प्रक्रिया तथा विधेयकहरूमाथि छलफल र पारित हुने प्रक्रिया विद्यार्थीहरूले नमुना प्रदेश सभा संचालन गरी सिकाई उपलब्धि हासिल गरेका थिए।



## ५.५ कर्मचारीहरूको लागि क्षमता अभिवृद्धि कार्यक्रम



बागमती प्रदेश सभा सचिवालयको आयोजना तथा UNDP(संसद सहयोग परियोजना)को सहकार्यमा प्रदेश सभाका कर्मचारीहरूको लागि सभा संचालन, संसदीय कार्यमा कृत्रिम बौद्धिकताको प्रयोग, रणनीतिक संचार तथा प्रभावकारी प्रस्तुतीकरण सम्बन्धी दुई दिवसीय क्षमता अभिवृद्धि कार्यक्रम २०८२ साउन १६ र १७ गते मकवानपुरको चित्लाङमा भएको थियो। कार्यक्रममा प्रशिक्षकको भूमिकामा प्रतिनिधि सभाका सार्वजनिक नीति तथा प्रत्यायोजित विधायन समितिका सचिव संजय दाहाल, नेशनल न्यूज एजेन्सीका सम्पादक कृष्णा पौडेल र सूचना प्रविधि विज्ञ रजनिश भण्डारी रहनुभएको थियो। कार्यक्रममा प्रदेश सभा संचालनमा कर्मचारीहरूले ध्यान दिनुपर्ने कुराहरू अभिलेख व्यवस्थापनलाई व्यवस्थित गर्ने तरिकाका बारेमा अनुशिक्षण गरिएको थियो। प्रदेश सभाका सूचनाहरूसँग प्रदेश सभाका सदस्यहरू र आम नागरिकहरूसँग कसरी कर्मचारीले पुलको काम गर्न सक्छन् भन्ने विषयमा समेत छलफल गरिएको थियो। सूचना प्रविधिको विकाससँगै कृतिम बौद्धिकताको अधिकतम प्रयोग गरी प्रदेश सभाको काम कारवाहीलाई प्रभावकारी बनाउन प्रयोग गर्न सकिने AI Tools को बारेमा छलफल तथा प्रयोगको अभ्यास समेत गरिएको थियो।

## ५.६ विषयगत समितिका कार्यक्रमहरू

### ५.६.१ विषयगत समितिका सदस्यहरूलाई विधेयक मस्यौदा तयारी तथा प्रतिवेदन लेखन सम्बन्धी क्षमता अभिवृद्धि कार्यक्रम



बागमती प्रदेश सभाको प्रदेश मामिला समिति र उद्योग, पर्यटन तथा वातावरण समितिको संयुक्त आयोजनामा २०८२ साल वैशाख २७ र २८ गते नगरकोटमा बागमती प्रदेश सभा प्रदेश मामिला समितिका माननीय सभापति छिरीङ दोर्जे लामा, उद्योग पर्यटन तथा वातावरण समितिका माननीय सभापति आनन्द कुमार श्रेष्ठको उपस्थितिमा विषयगत समितिका माननीय सदस्यहरूलाई विधेयक मस्यौदा तयारी तथा प्रतिवेदन लेखन सम्बन्धी क्षमता अभिवृद्धि कार्यक्रम भएको थियो। कार्यक्रममा कानुन विज्ञ र संसदीय कर्मचारीहरूले विधायन प्रक्रियाको सैद्धान्तिक र व्यावहारिक पक्षमा माननीय सदस्यहरूलाई प्रशिक्षण गर्नुभएको थियो। कार्यक्रममा प्रशिक्षकको रुपमा संघीय संसद सचिवालयका उपसचिव अधिराज राई र अधिवक्ता मोहनलाल आचार्य रहनुभएको थियो। कार्यक्रममा माननीय सदस्यहरूलाई विधेयकको मस्यौदा तथा प्रतिवेदन तयार गर्दा समेट्नुपर्ने विषयहरूका सम्बन्धमा अनुशिक्षण गरिएको थियो। विधायिकी अधिकार प्राप्त प्रदेश सभाका माननीय सदस्यहरूले विधेयकको मस्यौदा तथा प्रतिवेदन तयार गर्दा ध्यानपूर्वक सम्पूर्ण पक्षहरूलाई समेट्नुपर्ने विषयमा छलफल भएको थियो।

### ५.६.२ प्रदेश निजामती सेवा ऐन, २०७९ उत्तरविधायिकी परीक्षण सम्बन्धमा विज्ञ तथा सरोकारवालाहरूसँग अन्तरक्रिया कार्यक्रम

बागमती प्रदेश सभा, प्रदेश मामिला समितिको आयोजनामा २०८२ मंसिर १४ गते प्रदेश निजामती सेवा ऐन, २०७९ उत्तरविधायिकी परीक्षणका लागि विज्ञ तथा सरोकारवालाहरूसँग अन्तरक्रिया कार्यक्रम भएको थियो। बागमती प्रदेश सभाका

माननीय उपसभामुख अपसरा चापागाईं, प्रदेश मामिला समितिका माननीय सभापति छिरीङ दोर्जे लामा, प्रदेश लोक सेवा आयोग बागमती प्रदेशका माननीय अध्यक्ष तथा सदस्यहरू, प्रदेश सरकारका प्रमुख सचिव, प्रदेश सरकारका सचिवहरूको उपस्थितिमा कार्यक्रम भएको थियो। विज्ञ सहजकर्ताको




रुपमा अधिवक्ता रुकमणी महर्जन रहनुभएको थियो। कार्यक्रममा प्रदेश निजामती सेवा ऐन, २०७९ को कार्यान्वयनमा देखिएका समस्याहरूमाथि बृहत छलफल भएको थियो।

### ५.६.३ विधेयक सम्बन्धी सरोकारवालाहरूसँग छलफल

बागमती प्रदेश सभा, प्रदेश मामिला समितिको आयोजानामा समितिका माननीय सभापति छिरीङ दोर्जे लामा, समितिका माननीय सदस्यहरूको उपस्थितिमा २०८२ असार १४ गते प्रदेशस्तरको चिठ्ठा व्यवस्थापन तथा नियन्त्रणको सम्बन्धमा व्यवस्था गर्न



बनेको विधेयक र असार १५ गते प्रदेश चलचित्र सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकका सम्बन्धमा विज्ञ तथा सरोकारवालाहरूसँग छलफल तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको थियो। कार्यक्रममा पूर्व सहसचिव सुनिल खनाल, अधिवक्ता सुलभ खनाल र चलचित्रकर्मी श्री सुचित्रा श्रेष्ठ विज्ञको रुपमा रहनुभएको थियो। बागमती प्रदेश सभाले पारित गरी प्रदेश प्रमुख समक्ष प्रमाणीकरणको लागि पेश गरेको प्रदेशस्तरको



चिठ्ठा व्यवस्थापन तथा नियन्त्रणको सम्बन्धमा पुनर्विचार गर्न माननीय प्रदेश प्रमुखले सन्देश सहित सभामा फिर्ता पठाएपछि उक्त विधेयकमाथि सरोकारवालाहरूसँग छलफल गरिएको थियो। छलफलका क्रममा माननीय प्रदेश प्रमुखबाट प्राप्त सन्देशको विश्लेषण गरी विज्ञ र सरोकारवालाहरूको सुझाव सहित विधेयकलाई नागरिकमैत्री बनाउने विषयमा छलफल भएको थियो। त्यसैगरी प्रदेश मामिला समितिमा दफावार

छलफलका लागि पठाइएको प्रदेश चलचित्र सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०८१ माथि सरोकारवाला चलचित्रकर्मी तथा विज्ञहरूबीच छलफल गरी विधेयकलाई नागरिकमैत्री बनाउने विषयमा छलफल भएको थियो।

### ५.६.४ विषयगत समितिको कार्यक्षेत्र बमोजिम विज्ञ तथा सरोकारवालासँग छलफल तथा अन्तरक्रिया र प्रतिवेदन लेखन कार्यक्रम



बागमती प्रदेश सभा सार्वजनिक लेखा समितिले २०८२ असार ८ र ९ गते काभ्रेपलाञ्चोकको नगरकोटमा बेरुजु फर्छ्यौट तथा समपरीक्षण सम्बन्धी छलफल तथा अन्तरक्रिया कार्यक्रम र विषयगत समितिका सदस्यहरुलाई प्रतिवेदन लेखन सम्बन्धी क्षमता अभिवृद्धि कार्यक्रम आयोजना गरिएको थियो। उक्त कार्यक्रमले सरकारी खर्चको पारदर्शिता, मितव्ययिता र जवाफदेहिता सुनिश्चित गर्न विभिन्न प्रतिवेदनहरू तयार गर्ने सहयोग गरेको देखिन्छ। समितिले विशेषगरी महालेखा परीक्षकको वार्षिक प्रतिवेदनमा औंल्याइएका बेरुजु र अनियमिततामाथि छलफल गरी समितिले आफ्नो निष्कर्ष र निर्देशनहरू सहितको प्रतिवेदन संसदमा पेश गर्दछ। यस कार्यक्रममार्फत समितिका सदस्यहरुको बेरुजु सम्बन्धमा थप स्पष्टता सँगै सम्परीक्षणका विधि लगायत विषयमा क्षमता अभिवृद्धि भएको पाइयो।

### ५.६.५ विषयगत समितिको कार्यक्षेत्र बमोजिम विज्ञ तथा सरोकारवालासँग छलफल तथा अन्तरक्रिया कार्यक्रम



बागमती प्रदेश सभा, विशेषाधिकार समितिले २०८२असार ३ गते नगरकोटमा विषयगत समितिको कार्यक्षेत्र बमोजिम विज्ञ तथा सरोकारवालासँग छलफल तथा अन्तरक्रिया कार्यक्रम आयोजना गरिएको थियो। माननीय उपसभामुख अपसरा चापागाईंको प्रमुख आतिथ्यता र समितिका माननीय सभापति मायादेवी शर्माको अध्यक्षता तथा समितिका माननीय सदस्यहरूको उपस्थितिमा कार्यक्रम भएको थियो। कार्यक्रममा संविधान सभा सदस्य तथा वरिष्ठ अधिवक्ता श्री खिमलाल देवकोटाले विज्ञको रुपमा सहजीकरण गर्नु भएको थियो ।

## ५.७ समितिको अनुगमन र निगरानी

### ५.७.१ शिक्षा, स्वास्थ्य तथा कृषि समिति







बागमती प्रदेश सभाको शिक्षा, स्वास्थ्य तथा कृषि समितिबाट गठित कृषि, पशुपन्छी र स्वास्थ्य क्षेत्र अनुगमन उपसमितिका संयोजक माननीय एका लाल श्रेष्ठ र शिक्षा, युवा तथा खेलकुद क्षेत्र अनुगमन उपसमितिका संयोजक माननीय रामकुमार पहाडीको संयोजकत्व तथा समितिका माननीय सभापति ठाकुर प्रसाद ढकालको समुपस्थितिमा उपसमितिका माननीय सदस्यहरूले २०८१ फागुन ११, १२ र १३ गते धादिङ, नुवाकोट र रसुवा जिल्लामा, २०८२ वैशाख १६ र १७ गते सिन्धुली र रामेछाप जिल्लामा आफ्नो कार्यक्षेत्र अन्तर्गतका कार्यालय तथा कृषि फार्महरूको अवलोकन तथा अनुगमन गरी आवश्यक सुझाव तथा निर्देशन दिएको थियो। अनुगमनका क्रममा कार्यालयहरूको सेवाप्रवाहमा देखिएको समस्या र चुनौतीहरूको विषयमा छलफल गरी समस्याहरू समाधान गर्न तालुक मन्त्रालयको ध्यानाकर्षण गराउने निष्कर्ष निकालिएको थियो।

### ५.७.२ उद्योग, पर्यटन तथा वातावरण समिति




बागमती प्रदेश सभाको उद्योग, पर्यटन तथा वातावरण समितिबाट गठित जिल्ला अनुगमन उपसमितिका संयोजक माननीय याङ्किला शेर्पाको संयोजकत्व तथा समितिका माननीय सभापति आनन्द कुमार श्रेष्ठको समुपस्थितिमा उपसमितिका माननीय सदस्यहरूले

२०८१ माघ ३ र ४ गते काठमाडौं र ललितपुर जिल्लामा आफ्नो कार्यक्षेत्र अन्तर्गतका कार्यालयहरूको अवलोकन तथा अनुगमन गरी आवश्यक सुझाव तथा निर्देशन दिएको थियो। अवलोकनका क्रममा पर्यटन, उद्योग र वन पैदावारको उपयोग र वन जंगल संरक्षण, डढेलो नियन्त्रणका सम्बन्धमा छलफल भएको थियो।



बागमती प्रदेश सभाको उद्योग, पर्यटन तथा वातावरण समितिबाट गठित जिल्ला अनुगमन उपसमितिका संयोजक माननीय भारती कुमारी पाठकको संयोजकत्व तथा समितिका माननीय सभापति आनन्द कुमार श्रेष्ठको समुपस्थितिमा उपसमितिका माननीय सदस्यहरूले २०८१ फागुन ४, ५ र ६ गते सिन्धुली, चितवन र मकवानपुर जिल्लामा आफ्नो कार्यक्षेत्र अन्तर्गतका कार्यालयहरूको अवलोकन तथा अनुगमन गरी आवश्यक सुझाव तथा निर्देशन दिएको थियो। अवलोकनका क्रममा पर्यटन, उद्योग र वन पैदावारको उपयोग र वन जंगल संरक्षण, डढेलो नियन्त्रणका सम्बन्धमा छलफल भएको थियो।

### ५.७.३ सार्वजनिक लेखा समिति




बागमती प्रदेश सभा, सार्वजनिक लेखा समिति अन्तर्गत गठित उपसमिति-१ ले २०८१ चैत्र ११ ,१० र १२ गते सिन्धुली जिल्लाको पूर्वाधार विकास कार्यालय, शहरी विकास तथा भवन कार्यालय, जलस्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय, पशु सेवा विज्ञ केन्द्र, कृषि ज्ञान केन्द्र, सिन्धुली जिल्ला अस्पताल, साथै रामेछाप जिल्लास्थित रामेछाप जिल्ला अस्पताल, डिभिजन वन कार्यालय, जलस्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय, पूर्वाधार विकास कार्यालय, खानेपानी तथा सरसफाई डिभिजन कार्यालय र दोलखा जिल्लास्थित पशु सेवा कार्यालय र पशुपति चौलागाई स्मृति अस्पतालमा स्थलगत अनुगमन गरेको थियो। कार्यालय तथा आयोजनाहरूको स्थलगत निरीक्षणको क्रममा उल्लेखित कार्यालयहरू बेरुजु घटाउन संवेदनशील नभएको पाइयो। मुख्य रुपमा नीतिगत समस्याका कारण आयोजनाहरूको

हस्तान्तरण कार्यमा समस्या भएको, निर्माण कार्य र हस्तान्तरण कार्यमा निकायगत समन्वयको अभावका कारण सोचेअनुरुपको कार्य हुन नसकेको पाइयो।




सार्वजनिक लेखा समिति अन्तर्गत गठित उपसमिति-३ ले २०८२ वैशाख २१,२२ र २३ गते नुवाकोट जिल्लास्थित हिमालय शीतभण्डार प्रा.लि, जलस्रोत तथा सिचाई विकास डिभिजन, डिभिजन वन कार्यालय, पूर्वाधार विकास कार्यालय, कृषि विकास कार्यालय, त्रिशुली अस्पताल साथै रसुवास्थित धैबुङ कालिकास्थान साना किसान कृषि सहकारी संस्था द्वारा सञ्चालित शीतभण्डार, जलस्रोत तथा सिंचाई विकास सब-डिभिजन कार्यालय, डिभिजन वन कार्यालयको स्थलगत अनुगमन गरेको थियो। समग्रमा प्रादेशिक कार्यालयहरूमा बेरुजु न्यूनिकरण गरी संस्थागत सुशासन कायम गर्न सम्बन्धित कार्यालय र तालुक मन्त्रालयहरू संवेदनशील हुनुपर्ने देखिन्छ।

# परिच्छेद – ६
# प्रदेश सभा सचिवालय

## ६.१ प्रदेश सभा सचिवालय

बागमती प्रदेश सभा सचिवालय बागमती प्रदेश सभाको प्रशासनिक निकाय हो। नेपालको संविधानको धारा १७५ बमोजिम प्रदेशको व्यवस्थापिका एक सदनात्मक हुनेछ जसलाई प्रदेश सभा भनिन्छ। संविधानको धारा १९५ को उपधारा (२) मा प्रदेश सभाको काम कारवाही सञ्चालन तथा व्यवस्थापन गर्नका लागि एक सचिवालय रहने र सचिवालयको स्थापना र तत् सम्बन्धी अन्य व्यवस्था प्रदेश कानुन बमोजिम हुने व्यवस्था गरिएको छ।

प्रदेश सभा सचिवालयको स्थापना तथा सचिवको योग्यता, काम, कर्तव्य र अधिकार तथा सेवाका शर्त सम्बन्धी व्यवस्था गर्न बागमती प्रदेश सभाले नै संविधानद्वारा प्रदत्त अधिकार बमोजिम प्रदेश सभा सचिवालय सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५ जारी गरेको छ। सोही ऐनको अधिनमा रही प्रदेश सभाको काम, कारवाही सुचारु रुपले सञ्चालन गर्न तथा प्रदेश सभाका कर्मचारीहरुको संचालन र व्यवस्थापन गर्ने काम समेतको लागि प्रदेश सभा सचिवालय रहेको छ। सचिवालयमा सचिव र प्रदेश सरकारको स्वीकृत दरबन्दीमा सचिवालय सचिव तथा आवश्यक संख्यामा कर्मचारी तथा मर्यादापालक रहने छन्।

## ६.२ काम, कर्तव्य र अधिकार

नेपालको संविधान र प्रदेश सभा नियमावली २०७४ बमोजिम प्रदेश सभा एवं सचिवालयको कार्यक्षेत्र भित्र परेका कार्यहरुका अधिनमा रहि कार्यक्षेत्र देहाय बमोजिम रहेका छन्ः

- सभाको संचालन तथा व्यवस्थापनको कार्यमा सहयोग गर्ने,
- समिति व्यवस्थापनको कार्यमा सहयोग गर्ने,
- सचिवालय संचालन तथा व्यवस्थापन सम्बन्धी कार्य गर्ने,
- संसदीय पदाधिकारी तथा सदस्यहरुलाई सेवा सुविधा उपलब्ध गराउने,
- सचिवालयको प्रशासनिक, आर्थिक र भौतिक व्यवस्थापन सम्बन्धी कार्य गर्ने,
- प्रदेश सभाको सूचना प्रणालीलाई व्यवस्थित बनाउने कार्य गर्ने,
- संसदीय अध्ययन र अनुसन्धान सम्बन्धी कार्य गर्ने,
- सभा र समितिको निर्णय कार्यान्वयन र निगरानी सम्बन्धी कार्य गर्ने,
- सचिवालयको वार्षिक योजना तथा कार्यक्रम सम्बन्धी कार्य गर्ने।

## ६.३ दरबन्दी

| सि.नं. | पदको नाम | श्रेणी/तह | सेवा | समूह/उपसमूह | दरबन्दी संख्या | पदपूर्ति संख्या | रिक्त संख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १. | सचिवालय सचिव | अधिकृत एघारौं | प्रदेश प्रशासन | सा.प्र. | १ | १ | - | |
| २. | उपसचिव | रा.प. द्वितिय | न्याय | कानून | १ | १ | - | |
| ३. | अधिकृत | अधिकृत १०/९ | प्रशासन | सा.प्र. | २ | २ | - | |
| ४. | अधिकृत | अधिकृत ८/७ | प्रशासन | सा.प्र. | ७ | ३ | ४ | |
| ५. | कम्प्युटर अधिकृत | अधिकृत ८/७ | प्रशासन | विविध | १ | - | १ | |
| ६. | लेखा अधिकृत | अधिकृत ८/७ | प्रशासन | लेखा | १ | १ | - | |
| ७. | कानून अधिकृत | रा.प.तृतीय | न्याय | कानून | १ | १ | - | |
| ८. | सहायक/ अधिकृत | सहायक अधिकृत ६/५ | प्रशासन | सा.प्र. | ८ | ३ | ५ | |
| ९. | क.अपरेटर/कम्प्युटर अधिकृत | सहायक अधिकृत ६/५ | प्रशासन | विविध | २ | २ | - | |
| १०. | लाईब्रेरियन | सहायक अधिकृत ६/५ | शिक्षा | पुस्तकालय | १ | - | १ | |
| ११. | लेखापाल | सहायक अधिकृत ६/५ | प्रशासन | लेखा | १ | - | १ | |
| १२. | माईक अपरेटर | ५/६ | प्रशासन | विविध | २ | २ | - | |
| १३. | सहायक इलेक्ट्रिसियन | ५/६ | ईन्जिनियरिङ | ईलेक्ट्रिक.ई | १ | १ | - | |
| १४. | हलुका सवारी चालक | तहविहिन | प्रशासन | | ४ | ३ | १ | |
| १५. | कार्यालय सहयोगी | तहविहिन | प्रशासन | | ६ | ३ | ३ | |
| १६. | माली | तहविहिन | प्रशासन | | १ | १ | - | |
| १७. | सफाईकर्मी | तहविहिन | प्रशासन | | १ | १ | - | |
| | जम्मा | | | | ४१ | २५ | १६ | |

# ६.४ संगठन संरचना



प्रदेश सभा सचिवालय संगठन संरचना
सभामुख
निजी सचिवालय
अधिकृत (७/८ प्र.सा.प्र.)-१
उपसभामुख
निजी सचिवालय
अधिकृत (७/८ प्र.सा.प्र.)-१
प्रदेश सभा सचिव
निजी सचिवालय
सहायक/अधिकृत (५/६ प्र.सा.प्र.)-१
सचिवालय सचिव
अधिकृतस्तर (एघारौं)-१
निजी सचिवालय
सहायक/अधिकृत (५/६ प्र.सा.प्र.)-१
कार्यव्यवस्था महाशाखा
अधिकृत (९/१० प्र.सा.प्र.)-१
कार्यव्यवस्था शाखा
अधिकृत (७/८ प्र.सा.प्र.)-१
क.अपरेटर/क.अधिकृत (५/६ विविध)-१
सहायक/अधिकृत (५/६ प्र./सा.प्र)-१
कार्यालय सहयोगी (तह विहिन)-१
प्रश्न, विवरण, अभिलेख तथा सांसद सुविधा शाखा
अधिकृत (७/८ प्र.सा.प्र.)-१
सहायक/अधिकृत (५/६ प्र./सा.प्र)-१
संसदीय दलको कार्यालय
संसदीय दलका आवश्यकता अनुसार मन्त्रीपरिषद्को निर्णय अनुसार पदपूर्ति गरिने।
समिति सचिवालय
सचिवालयको आवश्यकता अनुसार तोकिनेछ।
कानून, विधेयक तथा समन्वय महाशाखा
उ.स.ए.प.द्वि. (न्याय/कानून)-१
कानून, विधेयक तथा परामर्श शाखा
कानून अधिकृत (रा.प.तृ.न्याय/कानून)-१
सहायक/अधिकृत (५/६ प्र./सा.प्र)-१
कार्यालय सहयोगी (तह विहिन)-१
पुस्तकालय, अध्ययन अनुसन्धान तथा अन्तर निकाय समन्वय शाखा
अधिकृत (७/८ प्र.सा.प्र.)-१
लाइब्रेरियन (सहायक पाँचौं)-१
कार्यालय सहयोगी (तह विहिन)-१
प्रशासन तथा योजना महाशाखा
अधिकृत (९/१० प्र.सा.प्र.)-१
कर्मचारी प्रशासन शाखा
अधिकृत (७/८ प्र.सा.प्र.)-१
सहायक/अधिकृत (५/६ प्र./सा.प्र)-१
हलुका सवारी चालक (तह विहिन)-४
कार्यालय सहयोगी (तह विहिन)-१
माली (तह विहिन)-१
सफाईकर्मी (तह विहिन)-१
योजना तथा कार्यक्रम शाखा
अधिकृत (७/८ प्र.सा.प्र.)-१
सहायक/अधिकृत (५/६ प्र./सा.प्र)-१
आर्थिक प्रशासन शाखा
लेखा अधिकृत (७/८ प्र.ले.)-१
लेखापाल (५/६ प्र./ले)-१
कार्यालय सहयोगी (तह विहिन)-१
जिन्सी शाखा
सहायक/अधिकृत (५/६ प्र./सा.प्र)-१
कार्यालय सहयोगी (तह विहिन)-१
प्रविधि व्यवस्थापन शाखा
कम्प्यूटर अधिकृत (७/८ प्र.विविध)-१
क. अपरेटर/क. अधिकृत (५/६ प्र.विविध)-१
माइक अपरेटर (५/६ विविध)-२
सहायक इलेक्ट्रिसियन (५/६ ईन्जि.)-१
स्वास्थ्य शाखा
चिकित्सक-१ र अहे-१ सभा/समिति संचालनको क्रममा स्वास्थ्य मन्त्रालय वा अन्तर्गत मार्फत काजमा खटाइने।
मर्यादापालक शाखा
प्रदेश सभा सचिवालयलाई आवश्यक पर्ने मर्यादापालक र सुरक्षाकर्मी प्रदेश सरकारले व्यवस्था गर्नेछ।
द्रष्टव्य:
१) ह.स.चा. जम्मा ११ पद प्रदेश सभाका पदाधिकारीको सेवा सुविधा ऐन बमोजिम हुने
२) संसदिय दलको कार्यालयको लागि आवश्यक पर्ने कर्मचारीहरू अस्थायी दरबन्दी पद सृजना गरी करार सेवाबाट पदपूर्ति गरिनेछ।
३) हे.अ. र स्टाफ नर्स सभा/समिति संचालनको क्रममा स्वास्थ्य मन्त्रालय वा अन्तर्गत मार्फत काजमा खटाइने।
४) भिडियोग्राफर पत्रकारसेवा खरिद गर्ने।
५) मर्यादापालक आवश्यकताअनुसार नेपाल प्रहरीबाट उपलब्ध हुने।
६) प्रस्तावित पद माली र सरसफाईकर्मी पदसंख्या १/१ करार सेवाबाट लिने
दरबन्दी तेरिज
सचिवालय सचिव (अधिकृत एघारौं) ........ १
उपसचिव (रा.प.द्वि.न्याय/कानून) ........ १
अधिकृत (९/१० प्र.सा.प्र.) ........ २
अधिकृत (७/८ प्र.सा.प्र.) ........ ७
अधिकृत (७/८ विविध) ........ १
लेखा अधिकृत (७/८ प्र./ले.) ........ १
कानून अधिकृत रा.प.तृ.(न्याय/कानून) ........ १
सहायक/अधिकृत (५/६ प्र.सा.प्र.) ........ ८
क.अपरेटर/कम्प्यूटर अधिकृत(५/६ विविध) ........ २
लाइब्रेरियन सहायक (५/६) ........ १
माइक अपरेटर (५/६ विविध) ........ २
सहायक इलेक्ट्रिसियन (५/६ ईन्जि.) ........ १
लेखापाल (५/६ प्र./लेखा) ........ १
हलुका सवारी चालक ........ ४
कार्यालय सहयोगी ........ ६
माली ........ १
सफाईकर्मी ........ १
दरबन्दी संख्या जम्मा ........ ४१

# ६.५ कर्मचारी



रामकुमार पौडेल
सभा सचिव



पूर्ण बहादुर दर्जी
सचिवालय सचिव



शान्ती वि.क.
उपसचिव



प्रकाश चापागाई
उपसचिव (कानून)



विनोद प्रधान
अधिकृत नवौं



कुमार पोखरेल
अधिकृत नवौं



शान्ति दाहाल
कानून अधिकृत



हिमा न्यौपाने
अधिकृतस्तर सातौं



महेन्द्र रावत
लेखा अधिकृत (सातौं)



प्रतिज्ञा देवकोटा
अधिकृतस्तर सातौं



प्रेम प्रकाश न्यौपाने
अधिकृतस्तर सातौं



रोशन प्रधान
कम्प्युटर अधिकृत (छैठौं)



सुवर्ण कुमार शाही
कम्प्युटर अधिकृत (छैठौं)



विकास विकल
सहायक पाचौं (प्रशासन)



महेन्द्र बहादुर रावल
सहायक पाँचौं



दिपा चापागाई
सहायक पाँचौं



रिपेश दाहाल
कम्प्युटर अपरेटर



सरिता घिमिरे
कम्प्युटर अपरेटर



सपना माया रुम्बा
कम्प्युटर अपरेटर



आकाश भट्टराई
कम्प्युटर अपरेटर



चन्द्रप्रसाद घिमिरे
इलेक्ट्रिसियन



सुशान्त महत
माइक अपरेटर



सुजन पुडासैनी
माईक अपरेटर



रविन्द्र नापित
नेपाल भाषा अनुवादक



ज्ञानेन्द्र थोकर
तामाङ भाषा अनुवादक



गंगा लामिछाने
सहायक कम्प्युटर अपरेटर



राजु कार्की
हलुका सवारी चालक



सन्तोष राई
हलुका सवारी चालक



तारा थापा
हलुका सवारी चालक



पार्वति श्रेष्ठ
कार्यालय सहयोगी



सविना तामाङ
कार्यालय सहयोगी



सुनिता दाहाल
कार्यालय सहयोगी



सुशिला भट्टराई
कार्यालय सहयोगी



दिलिप काफ्ले
कार्यालय सहयोगी



निर्मलामाया वाईवा
कार्यालय सहयोगी



प्रकाश गुरूङ्ग
कार्यालय सहयोगी



रामकुमारी चौरेल
माली



मिना ओझा
स्विपर

## ६.६ बागमती प्रदेश सभा सचिवालय : वर्तमान अवस्था

प्रदेश सभा सचिवालयले सभाको कामकारवाही सुचारु गर्न तथा बैठक सञ्चालनको लागि काम गर्दछ। सचिवालयले प्रदेश सभा र सभाका समितिहरूमा विधेयक सम्बन्धी कार्यमा सहयोग गर्दछ, सभाका सदस्यहलाई आवश्यक सेवा सुविधा उपलब्ध गराउने, सभाको कामकारवाही सुचारु रुपमा सम्पन्न गर्न आवश्यक प्रशासनिक, आर्थिक र भौतिक व्यवस्थापन सम्बन्धी कार्यलाई व्यवस्थित र प्रभावकारी बनाउने, प्रदेश सभाको सूचना प्रणालीलाई प्रभावकारी बनाउने, सुरक्षा व्यवस्था मिलाउने, सभा र समितिका निर्णयहरू कार्यान्वयन सम्बन्धमा आवश्यक कार्य गर्ने, संसदीय अध्ययन अनुसन्धान सम्बन्धी कार्य, संसदको कार्यलाई व्यवस्थापन गर्ने लगायतका कार्यहरू हुने गर्दछन्। सचिवालयमा सचिव लगायत आवश्यक कर्मचारी एवं मर्यादापालक रहेका छन्। जसबाट सचिवालयमा दैनिक कार्यसम्पादन भइ आएको अवस्था छ। २०७४ साल माघ १८ गते पहिलो प्रदेश सभाको पहिलो अधिवेशन सुरु भयो। त्यसपछि नियमित रुपमा सभाको काम कारवाही अगाडि बढेको पाइन्छ। तत्कालीन क्षेत्रीय शिक्षा निर्देशनालयको भवनलाई प्रदेश सभा भवन र सचिवालय कायम गरी त्यही स्थानबाट कामकारवाही भई आएको छ। प्रदेश तह आफैमा नयाँ व्यवस्था थियो। संघमा विगतको संसद सचिवालयको र स्थानीय तहमा स्थानीय निकायको विरासत रहेको थियो। प्रदेश तहले सबै संरचनाको व्यवस्थापन शुन्य अवस्थाबाट गर्नुपरेको थियो। पहिलो कार्यकालको सुरुवाती अवस्थामा सानो हलमा कुर्सी राखेर बैठक संचालन हुँदै आएको र टेबुल, माइक अन्य व्यवस्था क्रमश भएको थियो। अभाव, आवश्यकता पूरा गर्दै क्रमशः भौतिक पूर्वाधार र उपकरणको व्यवस्थापन त्यहाँ भयो र सामान्य रुपमा काम चलाउन सकिने अवस्थामा पुऱ्याइएको थियो। यसैबीच सभाकक्ष साँघुरो, बस्न असुविधा लगायतको अवस्था भएकोले नयाँ सभा हल छोटो समयमा बनाउने भनि प्रिफ्याव भवनको डिजाइन तथा बोलपत्र आह्वान भई काम सुरु भएकोमा विभिन्न कारणले उक्त कार्य निर्माण कार्यमा ढिलाई हुँदै गयो र दोस्रो कार्यकाल सुरु भएसँगै पुन निमार्ण कार्यले गति लिन थाल्यो। टेन्डर प्रक्रियामा भवन साथै उपकरण र फनिर्चर एकैपटक समावेश नभएकोले भवन तयार भएपछि फर्निचर र उपकरणको व्यवस्थापन गर्ने कार्य गत आ.व.मा सम्पन्न भयो। लामो समयदेखि निर्माण कार्य अधुरो भएको भवनको निर्माण कार्य सम्पन्न भएको अवस्थामा नयाँ सभा भवनबाट बैठक संचालन गर्ने उद्देश्यले २०८१ साल साउन २७ गते भवन हस्तानतरण र पहिलो बैठक त्यहाँबाट भयो। त्यसपछिको चारवटा बैठक त्यही भवनबाट सम्पन्न भयो।

भाद्र २४ गते भएको जेनजी प्रदर्शनको क्रममा सरकारी, निजी, व्यावसायिक र राजनीतिक दलका

नेता, कार्यकर्ताको व्यक्तिगत सम्पत्तिमा समेत व्यापक तोडफोड, आगजनी र क्षति पुऱ्याउने कार्य भयो। त्यसबाट प्रदेश सभा पनि अछुतो रहेन। प्रदेश सभाको पुरानो सभाकक्ष भएको भवन र नयाँ भवन पूर्ण क्षति भएको र मर्मत हुने नसक्ने अवस्थामा पुग्यो। संसदीय दलको कार्यालयहरू, चमेना गृह, पुस्तकालय भवन लगायतका स्थानमा आगजनी भयो। सचिवालयमा रहेका फर्निचर, भौतिक सामानहरू र उपकरणहरू नष्ट भएका छन्। सचिवालयबाट क्षति भएका र सबुत अवस्थामा रहेका सामानहरूको विवरण तयार गरी प्रमाणित गरेको छ। माननीय उपसभामुखको प्रत्यक्ष निर्देशन र परामर्शमा प्रदेश सभाको बैठक संचालनको लागि सभाहल व्यवस्थापन र सचिवालयको व्यवस्थापन गर्ने सन्दर्भमा माननीय भौतिक पूर्वाधार विकास मन्त्रीको अग्रसरतामा काम भईरहेको छ। हाल प्रदेश सभा सचिवालयमा कर्मचारी कार्यकक्ष सिमित रुपमा रहेको छ। मर्मत हुने भवनहरूमा मर्मत कार्य भइरहेको छ। सभा संचालन गर्न हेटौंडा उपमहानगरपालिका परिसरमा रहेको हललाई आवश्यक मर्मत सम्भार गरी फर्निचर, कार्पेट, पर्दा, विद्युत, इन्टरनेट, धारा, सरसफाईजस्ता कार्य भएको छ। माइक उपकरण भाडामा लिने गरी जुनसुकै समयमा पनि बैठक संचालन गर्न सकिने गरी तयारी अवस्थामा सचिवालय रहेको छ।






# बागमती प्रदेशको समृद्धिको आजको मोडेल



मा. इन्द्र प्रसाद गोतामे
प्रदेश सभा सदस्य

बागमती प्रदेश नेपालको संघीय राजधानी र केन्द्रीय प्रशासनिक केन्द्र मात्र होइन, यो देशकै अर्थ-राजनीतिको मुटु पनि हो। हिमाल, पहाड, भित्री मधेश र शहरको समिश्रण रहेको यो प्रदेश उत्तरतर्फ तिब्बत (चीन) र दक्षिणतर्फ मधेश प्रदेश तथा भारतको बिहारसँग जोडिएको छ। पूर्वमा कोशी र पश्चिममा गण्डकी प्रदेशको बीचमा अवस्थित १३ जिल्ला, ११९ स्थानीय तह र १,१२१ वडाहरू भएको यो भौगोलिक, जनसंख्या, जातिय, धार्मिक, सांस्कृतिक, पर्यावरणीय, पर्यटकीय, अर्थ-राजनीतिक हिसाबले बहुआयामिक सम्भावना रहेको 'मिनी नेपाल' हो।

आजको विश्व कहाँ छ? हामी कहाँ छौ? हाम्रो अर्थतन्त्र कहाँ छ ? हाम्रो अर्थतन्त्रको मूल समस्या के हो ? हाम्रो अर्थतन्त्र कस्तो हो? वैदेशिक शक्ति केन्द्रहरूको अर्थ हस्तक्षेपलाई कसरी कम गर्ने ? यसको उत्तर नै बागमती प्रदेशको समृद्धिको मोडेल हो।

आजको विश्व चौथो औद्योगिक क्रान्तिको युगमा छ। त्यो भनेको सूचना, सञ्चार, प्रविधि, साइबरनेट, डिजिटल, नानो टेक्नोलोजी र कृत्रिम बौद्धिकता (AI) को एकीकृत प्रविधिको युग हो। तर हामी प्राक पूँजीवादी युगमा छौं। हिजोको जस्तो प्राक पूँजीवादी युग पनि होइन सामन्तवाद ढलेको, पूँजीवादको विकास नहुँदै नव उदारवाद, उदारवाद, वित्तीय पूँजीवाद र त्यसले पैदा गरेको दलाल पूँजीवादको घेरामा र पासोमा परेको र रेमिट्यान्सबाट धानिएको 'बिचरो अर्थतन्त्र' हामीसँग छ। राजनीतिक अस्थिरता (७५ वर्षमा ६४ प्रधानमन्त्री र प्रदेशमा ८ वर्षमा ७ मुख्यमन्त्री परिवर्तन भएको), आर्थिक अराजकता, अनौपचारिक/छायाँ अर्थतन्त्र, पूर्ण परनिर्भरता, उपभोक्तावादी संस्कृति, नेता, कर्मचारी देखि जनस्तरसम्म भ्रष्टाचार र नकारात्मक सोचको बुलिङ-कथित लोकप्रियतावादी सोच आदि हाम्रो अर्थतन्त्रको मूल समस्या हो। यो तमाम समस्याहरूका कारण भर्खरै उदाएको भाद्र २३ गते 'जेन जी' (Gen Z) को विद्रोहले स्पष्ट

सन्देश दिएको छ अब परम्परागत ढर्राले चल्दैन। यो विद्रोहले राष्ट्रियता, जनतन्त्र र जनजीविकाको मुद्दालाई नयाँ ढंगले स्थापित गरेको छ। शासकीय स्वरूपको परिवर्तन, भ्रष्टाचार नियन्त्रण, सुशासन, सामाजिक न्याय, समृद्धि, जनताको दैनिक डेलिभरीको चुस्तता, सामाजिक सञ्जालको पहुँचको विषयलाई नयाँ ढंगले उठाएको छ। प्रदेशको समस्याहरूको सही पहिचान गर्दै र Gen-z विद्रोहको मुद्दालाई समेत समेटेर नयाँ ढंगबाट बागमती प्रदेशको विकास गर्नु आजको दायित्व बनेको छ।

हाम्रो अर्थतन्त्र समाजवाद उन्मुख अर्थतन्त्र हो। समाजवाद पनि हिजोको जस्तो परम्परागत समाजवाद होइन, त्यो आजको जस्तो स्वतन्त्रता, समानता, भातृत्व र नवप्रवर्तन (विज्ञान) सँग जोडिएको, व्यापक जनसहभागिता भएको, समावेशी, आत्मनिर्भर, मिश्रित र मौलिक समाजवादी अर्थतन्त्र नै आजको समाजवाद उन्मुख अर्थतन्त्र हो। त्यो भनेको पूँजीवादी, साम्यवादी, व्यवहारवादी, बहिर्मुखी र अन्य अर्थतन्त्रको मोडेलहरूको राम्रो पक्षको अनुसरण गर्नु हो।

पूँजीको निर्माण, पुनर्निर्माण र रोजगारीको सृजना नै आजको अर्थतन्त्रको मुख्य काम हो। यसको लागि केही दशकसम्म उत्पादन, उत्पादन र फेरि पनि उत्पादनको नारामा औद्योगिक क्रान्तिको तत्कालीन, मध्यकालीन र दीर्घकालीन ठोस कार्यक्रम र योजना नै बनाउनु पर्छ। त्यसको लागि राष्ट्रिय सङ्कल्प गर्न आवश्यक छ। यसो गर्दा बागमती प्रदेशको आर्थिक र सामाजिक रुपान्तरण गर्न सकिन्छ, सम्भव छ। नेपालमा अहिले पनि ५०% युवा शक्ति स्वदेशमै छन्। विदेशमा जाने युवाहरू पनि दक्ष जनशक्तिमा रुपान्तरण भइरहेका छन्। मात्र राजनीतिक स्थिरता कायम गर्दै सकारात्मक सोचका साथ योजनावद्ध काम गर्ने हो भने अर्थतन्त्रलाई क्रमभङ्ग (बुम) गर्न सकिन्छ।

**बागमती प्रदेशको समृद्धिको आधारस्तम्भहरूः**

**राजनीतिक स्थिरता :**

नेपालको राजनीतिक अस्थिरता मुख्य विकासको वाधक हो। केन्द्रमा ७५ वर्षमा ६४ पटक सरकार हेरफेर भएको छ भने प्रदेशमा ८ वर्षमा ७ पटक मुख्यमन्त्री हेरफेर भएको छ। विद्यमान अस्थिरता अन्त्य गर्न केन्द्रमा प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुख र प्रदेशमा पहिचान सहितको प्रत्यक्ष निर्वाचित मुख्यमन्त्री हुने शासकीय स्वरूप आजको आवश्यकता हो। यसको पहल गर्नु पर्छ।

**नीतिगत सुधार :**

पार्टीभन्दा माथि उठेर देश र जनताको पक्षमा संविधान भित्रैबाट सर्वदलीय, सर्वपक्षीय छलफल र बहस गरी साझा विकास अवधारणा, साझा अन्तर्राष्ट्रिय नीति र व्यापार नीति निर्माण गर्न

प्रदेशले केन्द्र सरकारलाई दबाव तथा सहयोग गर्नु पर्छ। जुनसुकै सरकार आए पनि यो साझा राष्ट्रिय नीतिलाई लागू गर्ने संकल्प गर्नुपर्छ। प्रदेश सरकारले त्यसको अनुसरण गर्नु पर्छ।

**भ्रष्टाचारमा शून्य सहनशीलता :**

नेपालको सबैभन्दा ठूलो रोग कर्मचारी, नेता र जनतासम्म फैलिएको चरम भ्रष्टाचार हो। यसको जरैसम्म नियन्त्रण गर्नुपर्छ। प्रदेशले भ्रष्टाचारमा शून्य सहनशीलता अपनाई सामाजिक बहिष्कार गर्नुपर्छ। कानुनको शासन, जवाफदेहिता र पारदर्शितालाई पहिलो एजेन्डा बनाउनुपर्छ।

**दैनिक डेलिभरीमा गतिशीलता :**

सरकारी सेवा लिन जनताले लाइन लाग्नुपर्ने बाध्यताको अन्त्य गर्नुपर्छ। 'पेपरलेस र फेसलेस' गभर्नेन्सको सुरुवात बागमतीबाटै गरिनुपर्छ। जनताको डेलिभरीलाई सर्वोत्कृष्ट सेवामा बदल्नुपर्छ। कर्मचारीतन्त्रलाई चुस्त, दुरुस्त तथा जनपक्षीय र पारदर्शी बनाइनुपर्छ।

**कृषिमा के गर्ने ?**

जमिनको बाँकी रहेको विर्ता, गुठी, स्वबासी, सुकुम्बासी, अव्यवस्थित बसोबासको समस्या तत्काल हल गर्ने, बाँझो जमिन नराख्ने जग्गाको चक्लाबन्दी गर्ने, औद्योगीकरण गर्ने, यान्त्रिकीकरण गर्ने, उच्च पहाडी र हिमाली भूगोलमा अर्गानिक खेतीको हब बनाउने, ओखर, स्याउ, लगायतको फलफूल, जडिबुटी खेती र त्यसको औद्योगीकरण गर्ने। चौंरी गाई, भेडा, च्याङ्ग्रा, बाख्रा पालन गरी अर्गानिक दूध र मासुको हब बनाउने र त्यसको औद्योगीकरण गर्ने। पहाडी भूगोलमा खाद्यबाली, तरकारी, फलफूल, मासु, दूधको हब बनाउने र त्यसको औद्योगीकरण गर्ने। तराईको भूगोलमा खाद्य बाली, दुध, मासु र फलफूलको हब बनाउने र त्यसको औद्योगीकरण गर्ने। उत्पादनको आधारमा अनुदान दिने, सहुलियत पूर्ण ऋण दिने। कृषि बजारको व्यवस्था सरकारले नै अनिवार्य रूपमा गर्ने। परम्परागत उत्पादनलाई गुणस्तर बनाई ब्राण्डिङ गरी प्रविधि र बजारसँग जोड्ने। कृषिजन्य उद्योगको विकास गर्ने। अर्गानिक कृषिसँग पर्यटनलाई जोडेर (एग्रो पर्यटन) औद्योगीकरण गर्ने।

**उद्योगमा के गर्ने ?**

जल, जमिन, जंगल, जडिबुटी, जनशक्तिको उचित सदुपयोग गरी 3P को आधारमा औद्योगीकरण गर्ने। विदेशी लगानीमैत्री वातावरण तयार गर्ने। "पानी, ढुङ्गा, बालुवा, वन, बागमती प्रदेशको धन" भन्ने नारा बनाई बढी भन्दा बढी सदुपयोग गर्ने।

**जलः**

जल विद्युत उत्पादनको गतिलाई तीव्र पार्ने। प्रदेश विद्युत प्राधिकरण स्थापना गरी विद्युत् उत्पादन गर्ने। तत्काल १००- ५०० MW उत्पादन सुरु गर्ने। आज विश्वभरि नै हिमाली मूलको शुद्ध खानेपानीको व्यापक माग छ त्यो हिमाली पानीको मूल बागमती प्रदेशमा प्रशस्त छ। त्यसको खोजी गर्ने, सुरक्षा गर्ने र खानेपानी उद्योगलाई व्यापक बनाउने। प्रदेश सरकारले पनि पानी उद्योग सञ्चालन गर्ने जसमा ५१% प्रदेश सरकार र ४९% जनताको शेयर रहने गरी मापदण्ड बनाउनु पर्छ।

**ढुङ्गा र बालुवा :**

बागमती प्रदेश भित्र प्रशस्त रूपमा रहेको ढुङ्गा, बालुवाको सही सदुपयोग गर्ने। सरल नीति बनाएर जनतास्तरले पनि ढुङ्गा, गिट्टी, बालुवाको काम गर्न सक्ने नीति बनाउनु पर्छ। राम्रोसँग नियमन गरेर करको दायरालाई व्यवस्थित बनाउँदै आत्मनिर्भर मात्र होइन निर्यात समेत गर्ने नीति प्रदेश सरकारले बनाउनु पर्छ। ढुङ्गा, बालुवाको प्रयोग गर्दा नदीको वरिपरि तटबन्धन पनि गर्ने र त्यहाँबाट संरक्षित भएको लाखौं बिगाहा जग्गामा सामुहिक कृषि उत्पादन गर्ने नीति बनाउने। सिमेन्ट कारखाना र अन्य ढुङ्गाजन्य उद्योगको विकासमा विशेष पहल गर्ने। यसो गर्दा बागमती प्रदेशको अर्थतन्त्रलाई क्रमभङ्ग (बुम) गर्न सकिन्छ।

**वन :**

बनको संरक्षणमा जोड दिने तर उपयोगमा सरल नीति बनाउने। प्रदेश सरकारले नै काठ उद्योग सञ्चालन गर्ने, निजी र साझेदारीमा काठ उद्योग खोल्न सरल नीति बनाउने र काठ आयातलाई पूर्ण रुपले नियन्त्रण गर्ने। स्वदेशको काठ प्रयोग गर्ने वातावरण सरकारले बनाउने। अन्य काठजन्य उद्योगहरू सञ्चालन गर्न प्रोत्साहित गर्ने। वृक्षारोपणमा विशेष ध्यान दिने। जडिबुटी सङ्कलन र उद्योग सञ्चालन गर्ने।

**मानव संसाधनः**

दक्ष जनशक्तिको निर्माण नै देश विकासको मुख्य आधार हो। शिक्षा र स्वास्थ्य यसको मुख्य मेरुदण्ड हो।

**शिक्षाः**

विश्वविद्यालयलाई केवल डिग्री बाँड्ने थलो नबनाई 'अनुसन्धान र नवप्रवर्तन केन्द्र' बनाउनुपर्छ। प्राविधिक शिक्षामा ७०% जोड दिँदै 'पढ्दै कमाउँदै' नीति लागू गर्नुपर्छ। मातृ भाषामा शिक्षा र राजनीतिक आन्दोलनको इतिहासको समीक्षात्मक अध्ययनलाई विशेष जोड

दिनु पर्छ। दक्ष जनशक्ति उत्पादनमा तीव्रता दिँदै दक्ष र अदक्ष जनशक्तिको ठीक ठीक ढंगले सदुपयोग गर्न सक्नु पर्छ।

**स्वास्थ्यः**

बागमती प्रदेशका सबै नागरिकको पूर्ण स्वास्थ्य बीमा र जटिल रोगको निःशुल्क उपचारको व्यवस्था प्रदेश सरकारले लिनुपर्छ।

**पर्यटन :**

यो ठूलो सम्भावना भएको क्षेत्र हो। यसलाई विकास र सुदृढ गर्न नीतिगत रूपमा केही समयको लागि भिसा र अन्य करलाई मिनाहा गरी पर्यटकीय हवको विकास गर्ने लक्ष्य राखिनु पर्छ। हामीसँग भएको प्राकृतिक स्रोतहरूः ढुङ्गा, बालुवा, जल, जंगल, जडिबुटी, जमीन, खानी, हिउँ, विभिन्न प्रकारका वातावरण, लाङटाङ, चितवन, शिवपुरी लगायतका आरक्षण तथा निकुञ्जहरू, गैंडा, कस्तुरी, रेडपाण्डा जस्ता हजारौं जीव, जन्तुहरू, धार्मिक मठ, मन्दिरहरू, विभिन्न जात, जातीहरूको सांस्कृतिक एवं सम्पदाहरू तामाङ्ग, नेवार, माझी, चेपाङ हेरिटेज, जनशक्ती र बागमती प्रदेशको भौगोलिक अवस्थितिको सही पहिचान, त्यसको सही उपयोग र परिचालन गरी पर्यटन उद्योगको विकास गर्ने। १३ वटै जिल्लामा रहेको पर्यटकीय क्षेत्रको पहिचान, विकास र विस्तार गर्न गुरु योजना नै बनाएर पर्यटनमा गाउँको खाली हुँदै गएका घरहरूलाई सामुदायिक र व्यक्तिगत होमस्टेको माध्यमबाट बढी भन्दा बढी जनताको सहभागिता गराउने, पूर्ण सुरक्षाको प्रत्याभूति गराउने, प्रयाप्त र सबै किसिमका मनोरञ्जन दिन आवश्यक छ।

**कर :**

पूंजी उत्पादनको अर्को श्रोत कर हो। हामीसँग भएको झण्डै ४१.३१% अनौपचारिक अर्थतन्त्रको अन्त्य गर्नु पर्छ। त्यसको लागि व्यक्तिगत प्यान, नागरिकता जस्तै अनिवार्य बनाउने। घर जग्गा करलाई सरकारी मापदण्डबाट मात्र होइन बजार मूल्यको आधारमा निर्धारण गर्ने। कृषि उत्पादनलाई र सम्पूर्ण रोजगारीलाई कर र अर्थतन्त्रसँग जोड्न आवश्यक छ। रेमिट्यान्सलाई उत्पादनमा लगानी गर्ने वातावरण, हुण्डी मार्फत आउने विदेशी रकमलाई बैंक मार्फत आउने वातावरण सरकारले मिलाउने। विदेशी रकम भित्र्याउदा अनावश्यक झन्झटको अन्त्य गरी बढी भन्दा बढी विदेशी रकम भित्र्याउने नीति बनाउने। (छायाँ, गैरकानुनी, कालो धन वा भूमिगत) अर्थतन्त्र अर्थात नदेखिएको सम्पतिलाई करको दायरामा ल्याउने, उत्तराधिकारी करको व्यवस्था गर्ने। कर छलीको जनस्तरबाट नै नियन्त्रण गर्ने। भ्याट बिललाई अनिवार्य बनाउने भ्याट बिल नभएको सामानलाई अवैध घोषणा गर्ने। NGO र INGO बाट आउने पुँजीलाई पनि करको दायरामा ल्याउने। एउटा खोज र अनुसन्धान सहित करको

दायरालाई बढाएर दलाल पुँजीवादलाई नियन्त्रण गर्ने विधिको विकास गर्नु पर्छ। प्रगतिशील कर नीतिलाई कार्यान्वयन गर्ने।

**शहरीकरण :**

जनगणना २०७८ अनुसार ७५ लाख ५ हजार ६६ भन्दा धेरै घरहरूको संरचनामध्ये मानिसहरूको बसोबास हुने ५४ लाख १६ हजार घरहरूमा ४ लाख ७२ हजारभन्दा धेरै घरहरू आज खाली भएको छ। ३५ जिल्लाको जनसंख्या घटेको छ। यसले शहरीकरण र वैदेशिक रोजगारको संकेत गर्छ। शहरलाई व्यवस्थित र वातावरण मैत्री बनाउनु पर्छ। बागमती प्रदेश तीव्र शहरीकरण हुँदै छ। उपत्यका र शहरको नदी र फोहरको व्यवस्थापनमा विशेष योजना बनाउनु पर्छ।

**बजार :**

आयातमा आधारित बजारलाई कम गर्दै उद्यमशीलता र सेवामा आधारित बजारको विकासमा पहल गर्ने, निर्यात बढाउने। नेपालको भूराजनीतिक अवस्था, छिमेकी देश चीन र भारतको तीव्र आर्थिक विकासको गतिले नेपाललाई बहुआयामिक सम्भावना र चुनौती खडा गरेको छ। यसलाई उपयोग गर्न एकीकृत र सन्तुलित राष्ट्रिय सोच, सहमति र सङ्कल्प गर्न आवश्यक छ। कृषिमा अर्गानिक उत्पादन र नियार्त, उद्योगमा जलविद्युत, काठ, ढुङ्गा, गिट्टी, बालुवा, सिमेन्ट, हिमाली मूलको पानी, जडिबुटी निर्यात, व्यापार र पर्यटनको पनि ठूलो र बहुआयामिक बजार हाम्रो छिमेकी देश चीन र भारतलाई बनाउन सकिन्छ। आजको भूमण्डलीकरण, अन्तरसम्बन्धित, अन्तर्निर्भर र खुल्ला विश्व परिवेशमा चीन र भारतसंगको हाम्रो व्यापार नीति निर्यातमुखी मात्र पनि होइन, आयातमुखी मात्र पनि होइन, श्रम निर्यात गर्ने र वस्तु आयात गर्ने मात्र पनि होइन, 'बढी आयात गर्ने, झनबढी निर्यात गर्ने खुल्ला र सन्तुलित व्यापार नीति नै हुनु पर्छ। चीन र भारतको अर्थतन्त्रलाई सही सदुपयोग गर्न सक्ने हो भने हाम्रो प्रदेशको अर्थतन्त्र राता रात क्रमभङ्ग (बुम) हुन सक्छ।

**वैदेशिक रोजगार** :

नेपालमा रोजगारी सृजना नहुँदासम्म र श्रमको मूल्य अन्तराष्ट्रिय बजारसँग प्रतिस्पर्धी नहुँदासम्म जी टु जीको आधारमा दक्ष जनशक्ति निर्माण गर्ने उद्देश्यका साथ श्रमको उचित मूल्यमा सुरक्षित श्रमको निर्यात गर्नुपर्छ र त्यसलाई देशमा फर्काउन वंशजको आधारमा दोहोरो नागरिकताको व्यवस्था गर्न सक्नु पर्छ।

बागमती प्रदेशको विकासको लागि सामान्य तर त्यसलाई गौरवको आयोजनाको रूपमा परिभाषा गरी निम्न आयोजनाहरू सञ्चालन गर्ने :

१. प्रदेशको सबै ११२१ वडासम्म पक्की सडक सञ्जाल पुर्याउने। जसले बागमती प्रदेश एक सुन्दर सहरमा रूपान्तरण हुनेछ।

२. सबै वडामा बहुउद्देश्यीय मापदण्ड भएको सामुदायिक भवन तथा खेल मैदान निर्माण गर्ने।

३. प्रत्येक वडामा अनिवार्य सरकारी कृषि बजारको व्यवस्था गर्ने, भण्डारण तथा चिस्यान केन्द्र निर्माण गर्ने।

४. उपत्यका भित्र रहेका सम्पूर्ण नदीलाई सफा र जीवन्त बनाउन सम्पूर्ण नदीमा ढललाई नदीको दायाँ/बायाँ व्यवस्थित बनाउने र प्रशोधन गरेर मात्र ढललाई नदीमा मिसाउने। उक्त कार्य पर्यावरणीय र शहरीकरणको हिसाबले अति महत्वपूर्ण भएकाले तीनै तहको सरकारको सहकार्यमा गर्ने।

५. अन्य पूर्वाधार निर्माण गर्ने, प्रादेशिक सडक गुरु योजना निर्माण गर्ने।

६. प्रादेशिक विश्वविद्यालय, प्राविधिक विश्व विद्यालय निर्माण गर्ने। शिक्षामा ७०% प्राविधिक जनशक्ति निर्माण गर्ने नीति बनाइनु पर्छ।

७. अत्याधुनिक प्रविधियुक्त प्रादेशिक प्रहरी संरचना र समायोजन गर्ने।

८. प्रादेशिक विद्युत प्राधिकरण स्थापना गर्ने।

९. 'बागमती पूर्वाधार तथा विकास बैंक' को स्थापना गर्नु पर्छ।

१०. 'किसान तथा युवा स्वरोजगार कोष' मार्फत बिना ब्याज बीउ पुँजी (Seed Money) वितरण गरी सबैको जीवनस्तर उठाउन प्रदेशले योजनावद्ध कार्यक्रम बनाउनु पर्छ।

११. प्रदेश भित्र २१ प्रकारको धातु खनिज, २३ प्रकारको अधातु खनिज, ६ प्रकारको अधातु खनिज (रत्न), ९ प्रकारको अधातु खनिज (निर्माण), ४ प्रकारको इन्धन खनिज पाइन्छ। युरेनियम, सिसा, जस्ता, रुबी, फलाम, तामा, सुन लगायतका विभिन्न खनिज पदार्थहरूको उत्खनन गर्न प्रदेश सरकार योजनाबद्ध ढंगले लाग्न आवश्यक छ।

बागमती प्रदेशसँग स्रोत, साधन र सम्भावनाको कमी छैन, कमी छ त केवल इमानदार प्रयत्न, स्पष्ट योजना र राजनीतिक दृढता र इच्छा शक्तिको। कृषि, उद्योग, पर्यटन, जलस्रोत र खनिजको एकीकृत परिचालन गर्दै, भ्रष्टाचार मुक्त सुशासन कायम गर्ने हो भने बागमती प्रदेश समृद्ध बन्न समय लाग्दैन। यही नै बागमती प्रदेशको समृद्धिको आजको वास्तविक मोडेल हो।

❑❑

# गणतन्त्र र कार्यान्वयनको अवस्था



**मा. मदु कुमार श्रेष्ठ**
प्रदेश सभा सदस्य
बागमती प्रदेश सभा
पूर्व सहकारी तथा गरिबी निवारण मन्त्री

संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको कार्यान्वयनसँगै राज्य सञ्चालनको संरचनामा ऐतिहासिक रूपान्तरण भएको छ। लामो समयसम्म केन्द्रित शासन प्रणालीको अभ्यासपछि संविधानमार्फत अंगीकार गरिएको संघीय संरचनाले शक्ति, अधिकार र जिम्मेवारीलाई जनताको नजिक पुर्‍याउने नयाँ बाटो खोलेको छ। यसै संघीय व्यवस्थाअन्तर्गत स्थापित बागमती प्रदेश सभा केवल प्रशासनिक पुनर्संरचनाको औपचारिक अभ्यास मात्र नभई, जनताको अधिकार, सहभागिता, पहिचान, आत्मसम्मान र स्वशासनको आकांक्षालाई संस्थागत गर्ने ऐतिहासिक उपलब्धिका रूपमा स्थापित भएको छ।

प्रदेश संरचनाले राज्य र जनताबीचको दूरी घटाउँदै स्थानीय आवश्यकता, प्राथमिकता र सम्भावनालाई नीति निर्माणको केन्द्रमा राख्ने अवसर प्रदान गरेको छ। बागमती प्रदेश सभा संघीय लोकतन्त्रको मेरुदण्डका रूपमा उभिँदै संविधानले प्रत्याभूत अधिकारहरूको कार्यान्वयन, नीति निर्माण र सरकारको निगरानी गर्ने संवैधानिक दायित्व निर्वाह गर्दै आएको छ। यस अर्थमा, बागमती प्रदेश सभाको स्थापना केवल एउटा नयाँ संरचना थपिनु मात्र नभई, लोकतन्त्रको गहिरो अभ्यास र संस्थागत विकासको महत्वपूर्ण चरण हो।

राजनीतिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक दृष्टिले अत्यन्त महत्वपूर्ण बागमती प्रदेशले संघीयताको सफल अभ्यासमा सुरुदेखि नै अग्रणी भूमिका निर्वाह गर्दै आएको छ। संघीय राजधानी समेटिएको, ऐतिहासिक सभ्यता र सांस्कृतिक विविधताले भरिएको, औद्योगिक, शैक्षिक र प्रशासनिक केन्द्रका रूपमा विकसित यो प्रदेशले संघीय शासन प्रणालीलाई व्यवहारमा उतार्ने

विशेष जिम्मेवारी वहन गरिरहेको छ। नीति निर्माणदेखि कार्यान्वयनसम्म, बागमती प्रदेशले उदाहरणीय अभ्यास प्रस्तुत गर्न सकेमा त्यसको प्रभाव देशव्यापी रूपमा पर्ने यथार्थलाई आत्मसात गर्दै अघि बढ्नु आजको आवश्यकता हो।

आजको यथार्थतामा हामी युवा पुस्ता, विशेष गरी Gen-Z को भावना, सोच, आकांक्षा र अपेक्षालाई गम्भीरतापूर्वक सम्बोधन गर्नुपर्ने निर्णायक मोडमा आइपुगेका छौं। देशको कुल जनसंख्यामा युवाको हिस्सा उल्लेख्य छ, तर उनीहरूको ऊर्जा, सीप र सृजनशीलता पर्याप्त रूपमा उपयोग हुन सकेको छैन। रोजगारीको अभाव, सीप र अवसरबीचको गहिरिँदो खाडल, तथा सुरक्षित र सम्मानजनक भविष्यको खोजीमा बढ्दो विदेश पलायनले युवामा निराशा, असन्तोष र वितृष्णा पैदा गरिरहेको छ। राज्यप्रति कमजोर हुँदै गएको भरोसा र राजनीतिक प्रणालीप्रतिको असन्तुष्टिले कहिलेकाहीँ आक्रोश, आन्दोलन र अस्वीकृतिको स्वरूप लिँदै गएको देखिन्छ। यो अवस्था केवल युवाको व्यक्तिगत समस्या मात्र नभई लोकतन्त्र, संघीयता र राज्यकै दीर्घकालीन स्थायित्वका लागि गम्भीर चेतावनी हो।

युवाको आकांक्षालाई सम्बोधन नगरी कुनै पनि राजनीतिक प्रणाली दिगो हुन सक्दैन। यस सन्दर्भमा बागमती प्रदेश सभाले बेरोजगारी न्यूनीकरण, सीपमूलक तथा प्रविधिमैत्री तालिम, उद्यमशीलता प्रवर्द्धन, कृषि आधुनिकीकरण, पर्यटन विकास, साना तथा मझौला उद्योग प्रवर्द्धन र नवप्रवर्तनमा आधारित स्वदेशमै रोजगारी सिर्जना गर्ने नीतिहरूलाई प्राथमिकतामा राख्दै आएको छ। तथापि, नीतिगत घोषणा र कार्यक्रम स्वीकृतिमै सीमित नभई युवाले प्रत्यक्ष अनुभूति गर्न सक्ने, आफ्नो जीवनमा परिवर्तन देख्न सक्ने र भविष्यप्रति आशा पलाउने कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन अझ जरुरी छ। युवाको श्रम, सीप र सपनालाई देशभित्रै सम्मानजनक अवसरमा रूपान्तरण गर्न सक्नु नै संघीय प्रणालीप्रतिको विश्वास मजबुत बनाउने सबैभन्दा प्रभावकारी आधार हो।

अर्कोतर्फ, राज्यको आर्थिक व्यवस्थापनमा संरचनागत सुधार आजको सबैभन्दा ठूलो आवश्यकता बनेको छ। चालु खर्चको बोझ घटाई पूँजीगत खर्च बढाउने, सीमित स्रोत–साधनलाई उत्पादनशील र दीर्घकालीन प्रतिफल दिने क्षेत्रमा केन्द्रित गर्ने तथा योजनाको गुणस्तर र कार्यान्वयन क्षमतामा सुधार ल्याउनु अपरिहार्य छ। पूर्वाधार विकास, शिक्षा, स्वास्थ्य, कृषि, उद्योग, ऊर्जा र प्रविधिमा गरिएको लगानीले मात्र आर्थिक गतिविधि विस्तार, रोजगारी सिर्जना र सामाजिक रूपान्तरण सम्भव हुन्छ। विकास योजनाहरू कागज, प्रतिवेदन र भाषणमा सीमित नभई जनताको दैनिकीमा अनुभूत हुने गरी कार्यान्वयन हुनु नै प्रदेश सरकारको वास्तविक सफलताको मापदण्ड हो।

पछिल्लो समय समाजमा “प्रदेश संरचना आवश्यक छैन” भन्ने आवाजहरू पनि सुनिन थालेका छन्। यस्ता आवाजहरूलाई भावनात्मक प्रतिक्रिया वा राजनीतिक आरोप–प्रत्यारोपबाट होइन, ठोस कार्यसम्पादन, प्रभावकारी सेवा प्रवाह र जनजीवनमा देखिने सकारात्मक परिवर्तनमार्फत जवाफ दिनु आजको आवश्यकता हो। बागमती प्रदेश सरकारले जनताको नजिक पुग्ने, स्थानीय समस्या बुझ्ने, नीति निर्माणमा नागरिकको सहभागिता सुनिश्चित गर्ने र सेवा प्रवाहलाई सरल, छरितो र पारदर्शी बनाउने कार्यमार्फत प्रदेश संरचना आवश्यक छ भन्ने अनुभूति जनतामा जगाउनुपर्ने समय आएको छ।

यसका साथै भ्रष्टाचारमुक्त प्रदेश निर्माण आजको सबैभन्दा ठूलो प्रतिबद्धता र चुनौती दुवै हो। पारदर्शिता, जवाफदेहिता र सुशासनलाई व्यवहारमा उतार्दै भ्रष्टाचारप्रति शून्य सहनशीलताको नीति अवलम्बन गर्न कडा, स्पष्ट र निरन्तर कदम चालिनुपर्छ। सार्वजनिक स्रोतको दुरुपयोग, अनियमितता र अपारदर्शिताले विकासलाई मात्र होइन, जनताको विश्वास र लोकतान्त्रिक मूल्यलाई पनि गहिरो चोट पुऱ्याउँछ। स्वच्छ, सक्षम र उत्तरदायी प्रशासन बिना दिगो विकास सम्भव छैन भन्ने यथार्थलाई आत्मसात गर्दै प्रदेश सभाले सरकारलाई प्रभावकारी रूपमा मार्गदर्शन र निगरानी गर्ने आफ्नो संवैधानिक भूमिका अझ जिम्मेवार ढंगले निर्वाह गर्नुपर्दछ।

बागमती प्रदेश सभाको स्थापना दिवसको अवसरमा, हामी जनताको विश्वासलाई अझ मजबुत बनाउने, युवाको भविष्य सुरक्षित गर्ने र संघीय लोकतन्त्रलाई थप सुदृढ बनाउने दिशामा परिणाममुखी र जनउत्तरदायी शासन प्रणाली निर्माण गर्ने प्रतिबद्धता दोहोर्याउन चाहन्छौं। नीति, नेतृत्व र कार्यसम्पादनका माध्यमबाट बागमती प्रदेशलाई विकास, सुशासन र अवसरको केन्द्रका रूपमा स्थापित गर्न प्रदेश सभाको भूमिका आगामी दिनमा अझ सशक्त, प्रभावकारी र ऐतिहासिक हुने विश्वास लिएको छु।

❐❐

# संविधान



**मा. राम कुमार पहाडी**
प्रदेश सभा सदस्य, सिन्धुली १ (२)

## १. विषय प्रवेश

संविधान देशको मूल कानुन हो, जसले देशको राज्य तथा शासन सञ्चालन प्रक्रिया सुनिश्चित गर्दछ। यो नै हरेक देशको सर्वोच्च शासकीय दस्तावेज पनि हो। संविधानले नै सरकारको गठन/विघटन, सरकारका विभिन्न अङ्गहरूबीच काम, कर्तव्य तथा शक्तिको विभाजनका साथै तिनीहरू बीचको सुसम्बन्ध समेत निर्धारण गरेको हुन्छ। यसले नागरिकका मौलिक हक अधिकारको व्यवस्था गर्नुका साथै ती अधिकारहरूको संरक्षणको व्यवस्था पनि गर्दछ। संविधान ले सरकारको स्वरूप र लक्ष्य स्पष्ट पार्छ र सरकार र जनता बीचको सम्बन्ध पनि निश्चित गर्दछ। यस्तो संविधानको निर्माण सामन्तवादी शासन प्रणालीमा राजा महाराजाहरूले आफ्नो हित तथा सुविधा अनुकुल आफुले गठन गरेका आयोग तथा समिति मार्फत मस्यौदा तयार गर्न लगाई घोषणा र लागू गर्थे भने आधुनिक लोकतान्त्रिक शासन व्यवस्थामा संविधानको निर्माण जनताद्वारा गर्ने गरिन्छ र जनताद्वारा नै घोषणा भइ लागू गरिन्छ। यो राष्ट्रको आधारभूत सिद्धान्त र कानूनी रुपरेखा स्थापित गर्ने औपचारिक र गतिशील दस्तावेज हो। यसले सरकारको संरचना, शक्ति र कार्यहरूलाई सुनिश्चित गर्दछ, नागरिकहरूको हक अधिकार, कर्तव्य र जिम्मेवारीलाई पनि परिभाषित गरेको हुन्छ, यसका साथै कानुन बनाउने र लागू गर्ने प्रक्रियाहरू समेत निर्धारण गर्दछ। संविधानले देशको सर्वोच्च कानुनको रुपमा काम गर्दछ, शासन र कानूनी प्रणालीलाई निर्देशित गर्दछ। व्यक्तिगत अधिकारको संरक्षण र कानूनी शासनलाई सुनिश्चित गर्ने काम पनि गर्दछ। संविधान लिखित दस्तावेज मात्र नभई अलिखित प्रथा, प्रचलन, परम्परा, न्यायिक निर्णय र विधायिकी निर्णय समेत हो। संविधानले राज्यको संरचना, कार्य र सीमाहरू स्थापित गर्ने आधारभूत सिद्धान्त, मान्यता र नियमहरूको सम्पूर्णतालाई समेत जनाउँदछ। संविधानसँग बाझिएका अन्य ऐन, नियम र कानुनहरू बाझिएको हदसम्म स्वतः बदर हुन्छन्। संविधानलाई राजनीतिक, कानूनी. आर्थिक, सामाजिक र संस्कृतिक दस्तावेज पनि

मानिन्छ। यसले सरकार र यसका निकायहरूको वैधानिकता स्थापित गर्दछ। यसका साथै राज्यका अंगहरूको शक्ति र सीमा निर्धारण गर्ने काम पनि यसले गर्दछ। संविधानले राज्यको शासकीय स्वरूप निर्धारण गर्दछ, राजनीतिक प्रणाली र राज्यका अङ्गहरू बीच शक्ति पृथकीकरण, नियन्त्रण र सन्तुलन कायम गर्ने काम समेत गर्दछ। शासन संचालनका लागि सरकारलाई मार्गनिर्देश गर्ने काम पनि संविधानले गरेको हुन्छ। देशभित्रका विविध जातजाति, धर्म सम्प्रदाय र संस्कृतिमा आवद्ध नागरिकहरूलाई राष्ट्रिय एकतामा उन्ने काम पनि संविधानले गर्दछ। संविधान लिखित/अलिखित हुन्छन। बेलायतबाहेक अन्य सबै देशहरूमा लिखित संविधान छन्।

## २. नेपालको संवैधानिक विकासः

लिखित संविधान जारी हुनुपूर्व नेपालको शासन व्यवस्था हिन्दु रितिरिवाज, धर्मग्रन्थ, संस्कृति, मूल्य मान्यता, परम्परा र बिश्वासमा आधारित थियो। लिच्छवी कालका राजाहरूले हिन्दु सिद्धान्त अनुसार शासन गर्दथे। राजालाई सर्वोच्च र इश्वरीय शक्तिको रुपमा हेरिन्थ्यो। मनुस्मृति जस्ता हिन्दु ग्रन्थहरूबाट सामाजिक र कानूनी प्रणालीहरू प्रभावित थिए, जसले जातीय भूमिका, नागरिक कर्तव्य र सामाजिक मूल्य मान्यतालाई स्थापित गरेका हुन्थे।

मल्ल राजाहरू हिन्दु धर्मका सम्बर्धक र संरक्षक थिए। त्यो कालको शासन धर्ममा आधारित थियो र शासकलाई धर्मको संरक्षकको रुपमा हेर्ने गरिन्थ्यो। यस अवधिमा धेरै चाडपर्व परम्परा र अनुष्ठानहरू संस्थागत भएका थिए। शासकहरूले आदेश जारी गर्दथे। यसरी जारी गरिएका आदेशहरूले कर, न्याय र सामाजिक व्यवस्थालाई समेत सम्बोधन गर्दथ्यो। शासकहरूका निर्णय धार्मिक सिद्धान्तद्वारा निर्देशित हुन्थे। त्यस समयमा जातीय व्यवस्थाले सामाजिक संरचनामा महत्वपूर्ण भूमिका खेलेको थियो।

पृथ्वीनारायाण शाहले नेपाल एकीकरण गरेपछि नेपाललाई हिन्दु राज्यको परिचय दिए। उनको शासनमा हिन्दु बिश्वासको गहिरो छाप थियो। उनले हिन्दु पराम्परागत संस्कृति र मूल्यहरूलाई महत्व दिए। त्यस बेला हिन्दु धर्म शास्त्रको मान्यता जस्तै राजा धर्माधिकारी हुने र उनको इच्छा पूरा गर्नु नागरिकको कर्तव्य हुने, समाजमा चलेका रितिस्थितिको सम्मान, प्रथा परम्परा र मान्यता अनुरुप सुशासन कायम गर्नु राज धर्म मान्ने प्रचलन थियो।

राणाकालमा पनि हिन्दु पहिचानले गहिरो छाप बनाएको थियो। यस कालमा कानुनी र प्रशासनिक प्रणालीहरू हिन्दु प्रथा र वि.सं. १९९० को मुलुकी ऐनमा आधारित थियो। यो सहिंता जातीय व्यवस्था र लैंगिक भूमिका सहित हिन्दु सामाजिक मान्यताहरूलाई संस्थागत गर्ने

एक व्यापक कानुनी दस्तावेज थियो। मुलुकी ऐनले हिन्दु सिद्धान्त अनुसार बिवाह, सम्पतिको अधिकार र आपराधिक व्यवहारलाई नियमन गर्ने कानुनहरू बनाएको थियो। बिभिन्न कालखण्डमा यसरी बिकसित, परिमार्जित र परिष्कृत हुँदै आएको नेपालको संवैधानिक विकासक्रमलाई निम्नानुसार चर्चा गर्न सकिन्छ।

## २.१. नेपाल सरकार वैधानिक कानुन, २००४

यो कानुन वि.सं. २००४ साल माघ १३ मा श्री ३ प्रधानमन्त्री पद्म शम्सेरद्वारा घोषणा गरिएको हो। राणा विरोधी गतिविधि निस्तेज पार्न भारतबाट झिकाइएका सल्लाहकारहरू श्रीप्रकाश गुप्ता, उग्र नारायण सिंह र रघुनाथ सिंहको सहयोगमा निर्माण गरि वि.सं. २००५ साल बैशाख १ गते जारी हुने र २००५ सालको अन्त्य सम्ममा लागू गर्ने विषयमा राणा परिवारमा ठुलो विवाद भएकाले यो वैधानिक कानुन लागू हुनु पुर्व नै वि.सं. २००४ साल फागुन १८ गते प्रधानमन्त्री पद्म शम्सेर औषधी उपचार गर्ने बहानामा भारत गएकाले कार्यान्वयनमा आउन सकेन। पद्म शम्सेर पछि प्रधानमन्त्री बनेका मोहन शम्सेरले यो वैधानिक कानुन खारेज गरे। यसलाई संविधान नभनी वैधानिक कानुन भनिएको भएता पनि यो नेपालको संवैधानिक विकासक्रमको पहिलो लिखित संविधान हो। यो वैधानिक कानुनमा नागरिकले श्री ५, श्री ३, देश र संविधान प्रति भक्ति र निष्ठा राख्नु पर्ने कुरा समेत तोकिएको थियो । यसमा ६ भाग, ६८ दफा र १ अनुसूची रहेका थिए। यसमा दुई सदनात्मक व्यवस्थापिका, प्रधान न्यायालय, लोक सेवा आयोग, महालेखा परीक्षक, संविधान संशोधनको व्यवस्था समेत रहेका थिए। यो वैधानिक कानुनमा व्यक्तिगत स्वतन्त्रता, वाक स्वतन्त्रता, प्रकाशन स्वतन्त्रता, सभा गर्ने वा संघ खोल्ने स्वतन्त्रता, धार्मिक स्वतन्त्रता, अनिवार्य र निःशुल्क प्रारम्भिक शिक्षाको स्वतन्त्रता, महिला पुरुष दुबैलाई मतदान गर्न पाउने हक समेत सुनिश्चित गरिएको थियो। यो हदसम्मका स्वतन्त्रताहरू प्रत्याभूत गरिएको राणा शासनमा जारी भएको यो संविधानलाई प्रगतिशील संविधान मान्न सकिन्छ। यद्यपि यो लागू भएन।

## २.२ नेपालको अन्तरिम शासन विधान, २००७

१०४ वर्षीय जहानियाँ राणा शासनको अन्त्य गर्दै २००७ सालको क्रान्ति पछि नेपालको अन्तरिम शासन विधान, २००७ जारी गरिएको थियो। राज्य सत्ता राणाबाट राजामा हस्तान्तरण गर्न यो संविधान ल्याइएको हो। यसलाई राजा त्रिभुवनले २००७ साल चैत २९ गतेका दिन घोषणा गरेका थिए। संविधानको प्रस्तावनामा **प्रजाको शासन उनीहरू आफैले रोजेको विधान परिषदले बनाएको प्रजातन्त्रात्मक विधान अनुसार हुनुपर्छ** भनिएको थियो। लागू भएको आधारमा पहिलो र संवैधानिक विकासक्रमका आधारमा यो दोश्रो संविधान हो। शासन सत्ताको सम्पूर्ण

अधिकार राजामा निहित रहेको यो संविधानमा राज्यका नीति निर्देशक तत्व, राजाप्रति उत्तरदायी मन्त्रिमण्डल, सल्लाहकार सभा, प्रधान न्यायालय, मौलिक हकहरू, लोकसेवा आयोग, कन्ट्रोलर, महालेखा परीक्षक र निर्वाचन आयोग, आदिको व्यवस्था हुनु यसका प्रमुख विशेषताहरू थिए। यो संविधानमा ७ भाग, ७४ धारा र ४ अनुसूची रहेका थिए। यसलाई ६ पटक सम्म संशोधन गरियो।

## २.३ नेपाल अधिराज्यको संविधान, २०१५

वि.सं. २०१४ माघ १९ को शाही घोषणाको आधारमा २०१४ साल चैत ३ गते भगवती प्रसाद सिंहको अध्यक्षतामा गठित ५ सदस्यीय संविधान मस्यौदा समितिले यो संविधान तयार गरेको थियो। २०१५ साल फागुन १ गते घोषणा भएको यस संविधानमा १० भाग, ७७ धारा रहेका थिए भने अनुसूची थिएनन्। धारा ७३ मा संक्षिप्त नाम र प्रारम्भ र धारा ७५ मा संविधान लागू गराउने अधिकार थिए। यी दुई धाराहरू २०१६ साल असार ३ गते देखि लागू गरिएका थिए। धारा ३ देखि ९ सम्म ७ वटा मौलिक हकहरूको व्यवस्था थियो। दुई सदनात्मक व्यवस्था रहेको उक्त संविधानमा तल्लो सदन प्रतिनिधि सभा र माथिल्लो सदनलाई महासभा नाम दिइएको थियो। प्रतिनिधि सभामा जम्मा १०९ निर्वाचन क्षेत्रबाट निर्वाचित १०९ सदस्य रहने व्यवस्था र महासभामा १८ निर्वाचित, १८ मनोनित गरि कुल ३६ सदस्य रहने व्यवस्था थियो। प्रतिनिधि सभामा उम्मेदवार बन्नका लागि २५ वर्ष र महासभामा ३५ बर्ष उमेरहद कायम गरिएको थियो। मतदाता हुनको लागि २१ वर्ष उमेर पुगेको हुनुपर्ने व्यवस्था थियो। वि.सं.२०१६सालको संसदीय निर्वाचन यसै संविधान अन्तर्गत सम्पन्न भएको थियो। संविधान देशको मूल कानुन, राजतन्त्र र प्रजातन्त्रमा समन्वय, हिन्दु शाह बंशहरूमात्र नेपाल अधिराज्यको हिन्दु राजा हुन पाउने व्यवस्था, कार्यकारी अधिकार राजा र मन्त्रिमण्डलमा निहित हुने, बहुदलीय संसदीय व्यवस्था, दुई सदनात्मक व्यवस्थापिका, संकटकालीन अधिकार राजामा निहित आदि यस संविधानका मुलभूत विशेषताहरू थिए। यो संविधानको धारा ५५ र ५६ ले राजालाई प्रदान गरेको संकटकालको अधिकारद्वारा उनले संकटकालको घोषणा गर्न सक्थे। यही अधिकार प्रयोग गरी राजा महेन्द्रबाट वि.सं. २०१७ साल पुस १ गते बहुदलीय संसदीय व्यवस्था अफापसिद्ध भएको भनि संसद बिघटन गरी दलहरूमाथि प्रतिबन्ध लगाए र शासन सत्ता आफ्नो हातमा लिई तत्कालका लागि **नेपाल विशेष व्यवस्था ऐन** जारी गरी पंचायती व्यवस्था लागू गरे।

## २.४ नेपालको संविधान, २०१९

निर्दलीय पंचायती व्यवस्थाको आधारस्तम्भ मानिएको यो संविधान राजा महेन्द्रले वि.सं. २०१९ मा जारी गरेका थिए। वि.सं. २०१९ वैशाख २६ गतेका दिन ऋषिकेश शाहको अध्यक्षतामा शंभुप्रसाद ज्ञवाली, प्रकाशबहादुर खत्री, अंगुरबाबा जोशी, डम्बरनारायण यादव सदस्यहरू र कुलशेखर शर्मा सदस्य-सचिव भएको संविधान निर्माण समितिले तयार गरेको मस्यौदामा मन्त्रिमण्डलका सदस्यहरूको समेत राय सल्लाह लिई यो संविधान वि.सं. २०१९ पौष १ गते राजा महेन्द्रबाट घोषणा भयो। लोक सम्मतिमा आधारित शासन व्यवस्था, विकेन्द्रीकरण र निर्दलीय पञ्चायती व्यवस्था यसका लक्ष्यहरू थिए ।

यसमा नागरिकहरूको मौलिक हक र कर्तव्य, पञ्चायत प्रणालीका नीति निर्देशक सिद्धान्त, राजसभा, मन्त्रिपरिषद्, लोकसेवा आयोग, कार्यपालिका, व्यवस्थापिका र स्वतन्त्र न्यायपालिकाको व्यवस्था गरिएको थियो। यो संविधानले वर्गीय संगठनको व्यवस्था गरेको थियो। वर्गीय संगठनको सदस्यता नलिई कुनै पनि निर्वाचनमा भाग लिन पाइदैन थियो। यसमा २०२३ माघ १४ गते पहिलो संशोधन, २०३२ साल मङ्सिर २६ गते दोस्रो संशोधन र २०३७ साल पौष १ गते तेस्रो संशोधन भएको थियो। २० भाग, ९७ धारा र ६ वटा अनुसूची भएको नेपालको संविधान, २०१९ छयालीस सालको जनआन्दोलन अघिसम्म २७ बर्षसम्म चल्यो ।

## २.५ नेपाल अधिराज्यको संविधान, २०४७

वि.सं. २०४६ सालको जनआन्दोलन पछी पंचायती व्यवस्थाको अन्त्य भयो। पंचायती व्यवस्थाको अन्त्य पछी सर्वोच्च अदालतका तत्कालिन न्यायाधिश विश्वनाथ उपाध्यायको अध्यक्षतामा गठित संविधान सुधार सुझाब आयोगले यो संविधान निर्माण गरेको हो। आयोगले २०४७ साल भाद्र २५ गते अन्तरिम प्रधानमन्त्री कृष्ण प्रसाद भट्टराईको समुपस्थितिमा राजा बिरेन्द्र समक्ष यो संविधान पेस गरेको थियो। यो संविधान २०४७ साल कार्त्तिक २३ गतेबाट जारी गरिएको हो। नेपालको अन्तरिम संविधान, २०६३ लागू भएपछी यो संविधान खारेज भयो। यो संविधान मा २३ भाग, १३३ धारा र ३ अनुसूची रहेका थिए। १३ वटा मौलिक हक र १६ वटा राज्यका नीतिहरूको व्यवस्था गरिएको थियो। यो संविधानले दुई सदनात्मक व्यवस्थापिकाको व्यवस्था गरेको थियो। तल्लो सदनलाई प्रतिनिधि सभा र माथिल्लो सदनलाई राष्ट्रिय सभा भनिन्थ्यो। प्रतिनिधि सभामा २०५ निर्वाचन क्षेत्रबाट निर्वाचित २०५ सदस्य रहने व्यवस्था थियो भने राष्ट्रिय सभामा ६० जना मध्ये ३ महिला सहित १० जना राजाबाट मनोनित हुने प्रावधान राखिएको थियो। प्रतिनिधि सभाबाट समानुपातिक प्रतिनिधित्वको सिद्धान्त बमोजिम एकल संक्रमणीय मतको आधारमा कानुनमा व्यवस्था भए अनुसार निर्वाचित हुने

कम्तिमा ३ महिला सहित ३५ जना र प्रत्येक विकास क्षेत्रका गाउँ र नगरका प्रमुख र उप प्रमुख तथा जिल्लाका स्थानीय निकायका प्रमुख, उप प्रमुख र सदस्यहरू मतदाता भएको निर्वाचक मण्डलद्वारा तत् तत् विकास क्षेत्रबाट ३ जनाका दरले एकल संक्रमणीय मतको आधारमा कानुनमा व्यवस्था भए अनुसार निर्वाचित हुने १५ जना सदस्यहरू रहने व्यवस्था थियो। राष्ट्रिय सभा एक स्थायी सदन हुने र यसका एक तिहाइ सदस्यको पदावधि प्रत्येक २ बर्षमा समाप्त हुने व्यवस्था संविधान को धारा ४६ मा गरिएको थियो। संवैधानिक राजा, कार्यकारी अधिकार राजा र मन्त्रीपरिषदमा निहित, बहुदलीय संसदीय व्यवस्था, नागरिकका मौलिक हकहरू, स्वतन्त्र न्यायपालिका, नेपाल एक बहुजातीय, बहुभाषिक, प्रजातान्त्रिक, स्वतन्त्र, अभिभाज्य, सार्वभौमसत्ता सम्पन्न हिन्दु संवैधानिक राजतन्त्रात्मक अधिराज्य हुने, नेपाली भाषा राष्ट्र भाषा र अन्य मातृभाषाहरूलाई राष्ट्रिय भाषाको मान्यता प्राप्त, वयस्क मताधिकार, प्रधानमन्त्रीको अध्यक्षतामा राष्ट्रिय सुरक्षा परिषदको गठन र परिषदको सिफारिसमा मात्र राजाबाट शाही सेनाको संचालन हुने, सन्धि सम्झौताको अनुमोदन, सम्मिलन, स्वीकृति संसदको दुई तिहाइ बहुमतले गर्नु पर्ने, बाधा अड्काउ फुकाउने अधिकार राजामा तथा संवैधानिक अंगहरूको व्यवस्था आदि यस संविधानका महत्वपूर्ण विशेषताहरू हुन्।

## २.६ नेपालको अन्तरिम संविधान, २०६३

यो संविधानको निर्माण वि.सं. २०६२ सालको शान्ति प्रक्रिया र दोश्रो जनान्दोलनपछि भएको हो। यसले २०४ वर्ष सम्मको राजतन्त्रको अन्त्य गरी नेपाललाई धर्म निरपेक्ष, गणतन्त्र घोषणा गऱ्यो। प्रतिनिधि सभाको पुनर्स्थापना पछि २०६३ जेठ ४ गते राजाको अधिकारहरू कटौती गरी प्रतिनिधि सभालाई सार्वभौमसत्ता सम्पन्न घोषणा गरियो। वि.सं. २०६३ जेठ १२ मा सरकार र माओवादीबीच २५ बुंदे आचारसंहिताका साथ युद्द बिराम सम्झौता भयो। असार २, २०६३ मा सात दल र माओवादीका शीर्ष नेताहरूका बीच शिखर वार्ता सम्पन्न भई संविधान सभाको स्वतन्त्र र निष्पक्ष निर्वाचनका लागि अन्तरिम संविधान बनाउन ८ बुंदे सम्झौता भयो। सोहि सम्झौता अनुसार सर्वोच्च अदालतका पूर्व न्यायाधिश लक्ष्मण प्रसाद आर्यालको संयोजकत्वमा १६ सदस्यीय अन्तरिम संविधान मस्यौदा समिति गठन गरियो र २०४७ सालको संविधानका ४८ बुंदामा संशोधन गरी नयाँ अन्तरिम संविधान नबने सम्मका लागि काम चलाउ संवैधानिक व्यवस्था गरियो। यसरी २०६३ माघ १ गते अन्तरिम संसदबाट नेपालको अन्तरिम संविधान, २०६३ घोषणा र लागू गरियो। यो अन्तरिम संविधान १३ पटक संशोधन गरियो, यो संविधानमा २०६३ मङ्सिर ५ गते सम्पन्न नेपाल सरकार र ने.क.पा. माओवादी बीच भएको विस्तृत शान्ति सम्झौता र संयुक्त राष्ट्र संघका प्रतिनिधि ईयान मार्टिन साक्षी रहेको सन् २००६ डिसेम्बर ८ को 'Agreement on Monitoring of the Management

of Arms and Armies' लाई पनि संविधानको अंग बनाइएको थियो। यस संविधानका प्रमुख विशेषताहरूः संविधान मूल कानुन, सार्वभौमसत्ता र राजकीय सत्ता नेपाली जनतामा निहित, नेपाल एक संघीय लोकतान्त्रिक, गणतन्त्रात्मक राज्य, राजतन्त्रको उन्मुलन, राष्ट्राध्यक्षको रुपमा राष्ट्रपति रहने, कार्यकारी अधिकार मन्त्रिपरिषद्मा रहने, संविधान सभाले संविधान निर्माणका साथै व्यवस्थापिका संसदको रुपमा पनि काम गर्नु पर्ने, स्वतन्त्र न्यायपालिकाको व्यवस्था, संघीय शासन प्रणालीको स्वरूप संविधान सभाले निर्धारण गर्ने, दलीय व्यवस्था र राजनीतिक दलहरूलाई प्रतिबन्ध लगाउन नपाइने, आदि रहेका थिए। यो संविधानको सबैभन्दा सबल र महत्वपूर्ण उपलब्धि भनेको जनतामा निहित सार्वभौमसत्ता नै हो। यसले ६०१ सदस्यीय संविधान सभा गठन गरी नयाँ स्थायी संविधान निर्माण गर्ने मार्ग प्रशस्त गऱ्यो। २१ वटा मौलिक हकहरूको तर्जुमा गऱ्यो। यो संविधानमा २५ भाग, १६७ धारा र ४ अनुसूची थिए। वि.सं. २०७२ साल असोज ३ गते बर्तमान संविधान जारी गरेसँगै अन्तरिम संविधान २०६३ स्वतः निष्क्रिय भयो ।

## २.७ नेपालको संविधान

नेपालको संविधान, २०७२ जनताका प्रतिनिधिहरूले बनाएको पहिलो संविधान हो। संविधान सभाको दोश्रो निर्वाचन, २०७० बाट निर्वाचित संविधान सभाले २०७२ भाद्र २० गते यो संविधान दुई तिहाइ भन्दा बढी मतले पारित गरेको हो। नेपालकै इतिहासमा जनता माझ गएर मस्यौदा तयार गरिएको यो पहिलो र बिश्वको सबैभन्दा पछिल्लो संविधान हो। तराईका केहि जिल्लाहरूमा यो संविधानका विरुद्ध आवाज उठाइए पनि ९० प्रतिशतभन्दा बढीको बहुमतद्वारा राष्ट्रपतिबाट २०७२ असोज ३ गते घोषणा गरिएको हो। यो संविधानमा ३५ भाग, ३०८ धारा र ९ अनुसूची रहेका छन्। यो संविधान २०७२ फागुन १६ मा धारा ४२, ८४, २८६ र २०७७ असार ४ मा अनुसूची ३ संशोधन भएको छ। संघीय शासन व्यवस्थामा संविधान असल हुनका लागि केन्द्र र राज्य बीचको स्पष्ट शक्ति बिभाजन, संविधानको सर्वोच्चता, कठिन, लिखित र स्वतन्त्र न्यायालयको व्यवस्था हुनु पर्दछ। यस संविधानका विशेषताहरू निम्नानुसार रहेका छन् :

१. संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था,
२. सार्वभौमसत्ता जनतामा निहित,
३. सात प्रदेशको संघीय संरचना,
४. संघ, प्रदेश र स्थानीय तह गरी ३ तहको राज्य संरचना,
५. संघीय र प्रदेश संसदद्वारा निर्वाचित संवैधानिक राष्ट्रपति राष्ट्र प्रमुख रहने व्यवस्था,

६. संसदद्वारा निर्वाचित प्रधानमन्त्री कार्यकारी प्रमुख,

७. दुई वर्षसम्म प्रधानमन्त्री विरुद्ध अविश्वासको प्रस्ताव ल्याउन नपाइने संवैधानिक व्यवस्था,

८. दुई तिहाइद्वारा संविधान संशोधन गर्न सकिने प्रबन्ध,

९. मिश्रित निर्वाचन प्रणाली,

१०. केन्द्रमा प्रतिनिधि सभा र राष्ट्रिय सभा सहित दुई सदनात्मक संघीय संसद

११. प्रतिनिधि सभामा प्रत्यक्ष निर्वाचित १६५ र समानुपातिक ११० सहित २७५ सदस्यीय व्यवस्थापिका,

१२. संघीय सरकारमा बढीमा २५ सदस्यीय मन्त्रिपरिषद् रहने व्यवस्था,

१३. सात प्रदेशबाट ५६ र राष्ट्रपतिबाट मनोनित ३ समेत गरी ५९ सदस्यीय राष्ट्रिय सभाको गठन,

१४. प्रदेशमा एक सदनात्मक संसद,

१५. सात प्रदेशमा प्रत्यक्ष निर्वाचित ३३० र समानुपातिक प्रतिनिधित्वको आधारमा २२० गरि ५५० सदस्यीय प्रदेश सभाको व्यवस्था,

१६. प्रदेश संसदमा संघीय संसदमा जस्तै ६० प्रतिशत प्रत्यक्ष र ४० प्रतिशत समानुपातिक निर्वाचन प्रणालीबाट सांसदहरू चुनिने व्यवस्था,

१७. संविधानमा नै केन्द्र, प्रदेश र स्थानीय सरकारको अधिकार क्षेत्र निर्धारण,

१८. राष्ट्रपति र उपराष्ट्रपति, सभामुख र उपसभामुख फरक फरक लिङ्ग र फरक फरक दलको हुनुपर्ने व्यवस्था यो संविधानको महत्वपूर्ण विशेषता हो ।

समग्रमा हेर्दा संविधान कुनै साधारण कानुनी दस्तावेज मात्र नभई राष्ट्रको राजनीतिक, कानुनी, सामाजिक र सांस्कृतिक जीवनलाई निर्देशित गर्ने सर्वोच्च आधार हो। नेपालको संवैधानिक विकासक्रमले निरंकुश र सामन्ती शासन प्रणालीबाट क्रमशः लोकतान्त्रिक, समावेशी र जनमुखी शासन व्यवस्थातर्फ गरेको लामो संघर्ष र यात्रालाई स्पष्ट रूपमा देखाउँछ। परम्परागत धार्मिक-सांस्कृतिक मान्यतामा आधारित शासन व्यवस्थाबाट सुरु भएको यो यात्रा विभिन्न आन्दोलन, परिवर्तन र संवैधानिक प्रयोगहरू हुँदै जनतामा निहित सार्वभौमसत्तालाई स्वीकार गर्ने संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थामा आइपुगेको छ।

२०७२ सालमा जारी भएको नेपालको संविधान जनप्रतिनिधिहरूद्वारा निर्मित पहिलो संविधानका रूपमा ऐतिहासिक महत्व बोकेको छ। यसले संघीय शासन प्रणाली, मौलिक हकहरूको विस्तृत व्यवस्था, शक्ति पृथकीकरण तथा नियन्त्रण– सन्तुलनको सिद्धान्त, समावेशी प्रतिनिधित्व र

लोकतान्त्रिक मूल्य-मान्यतालाई संस्थागत गरेको छ। संविधानको सफल कार्यान्वयनले मात्र राजनीतिक स्थायित्व, सुशासन, सामाजिक न्याय र राष्ट्रिय एकतालाई मजबुत बनाउन सक्छ। त्यसैले संविधानको सम्मान, संरक्षण र प्रभावकारी कार्यान्वयन गर्दै जनताको अपेक्षा अनुरूप लोकतान्त्रिक अभ्यासलाई सुदृढ गर्नु नै नेपालको वर्तमान र भविष्यका लागि अनिवार्य आवश्यकता हो। यसलाई समयानुकूल संशोधन गरी अझ परिष्कृत बनाउँदै लैजाने तर्फ सबैको ध्यान जान जरुरी छ ।

**सन्दर्भ सामाग्रीः**


१. नेपालको संविधान
२. नेपालको अन्तरिम संविधान, २०६३
३. नेपाल अधिराज्यको संविधान, २०४७
४. नेपालको संविधान, २०१९
५. नेपाल अधिराज्यको संविधान, २०१५
६. नेपालको अन्तरिम शासन विधान, २००७
७. नेपाल सरकार वैधानिक कानुन, २००४
८. मुलुकी ऐन, १९९० (वि.सं.)
९. पाण्डे, सुरेन्द्र (सम्पा.). नेपालको संवैधानिक विकास. काठमाडौंः विद्यार्थी पुस्तक भण्डार
१०. बराल, विष्णु प्रसाद. नेपालको शासन प्रणाली र संविधान. काठमाडौंः बुक हिल
११. शर्मा, बालकृष्ण. संविधान र लोकतन्त्र. काठमाडौंः जोशी पब्लिकेशन
१२. सर्वोच्च अदालतका महत्वपूर्ण फैसलाहरू (संवैधानिक व्याख्यासम्बन्धी)
१३. नेपाल सरकार, कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयका प्रकाशनहरू
१४. संविधान सभा सचिवालय. संविधान निर्माण प्रक्रिया र बहसहरू
१५. सिवाकोटी, डा. गोपाल तथा श्रेष्ठ अमन, संविधान सभा महासंग्राम, विश्व क्रान्तिमा नयाँ आयाम, काठमाडौं, मधुवन प्रकाशन, २०६५।


❐❐

# सुशासन प्रवर्द्धनमा सार्वजनिक लेखा समिति



**मा. रामेश्वर श्रेष्ठ**
सदस्य, सार्वजनिक लेखा समिति

**लेखसार**
ऐतिहासिक रूपमा बेलायतबाट सुरु भई विश्वका विभिन्न संसदीय अभ्यास भएका मुलुकमा सार्वजनिक लेखा समितिको अभ्यास भइरहेको छ। नेपालमा पनि संघीय र प्रदेश व्यवस्थापिकाहरूमा सार्वजनिक लेखा समितिहरू गठन भएका छन्। संघीय संसदको प्रतिनिधि सभामा २०१६ सालदेखि नै समिति प्रणालीको अभ्यास भएको थियो। प्रादेशिक तहमा सार्वजनिक लेखा समितिहरूले बजेटको पारदर्शिता, प्रशासनिक सुधार र बेरुजु जाँचका कामहरू गरिरहेका छन्। प्रदेशमा सुशासन प्रवर्द्धन गर्दै संघीयताको वास्तविक लाभ भुइँतहका जनतासम्म पुऱ्याउन सार्वजनिक लेखा समितिको भूमिका थप प्रभावकारी बनाउनुपर्ने दायित्व छ।

## १. परिचय

विश्वव्यापी रूपमा सरकारी वित्तीय व्यवस्थापनमा पारदर्शिता र खुलापन बढाउने प्रवृत्ति तीव्र रूपमा विकसित हुँदै गएको छ। सार्वजनिक उद्देश्यका लागि राज्यले संकलन गरेका स्रोत–साधन सरकारले वाचा गरेअनुसार नै खर्च भएको छ कि छैन भन्ने सुनिश्चितता गर्नु नै आमरुपमा सार्वजनिक लेखा समितिको काम, कर्तव्य र अधिकार रहेको छ। पारदर्शी बजेट अभ्यासले सार्वजनिक खर्चको प्रभावकारिता अभिवृद्धि मात्रै गर्दैन, जनताको विश्वास पनि सुदृढ गर्दछ।

सार्वजनिक लेखा समिति संसद् (वा प्रदेश सभा) अन्तर्गतको एक प्रमुख संसदीय समिति हो, जसको मुख्य उद्देश्य सार्वजनिक कोषको प्रयोगमा अनुशासन र जवाफदेहिता सुनिश्चित गर्नु हो। यस समितिले महालेखा परीक्षकद्वारा प्रस्तुत लेखापरीक्षण प्रतिवेदनको अध्ययन, विश्लेषण र

छानबिन गर्दै सरकार तथा मातहतका निकायहरूले सार्वजनिक स्रोतको उपयोग कानुन, नीति र स्वीकृत कार्यक्रम अनुसार गरे– नगरेको मूल्यांकन गर्दछ।

सार्वजनिक लेखा समितिले स्वतन्त्र लेखापरीक्षण प्रणाली र त्यसको नतिजामाथि जनप्रतिनिधिहरूको निगरानीमार्फत बजेट कार्यान्वयनको अन्तिम चरणमा विधायिकाको संलग्नता सुनिश्चित गरेको छ। यसले कार्यपालिका र प्रशासनिक संयन्त्रलाई संसद् तथा जनताप्रति जवाफदेही बनाउने गर्दछ।

विभिन्न देशहरूको तुलनात्मक अनुभवले देखाएअनुसार सार्वजनिक लेखा समितिहरूले आफ्नो संस्थागत संरचना, अधिकार, कार्यप्रणाली र राजनीतिक परिवेशअनुसार फरक– फरक अभ्यास गरिरहेका छन्। विश्वका सबै संसद्हरू साझा रूपमा सार्वजनिक खर्चको लेखापरीक्षण चरणमा प्रभावकारी संलग्नता जनाउनुपर्ने चुनौतीसँग भने जुधिरहेका छन्।

सार्वजनिक लेखा समिति केवल लेखा परीक्षण प्रतिवेदन छलफल गर्ने औपचारिक संयन्त्र मात्र नभई, सार्वजनिक वित्तीय व्यवस्थापनमा पारदर्शिता, उत्तरदायित्व र सुशासन प्रवर्द्धन गर्ने एक केन्द्रीय लोकतान्त्रिक संस्थाका रूपमा स्थापित छ।

## २. अवधारणा

सार्वजनिक लेखा समिति (Public Accounts Committee–PAC) संसदको एउटा विशेष संसदीय निकाय हो, जसको मुख्य उद्देश्य सरकारी निकायहरूले सार्वजनिक कोष र स्रोतको उपयोग कति प्रभावकारी, पारदर्शी र जवाफदेही ढंगले गरिरहेका छन् भनेर सुनिश्चित गर्नु हो। यस समितिले महालेखा परीक्षकद्वारा तयार पारिएका प्रतिवेदनहरू अध्ययन गरी बजेट कार्यान्वयनको निगरानी गर्छ र सरकारका प्रशासनिक निकायहरूलाई जवाफदेही बनाउँछ। समितिको अवधारणा वित्तीय अनुशासन र संसदीय निगरानीको आवश्यकताबाट जन्मिएको हो। नेपालमा २०१६ सालमा निर्वाचित संसदमा नै सार्वजनिक लेखा समिति संसदीय निकायको रूपमा गठन भएको थियो। यस समितिको विशेषता भनेको अध्यक्ष सधैं विपक्षी दलबाट चयन हुने र कार्यपालिका माथि निष्पक्ष निगरानी गर्ने हो। सार्वजनिक लेखा समितिको मूल ध्येय नीति वा राजनीतिक निर्णयको आलोचना गर्नु होइन; बरु संसदीय उद्देश्यअनुसार बजेट खर्च सही, मितव्ययी र प्रभावकारी भएको छ कि छैन भनेर मूल्याङ्कन गर्नु हो।

## ३. लेखा समितिको ऐतिहासिकता

सार्वजनिक लेखा समिति (Public Accounts Committee–PAC) को विकास इतिहास संसदीय लोकतन्त्रको विकाससँग गहिरो रूपमा जोडिएको छ। सार्वजनिक वित्तीय व्यवस्थापनमा पारदर्शिता, अनुशासन र जवाफदेहिता सुनिश्चित गर्ने आवश्यकताबाट नै यस समितिको अवधारणा जन्मिएको हो। संसद्ले स्वीकृत गरेको बजेट कार्यान्वयन सरकारले कति प्रभावकारी, किफायती र कानुनसम्मत ढंगले गरेको छ भन्ने प्रश्नको उत्तर खोज्ने संयन्त्रका रूपमा सार्वजनिक लेखा समिति क्रमशः स्थापित हुँदै आएको देखिन्छ।

सार्वजनिक लेखा समितिको औपचारिक सुरुआत वेस्टमिनिस्टर संसदीय परम्परा अन्तर्गत बेलायतमा भएको मानिन्छ। सन् १८६१ मा तत्कालीन प्रधानमन्त्री विलियम ग्लाडस्टोनले अघि सारेका वित्तीय सुधारहरूको परिणामस्वरूप बेलायती संसदमा सार्वजनिक लेखा समितिको स्थापना गरिएको थियो। यी सुधारहरूले संसद्को बजेटमाथिको नियन्त्रणलाई पूर्वस्वीकृतिभन्दा बढी पश्च– अनुगमन (Post Scrutiny) तर्फ केन्द्रित गराए। यसै अवधारणाले सार्वजनिक लेखा समितिलाई संसदीय वित्तीय निगरानीको केन्द्रीय निकायका रूपमा उभ्याएको छ।

ऐतिहासिक पृष्ठभूमिले सार्वजनिक लेखा समितिलाई धेरै देशहरूमा संसद्को सबैभन्दा पुरानो र प्रतिष्ठित समितिमध्ये स्थापित गरेको छ। बेलायतपछि अन्य धेरै कमनवेल्थ मुलुकहरू- जस्तै भारत, क्यानडा, अष्ट्रेलिया, दक्षिण अफ्रिका लगायतले पनि यही मोडेल अनुसरण गर्दै सार्वजनिक लेखा समिति स्थापना गरेका छन्। यसले सार्वजनिक लेखा समितिको आवश्यकता र औचित्य केवल एक देश वा प्रणालीमा सीमित नभई, विभिन्न राजनीतिक र प्रशासनिक सन्दर्भमा पनि सार्वभौमिक रूपमा स्वीकार्य भएको स्पष्ट हुन्छ। शासन प्रणाली, बजेट संरचना र लेखापरीक्षण विधिमा परिवर्तन आए पनि सार्वजनिक लेखा समितिको उपयोगिता घटेको देखिँदैन।

सार्वजनिक लेखा समितिको निरन्तर सान्दर्भिकताले संसद्ले कार्यपालिकामाथि प्रभावकारी निगरानी गर्न यस किसिमको विशेषीकृत समितिको आवश्यकता सधैं रहने अवधारणा विकास भएको छ। सार्वजनिक स्रोतको सदुपयोग, संसदीय सर्वोच्चता र लोकतान्त्रिक जवाफदेहिताको क्रमिक सुदृढीकरणको प्रतिबिम्बका रुपमा पनि लेखा समितिलाई लिने गरिएको छ।

## ४. अन्तर्राष्ट्रिय अभ्यास

बेलायतमा सार्वजनिक लेखा समिति वेस्टमिन्स्टर संसदीय परम्पराको सबैभन्दा सशक्त र प्रतिष्ठित समिति मानिन्छ।

क) **बेलायत :** विश्व इतिहासलाई हेर्ने हो भने सार्वजनिक लेखा समितिको गठन बेलायतमा सन् १८६१ मा भएको थियो। सदनमा रहेको दलीय उपस्थितिको प्रतिनिधित्व हुने गरी बढीमा १५ सदस्य रहने उक्त समितिले गैरराजनीतिक रूपमा काम गर्ने अपेक्षा गरिएको थियो। राज्यकोषको खर्च संसद्ले चाहेबमोजिम होस् भनी त्यसको सुनिश्चितता गर्नु र सरकारी कोषको प्रभावकारी र मितव्ययितापूर्वक खर्च भएनभएको जाँच पड्ताल गर्नु सार्वजनिक लेखा समितिको प्रमुख कार्य हो। यसले बेलायतको महालेखा परीक्षक कार्यालय (National Audit Office –NAO) का प्रतिवेदनहरू आधार मानेर सरकारी खर्चको पश्च– अनुगमन (Post Scrutiny) गर्छ। समितिको अध्यक्ष परम्परागत रूपमा विपक्षी दलबाट चयन गरिन्छ र मन्त्रीभन्दा बढी स्थायी सचिव तथा प्रशासकीय प्रमुखहरूलाई जवाफदेही बनाइन्छ।

ख) **भारत:** भारतमा सार्वजनिक लेखा समिति लोकसभाको स्थायी समिति हो र भारतीय नियन्त्रक एवं महालेखा परीक्षक (CAG of India) का प्रतिवेदनमाथि समितिले निगरानी गर्छ। यहाँ पनि समितिको अध्यक्ष प्रायः विपक्षी दलबाट चयन गरिन्छ। समितिले मन्त्रालयका सचिव तथा वरिष्ठ अधिकारीहरूलाई बोलाएर सार्वजनिक खर्च, बेरुजु र प्रशासनिक कमजोरीमाथि छलफल गर्छ।

ग) अमेरिका: अमेरिकामा संसदीय प्रणाली नभए पनि वित्तीय निगरानी अत्यन्त सशक्त छ। अमेरिकामा लेखा समिति नभए पनि सोही प्रकृतिको कंग्रेसका समितिहरूले गर्दछन्। ती प्रतिवेदनको आधारमा प्रशासनलाई जवाफदेही बनाउँछन्। यो प्रणाली अत्यधिक प्राविधिक, अनुसन्धान-आधारित र परिणाममुखी मानिन्छ।

घ) स्वीजरल्याण्ड: स्वीजरल्याण्डमा संसदीय वित्तीय निगरानी संघीय संरचनाअनुसार सञ्चालन हुन्छ। यहाँ वित्तीय समिति र लेखा समिति मार्फत सार्वजनिक खर्चको निगरानी गरिन्छ। समितिहरूले नीति भन्दा बढी कार्यान्वयन र मितव्ययितामा ध्यान दिन्छन्।

## ५. नेपालमा लेखा समितिको अभ्यास

नेपालमा संघीय संसद् र प्रदेश सभाहरूमा सार्वजनिक लेखा समिति संविधान र नियमावलीअनुसार गठन हुन्छ। समितिले महालेखा परीक्षकको प्रतिवेदनका आधारमा मन्त्रालय र निकायका सचिव तथा प्रमुखहरूलाई बोलाएर बेरुजु, अनियमितता र खर्च प्रक्रियामाथि छलफल गर्छ।

नेपालमा सार्वजनिक लेखा समितिको इतिहास २०१६ सालदेखि नै सुरुवात भएको पाइन्छ। २०१६ सालमा निर्वाचित प्रतिनिधि सभामा सार्वजनिक लेखा समितिको व्यवस्था थियो। नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ६४ मा सार्वजनिक लेखा समितिको संवैधानिक व्यवस्था नै गरिएको थियो। हाल नेपालको संविधान, २०७२ को धारा ९७ तथा संघीय संसद, प्रतिनिधि सभा नियमावली २०७९, को नियम १७२ मा समितिको गठन र नियम १७३ मा १० वटा विषयगत समितिहरू रहने व्यवस्था का साथै नियम १७८ मा काम, कर्तब्य र अधिकारको ब्यवस्थासमेत रहेको छ।

प्रतिनिधि सभाका ती विषयगत समितिहरूमध्ये सार्वजनिक लेखा समिति पनि एक महत्वपूर्ण विषयगत समिति हो। सोही नियमावलीले सार्वजनिक लेखा समितिमा सभामुखले सभाको सहमति लिई मनोनित गरेका बढीमा २७ जना सदस्यहरू रहने व्यवस्था गरेको छ। प्रधानमन्त्री समितिको पदेन सदस्यको रूपमा रहने र समितिका सदस्यहरूले आफूहरूमध्येबाट निर्वाचित गरेको व्यक्ति समितिको सभापति हुने तथा सभापतिको निर्वाचन नभएको वा नरहेको अवस्थामा ज्येष्ठ सदस्यले बैठकको अध्यक्षता गर्ने र मन्त्रीले सभापति हुन वा बैठकको अध्यक्षता गर्न नमिल्ने व्यवस्था प्रतिनिधि सभा नियमावली, २०७९ ले गरेको छ।

सरकारलाई संघीय संसदप्रति उत्तरदायी र जवाफदेही बनाउनका लागि सरकारबाट भए गरेका काम कारवाहीको अनुगमन र मूल्यांकन गरी आवश्यक निर्देशन वा राय सल्लाह दिन प्रतिनिधि सभा नियमावलीको नियम १७३ को क्र.सं. १० ले यस समितिको कार्यक्षेत्र अन्तर्गत सार्वजनिक लेखा, महालेखापरीक्षकको प्रतिवेदन र सम्बद्ध विषय तथा निकाय भनी तोकेको छ।

प्रतिनिधि सभा नियमावली, २०७९ को नियम १७८ को उपनियम (८) मा सार्वजनिक लेखा समितिले सभामा पेश गरिएको महालेखा परीक्षक (Office of the Auditor General - OAG)

को वार्षिक प्रतिवेदनमा उल्लिखित बेरुजुको जाँच गरी महालेखा परीक्षकद्वारा सम्पादित कामकारबाही र सो सम्बन्धमा सम्बन्धित निकायबाट हुनुपर्ने कामकारबाही कानूनसङ्गत र औचित्यपूर्ण तवरबाट भए नभएको सम्बन्धमा समेत अध्ययन गरी आवश्यक निर्देशन दिन सक्ने व्यवस्था गरेको छ। यसै नियमको उपनियम (११) मा समितिले बैठकमा प्रस्तुत गर्नुपर्ने वार्षिक प्रतिवेदन वार्षिक अनुमान पेश हुनु अगावै र अरु प्रतिवेदन जुनसुकै समयमा प्रस्तुत गर्न सक्ने व्यवस्था रहेको छ।

## ६. प्रादेशिक लेखा समिति

नेपालको संविधानको धारा १९३ मा प्रदेशमा विषयगत समिति गठन गर्ने व्यवस्था भए बमोजिम प्रदेश सभा नियमावली २०७४ को नियम १४५ र १४६ ले व्यवस्था गरे अनुसार समिति वा विशेष समिति गठन गर्न सक्ने उल्लेख छ। उक्त संवैधानिक व्यवस्था अनुरुप प्रदेश सभा नियमावलीबमोजिम प्रदेश सभाको कार्यप्रणालीलाई व्यवस्थित गर्न प्रदेश सरकारलाई प्रदेश सभा प्रति उत्तरदायि र जवाफदेही बनाउन प्रदेश सरकारबाट भए गरेका काम कामकारबाहीको अनुगमन र मूल्याङ्कन गरी आवश्यक निर्देशन वा राय सल्लाह समेतका लागि प्रदेश सभामा विभिन्न विषयगत समितिहरूको गठन भएको छ।

प्रदेश तहमा सार्वजनिक लेखा समिति सार्वजनिक वित्तीय निगरानीको प्रमुख संयन्त्रका रूपमा स्थापित भएको छ। संरचनागत रूपमा हेर्दा प्रदेश लेखा समितिहरू संघीय संसद्को सार्वजनिक लेखा समितिजसरी नै गठन भएका छन्।

अभ्यासको हिसाबले प्रदेश लेखा समितिहरूले सम्बन्धित मन्त्रालयका सचिव, प्रदेश कार्यालय प्रमुख र सार्वजनिक निकायका प्रशासकीय प्रमुखहरूलाई समितिमा बोलाएर बेरुजु, अनियमितता र खर्च प्रक्रियाबारे स्पष्टिकरण लिने काम गरिरहेका छन्। समितिहरूले छलफलपछि सिफारिससहित प्रतिवेदन प्रदेश सभामा पेश गर्ने व्यवस्था छ। यसले प्रदेश तहमा पनि बजेट कार्यान्वयनपछिको संसदीय निगरानीको अभ्यास प्रभावकारी बन्दै गएको छ।

यद्यपि, प्रदेश लेखा समितिको प्रभावकारिता संघीय तहको तुलनामा कमजोर देखिन्छ। प्राविधिक जनशक्ति र अनुसन्धान सहयोगको अभाव, लेखापरीक्षण प्रतिवेदन ढिला प्राप्त हुनु, समितिका निर्णय र सिफारिसको कार्यान्वयन अनुगमन कमजोर हुने कारणले समिति छलफलमुखी भए पनि परिणाममुखी हुन कठिन भइरहेको छ।

महालेखा परीक्षकका प्रतिवेदनहरूमा संघ, प्रदेश र स्थानीय तहका विषय एक–आपसमा गाँसिने हुँदा प्रदेश लेखा समितिले आफ्नो अधिकार क्षेत्रभित्र पर्ने विषय छुट्याएर प्रभावकारी रूपमा काम गर्न चुनौती भोगिरहेको छ।

## ७. सुशासन र लेखा समितिको अन्तरसम्बन्ध

सुशासन र सार्वजनिक लेखा समिति एक–अर्कासँग सम्बन्धित छन्। सुशासनको मूल आधार पारदर्शिता, जवाफदेहिता, कानुनको पालना र सार्वजनिक स्रोतको सदुपयोग हो। संसद्ले स्वीकृत गरेको बजेट सरकार र मातहतका निकायहरूले उद्देश्यअनुसार, मितव्ययी र प्रभावकारी ढंगले खर्च गरे–नगरेको परीक्षणमार्फत लेखा समितिले कार्यपालिकामाथि निगरानी गर्दछन्। महालेखा परीक्षकको प्रतिवेदनका आधारमा बेरुजु, अनियमितता र प्रणालीगत कमजोरी देखाउँदै सुधारका सिफारिस गर्नु लेखा समितिको मुख्य कार्यक्षेत्र हो। जब लेखा समितिको सिफारिस कार्यान्वयन हुन्छ र प्रशासन जवाफदेही बन्छ, तब सार्वजनिक खर्चमा पारदर्शिता बढ्छ, भ्रष्टाचार न्यूनीकरण हुन्छ र जनविश्वास सुदृढ हुन्छ।

## ८. सुशासन प्रवर्द्धनमा योगदान

सार्वजनिक लेखा समितिले सुशासन प्रवर्द्धनमा बहुआयामिक र निर्णायक योगदान पुऱ्याउँछ। संसद्ले स्वीकृत गरेको बजेट कार्यान्वयनको पश्च–अनुगमन (Post Scrutiny) मार्फत समितिले सार्वजनिक खर्चमा पारदर्शिता र जवाफदेहिता सुनिश्चित गर्दछ। महालेखा परीक्षकका प्रतिवेदनका आधारमा बेरुजु, अनियमितता र दुरुपयोगका विषय विश्लेषण गर्दै सरकारी निकायहरू कानुन र मापदण्डअनुसार काम गर्न बाध्य हुन्छन्, जसले वित्तीय अनुशासन कायम गर्न महत्वपूर्ण भूमिका खेल्छ।

सार्वजनिक लेखा समितिले प्रशासनिक कमजोरी र प्रणालीगत त्रुटि पहिचान गर्दै सुधारका ठोस सिफारिस गर्ने गरेको अभ्यास छ। यस्ता सिफारिस कार्यान्वयन हुँदा सार्वजनिक सेवा प्रवाहमा कार्यक्षमता र प्रभावकारिता वृद्धि हुन्छ, जसले राज्यका स्रोतबाट अधिकतम लाभ सुनिश्चित गर्दछ।

## ९. विद्यमान चुनौतीहरू

प्रदेश तहमा सार्वजनिक लेखा समिति संस्थागत रूपमा स्थापित भए पनि व्यवहारिक अभ्यासमा विभिन्न चुनौतीहरू देखिएका छन्। यी चुनौतीहरूले प्रदेशस्तरमा सुशासन प्रवर्द्धन र वित्तीय

जवाफदेहिताको लक्ष्य हासिल गर्न अवरोध सिर्जना गरिरहेका छन्। प्रदेश सार्वजनिक लेखा समितिमा प्राविधिक क्षमता र विशेषज्ञताको अभाव, लेखापरीक्षण प्रतिवेदन ढिला प्राप्त हुनु प्रमुख चुनौती रहेको छ। प्रदेशमा लेखा समितिले प्रतिवेदनमार्फत निर्देशन र सुझाव दिए पनि कार्यपालिकाले त्यसको पालना नगर्ने, ढिला गर्ने वा औपचारिक जवाफमै सीमित हुने प्रवृत्ति विद्यमान छ। संघ, प्रदेश र स्थानीय तहबीचको अधिकार क्षेत्र अस्पष्टताले पनि प्रदेश लेखा समितिलाई जटिल अवस्थामा पारेको छ।

## १०. भावी मार्गचित्र

प्रदेश सार्वजनिक लेखा समितिको कार्यक्षमता बढाउन र सुशासन प्रवर्द्धन सुनिश्चित गर्न निम्न सुधारका उपायहरू अवलम्बन गर्न सकिन्छ।

क. समितिलाई विज्ञ समूहको सहयोग उपलब्ध गराउने,
ख. अनुगमन र मूल्याङ्कन प्रणालीलाई प्रविधिमैत्री बनाउने,
ग. समितिको बैठक र निर्णयहरूलाई सार्वजनिक र पारदर्शी बनाउने,
घ. बेरुजू फछ्र्यौट नगर्ने पदाधिकारीलाई कडा कारबाहीको दायरामा ल्याउने।

## ११. निष्कर्ष

प्रादेशिक सभामा रहेका सार्वजनिक लेखा समिति सक्रिय, प्राविधिक रूपमा सक्षम र निष्पक्ष रहँदा मात्र संघीयताको वास्तविक लाभ भुइँतहका जनतासम्म पुग्छ। यस्ता समितिले बजेट कार्यान्वयनको निगरानी गर्दै भ्रष्टाचार न्यूनीकरण, बेरुजू फछ्र्यौट र प्रशासनिक कमजोरी सुधार गर्छन् भने सार्वजनिक स्रोतको सदुपयोग सुनिश्चित हुन्छ।

## सन्दर्भ सामग्री


*नेपालको संविधान*
*प्रतिनिधि सभा नियमावली, २०७९*
*संसदीय समिति अभ्यास (पहिलो संसददेखि संघीय संसदसम्म), २०७८*
*नेपालमा समिति प्रणाली (राष्ट्रिय सभा), २०७८*
*बागमती प्रदेश सभा नियमावली, २०७४*
*Best Practices of Public Accounts Committees*


❒❒

# समावेशी र समानुपातिक प्रतिनिधित्व लोकतन्त्रको आधार र सामाजिक न्यायको मार्ग



मा. सुना परियार

लोकतन्त्रको मूल आत्मा जनताको सहभागिता समानता र न्यायमा आधारित हुन्छ। तर केवल मतदानको अधिकारले मात्र लोकतन्त्रपूर्ण हुँदैन। जबसम्म समाजका सबै वर्ग, जात जाति, लिङ्ग, क्षेत्र, भाषा, धर्म, अपाङ्गता भएका व्यक्ति तथा पछाडि पारिएका समुदायहरूको निर्णय प्रक्रियामा वास्तविक र प्रभावकारी सहभागिता हुँदैन, तबसम्म लोकतन्त्र अपूर्ण रहन्छ। यही सन्दर्भमा समावेशी र समानुपातिक प्रतिनिधित्व लोकतान्त्रिक शासन प्रणालीको अनिवार्य आधारका रुपमा स्थापित भएको छ।

नेपालजस्तो बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक र बहुधार्मिक समाजमा समावेशी र समानुपातिक प्रतिनिधित्वको महत्व झन् गहिरो छ। ऐतिहासिक रुपमा केही वर्ग र समुदाय सत्ता स्रोत र अवसरबाट वञ्चित हुँदै आएका छन्। तिनै असमानता र विभेदलाई सम्बोधन गर्दै सबै नागरिकलाई राज्यको मूलधारमा ल्याउने उद्देश्यले समावेशी र समानुपातिक प्रतिनिधित्वको अवधारणा विकास भएको हो। समावेशी प्रतिनिधित्व भन्नाले समाजका सबै वर्ग र समुदायको राज्यका निकायहरू जस्तै संसद, सरकार, न्यायपालिका, सुरक्षा निकाय, प्रशासन, स्थानीय तह तथा नीति निर्माणका संरचनामा सहभागिता सुनिश्चित गर्नुहोस् यसले केवल उपस्थिति मात्र होइन निर्णय प्रक्रियामा अर्थपूर्ण भूमिका निर्वाह गर्ने अवसरलाई पनि जनाउँछ।समावेशिताले विशेषगरी निम्न समुदायलाई केन्द्रमा राख्छ।

महिला, दलित, आदिवासी, जनजाति, मधेसी, मुस्लिम, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसंख्यक र पिछडिएका क्षेत्रका नागरिक समावेशी प्रतिनिधित्वको लक्ष्य समान अवसर सम्मान र पहुँच सुनिश्चित गर्दै सामाजिक न्याय कायम गर्ने उद्देश्य हो।

**समानुपातिक प्रतिनिधित्वको अर्थः-**

समानुपातिक प्रतिनिधित्व भनेको जनसङ्ख्याको अनुपात अनुसार विभिन्न समुदायको प्रतिनिधित्व सुनिश्चित गर्ने प्रणाली हो। यसले "एक व्यक्ति एकमत" सिद्धान्तलाई अझै सशक्त बनाउँदै संसद वा अन्य निकायमा जनमतको वास्तविक प्रतिबिम्ब देखाउने प्रयास गर्छ। उदाहरणका लागि यदि कुनै समुदाय कुल जनसङ्ख्याको कति प्रतिशत छ भन्ने नीति निर्माण गर्ने निकायमा प्रत्येक समुदायको करिब त्यही अनुपातमा उपस्थिति हुनु समानुपातिक प्रतिनिधित्व हो। यसले बहुसंख्यिकको मात्र होइन अल्पसंख्यकको आवाजलाई पनि स्थान दिन्छ।

नेपालमा समावेशी र समानुपातिक प्रतिनिधित्वको पृष्ठभूमिलाई हेर्ने हो भने नेपालको इतिहास लामो समयसम्म केन्द्रीकृत शासन प्रणाली जातीय सामाजिक विभेद लैङ्गिक असमानताले ग्रसित रह्यो।

राज्य सत्ता सीमित वर्ग र समुदायमा केन्द्रित हुँदा अधिकांश नागरिक नीति निर्माण र निर्णय प्रक्रियाबाट बाहिर परे।

२०६२/६३ को जनआन्दोलनपछि नेपालले सङ्घीय लोकतान्त्रिक गणतन्त्रको यात्रा सुरु गऱ्यो। यस आन्दोलन को एक प्रमुख माग नै समावेशी र समानुपातिक राज्य संरचना थियो। त्यसकै परिणामस्वरूप २०७२ सालको संविधानले समावेशिता र समानुपातिक प्रतिनिधित्वलाई मौलिक सिद्धान्तका रुपमा अंगीकार गर्‍यो।

## नेपालको संविधान र कानुनी व्यवस्था

- नेपालको संविधान २०७२ ले समावेशी र समानुपातिक प्रतिनिधित्वलाई विभिन्न धारामा स्पष्ट रुपमा उल्लेख गरेको छ।
- धारा ४२ को सामाजिक न्यायको हक
- धारा ८४ उपधारा २ मा संघीय संसदमा समानुपातिक निर्वाचन प्रणाली
- धारा १७६ मा प्रदेश सभाको गठन
- धारा २१५ मा स्थानीय तहमा समावेशी सहभागिता
- समावेशी सिद्धान्त राज्यका सबै संरचनामा प्रतिनिधित्व सुनिश्चित गर्ने व्यवस्था र संसदको प्रतिनिधित्व प्रत्यक्ष र समानुपातिक सहभागी हुने व्यवस्था गरिएको छ। जसले सबै समुदायलाई अवसर प्रदान गरेको छ।

## महिला प्रतिनिधित्वको अवस्था :-

समावेशी प्रतिनिधित्वको सन्दर्भमा महिलाको सहभागिता अत्यन्त महत्वपूर्ण विषय हो। नेपालको संविधानले संघीय संसद र स्थानीय तहमा कम्तिमा ३३% महिला सहभागिता सुनिश्चित गरेको छ। स्थानीय तहमा प्रमुख वा उपप्रमुखमध्ये एक महिला अनिवार्य गरिएको व्यवस्था ऐतिहासिक उपलब्धि मानिन्छ। यसले महिलालाई केवल प्रतिकारात्मक उपस्थिति मात्र होइन नेतृत्व भूमिकामा ल्याउन सहयोग गरेको छ। यद्यपि नीति निर्माणको उच्च तहमा अझै पनि महिलाको प्रभावकारी सहभागिता चुनौतीकै रुपमा रहेको छ।जनसङ्ख्याको आधारमा जति प्रतिनिधित्व हुनुपर्ने हो अझसम्म पनि राज्यले त्यसलाई प्रतिनिधित्व गराउने आट गर्न सकेको छैन।

नेपालमा समानुपातिक समावेशी सिद्धान्तले महिलाको प्रतिनिधित्वलाई संवैधानिक र संरचनात्मक रुपमा सुनिश्चित गरेको छ। तर प्रत्यक्ष चुनाव नेतृत्व निर्माण तहमा वास्तवमै अर्थपूर्ण प्रतिनिधित्व अझै पुरा भएको छैन।

समानुपातिक समावेशी प्रणालीले महिलालाई राजनीतिक भागीदारीमा पुर्याउन महत्वपूर्ण भूमिका खेलेको त छ तर प्रत्यक्ष निर्वाचन नेतृत्व र निर्णय तहमा महिलाको उपस्थिति अझै न्यून नै छ। जसले प्रतिनिधित्वको गुणस्तरमा सुधारको माग बढाएको छ।

धेरै सक्रिय महिलाहरू संगठन तथा केही राजनीतिक नेताहरूले प्रतिनिधित्वलाई ५१ प्रतिशत सम्म पुऱ्याउने कानुनी सिफारिस पनि अघि सारेका छन्।

## दलित, आदिवासी जनजाति र मधेसी समुदायः-

नेपालको संविधान २०७२ ले राज्य संरचनाका सबै निकायमा समावेशी र समानुपातिक प्रतिनिधित्व सुनिश्चित गर्दै दलित समुदायका लागि विशेष अधिकारको व्यवस्था गरेको छ। संघ, प्रदेश र स्थानीय तहदेखि निजामती सेवा सुरक्षा निकाय शिक्षा स्वास्थ्य लगायत का क्षेत्रमा दलित समुदायका लागि आरक्षण तथा कोटा निर्धारण गरिनुले प्रतिनिधित्वको ढोका कानुनी रुपमा खुला गरेको छ।

तर संविधानले परिकल्पना गरेको समानुपातिक समावेशिताको वास्तविक कार्यान्वयन अझै पूर्ण रुपमा हुन सकेको छैन। दलित समुदायको प्रतिनिधित्व औपचारिक सहभागिता सीमित हुँदा नीतिनिर्माण र निर्णय प्रक्रियामा प्रभावकारी पहुँच अभाव देखिन्छ।

अन्य जातिको तुलनामा दलित समुदाय नेपालमा ऐतिहासिक रूपमा सबैभन्दा बढी विभेद सामाजिक बहिष्कार र आर्थिक शोषणको सामना गर्नुपरेको समुदाय हो। जनसङ्ख्याको करिब १३.८% हिस्सा ओगट्ने दलित समुदायको उपस्थिति राज्यको मुख्य नेतृत्व तहमा भने न्यून छ। राजनीतिक दलहरूको उच्च नेतृत्व मन्त्री, मुख्यमन्त्री प्रमुख प्रशासक संवैधानिक

आयोगका प्रमुख सुरक्षा निकायका प्रमुख जस्ता निर्णायक पदमा दलित सहभागिता संख्याको अनुपातमा देखिँदैन।

त्यसैले समावेशी समानुपातिक प्रतिनिधित्वलाई सार्थक बनाउन सामाजिक विभेद अन्त्य शिक्षा आर्थिक सशक्तिकरण र शक्ति बाँडफाडमा दलित सहभागिता अनिवार्य गर्नुपर्छ। जब दलित, जनजाति मधेसी समुदाय राज्यका नीति स्रोत र शक्ति निर्माणका तहमा समानुपातिक रुपमा सहभागी हुन्छ तब मात्र लोकतन्त्र वास्तवमै समावेशी र न्यायपूर्ण बन्न सक्छ।

समानुपातिक प्रतिनिधित्व प्रणाली मार्फत दलित, जनजाति, मुस्लिम, अल्पसंख्यक समुदाय संसद र स्थानीय तहमा प्रवेश गर्न सकेका छन् यसलाई हामीले सकारात्मक र समाज र देशको एकदमै राम्रो पक्षमा लिनुपर्छ।

त्यसैले आदिवासी जनजाति मधेसी समुदायको आफ्नो अधिकार र आवाज राज्य संयन्त्रमा राख्ने अवसर नेपालको संविधानले प्रदान गरेको छ। यसले राष्ट्रिय एकता र सामाजिक सद्भावलाई बलियो बनाएको छ।

## समावेशी प्रतिनिधित्वका सकारात्मक प्रभावहरूः-

समावेशी प्रतिनिधित्व केवल सहभागिता बढाउने साधन मात्र होइन यो समानता न्याय लोकतन्त्र विकास सामाजिक एकता र नागरिक विश्वास निर्माण गर्ने आधार हो। यसले राज्यलाई सबै नागरिकको साझा घर र साझा भविष्यको संरचनामा रूपान्तरण गर्छ। जुन समृद्ध न्यायपूर्ण र दिगो समाज निर्माणका लागि अनिवार्य सर्त राज्यका नीति निर्माण प्रशासन न्याय सुरक्षा राजनीति तथा विकास संरचनामा सबै जातजाति समुदायको सम्मान र अर्थपूर्ण न्याय संगत सहभागिता सुनिश्चित गर्छ। यसको सकारात्मक प्रभाव बहुआयामिक र दीर्घकालीन हुन्छ।

### * सामाजिक न्याय र समानताको प्रवर्धन

समावेशी प्रतिनिधित्वले ऐतिहासिक रुपमा पछाडि पारिएका समुदायलाई अवसरको मूलधारमा ल्याउँछ जसले समाजमा न्याय र समानताको भावना बलियो बनाउँछ। विशेषत दलित महिला जनजाति मधेसी पिछडिएका क्षेत्रका नागरिकहरूले आफूलाई राज्यको संरचनामा देख्न पाउँदा आत्मसम्मान र नागरिक विश्वास वृद्धि हुन्छ।

### *लोकतन्त्रको सुदढीकरण

लोकतन्त्र तब मात्र बलियो हुन्छ जब शासन संरचनाले समाजको वास्तविक विविधता झल्काउँछ। निर्णय प्रक्रियामा विविध समुदायको उपस्थिति हुँदा लोकतन्त्र कागजी मात्र नभई जीवित र व्यवहारिक बन्छ। यसले राजनीतिक स्थायित्व र सहभागितामूलक लोकतन्त्रलाई सुदृढ बनाउँछ।

## *नीति तथा निर्णयको गुणस्तर सुधार

विविध पृष्ठभूमिका प्रतिनिधि हुँदा समस्याको बहुपक्षीय विश्लेषण सम्भव हुन्छ। उदाहरणका लागि दलित समुदायको प्रत्यक्ष सहभागी हुँदा छुवाछुत गरिबी भूमिमा पहुँच शिक्षा रोजगारी जस्ता मुद्दामा अझ प्रभावकारी र वास्तविक समाधान मुखी नीति बन्न सक्छ। यसले नीति निर्माणको प्रभावकारिता र गुणस्तर वृद्धि गर्छ।

## *राज्यप्रति नागरिकको भरोसा वृद्धि

जब कुनै समुदायले राज्यका संरचनामा आफ्नो आवाज र आफ्नो अनुहार देख्छ तब राज्यप्रतिको विश्वास स्वत बढ्छ। प्रतिनिधित्वको अभावले सिर्जना गर्ने निराशा आक्रोश र बहिष्करण घट्दै जान्छ। यसले सामाजिक एकतामा मजबुत बनाउँछ।

## *आर्थिक तथा विकास प्रक्रियामा समावेशी वृद्धि

सीमान्तकृत समुदायलाई नेतृत्व तहमा ल्याउँदा विकास योजना सबैका आवश्यकता सम्बोधन गर्ने गरी बन्छ स्रोत वितरण बजेट विनियोजन र विकास प्रभावकारितामा समावेशी दृष्टिकोण आउँदा आर्थिक विकासको नाम समाजका सबै तहमा फैलिन्छ यसले गरिबी न्यूनीकरण र सामाजिक आर्थिक रूपान्तरणलाई तीव्र बनाउँछ।

## *सामाजिक सद्भाव र एकताको मजबुती

राज्यका संरचनामा विवि ध समुदायको सन्तुलित सहभागिताले विभेद द्वन्द असन्तोष र क्षेत्रीय वा जातीय तनाव घटाउँछ। साझा स्वामित्वको भावना बढ्दै जाँदा सामाजिक सद्भाव बलियो हुन्छ। जुन राष्ट्र निर्माणको आधार हो।

## *विभेद विरुद्ध संरचनागत प्रतिरोध

प्रतिनिधित्वले विभेद विरुद्ध आवाज उठाउने मात्र होइन विभेद हटाउने संरचनागत शक्ति समेत निर्माण गर्छ। नीति कानुन र संस्थागत अभ्यास मार्फत विभेद हटाउन समावेशी नेतृत्वको दीर्घकालीन भूमिका खेल्छ।

## *नेतृत्व विकास र सशक्तिकरण

समावेशी प्रतिनिधित्वले पिछडिएका समुदायमा नयाँ नेतृत्व जन्माउने वातावरण बनाउँछ। महिलाहरू दलित युवाहरू लगायतका समूहहरू सार्वजनिक नेतृत्वमा आउँदा भावी पुस्ताका लागि प्रेरणा आत्मबल र सशक्तिकरणको आधार तयार हुन्छ।

## विद्यमान चुनौतीहरू

नेपालमा समावेशी प्रतिनिधित्व संवैधानिक रूपमा सुनिश्चित भएपनि व्यवहार र कार्यान्वयनमा अनेकौं चुनौतीहरू देखिन्छ। समावेशी प्रतिनिधित्व नेपालको लोकतन्त्रको आधारभूत आत्मा

हो। तर संख्यात्मक उपस्थिति मात्र होइन गुणात्मक, प्रभावकारी र अधिकारसहितको सहभागितामा रुपान्तरण हुन सके मात्र अर्थपूर्ण हुन्छ। विद्यमान चुनौती समाधानका लागि राज्य, राजनीतिक दल, नागरिक समाज र समुदाय स्वयंले नेतृत्व विकास निष्पक्ष छनोट प्रणाली तथा आर्थिक सशक्तिकरण र कडा अनुगमन संयन्त्र निर्माणमा जोड दिन आवश्यक छ।

***कानुनी व्यवस्था र कार्यान्वयन बीचको खाडल**

संविधान र नीतिले समावेशिता अनिवार्य भनेपनि नियुक्ति, अवसर, बजेट वितरण तथा निर्णय तहमा कार्यान्वयन कमजोर छ। नीति कागजमा बलियो र व्यवहारमा फितलो देखिन्छ।

***निर्णयकारी तहमा पहुँच सीमित**

समुदायगत प्रतिनिधित्व सङ्ख्याको रूपमा बढेपनि प्रभावकारी निर्णय क्षमता सहितको सहभागितामा न्यून छ। प्रतिनिधि त पुग्छन् तर निर्णय प्रक्रियालाई प्रभाव पार्ने अधिकार सीमित रहेको छ।

***समानुपातिक प्रणालीमा संरचनागत विकृति**

राजनीतिक दलहरूले समानुपातिक सूचीलाई समावेशी बनाउनुको सट्टा पहुँचवाला नातावाद र आर्थिक प्रभाव भएकालाई प्राथमिकता दिने प्रविधि बढ्दो छ। लक्षित समुदायभित्र पनि वास्तविक रुपमा आवाज उठाउने व्यक्ति छनोटमा पर्दैनन्।

***आर्थिक र सामाजिक असमानता**

दलित, महिला, आदिवासी, जनजाति, मधेसी, मुस्लिम, अपाङ्गता भएका व्यक्ति लगायत समुदाय आर्थिक रूपमा कमजोर हुँदा राजनीतिक, प्रशासन, शिक्षा र नेतृत्व विकासका अवसरमा प्रतिस्पर्धा गर्न कठिन हुन्छ। समावेशिता गर्ने संरचना भएपनि प्रतिस्पर्धाको आधारमा समान मैदान छैन।

***शिक्षा नेतृत्व विकासको अभाव**

लक्षित समुदायमा गुणस्तरीय शिक्षा राजनीतिक प्रशिक्षण नेतृत्व क्षमता विकास तथा नीति निर्माण सम्बन्धी पहुँच अझै पर्याप्त छैन जसले गर्दा प्रतिनिधित्व औपचारिक मात्र बन्ने जोखिम रहन्छ।

***सांस्कृतिक मनोवैज्ञानिक अवरोध**

सामाजिक विभेद पूर्वाग्रह जातीय छुवाछुत लैङ्गिक सोच र ऐतिहासिक वहिष्करण प्रतिनिधि सहज स्वीकार नगर्ने वातावरण अझै कतिपय क्षेत्रमा विद्यमान छ।प्रतिनिधि भइसके पनि सामाजिक स्वीकृति चुनौतीको रुपमा रहन्छ।

***समुदायभित्रको विविधता सम्बोधन नहुनु**

समावेशी सूची समुदायगत रूपमा त बन्छ तर समुदायभित्रको क्षेत्रीय वर्गीय लैङ्गिक विचारगत विविधता सम्बोधन हुँदैन। एउटा समूह भित्र पनि उपसमूहले मात्र अवसर पाउने समस्या छ।

***निगरानी र मूल्याङ्कन संयन्त्र कमजोर**

समावेशिता मापन अनुगमन प्रभाव मूल्याङ्कन र जवाफदेहिताका लागि बलियो स्वतन्त्र संयन्त्र पर्याप्त प्रभावकारी छैनन्। उल्लङ्घन भएपनि दण्ड वा सुधार प्रक्रिया कमजोर रहेको छ।

समावेशितालाई प्रभावकारी बनाउने उपायहरू समावेशी सिट मात्र होइन आवाज पहुँच प्रभाव र सम्मान पनि हो। यसलाई प्रभावकारी बनाउन नीति स्रोत क्षमता अनुगमन र व्यवहार परिवर्तन एकसाथ अघि बढ्नुपर्छ।समावेशीलाई प्रभावकारी बनाउने उपायहरू लाई प्राथमिकतामा राख्नुपर्छ।

***स्पष्ट नीति र कार्यान्वयन योजना**

समावेशिता संविधान र कानुनमा मात्र होइन संस्थागत कार्ययोजना, समय, सीमा र मापन योग्य लक्ष्य Key Performance Indicator (KPI) सहित लागू गरिनुपर्छ।

***समानुपातिक प्रतिनिधित्व सुनिश्चित**

दलित, महिला, जनजाति, मधेसी, अपाङ्गता भएका व्यक्ति, अल्पसंख्यक लगायतलाई जनसङ्ख्या र आवश्यकता अनुसार निर्णायक तहमा स्थान दिनुपर्छ।

***क्षमता विकास र नेतृत्व निर्माण**

छात्रवृत्ति, तालिम, लोकसेवा, नेतृत्व तयारी कार्यक्रमहरू विशेष समुदाय लक्षित गरी सञ्चालन गरिनुपर्छ।आरक्षण मात्र होइन अवसरमा निरन्तर सहयोग नियुक्ति वा कोटामा मात्र सीमित नगरी career growth पदोन्नति नेटवर्किङ र निर्णय प्रक्रियामा सक्रिय सहभागिता सुनिश्चित गर्नुपर्छ।

***डेटामा आधारित अनुगमन प्रणाली**

प्रतिनिधित्व बजेट पहुँच सेवा वितरण र सहभागिताको नियमित तथ्याङ्क सङ्कलन सार्वजनिक रिपोर्टिङ र मूल्याङ्कन गरिनुपर्छ।

***समावेशी बजेट**

Gender and social inclusion budgeting स्थानीयदेखि संघीय तहसम्म बजेटमा लक्षित समुदायको पहुँच र प्रभाव मूल्याङ्कन गरी स्रोत वितरण न्यायपूर्ण बनाउनुपर्छ।

***भेदभावविरुद्धको कडा संयन्त्र**

कार्यस्थल विद्यालय सार्वजनिक सेवा क्षेत्रमा हुने छुवाछुत भेदभाव विरुद्ध गुनासो दर्ता छानबिन र दण्ड कार्यान्वयन छिटो र निष्पक्ष हुनुपर्छ।

*समुदायको आवाज नीतिनिर्माणमा समावेश नीति बनाउँदा प्रभावकारी समुदायसँग अनिवार्य परामर्श सार्वजनिक सुनुवाई र सुझाव समावेश गर्ने प्रणाली लागू गर्नुपर्छ।

***समावेशी डिजिटल पहुँच**

सूचना आवेदन तालिम सरकारी सेवाहरू अनलाइन उपलब्ध गराउँदा ग्राफिक र सीमान्तकृत समुदायको इन्टरनेट डिजिटल साक्षरता पहुँच पनि विस्तार गर्नुपर्छ। समावेशी पाठ्यक्रम र सचेतना विद्यालय विश्वविद्यालय तहदेखि नै सामाजिक विविधता समानता र दलित इतिहास संस्कृति समेटेको पाठ्यक्रम लागु गरी सोचमा परिवर्तन ल्याउनुपर्छ। समावेशिता मूल्याङ्कनलाई बाध्यकारी बनाउने हरेक सार्वजनिक निकायको वार्षिक मूल्याङ्कनमा समावेशी सूचक अनिवार्य राखी परिणामका आधारमा पुरस्कार दण्ड सजाय प्रणाली लागू गर्नुपर्छ। समावेशीलाई अधिकार र अवसरको संयोजनका रूपमा बुझ्न सक्नुपर्छ।

अन्तमा,

समावेशी र समानुपातिक प्रतिनिधित्व केवल कानुनी व्यवस्था वा राजनीतिक नारा मात्र होइन यो सामाजिक रूपान्तरणको आधार हो। नेपाल जस्तो विविधतायुक्त समाजमा सबै नागरिकलाई समान सम्मान अवसर र सहभागिता बिना समृद्ध सम्भव छैन। लोकतन्त्र तब मात्र बलियो हुन्छ जब संसद सरकार र राज्यका सबै संरचनामा समाजको वास्तविक चित्र प्रतिबिम्बित हुन्छ। त्यसैले समावेशी र समानुपातिक प्रतिनिधित्वलाई व्यवहारमा उतार्दै सामाजिक न्याय, समानता र राष्ट्रिय एकताको आवश्यकता हो। लोकतन्त्रको सफलता सबैको मत गर्ने र मात्र होइन सबैको आवाज सुनेर न्यायपूर्ण ढंगले सबैको साझेदारी सबैभन्दा वैज्ञानिक व्यावहारिक अभ्यास समावेशी र समानुपातिक प्रतिनिधित्व हो ।

❒❒

# प्रदेश सभा संचालन कार्यविधि र कार्यप्रक्रिया



**रामकुमार पौडेल**
प्रदेश सभा सचिव

*<u>लेखसार</u>*

*प्रदेश सभा सचिवालय सभा र समितिको काम कार्वाही सुचारु रुपमा सञ्चालन गर्नु प्रमुख दायित्व रहेको प्रशासनिक निकाय हो। यसै सचिवालयबाट विधायिकी कार्यमा सभाका सदस्यहरूलाई सेवा सुविधा उपलब्ध गराउने, सभा र समितिको प्रशासनिक आर्थिक र भौतिक व्यवस्थापन सम्बन्धी कार्य गर्दछ। यसमा अतिरिक्त सूचना प्रणाली व्यवस्थित गर्ने, सभा र समितिको निर्णय कार्यान्वियन गर्ने गराउने, संसदीय अध्ययन अनुसन्धान र संसदीय दलको कार्यालय व्यवस्थापन जस्ता कार्य सम्पादन गर्दछ। यसै सन्दर्भमा प्रदेश सभाको बैठकमा प्रस्तुत हुने विविधि किसिमका विषयवस्तुहरूलाई स्पष्टताका साथ व्यवस्थित ढङ्गबाट तयारी गर्नु पर्ने हुन्छ। सभाको बैठक संचालन औपचारिक रुपमा हुने गर्दछ। बैठक प्रारम्भ भएपछि बिना अलमल कार्यसूचीका कार्यहरू सिलसिलावद्ध रुपमा हुनुपर्दछ। बैठकमा प्रस्तुत हुने विषयहरूमा कार्यविधि एवं कार्य प्रणालीमा केही समान प्रक्रिया र केही फरक प्रकृतिको हुने गर्दछ। यसरी सभामा प्रस्तुत हुने विषयहरूलाई कसरी प्रस्तुत गर्ने भन्ने सम्बन्धमा नेपालको संविधान, नियमावली र संसदीय अभ्यास परम्परा अवलम्बन गरी प्रदेश सभा सचिवालयले कार्य गर्दछ। यस लेखमा प्रदेश सभाको बैठक सञ्चालनको कार्यविधि र कार्यप्रकृयालाई संक्षेपमा प्रस्तुत गर्ने प्रयास गरिएको छ।*

सम्वत् २०७२ सालमा जारी भएको नेपालको संविधानले एकात्मक राज्य व्यवस्थालाई संघीयतामा परिवर्तन गरी तीन तहमा राज्य शक्तिको बाँडफाँड गरी राज्यको शासकीय स्वरूपमा परिवर्तन गरेको छ। संघ प्रदेश र स्थानीय तहमा अधिकारको बाँडफाँड गर्दा एकल र संयुक्त तहमा त्यस्तो अधिकार विभाजन गरिएको छ। कार्यपालिका र व्यवस्थापिका तीन तहमै रहनेछन्। व्यवस्थापिकातर्फ संघमा संघीय संसद रहेको छ। प्रदेश तहमा प्रदेश सभा रहेको छ। संघीय संसद प्रतिनिधि सभा २७५ सदस्य र सात प्रदेश सभामा कुल जम्मा ५५० सदस्य रहेका छन्। प्रदेश सभामा सदस्यहरूको सङ्ख्यामा भिन्नता रहेको पाईन्छ।

नेपालको संविधानले प्रदेश सभाको गठन र काम कारबाही लगायतका विषयमा स्पष्ट व्यवस्था गरेको छ। त्यसैगरी संविधानको धारा १९४ ले सभाको नियमावली बनाई काम कारबाही गर्ने नियमित र व्यवस्थित गर्न सक्ने गरी अधिकार प्रदान गरेको छ। यसरी प्रदेश सभाको काम कारबाही नेपालको संविधान, सभाको नियमावली, संसदीय अभ्यास र परम्पराबाट सञ्चालन हुँदै आएको पाइन्छ।

प्रदेश तहमा प्रदेश व्यवस्थापिकाको रूपमा प्रदेश सभा रहने र त्यसको मुख्य कार्यहरूमा कानुन बनाउने, सरकार बनाउने, सरकारको वार्षिक नीति तथा कार्यक्रम पारित गर्ने, बजेट पारित गर्ने प्रदेश सरकारबाट भए गरेका काम कारबाहीको बारेमा अध्ययन अनुगमन, मूल्याङ्कन छलफल गर्ने र सो सम्बन्धी प्रतिवेदन सभामा लैजाने जस्ता कार्य रहेको छ। सभाको कार्य एवं सभा सञ्चालनको कार्य विधि एवं कार्य प्रक्रियाहरू संक्षेपमा देहाय बमोजिम उल्लेख गरिएको छ।

१. **अधिवेशन आह्वान र अन्त्य तथा सदस्यहरूको उपस्थितिः** प्रदेश सरकारको सिफारिसमा प्रदेश प्रमुखबाट संविधानको धारा १८३ बमोजिम प्रदेश सभाको अधिवेशनको आह्वान हुनेछ र सो सम्बन्धी सूचना सचिवले सदस्यहरूलाई दिने व्यवस्था रहेको छ। प्रदेश प्रमुखबाट अधिवेशन अन्त्य भएमा सो सम्बन्धी सूचना बैठकमा पढेर सुनाउने र बैठक स्थगित भएको अवस्थामा पनि सचिवले सूचना पत्रद्वारा सदस्यहरूबाट जानकारी दिनुपर्नेछ। सदस्यहरूलाई बैठक स्थगित भएको अवस्थामा जानकारी दिनुपर्नेछ। सभाका सदस्यहरूले बैठकमा उपस्थिति जनाउनुपर्ने र सभाको बैठक कक्षामा सभामुखले निर्धारण गरेको क्रम र स्थान एवं आसनमा बस्नुपर्नेछ भने अपाङ्गता भएका सदस्यहरूको हकमा एकजना सहयोगी व्यक्ति समेतलाई सभामुखले बस्ने अनुमति दिन सक्ने व्यवस्था रहेकोछ।

२.**बैठक सञ्चालन र स्थगनः-** सभाको नियमावलीको अधिनमा रही सभामुखले सभाको कार्यबोझलाई ध्यानमा राखी तोकेको दिनहरूमा बैठक बस्ने र सभाको बैठकहरू सभामुखले निर्धारण गरेको समयमा सुरु हुनेछ। त्यसरी तोकिएको बैठक आह्वान गरेको समयबाट दुई घण्टासम्म पनि सुरु हुन नसकेमा अर्को बैठकको सूचना गर्नुपर्नेछ। त्यसैगरी तोकिएको दिन समय वा कार्यक्रममा परिवर्तन भएमा त्यसको कारण सहितको सूचना प्रकाशन र विद्युतीय सञ्चारमाध्यमबाट सदस्यहरूलाई दिनुपर्ने व्यवस्था रहेकोछ। प्रत्येक बैठकको प्रारम्भ तथा अन्त्यको घोषणा सभामुख उपसभामुखबाट हुनेछ। अधिवेशन प्रारम्भमा दलीय आधारमा बोल्न समय दिइने, बैठकमा मन्त्रीको उपस्थिति अनिवार्य हुने र कुनै खास विषयमा हुने छलफलमा सम्बन्धित मन्त्री अनिवार्य उपस्थिति हुनुपर्ने तथा बैठक सञ्चालनमा सबै पदाधिकारीले सहयोग गर्नुपर्नेछ।

३. **सभामुख/उपसभामुखको निर्वाचन र अध्यक्षता गर्ने सदस्यहरूको मनोनयनः** सभामुखको निर्वाचन संविधानको धारा १८२ को परिधिभित्र रही तोकिएको दिनमा हुनेछ। सो सम्बन्धी

सूचना सचिवले प्रकाशन गर्ने र सभामुख पदमा सभाका कुनै सदस्यलाई निर्वाचित गरियोस् भन्ने प्रस्तावमा एकजना सदस्यको समर्थन सहितको सूचना दिनुपर्नेछ। सो प्रस्ताव सभाको बैठकमा प्रस्तुत हुनेछ। प्रस्तावक सदस्यले प्रस्ताव गरेपछि समर्थक सदस्यबाट समर्थन हुनेछ। त्यस्तो प्रस्ताव एउटा मात्र भए बैठकको अध्यक्षता गर्ने सदस्यले निर्विरोध निर्वाचित भएको घोषणा हुनेछ र एकभन्दा बढी सूचना भएमा सबै प्रस्तावहरू प्रस्तुत भएपछि सामूहिक छलफल हुनेछ र त्यसपछि क्रमश प्रस्तावहरूलाई निर्णयार्थ प्रस्तुत गरिनेछ। त्यस्तो निर्णय मत विभाजनबाट गरिनेछ। मत संकलन गर्दा बहुमत प्राप्त प्रस्तावका सदस्यको पक्षमा बहुमत भएमा सभामुख पदमा निर्वाचित हुने व्यवस्था रहेको छ। उपसभामुखको निर्वाचन सभामुखले तोकेको दिनमा हुनेछ। अन्य प्रक्रिया सभामुखको निर्वाचन प्रक्रिया अनुसार नै हुनेछ त्यसैगरी सभामुख र उपसभामुखको अनुपस्थितिमा बैठकको अध्यक्षता गर्न प्रत्येक अधिवेशनको प्रारम्भमा बढीमा पाँच जना सदस्यलाई सभामुखले मनोनयन गर्न सकिने व्यवस्था रहेकोछ।

४. **बैठकको सामान्य कार्यविधिः** प्रत्येक बैठकको कार्यसूची सभामुखको निर्देशनमा सचिवले तयार गरी बैठक बस्नु भन्दा अगावै सदस्यहरूलाई दिनुपर्नेछ। कार्यसूचीमा नपरेको कुनै विषयमा बैठकमा सो दिन विचार गर्न सकिने छैन। त्यसैगरी सभामुखले अन्यथा आदेश दिएमा बाहेक सूचना दिनुपर्ने कुनै पनि कार्य गर्न आवश्यक र अन्य प्रक्रिया पूरा नभएसम्म दैनिक कर्यसूचीमा राखिने छैन।

५. **बैठकको प्रारम्भ र पालना गर्नुपर्ने नियमहरूः** बैठक कक्षमा सभामुखको आगमन भई राष्ट्रिय धुन बजेपछि बैठक प्रारम्भ हुनेछ। सभामुख बैठक कक्षमा प्रवेश गरेपछि सबै सदस्यले सम्मान प्रकट गर्न उठ्नुपर्ने र सभामुखले बैठकलाई सम्मान प्रकट गरी आसन ग्रहण गर्नुपर्ने, बैठकमा बोल्नुपर्ने अवस्था आएमा सभामुखको ध्यानाकर्षणको लागि उठ्नुपर्ने र सभामुखले नाम बोलाएपछि वा इसारा गरेपछि मात्र बोल्नुपर्ने, सभामुखलाई सम्बोधन गरी बोल्नुपर्ने र उभिएर बोल्नुपर्ने, सभामुख आसन र बोलिरहेको सदस्यको बीचबाट हिड्न र सभामुखको आसनतर्फ पिठ्यू फर्काएर बस्नु नहुने, बैठकको कार्यसँग सम्बन्धित विषय बाहेकका अन्य पुस्तक, पत्रपत्रिका वा अन्य कागजात पढ्न र मोबाईल वा अन्य विद्युतीय उपकरण प्रयोग गर्न नहुने र सदन वा सभामुखको कुनै निर्णय बदर गरियोस् भन्ने प्रस्तावमा छलफल गर्दा बाहेक सदन वा सभामुखको कुनै पनि निर्णयको आलोचना गर्नु नहुने।

६. **छलफलमा भाग लिने सदस्यले पालना गर्नुपर्ने नियमहरूः** बैठकमा भाग लिने सदस्यले नियमको पालना गरी बैठकमा सुव्यवस्था कायम गर्नुपर्नेछ। कुनै सदस्यले बोलिरहेको समयमा अशान्ति, मर्यादा भंग वा असभ्यता उत्पन्न हुने कुनै काम गर्न नहुने, सभामुखले पद अनुकुलको आचरण गरेको छैन भन्ने प्रस्ताव वा निर्णय बदर गरियोस् भन्ने प्रस्ताव माथि छलफल गर्दा बाहेक सभामुखको आचरण र निर्णयको आलोचना गर्न नहुने, संविधानले बन्देज लगाएको धारा

११९ बमोजिम बहसमा बन्देज लगाएको विषयमा बोल्नु नहुने, अशिष्ट, अश्लिल, अपमानजनक वा कुनै आपत्तिजनक शब्द बोल्नु नहुने, बैठकमा बाधा पार्ने मनसायले बोल्नु नहुने, सभाको कार्यसँग प्रत्यक्ष सम्बन्धित विषय बाहेक असम्बन्धित विषयमा बोल्नु नहुने जस्ता नियमहरू रहेका छन्।

७. **छलफलमा बोल्ने क्रम र सम्वद्धताः** सभामुखको अनुमतिमा कार्सूचीमा रहेको विषय अनुसारको प्रस्ताव पेश गर्ने सदस्यले बोलिसकेपछि सभामुखले नाम बोलाएपछि वा इशारा गरेको क्रम बमोजिमका सदस्यले बोल्न पाउने, प्रस्ताव पेश गर्ने सदस्यले छलफलको अन्त्यमा उत्तर दिन बोल्न पाउने, संशोधन प्रस्तुत गर्ने सदस्यलाई सभामुखको अनुमति विना उत्तर दिने अधिकार नहुने, उत्तर दिईसकेपछि छलफल समाप्त भएको मानिनेछ। छलफलमा भाग लिने सदस्यले असम्बन्धित विषयमा बोलेमा सभामुखले बैठकको ध्यानाकर्षित गर्दै बोल्न बन्द गर्न आदेश दिन सक्ने र त्यसरी आदेश भएमा बोल्ने सदस्यले बोल्न बन्द गरी आसन ग्रहण गर्नुपर्नेछ।

८. **स्पष्टीकरण माग गर्न सक्ने र नियमापत्ति सम्बन्धी कार्यविधिः** बैठक चलिरहेको समयमा सम्बन्धित विषयमा स्पष्टीकरण माग गर्न सक्ने र अनुमति प्राप्त भएमा सो विषयमा थप जानकारी प्रस्तुत गर्न सकिने र त्यस्तो जानकारी प्रस्तुत गर्दा विवादास्पद विषय उठाउन नपाउने र सो उपर छलफल समेत नहुने व्यवस्था रहेको छ। त्यसैगरी बैठकमा छलफल भईरहेको विषयको छलफल समाप्त गरियोस् भन्ने प्रस्ताव प्रस्तुत गर्न सकिने र सभामुखलाई छलफल समाप्त भयो भन्ने लागेमा निर्णयार्थ प्रस्तुत गर्न सकिनेछ। त्यसउपर निर्णय भएमा मुल प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्न सकिनेछ।

बैठकमा बोलिरहेको सदस्यबाट नियमावलीको कुनै नियम उल्लङ्घन भएको लागेमा सदस्यहरूले नियमापत्ति उठाउन सक्नेछन्। त्यसरी नियमापत्ति उठाउँदा आसनबाट उठी सभामुखको अनुमतीले आफ्नो भनाई राख्दा कुन नियम उल्लङ्घन भएको हो सो कुरा भन्नुपर्ने र त्यस अवसरमा बोलिरहेको सदस्य रोकिनुपर्ने र सभामुखले नियमापत्तिको विषयमा निर्णय तत्काल गर्नुपर्नेछ।

९. **बैठकले निर्णय गर्ने तरिकाः** सभामा विचाराधिन रहेका प्रस्तावहरू निर्णयार्थ प्रस्तुत गर्दा प्रश्नको रुपमा पेश हुनेछ। प्रस्तावको पक्षमा हुने सदस्यहरूलाई हुन्छ र विपक्षमा रहने सदस्यलाई हुन्न भन्ने शब्द उच्चारण गर्न लगाउनु पर्ने र जुन पक्षमा बहुमत हुन्छ त्यही पक्षमा प्रस्ताव पारित भएको घोषणा हुनेछ।

ध्वनीमतबाट भएको निर्णयमा सभामुखको घोषणामा असहमति नभएमा सभाको निर्णय मानिन्छ र सो उपर पुन छलफल गर्न, संशोधन प्रस्तुत गर्न वा स्थगन प्रस्ताव ल्याउन नपाउने व्यवस्था छ। ध्वनीमतबाट घोषणा भएपछि त्यसमा असहमति प्रकट गर्न कुल सदस्य संख्याको दश

प्रतिशत सदस्य उभिएमा मत विभाजन माग गर्न सक्नेछन् र त्यसरी माग भएमा सभामुखबाट दस्तखत सहितको मतविभाजन गरी निर्णयार्थ प्रस्तुत गर्ने र मत संकलन गरी परिणाम घोषणा गर्ने व्यवस्था एवं प्रचलन रहेको छ।

१०. **बैठकमा सुव्यवस्थाः** बैठकमा सुव्यवस्था कायम गर्न अभद्र व्यवहार गर्ने सदस्यलाई आफ्नो व्यवहार नियन्त्रण गर्न सभामुखले चेतावनी दिन सक्ने र त्यस्तो सदस्यले आफ्नो व्यवहार माथि तुरुन्त नियन्त्रण गर्नुपर्नेछ। त्यसरी दिएको चेतावनीलाई पालना नगर्ने सदस्यलाई सभामुखले सभाकक्षबाट बाहिर जान आदेश दिन सक्नेछ र आदेश पाएपछि त्यस्तो सदस्य तुरुन्त सभाकक्षबाट बाहिर जानुपर्ने र सो दिनको बाँकी अवधिमा बैठकमा उपस्थित हुन नपाउने, त्यसरी बाहिर जान दिएको आदेश पालना नगरी बाहिर नगएमा मर्यादापालकको सहयोगमा बाहिर पठाउन सक्ने र त्यसपछिको तीन दिनसम्म सभा र समितिको बैठकमा भाग लिन नपाउने तथा सो कुराको जानकारी सचिवले समिति र संसदीय दललाई दिनुपर्ने व्यवस्था रहेकोछ। सभामुख आसनको अवहेलना गर्ने, सभाको कार्यमा जानी-जानी बारम्बार वाधा दिने, असभ्य व्यवहार गर्ने वा नियमावली उल्लङ्घन वा अवहेलना गर्ने सदस्यको नाम सभामुखले तोक्ने र यसरी तोकिएको सदस्यलाई निलम्बन गरियोस् भनी कुनै सदस्यले प्रस्ताव पेश गरेमा त्यसउपर तुरून्त निर्णयार्थ प्रस्तुत गरिनेछ। सो प्रस्ताव पारित भएमा सदस्य निलम्बित भएको मानिन्छ त्यसरी निलम्बित सदस्य त्यसपछिको पन्ध्र दिनसम्म सभाको बैठकमा उपस्थित हुन नपाउने, त्यसपछी उक्त सदस्य तुरुन्त बाहिर जानुपर्नेछ। उक्त सदस्य बाहिर नगएमा बाहिर पठाउन सभामुखबाट मर्यादापालकलाई आदेश दिन सक्ने, त्यसरी सदस्य निलम्बित भएमा र निलम्बन फुकुवा भएमा सचिवले सो व्यहोराको सूचना समिति र संसदीय दलमा दिनुपर्नेछ। बैठक कक्षमा शान्ति, सुव्यवस्था र अनुशासन भङ्ग गरेमा प्रदेश सभाको प्रतिष्ठामा धक्का लाग्ने गरी ध्वंसात्मक कार्य गरेमा, भौतिक हानी नोक्सानी पुऱ्याएमा सभामुखले मर्यादापालकलाई आदेश दिई तत्काल बाहिर निस्कासन गर्नसक्ने र तीन दिनसम्म निलम्बन गरी भौतिक सामग्री क्षतिपूर्ती भराउने आदेश दिनसक्ने र त्यस्तो क्षती भएको जानकारी बैठकपछी थाहा भए पनि दश दिन सम्मको लागि निलम्बन गरी क्षतिपूर्ती भराउने आदेश दिन वाधा नपर्ने व्यवस्था नियमावलीमा रहेको छ। यसरी निलम्बन वा निष्कासित सदस्यले चित्तबुझ्दो सफाई पेश गरेमा वा माफी मागेमा सभामुखले त्यस्तो सदस्यलाई माफी दिई कारबाही फिर्ता गर्ने सक्नेछ। बैठकमा अव्यवस्था भई नियमित बैठक सञ्चालनमा बाधा पर्ने देखिएमा सभामुखले सो दिनको कुनै समयसम्म वा तोकेको दिनसम्मका लागि बैठक स्थगित गर्नसक्ने व्यवस्था छ।

११. **प्रदेश प्रमुखको सम्बोधन र सरकारको नीति तथा कार्यक्रम सम्बन्धी कार्य प्रक्रियाः** प्रदेश प्रमुखबाट प्रदेशसभाको निर्वाचन पश्चातको पहिलो अधिवेशनको र प्रत्येक वर्षको अधिवेशनको

बैठकमा प्रदेश सरकारको वार्षिक नीति तथा कार्यक्रम मार्फत सम्बोधन गर्नसक्ने व्यवस्था रहेको छ। यसको लागि सदस्यहरूको उपस्थिति आह्वान गर्ने प्रचलन रहेको छ। प्रदेश प्रमुखबाट प्रदेश सभामा भएको सम्बोधनपश्चात् बसेको सभाको बैठकमा प्रदेश प्रमुखप्रति धन्यवादको प्रस्ताव पारित गर्ने अभ्यास रहेको छ। सभाका एकजना सदस्यले प्रस्ताव गरी अर्को सदस्यले समर्थन गर्ने र निर्णयार्थ प्रस्तुत गरी पारित गर्ने गरिएको पाईन्छ। सरकारको नीति तथा कार्यक्रम माथिको छलफल मुख्यमन्त्रीको परामर्शमा तोकिएको दिनहरूमा गर्ने गरिन्छ र सामान्यतया यस्तो छलफलमा विपक्षी दलको नेताबाट पहिलो भनाई राख्ने र प्रतिपक्ष दलहरूबाट संशोधन प्रस्ताव प्रस्तुत गरिन्छ। छलफलमा सदस्यहरूले बोल्ने क्रम सकिएपछि मुख्यमन्त्रीले जवाफ दिने र उक्त जवाफका सम्बन्धमा छलफलमा भाग लिने सदस्यहरूबाट थप स्पष्टीकरण माग गर्ने र उक्त जवाफपछि संशोधन प्रस्तावमा पहिले निर्णय गरिसकेपछि नीति तथा कार्यक्रमलाई निर्णयार्थ प्रस्तुत गरिन्छ र पारित गर्ने काम हुन्छ।

**१२. राजस्व र व्ययको अनुमान सम्बन्धी र विनियोजन विधेयक तथा अर्थ विधेयक सम्बन्धी कार्यविधिः** प्रदेशको अर्थमन्त्रीले प्रत्येक आर्थिक वर्षको राजस्वको अनुमान, प्रदेश सञ्चित कोषमाथि व्ययभार हुने आवश्यक रकमहरू र प्रदेश विनियोजन ऐन वमोजिम व्यय हुने रकमहरूसमेत खुलाई सभाको बैठकमा पेश गर्नुपर्नेछ। राजस्व र व्ययको अनुमान प्रस्तुत भएपछी बसेको बैठकमा प्रदेश अर्थमन्त्रीले राजस्व र व्ययको अनुमान सभाको बैठकमा पेश गर्ने साथै अर्थ विधेयक समेत सोही बैठकमा पेश हुन्छ। राजस्व र व्ययको अनुमानमाथि छलफल गर्ने दिन तोकिन्छ र तोकिएको दिनमा अर्थमन्त्रीको बक्तव्यबाट छलफल प्रारम्भ हुनेछ र छलफलको अन्त्यमा अर्थमन्त्रीले जवाफ दिने कार्य हुने गर्दछ। यसरी यो छलफल समाप्त हुन्छ।

विनियोजन विधेयक तयार गर्नुपूर्व बजेट तयारीका लागि विनियोजन विधेयकको सिद्धान्त र प्राथमिकता सम्बन्धमा (कर प्रस्ताव वाहेक) छलफल हुनेछ। प्रिबजेट छलफल कार्यव्यव्था तथा परामर्श समितिमा सभामुखले तोकेवमोजिम हुनेछ र त्यस्तो छलफल विनियोजन विधेयक प्रस्तुत हुनुभन्दा कम्तिमा पन्ध्र दिन अगावै समाप्त भैसक्नुपर्ने व्यवस्था छ। सभामा अर्थमन्त्रीबाट राजस्व र व्ययको अनुमान प्रस्तुत भएपछि तोकिएको दिनहरूमा छलफल हुन्छ। सभामा राजस्व र व्ययको अनुमान माथिको छलफल समाप्त भएपछि विनियोजन विधेयक प्रस्तुत गर्ने र अर्को बैठकमा सो विधेयक उपर विचार गरियोस् भनी प्रस्ताव गर्ने र सभामुखले तोकेको दिन तथा समयावधिमा विधेयकका विभिन्न शिर्षकहरूमाथि छलफल र निर्णय हुने गर्दछ। विनियोजन शिर्षकहरूमाथिको छलफल छुट्टाछुट्टै वा समूहिकृत रूपमा गर्ने गरिन्छ र छलफलमा खर्च कटौतीको प्रस्ताव दलगत रूपमा प्रस्तुत गर्न सकिनेछ र छलफलको अन्त्यमा सम्बन्धित मन्त्रीले जवाफ दिने र खर्च कटौतीको प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गरिसकेपछी विनियोजन

विधेयकलाई निर्णयार्थ प्रस्तुत गरिन्छ। प्रस्तावको पक्षमा बहुमत भएमा बजेट पारित भएको मानिन्छ।

विनियोज विधेयक पारित भएपछि अर्थ विधेयकमाथि विचार गरियोस् भनि प्रस्ताव प्रस्तुत हुने र सामान्य छलफल गरिन्छ। छलफलको अन्त्यमा अर्थमन्त्रीले जवाफ दिएपछि निर्णयार्थ प्रस्तुत हुनेछ र प्रस्ताव पारित भएपछि त्यसउपर सभाको बैठकमा छलफल हुने दिन र समय तोकिन्छ। यसरी तोकिएको दिनहरूमा अर्थ विधेयकमा दफावार छलफल (संशोधन भए सो संशोधनमा समेत) छलफल गरिन्छ र अर्थमन्त्रीले जवाफ दिएपछि उक्त विधेयकलाई पारित गरियोस् भन्ने प्रस्ताव निर्णयार्थ प्रस्तुत गरी पारित गरिन्छ।

१३. **प्रश्नोत्तर कार्यक्रमः** प्रदेश सरकारलाई उत्तरदायित्वभित्रको सार्वजनिक महत्वको विषयमा सदस्यहरूबाट प्रश्न सोधन सकिने व्यवस्था रहेको छ। त्यसबाट सरकारलाई सभाप्रती जवाफदेही बनाउन मद्दत पुग्ने विश्वास गरिन्छ। यस्तो प्रश्न सोध्न र उत्तर दिनको लागी सभाको पहलो घण्टा रहने व्यवस्था छ। प्रश्नको सूचाना दिने सदस्यले सोध्न खोजेको प्रश्न, सम्बन्धित मन्त्री र प्रश्नको उत्तर मागेको मिति उल्लेख गरी लिखित उत्तर दिने प्रश्न र मौखिक उत्तर दिने प्रश्न खुलाई सचिवालयमा दर्ता गर्ने गरिन्छ। सचिवालयले प्राप्त प्रश्नहरूमा अध्ययन गरी सभामुखबाट स्वीकृत गराउने र सम्बन्धित मन्त्रालयमा उत्तरको लागि पठाईन्छ। प्रश्नको उत्तर मन्त्रालयबाट प्राप्त भएपछि प्रश्न सम्बन्धी कार्यूसूची तयार गरिन्छ। प्रश्नोत्तर कार्यक्रम हुँदा सभामुखले प्रश्नकर्ता सदस्यलाई प्रश्न नं. उल्लेख गरी प्रश्न सोधन समय दिने र सम्बन्धित मन्त्रीले जवाफ दिने र सो उपर पुरक प्रश्न गर्न पाउने र सोको जवाफ दिएपछि अर्को प्रश्न सोध्ने गरिन्छ। एक बैठकमा एकजना सदस्यबाट दुईवटा मात्र प्रश्न राख्ने व्यवस्था रहेको छ। लिखित प्रश्नको जवाफ भन्ने सभामा टेबुल गरिन्छ। अधिवेशनको अन्त्यमा उत्तर दिन नभ्याईएका प्रश्नको उत्तर सम्बन्धित मन्त्रीबाट टेबुल गरिन्छ। यस्तो प्रश्नहरू एक अधिवेशनबाट अर्कोमा सर्ने गर्दैनन्।

१३. **समसामयिक विषयमा छलफलः** सदस्यहरूले महसुस गरेका समसामयिक विषयका वा आकस्मिक विषयहरू सदनमा प्रस्तुत गर्ने गरिन्छ। यस्ता विषयहरू बैठक सुरु हुनासाथ समय माग गरेर, शुन्य समय र विषेश समयमा प्रस्तुत गरिन्छ। शुन्य समय एक मिनेट हुने र यो समय सबै सदस्यलाई उपलब्ध हुने गर्दछ। विशेष समय सभामुखले तोकेको समय हुने गर्दछ। त्यस्तो समय संसदीय दललाई उपलब्ध हुन्छ र दलले तोकेको सदस्यले विशेष समयमा भनाइ राख्ने समय उपलब्ध हुनेछ। सदनलाई जीवन्त राख्न यस्ता कार्यक्रमबाट मद्दत पुग्दछ।

१४. **प्रस्ताव प्रस्तुत गर्न सकिने व्यवस्था र सो सम्बन्धी कार्यविधिः** सभाको बैठकमा सदस्यहरूले संविधान र नियमावली बाहेक विषयमा छलफल गर्न आवश्यक ठानेमा प्रस्तावहरू मार्फत छलफल गराउनुपर्ने हुन्छ। कार्यसूचीमा नपरेका विषयमा छलफल नहुने भएकोले पनि सदस्यहरूले प्रस्ताव दर्ता गर्ने र सो उपर सभामुखको स्वीकृती भएपछि मात्र छलफल गर्न

सकिन्छ। निश्चित शर्तहरूको पालना गरी प्रस्तुत भएका प्रस्तावहरू कार्यव्यवस्था परामर्श समितिको परामर्शमा स्वीकृती प्राप्त भएको हुनुपर्नेछ। सामान्यतया सभामा प्रस्तुत हुने प्रस्तावहरू यस प्रकार रहेका छन्।

(क) **ध्यानाकर्षणः** कुनै सदस्यले समसामयिक विषयमा सभामुखको पूर्व स्वीकृतिमा सम्बन्धित मन्त्रीको ध्यानाकर्षण गराउन सक्नेछन्। ध्यानाकर्षण गराउन चाहने सदस्यले ध्यानाकर्षण प्रस्ताव दर्ता गराउन सक्नेछन्। सभाको बैठकमा प्रस्ताव प्रस्तुत भएपछि सम्बन्धित मन्त्रीले जवाफ दिने र उक्त जवाफका सम्बन्धमा समर्थक सदस्यले स्पष्टीकरण सोध्न सक्ने र उक्त स्पष्टीकरणको जवाफ दिएपछि छलफल समाप्त हुनेछ। ध्यानाकर्षण सरकारको जिम्मेवारी भित्रको कार्य नभएको अवस्थामा वा महत्वपूर्ण विषयमा प्रस्तावद्वारा सरकारलाई जवाफदेही बनाउने औजार मानिन्छ।

(ख) **जरुरी सार्वजनिक महत्वको प्रस्तावः** कुनै सदस्यले जरुरी सार्वजनिक महत्वको विषयमा छलफल गर्न चाहेमा तत्सम्बन्धी प्रस्तावको सूचना दिन सक्नेछन्। उक्त प्रस्तावमा दुईजना सदस्यले समर्थन गर्ने र सो सूचना बैठक सुरु हुनुभन्दा दुई घण्टा अगावै दिनुपर्नेछ। त्यस्तो प्रस्ताव जरुरी र सार्वजनिक महत्व हो भन्ने सभामुखलाई लागेमा सम्बन्धित मन्त्रीसँग परामर्श गरी स्वीकृति दिने र प्रस्तावमा छलफल हुँदा प्रस्तावक सदस्यले प्रस्ताव प्रस्तुत गर्ने र समर्थक सदस्यले समर्थन गरेपछि अन्य सदस्यहरूलाई समय दिईन्छ र मन्त्रीले जवाफ दिएपछि छलफल समाप्त हुन्छ। जरुरी सार्वजनिक महत्वको प्रस्तावबाट सरकारले आफ्नो जवाफदेहिता र जिम्मेवारीको क्षेत्रमा गर्नुपर्ने कामहरू प्रभावकारी बनाउन र जनताप्रति उत्तरदायी बनाउन मद्दत गर्छ।

(ग) **संकल्प प्रस्तावः** सार्वजनिक महत्वको कुनै विषयमा राय वा सिफारिस दिन, प्रदेश सरकारको कुनै नीति वा कार्यको समर्थन वा विरोध गर्न वा पुनर्विचारका लागि ध्यानाकर्षण गर्न वा कुनै सन्देश वा निर्देशन दिन संकल्प प्रस्ताव पेश गर्न सकिनेछ। त्यस्तो संकल्प प्रस्तावको सूचनामा छलफल हुने दिन भन्दा सात दिन अगावै दिनुपर्ने, संकल्प प्रस्ताव स्वीकारयोग्य छ वा छैन भन्ने विषयमा सभामुखले कार्यव्यवस्था परामर्श समितिको परामर्शमा निर्णय गर्ने, छलफल हुने दुई दिन अगावै सदस्यहरूलाई वितरण गर्नुपर्नेछ। सभामा छलफल गर्दा प्रस्तावक सदस्यले संकल्पको व्यहोरा पढी वक्तव्य दिन सक्ने, समर्थक सदस्यले समर्थन गरेपछि छलफल खुल्ला हुनेछ र छलफलमा भाग लिने सदस्यहरूले भनाई राखेपछि सम्बन्धित मन्त्रीबाट जवाफ दिने कार्य हुनेछ। उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गरिन्छ। प्रस्तावको पक्षमा बहुमत भएमा पारित हुनेछ र सो संकल्प सचिवबाट मन्त्रिपरिषद्लाई र सम्बन्धित मन्त्रीलाई पठाउने र सम्बन्धित मन्त्रीले संकल्प प्रस्ताव कार्यान्वयन गरी सभामा जानकारी पठाउनुपर्ने। कुनै कारणवस

कार्यान्वयन गर्न नसकिएमा सो को कारण सहित सभामा जानकारी पठाउनुपर्ने व्यवस्था रहेको छ।

१५) **अध्यादेश सम्बन्धी कार्यविधीः** प्रदेश सभाको अधिवेशन चालु नरहेको अवस्थामा तत्काल केही कानुनी व्यवस्था गर्न आवश्यक परेमा प्रदेश मन्त्रिपरिषद्को सिफारिसमा प्रदेश प्रमुखबाट अध्यादेश जारी हुने व्यवस्था रहेको छ। सभाको बैठक बसेपछि अध्यादेश पेश गरिन्छ। त्यसरी सभामा अध्यादेश पेश गर्दा उक्त अध्यादेश जारी गर्नुपर्ने परिस्थिति र कारण उल्लेख गर्नुपर्नेछ। सभामा अध्यादेश प्रस्तुत भएको दुई दिनभित्र अध्यादेश अस्वीकार गरियोस् भन्ने प्रस्तावको सूचना कारणसहित दिन सकिने र एकभन्दा बढी अस्वीकारको सूचना प्राप्त भएमा गोलाप्रथाद्वारा कुनै एक प्रस्तावको सूचना छानिनेछ। छलफलका लागि तोकिएको दिनमा अध्यादेश अस्वीकार गरियोस् भनी सूचना दिने सदस्यले भनाइ राखेपछि मन्त्रीबाट जवाफ लगत्तै प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गरिन्छ। उक्त प्रस्ताव अस्वीकृत भएपछि अध्यादेश स्वीकार गरियोस् भन्ने प्रस्ताव मन्त्रीले गर्ने र उक्त प्रस्ताव स्वीकार भएपछि प्रतिस्थापन विधेयक प्रस्तुत गरिन्छ।

१६. **व्यवस्थापन कार्यविधीः-** संविधान र प्रदेश सभा नियमावलीको अधिनमा रही कुनै पनि सदस्यले विधेयक प्रस्तुत गर्न सक्ने व्यवस्था भएपनि सभामा आउने विधेयकहरू सरकारी विधेयकहरूको रुपमा मात्र आएका छन्। संविधानको अनुसूचीमा प्रदेशको एकल अधिकार र संयुक्त अधिकार सूचीका कानुनहरू बनाउनको लागि विधेयकहरूमा तयार गरिन्छन्। विधेयक सभामा ल्याउँदा विधेयकको साथ उद्देश्य र कारण, व्याख्यात्मक टिप्पणी, आर्थिक व्यवहार पर्ने भए आर्थिक टिप्पणीका साथै प्रत्यायोजित व्यवस्थापन अन्तर्गत बन्ने कानुनको प्रकृति र सीमा लगायतका विषयको टिप्पणी संलग्न रहनुपर्नेछ। संशोधन विधेयकको हकमा तीन तहले समेत संलग्न हुनुपर्छ। विधेयक दर्ता भएपछि सात दिनपछि छलफलमा लगिने सरकारी विधेयक भए पाँच दिन अगाडि सूचना दिन सकिनेछ। यसरी प्राप्त विधेयक पेश हुनु हुने दिनभन्दा दुई दिन अगाडि वितरण गरिन्छ।

अनुमति माग्ने प्रस्ताव प्रस्तुत गर्नुभन्दा अगाडि विरोध सूचना प्राप्त भए सो उपर छलफल हुनेछ। सूचना दिनुहुने सदस्यले विरोध गर्नुपर्नेको कारणसहित भनाई राख्नुहुनेछ र विधेयक प्रस्तुतकर्ताले जवाफ दिएपछि लगत्तै निर्णयार्थ प्रस्तुत हुनेछ विरोधको सूचना अस्वीकृत भएपछि अनुमति प्राप्त भएको मानी विधेयक सभा समक्ष प्रस्तुत हुनेछ। यसरी प्रस्तुत भएको विधेयकमा अर्को बैठकमा सामान्य छलफल वा विचारको विचार गरियोस् भन्ने प्रस्ताव प्रस्तुत हुने र सदस्यहरूले छलफलमा भाग लिएपछि प्रस्तुतकर्ताले जवाफ दिने काम सकिएपछि निर्णयार्थ प्रस्तुत हुन्छ। विचार गरियोस् भन्ने प्रस्ताव पारित भएपछि संशोधनको समय सुरु भएको मानिन्छ र बहत्तर घण्टाभित्र संशोधन प्रस्ताव तोकिएको ढाँचा दर्ता गर्न सकिनेछ। प्राप्त संशोधन

प्रस्तावहरू एकीकृत गरी सभामुखबाट स्वीकृत भएपछि सभाको बैठकमा विधेयक प्रस्तुतकर्ता सदस्यबाट विधेयकमाथि दफावार छलफल सदन गरियोस् वा सम्बन्धित समितिमा पठाइयोस् भन्ने कुनै एक प्रस्ताव प्रस्तुत हुन्छ। यसरी प्रस्तुत भएको प्रस्ताव उपर अन्य सदस्यले अर्को प्रस्ताव गर्न सक्नेछन्। सभामा दफाबार छलफल भएको छलफल पश्चातविधेयकलाई निर्णयार्थ प्रस्तुत गरिन्छ र पारित गरिन्छ भने समितिमा दफाबार छलफलको लागि पठाइएकोमा समितिबाट दफाबार छलफल गरी सो सम्बन्धी प्रतिवेदन सभापतिबाट सभामा प्रस्तुत हुन्छ र अर्को बैठकमा प्रस्तुतकर्ता सदस्यले प्रतिवेदनसहित विधेयकमा छलफल गरियोस् भन्ने प्रस्ताव गर्ने र छलफल पश्चात् सभामुखबाट निर्णयार्थ प्रस्तुत गरि विधेयक पारित हुनेगर्दछ। कतिपय अवस्थामा विधेयकलाई सम्बन्धित समितिमा पुनःविचार गरी प्रतिवेदन दिन सभाले निर्देशन दिने गर्दछ। सोही बमोजिम समितिमा पुनःविचार गरि प्रतिवेदन पेश भई पारित गर्ने अभ्यास समेत रहेको छ।

१७. **विश्वासको मत र अविश्वासको प्रस्ताव सम्वन्धी कार्यविधीः-** मुख्यमन्त्रीले कुनै पनि बखत आफूमाथि प्रदेश सभाको विश्वास छ भन्ने कुरा स्पष्ट पार्न आवश्यकता ठानेमा विश्वासको मतको लागि सभामा प्रस्ताव राख्न सक्नेछ। यस्तो प्रस्ताव मुख्यमन्त्रीले प्रतिनिधित्व गरेको दल विभाजन भएमा वा सरकारमा सहभागी दलले समर्थन फिर्ता लिएमा पनि तीस दिनभित्र विश्वासको मत लिनुपर्नेछ। यसैगरी एकल सरकार गठन भएको अवस्थाबाहेक दुई वा दुईभन्दा बढी दलको समर्थनमा सरकार गठन भएको अवस्थामा तीस दिनभित्र विश्वासको मत प्राप्त गर्नुपर्ने हुन्छ। यस्तो प्रस्तावको छलफल सभामुखले तोकेको दिन र समयमा हुनेछ। मुख्यमन्त्रीले सभामुखको अनुमतिमा वक्तव्य सहित प्रस्ताव प्रस्तुत हुनेछ र सभामुखले निर्धारित गरेको समयवधिमा छलफल हुनेछ। छलफलको अन्त्यमा मुख्यमन्त्रीले जवाफ दिएपछि उक्त प्रस्तावलाई मतविभाजनद्वारा निर्णार्थ प्रस्तुत हुन्छ मत संकलन सकिएपछि पक्ष वा विपक्षमा भएको मत सङ्ख्या सुनाउँदै प्रस्ताव स्वीकृत वा अस्वीकृतको घोषणा गरिन्छ।

संविधानको धारा १८८ को उपधारा ४ बमोजिम मुख्यमन्त्रीमाथि सभाको विश्वास मत छैन भनी सभाका सम्पूर्ण सदस्य सङ्ख्याको एक चौथाई सदस्यले लिखित सूचना दिन सक्ने व्यवस्थाछ। सभामुखले तोकेको दिन र समयमा बस्ने बैठकमा पहिलो हस्ताक्षरकर्ता सदस्यलाई प्रस्ताव प्रस्तुत गर्न अनुमति दिने र उक्त प्रस्ताव उपर छलफलमा अन्य सदस्यले भाग लिन सक्नेछन्। अन्त्यमा मुख्यमन्त्रीले जवाफ दिएपछि निर्णयार्थ प्रस्तुत हुँदा मत विभाजन गरिन्छ उक्त प्रस्ताव बहुमतबाट पारित भएमा प्रदेश प्रमुख समक्ष सोको जानकारी गराउनुपर्ने व्यवस्था रहेको छ।

१८. **समिति सम्बन्धी कार्यविधीः-** प्रदेश सरकारलाई प्रदेश सभाप्रति जवाफदेही र उत्तरदायी बनाउन प्रदेश सरकारबाट यसको काम कारबाहीको अनुगमन र मूल्याङ्कन गरी आवश्यक

निर्देशन दिने समेतका लागि प्रदेश सभा अन्तर्गत रहने समितिहरू रहने व्यवस्था रहेको छ। विषयगत समितिहरूमा रहनुहुने सभाका माननीय सदस्यहरूलाई कार्यव्यवस्था परामर्शको परामर्शमा सदस्यहरू मनोनयन गर्ने प्रस्ताव सभामुखले गर्ने र उक्त प्रस्तावलाई सभाले स्वीकृत गर्ने व्यवस्था छ। साथै यस्ता समितिहरूमा सदस्य मनोनयन र हेरफेर गर्दा सभाको स्वीकृतको लागि पेश गरिन्छ।

१९. **सभामुख वा उपसभामुख पद अनुकुल आचरण नगरेको भन्ने प्रस्ताव सम्बन्धी कार्यविधीः-** प्रदेश सभाको कुनै सदस्यलाई सभामुख वा उपसभामुखले पद अनुकूल आचरण नगरेको लागेमा सभाका एक चौथाई सदस्यले अनुमति लिई प्रस्ताव पेश गर्न सक्ने व्यवस्था रहेको छ। त्यस्तो सूचना सचिवलाई दिनुपर्ने र सचिवले सभामुखको विरुद्ध भए उपसभामुख समक्ष उपसभामुखको विरुद्ध भए सभामुख समस्या र सभामुख र उपसभामुख दुवैको विरुद्धमा भए बैठक अध्यक्षता गर्ने सदस्यहरू मध्ये जेष्ठ सदस्य समक्ष पेश गर्नुपर्नेछ। छलफलको दिन अध्यक्षता गर्ने सदस्यको अनुमतिले प्रस्तावक सदस्यले प्रस्ताव राख्ने र त्यसपछि अन्य सदस्यहरूलाई भनाई राख्न समय दिईनेछ। अन्त्यमा आरोप लागेका सभामुख वा उपसभामुखले सफाई वक्तव्य दिन सक्नेछन्। त्यसपछि मतविभाजनद्वारा उक्त प्रस्तावमाथि निर्णय गरिन्छ र प्रस्तावको पक्षमा सभामा तत्काल कायम रहेको सदस्य संख्या दुई तिहाई बहुमतबाट प्रस्ताव पारित भएमा सम्बन्धित पदाधिकारी पदमुक्त हुने व्यवस्था रहेको छ।

२०.**अनुपस्थिति, राजीनामा र स्थान रिक्तता सम्बन्धी कार्यविधीः-** कुनै पनि सदस्य लगातार दश वटा वा सोभन्दा बढी बैठकमा अनुपस्थिति रहनु परेमा सभामुखलाई तत् सम्बन्धी जानकारी अग्रिम रूपमा दिनुपर्नेछ त्यसैगरी दश वटा भन्दा कम बैठकमा अनुपस्थिति हुने सदस्यले अग्रिम रूपमा सभामुखलाई सूचना दिनुपर्ने छ र मनासिव कारण भएमा उपस्थिति भएको तीन दिनभित्र सूचना दिनुपर्नेछ। यसरी दिएको सूचना दश दिनभन्दा बढी भए सभाको स्वीकृतिको लागि कारण र अवधिसहित सभामुखबाट प्रस्तुत हुनेछ र सभाबाट स्वीकृति प्राप्त हुनेछ। दश दिन भन्दा कम अवधिको सूचना भए सभामुखले स्वीकृत गर्ने व्यवस्था रहेको छ।

यसैगरी सभाका सदस्यहरूको राजीनामा सम्बन्धमा सभामुखले उपसभामुखलाई सम्बोधन गरी उपसभामुख वा सदस्यहरूले सभामुखलाई सम्बोधन गरी आफ्नो पदबाट राजीनामा दिनुपर्नेछ। यसरी प्राप्त राजीनामा सभाको बैठक चालु भएको अवस्थामा अध्यक्षता गर्ने सदस्यले पढेर सुनाउने र बैठक नबसेको अवस्थामा सूचना पत्र प्रकाशन गरी प्रचारप्रसार गर्नुपर्ने व्यवस्था रहेको छ।

कुनै सदस्यको स्थानरिक्त भएमा सभामुखले सभालाई जानकारी गराउने र बैठक नबसेको अवस्थामा सूचनापत्र प्रकाशन गर्न आदेश दिने साथै स्थान रिक्त भएको जानकारी सचिवले मन्त्रिपरिषद् र निर्वाचन आयोगलाई दिनुका साथै राजपत्रमा प्रकाशन गर्नुपर्ने व्यवस्था रहेकोछ।

२१.**अन्य विषयहरुः-** सभाको बैठकमा प्रस्तुत हुने अन्य विषयहरूमा प्रतिवेदन पेश पनि एक रहेको छ। विधेयक प्रतिवेदन समितिको सभापतिबाट हुनेछ। सभामा प्रतिवेदन पेश भएपछी पारित भएको मानिने र सो को कार्यान्वयन सम्वन्धी मन्त्रीले गर्नु पर्नेछ। त्यस उपर छलफल हुँदैन। यसैगरी सभाका सदस्यलाई निष्कासन गरेको सूचना सभामुखलाई सम्बन्धित दलबाट दिइने र सो सूचना सभामुखले बैठकमा सुनाउने बैठक नबसेको अवस्थामा सूचना टांस गर्नु पर्ने साथै राजनीतिक दल सम्वन्धी ऐन वमोजिम बैठक बसेपछी सभामा समेत सुनाउनु पर्नेछ। शोक प्रस्ताव सभामा पेश गर्दा सहमतिको लागि हात उठाउने, एक मिनेट मौन धारणा गर्ने अभ्यास रहेको छ। सभाको बैठकमा सरकारका मन्त्रीहरू र विपक्षी दलका नेताले बोल्न समय माग गर्न सक्ने र बोल्न रोस्टम प्रयोग गर्ने अभ्यास रहेकोछ। त्यस्ता वक्ताहरूलाई समय तोकिने गरिएको पाइदैन। मन्त्रीद्वारा वक्तव्य र जानकारी दिन समय माग गर्ने उक्त जानकारी दिंदा भने स्पष्टीकरणको माग गर्न सक्ने व्यवस्था गरिएको छ। यस्तै राजीनामा दिने मन्त्रीद्वारा राजीनामा सम्बन्धमा वक्तव्य दिन सक्ने र सो उपर पनि थप छलफल हुँदैन।

जनप्रतिनिधिमूलक संस्था प्रदेश सभाका हरेक काम कारबाही विधिसमत हुनुपर्ने भएकोले नेपालको संविधानले विभिन्न विषयमा स्पष्ट व्यवस्था गरेको छ। संविधानले सभाको नियमावली बनाई काम कारबाही व्यवस्थित गर्न सक्ने, सचिवालयको व्यवस्था, समिति गठन गर्ने सक्ने, व्यवस्थापन कार्यविधि, प्रदेश आर्थिक कार्यप्रणाली जस्ता विषयहरूमा व्यवस्था गरेको छ। सभाले गरेको काम कारबाही उपर अदालतमा प्रश्न उठाउन नपाउने आदि व्यवस्था गरी विशेष अधिकार प्राप्त भएको अवस्था पनि रहेको छ। सभाको हरेक कामको बारेमा सर्वत्र चासो रहनेतर्फ ध्यान दिई आफ्नो काम कारवाहीलाई विधिसम्मत र मर्यादित रूपमा सम्पादन गर्नुपर्ने हुन्छ।

**सन्दर्भ सामग्रीः-**


*नेपालको संविधान*
*प्रदेश सभा नियमावली, २०७४*
*प्रतिनिधिसभा नियमावली, २०७९*
*राष्ट्रिय सभा नियमावली, २०७४*


❒❒

# संघीयता कार्यान्वयन र सबलीकरण



**हिमा न्यौपाने**
अधिकृत सातौँ
बागमती प्रदेश सभा सचिवालय

*सारांश*

*नेपालको संविधानले संघीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्दै तीन तहको शासन प्रणाली अवलम्बन गरेको छ। संघीयताको मूल उद्देश्य शासन प्रणालीलाई समावेशी, सहभागितामुलक र जनउत्तरदायी बनाउनु हो। संविधान कार्यान्वयनसँगै संघीयता व्यवहारमा प्रवेश गरेको भए पनि यसको प्रभावकारी कार्यविन्वयन र सबलीकरण अझै चुनौतीपूर्ण अवस्थामा छ। यस लेखमा नेपालमा संघीयता कार्यान्वयनको वर्तमान अवस्था, यसबाट प्राप्त उपलब्धि, देखिएको संरचनागत तथा कार्यात्मक समस्या र संघीयता सबलीकरणका लागि आवश्यक उपायहरूको विश्लेषण गरिएको छ। संघीयता व्यवहारमा प्रवेश गरेसँगै यसप्रति अपेक्षा र निराशा दुवै बढेका छन्। शासन सुधार, रोजगारी, सुशासन र सेवा प्रवाहमा अपेक्षित परिवर्तन नआएको अनुभूति विशेषगरी युवा पुस्तामा देखिएको छ। संघीयता आफैंमा समाधान होइन यो केवल केन्द्रिकृत शासन व्यवस्थाले सिर्जना गरेका नकारात्मक प्रभाव न्यूनीकरणको औंजार मात्र हो। यदि यो औंजारको प्रयोग औंजार प्रयोगकर्ताका रुपमा रहेका तीन तहका सरकारहरूले राम्रोसँग गर्न सके भने यसले जनविश्वास आर्जन गर्नेछ अन्यथा यसको औचित्य माथि प्रश्न उठ्ने जोखिम समेत छ।*

राज्यसत्ता र सार्वभौमसत्ताको समेत विभाजन गरी शासकीय क्रियाकलापमा बढीभन्दा बढी जनतालाई संलग्न गराउने राजनीतिक प्रक्रिया संघीयता हो। जहाँ सरकारका तहहरूबीच संविधानमै अधिकारको सूची वा कार्य सीमाहरू तोकिएका हुन्छन्। तहगत सरकारहरू आफ्नो तोकिएका हक, अधिकारहरूमा स्वायत्त रहन्छन् र साझा सवालमा आपसमा सहकार्य र समन्वयमा रहेर कार्य सम्पादन गरिरहेका हुन्छन्। नेपाल लामो समयसम्म एकात्मक शासन प्रणाली अन्तर्गत सञ्चालन भएको मुलुक हो। जनआन्दोलन, सशस्त्र द्वन्द्व र समावेशी राज्य पुनर्संरचनाको मागका परिणामस्वरुप संघीयता नेपालको राजनीतिक एजेन्डामा स्थापित भयो। नेपालको संविधानले संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीलाई अंगीकार गर्दै

राज्य पुनर्संरचनाको नयाँ युगको सूरुवात गर्यो। संघ, प्रदेश र स्थानीय तहबीच अधिकार बाँडफाँड गरी जनताको नजिक सरकार पुऱ्याउने उद्देश्यसहित संघीय प्रणाली लागू गरिएको हो। संविधान जारी भएको करिब एक दशक पुग्दा पनि संघीयता कार्यान्वयनको यात्रामा विभिन्न उपलब्धि, प्रयोग र सिकाइसँगै अघि बढिरहेको छ। तथापि संरचनागत रुपान्तरण जति महत्वकांक्षी छ, कार्यान्वयन उति नै जटिल र चुनौतीपूर्ण रहेको यथार्थ स्वीकार गर्नुपर्दछ। संघीयताको मूल मर्म विकेन्द्रीकरण, समावेशिता र सुशासन हो। विविधता भएको नेपालजस्तो मुलुकमा समानुपातिक विकास, सेवा प्रवाहमा सहजता र जनसहभागिता सुनिश्चित गर्न संघीयता अपरिहार्य व्यवस्था हो यद्यवि व्यवहारमा संघीय संरचनाबीच अधिकार प्रयोगको स्पष्टता, समन्वय र सहकार्यको कमी देखिन्छ। संघीयता कार्यान्वयनका क्रममा कानुन निर्माणमा ढिलाइ, संघीय कानुनको प्रभावकारी कार्यान्वयन नहुनु, प्रशासनिक संरचना अझै केन्द्रीकृत मानसिकतामा रहनु जस्ता समस्या देखिएका छन्। विशेषगरी प्रदेश तह अपेक्षाकृत कमजोर अवस्थामा रहेको अनुभूति हुन्छ। अधिकार त संविधानले दिएको छ तर स्रोत, साधन र निर्णय क्षमताको अभावले प्रदेश सरकारहरू प्रभावकारी हुन सकेका छैनन्।

संघीयता सबलीकरणको अर्को चुनौती आर्थिक संघीयता हो। प्रदेश र स्थानीय तह पर्याप्त वित्तीय स्रोतविना संघमा निर्भर रहनु परेको अवस्था छ। साथै संघ, प्रदेश र स्थानीय तहबीच अन्तरसरकारी समन्वय संयन्त्र अपेक्षाअनुसार क्रियाशील हुन सकेका छैनन् जसले नीति कार्यान्वयनमा द्वन्द्व र अन्योल सिर्जना गरेको छ। संघीयता सबलीकरणका लागि सबैभन्दा पहिले राजनीतिक इच्छाशक्ति आवश्यक हुन्छ। संघीयतालाई बोझ होइन, अवसरका रुपमा स्वीकार गर्न जरुरी छ। संविधानअनुसार अधिकारको स्पष्ट प्रयोग, आवश्यक कानुनको समयमै निर्माण, प्रदेश र स्थानीय तहलाई सक्षम बनाउने गरी स्रोत साधन र दक्ष जनशक्ति उपलब्ध गराइनु आवश्यक छ। साथै, अन्तरसरकारी समन्वयलाई मजबुत बनाउँदै जनप्रतिनिधि र कर्मचारीको क्षमता अभिवृद्धिमा जोड दिनु पर्दछ।

संघीयता नेपालको संवैधानिक यथार्थ र जनआकांक्षाको परिणाम हो। यसको सफल कार्यान्वयन र सबलीकरण बिना लोकतन्त्र, सुशासन र समावेशी विकास सम्भव छैन संघीयतालाई कमजोर बनाउने होइन, संविधानको मर्म अनुसार सबल र प्रभावकारी बनाउँदै लैजानु आजको साझा दायित्व हो। संघीयता राज्यको शासन व्यवस्थाको त्यस्तो प्रणाली हो जसमा राज्यसत्ता एउटै केन्द्रमा मात्र सीमित नराखी संविधानद्वारा निर्धारण गरिएका अधिकारहरू संघ, प्रदेश र स्थानीय तहबीच बाँडफाँड गरिन्छ। यस प्रणालीमा हरेक तहले आफ्नो अधिकार क्षेत्रभित्र स्वतन्त्र रूपमा शासन सञ्चालन गर्छ र संविधान सबै तहका लागि सर्वोच्च कानुन हुन्छ।

## १.नेपालमा संघीयता कार्यान्वयनको अवस्था

संविधान जारी भएपछि नेपालमा संघ, प्रदेश र स्थानीय तह गरी तीन तहका सरकार सञ्चालनमा आएका छन। सात प्रदेश र ७५३ स्थानीय तहको गठनसँगै निर्वाचित जनप्रतिनिधिहरूले शासन सञ्चालनको जिम्मेवारी लिएका छन। संघीय कानुन निर्माण, प्रशासनिक पुनर्संरचना, कर्मचारी समायोजन तथा वित्तीय हस्तान्तरण जस्ता आधारभूत कार्यहरू सम्पन्न भएका छन्। स्थानीय तहहरू जनताको दैनिक जीवनसँग प्रत्यक्ष जोडिएका सेवा प्रवाहमा सक्रिय देखिएका छन्। शिक्षा, स्वास्थ्य, पूर्वाधार, सामाजिक सुरक्षा जस्ता क्षेत्रमा स्थानीय सरकारले उल्लेखनीय भूमिका निर्वाह गरेका छन्। प्रदेश सरकारहरू भने संस्थागत विकासको चरणमै रहेकाले अपेक्षित प्रभाव देखिन समय लागिरहेको छ।

## २. संघीयता कार्यान्वयनका उपलब्धिहरू

संघीयताको सबैभन्दा महत्वपूर्ण उपलब्धि शासन प्रणाली जनतासँग नजिक हुनु हो। निर्णय प्रक्रिया स्थानीय तहमा पुग्दा नागरिक सहभागिता बढेको छ, सेवामा पहुँच सहज भएको छ। समावेशी प्रतिनिधित्व  संघीयताको अर्को महत्वपूर्ण उपलब्धि हो। महिला, दलित, आदिवासी जनजाति, मधेशी लगायत सीमान्तकृत समुदायको राजनीतिक सहभागिता उल्लेखनीय रुपमा वृद्धि भएको छ। विशेष गरी स्थानीय तहमा महिलाको नेतृत्व ऐतिहासिक उपलब्धिका रुपमा स्थापित भएको छ। संघीयताले स्थानीय आवश्यकताअसार विकास योजना निर्माण र कार्यान्वयनको अभ्यास गरेको छ। यसले विकास प्रक्रियामा स्थानीय स्वामित्व र उत्तरदायित्व बढाएको छ जुन दीर्घकालीन विकासका लागि सकारात्मक संकेत हो। संघीयतालाई असफल प्रणालीका रुपमा होइन, सुधार आवश्यक प्रणालीका रुपमा हेर्नु अबको आवश्यकता हो। कानुनी स्पष्टता, क्षमता विकास, वित्तीय स्वायत्तता र राजनीतिक इच्छाशक्तिमार्फत संघीयताका अझै लाभ तथा उपलब्धि हासिल गर्न बाँकी नै छ।

## ३. संघीयता कार्यान्वयनका चुनौतीहरू

नेपालमा संघीयता कार्यान्वयन ऐतिहासिक परिवर्तनको परिणाम हो। यसले शासन प्रणालीलाई समावेशी र सहभागितामुलक बनाउने आधार तयार गरेको छ। यद्यपि संघीयता अझै पूर्ण रुपमा संस्थागत भइसकेको छैन। विविध उपलब्धिका बाबजुद संघीयता कार्यान्वयनमा गम्भीर चुनौतीहरू पनि देखिएका छन्। संघीयता सम्बन्धमा तीन तहका सरकारसँग छुट्टाछुट्टै बुझाइ रहेको देखिन्छ। बुझाइमा एकरुपता नहुँदा संघीयता कार्यान्वयनमा चुनौती थपिएका छन। राजनीतिक संघीयताको अभ्यास सीमित र अपर्याप्त छ। प्रदेश सरकारको निर्माण र सञ्चालनमा संघीय सरकार र राजनीतिक पार्टीका केन्द्रीय निर्णय हावी भएको अवस्था

छ। राजनीतिक संघीयताको अभ्यास सीमित रूपमा भएतापनि वित्तीय संघीयताको इमानदारीसाथ कार्यान्वयन भएको छैन। सीमित स्रोतहरू संघीय सरकारको नियन्त्रणमा छन्। स्थानीय तहमा आवश्यक दक्ष जनशक्ति, प्रविधि र अनुभवको कमी छ। कर्मचारी समायोजन प्रक्रियाले अपेक्षित स्थायित्व र दक्षता दिन सकेको छैन। वित्तीय पक्षमा पनि संघीयता कमजोर देखिन्छ। धेरै स्थानीय र प्रदेश सरकार संघीय अनुदानमा अत्याधिक निर्भर छन्। आन्तरिक राजस्वको आधार कमजोर हुनु, खर्च व्यवस्थापनमा अनुशासनको कमी र पारदर्शिताको अभावले संघीयताको प्रभावकारितामा प्रश्न उठाएको छ। राजनीतिक मानसिकता अझै पूर्ण रुपमा संघीयमैत्री बन्न सकेको छैन। केन्द्रिकृत सोच, अधिकार हस्तान्तरणप्रति अनिच्छा र संघीयलाई बोझका रुपमा चित्रण गर्ने प्रवृत्ति चुनौतीका रुपमा देखिन्छ।

## ४. संघीयता सबलीकरणको आवश्यकता

संघीयता सबलीकरणको अर्थ तीन तहका सरकारलाई संवैधानिक अधिकार अनुसार सक्षम, स्वायत्त र उत्तरदायी बनाउनु हो। संघीयता केवल संरचना बनेर सीमित रहनु हुँदैन; यसले शासनको गुणस्तर सुधार गर्न सक्नुपर्छ। सबलीकरणका लागि कानुनी स्पष्टता, संस्थागत क्षमता, वित्तीय स्वायत्तता र प्रभावकारी अन्तरसरकारी समन्वय अपरिहार्य हुन्छ। संघीयता कमजोर हुँदा लोकतन्त्र, विकास र सुशासन सबै प्रभावित हुन्छन्।

## ५.संघीयता सबलीकरणका उपायहरू

संघीयता सुदृढीकरणका लागि सबैभन्दा पहिला अधिकारको स्पष्ट व्याख्या र कार्यान्वयन आवश्यक छ। संघ, प्रदेश र स्थानीय तहबीचको सम्बन्ध सहकार्य, समन्वय र सहअस्तित्वको सिद्धान्तमा आधारित हुनुपर्छ। प्रदेश र स्थानीय  तहका जनप्रतिनिधि तथा कर्मचारीको क्षमता विकासमा दीर्घकालीन लगानी आवश्यक छ। तालिम, अध्ययन, प्राविधिक सहयोग र अनुभव आदानप्रदान संघीयताको सबलीकरणका आधार हुन्। वित्तीय स्वायत्तता सुनिश्चित गर्न आन्तरिक राजस्वको दायरा विस्तार गर्नुपर्छ। पारदर्शी बजेट प्रणाली, वित्तीय अनुशासन र उत्तरदायित्व संघीयताको सफलताको सूचक हुन्। सबैभन्दा महत्वपूर्ण पक्ष राजनीतिक प्रतिबद्धता हो। संघीयतालाई संविधानको आत्माका रुपमा स्वीकार गर्दै कार्यान्वयनमा इमान्दार प्रयास बिना यसको सबलीकरण सम्भव छैन।

## ६.जेन्जी आन्दोलनको उदय र संघीयता बीचको सम्बन्ध

नेपालमा विभिन्न आन्दोलनहरू, युद्धको पृष्ठभूमिबाटै संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना भएको हो। जब जब लोकतन्त्रमा सरकार र नेतृत्वप्रति जनताको वितृष्णा बढ्न थाल्छ र नयाँपनको आवश्यकता तथा जनताको चाहनामा परिवर्तन हुन्छ तब विभिन्न जेन्जी नामका

जस्ता आन्दोलन चर्किन थाल्छन्। नेपालमा पनि २०८२ भदौ २३ र २४ गतेको जेन्जी प्रदर्शनबाट अधिक मात्रामा भौतिक र मानवीय क्षति भयो। डिजिटल प्रविधिमा दक्ष, विश्वव्यापी सोच राख्ने र परम्परागत राजनीतिक संरचनाप्रति आलोचनात्मक दृष्टिकोण राख्ने युवाहरू यस आन्दोलनको केन्द्रमा छन्। यो आन्दोलन कुनै एक दल वा विचारधारामा सीमित छैन। भ्रष्टाचार, दण्डहीनता, बेरोजगारी, कमजोर सेवा प्रवाह र राजनीतिक असक्षमताविरुद्ध आवाज उठाउनु यसको मुख्य विशेषता हो। जेन्जी आन्दोलन प्रत्यक्ष रुपमा संघीयता विरोधी आन्दोलन होइन, बरु संघीयता सही ढंगले कार्यान्वयन नभएको प्रति व्यक्त असन्तोष हो। युवाहरूको मुख्य माग संघीय संरचना होइन हटाउनु होइन, संघीय संरचनाभित्रको असक्षम शासन प्रणालीको सुधार हो। संघीयता जनउत्तरदायी, पारदर्शी र नतिजामुलक बन्न नसकेमा यसप्रति अविश्वास बढ्नु स्वभाविक हो। जेन्जी आन्दोलन संघीयता सबलीकरणका लागि दबाब सिर्जना गर्ने सामाजिक शक्ति हो। युवाको आलोचनात्मक चेतना र निगरानीले संघीयतालाई कागजी संरचनाबाट व्यावहारिक प्रणालीमा रुपान्तरण गर्न सहयोग पुऱ्याउन सक्छ। संघीयताको व्यावहारिक कार्यान्वयन अपेक्षित स्तरमा पुग्न नसक्दा यसप्रति असन्तोष र प्रश्नहरू उठिरहेका छन् जुन जेन्जी नाम जस्ता आन्दोलनका रुपमा अभिव्यक्त भएका छन्। सबल संघीयता र सचेत युवा पुस्ताको सहकार्यबाट सुशासन, लोकतान्त्रिक स्थायित्व र दिगो विकासको लक्ष्य हासिल गर्न सकिन्छ। संघीयतालाई सुधार र सुदृढीकरणतर्फ डोऱ्याउने चेतनाका रुपमा जेन्जी आन्दोलनलाई ग्रहण गरी अगाडि बढ्नु अबको आवश्यकता हो।

### निष्कर्ष

संघीयताको सबलीकरण र सवनीकरणका लागि नेपालको संघीयतालाई अडयाउने र ठडयाउने तीनवटा खम्बा संघ, प्रदेश र स्थानीय तहका सरकार तथा संरचना समान रुपमा प्रवल हुनुपर्दछ। एकात्मक शासन व्यवस्थामै पनि थोर बहुत रुपमा केन्द्र सरकार तथा स्थानीय निकायको अभ्यास गरिएकोले संघ र स्थानीय तह त्यति धेरै नौला भने होइनन् तर प्रदेश संरचना नेपालको संविधान जारी भएपछिको नितान्त नयाँ संरचनाको रुपमा अस्तित्वमा आएको छ। प्रादेशिक संरचनालाई संविधानले प्रदान गरेको अधिकार र जिम्मेवारीमा आधारित रहेर बलियो र सुसंस्कृत बनाउनु पर्ने आवश्यकता अनुरुप संघ एवं प्रदेश सरकार स्वयंबाट समेत प्रयासहरू भई नै रहेका छन्। तर प्रदेश संयन्त्रलाई कानूनी एवं संरचनागत तवरले सक्षम बनाउन अझै थुप्रै कार्य गर्नुपर्ने देखिन्छ। संघीयता नेपाली जनतालाई लोकतान्त्रिक शासन व्यवस्थाका मूल्य एवं लाभ दिलाउने उत्तम औजारको रुपमा अवलम्बन गरिएको हो। संघीयता नामको शासकीय औजार नै बलियो नभएमा यसले शासन व्यवस्थाका लाभहरू उपलब्ध गराउन सक्दैन। संघीयता आफैमा समाधान होइन यो केवल केन्द्रिकृत शासन व्यवस्थाले

सिर्जना गरेका नकारात्मक प्रभाव न्यूनीकरणको औजार मात्र हो। यदि यो औंजारको प्रयोग औजार प्रयोगकर्ताका रुपमा  रहेका तीन तहका सरकारहरूले राम्रोसँग प्रयोग गर्न सके भने यसले जनविश्वास आर्जन गर्नेछ अन्यथा यसको औचित्य माथि प्रश्न उठ्ने जोखिम समेत छ। उल्लिखित तथ्यलाई मध्यनजर गर्दै आपसी समन्वय, सहकारिता र सहअस्तित्वमा आधारित भई निरन्तर छलफल एवं अन्तरसंवादद्वारा विवादको निरुपण मार्फत संघीयतालाई सघन बनाउनु सरोकारवाला सबैको साझा दायित्व हो। संवैधानिक अधिकारले सुसज्जित प्रदेश र स्थानीय तह जसरी संरचित रहेका छन् त्यति नै अधिकारको प्रयोगको सन्दर्भमा अब्बल भइसकेको अवस्था महसुस गर्न सकिएको छैन। अझै पनि शिशु अवस्थामा देखिने नेपालको संघीयताको अवस्थाले उसको अधिकारको संरक्षणमार्फत थप पालनपोषण, स्याहारसुसार र अभिभावकीय अपनत्वको अपेक्षा गरेको अबस्था देखिन्छ। संघीयताको सफलताबाट नै **"समृद्ध नेपाल, सुखी नेपालीको"** लक्ष्यमा पुग्न सकिन्छ।

❐❐

# डिजिटल संसद: लोकतन्त्र सुदृढीकरणतर्फको यात्रा



**रोशन प्रधान**
कम्प्यूटर अधिकृत
बागमती प्रदेश सभा सचिवालय

लोकतन्त्रको सफल अभ्यासका लागि राज्यका नागरिक सचेत, सशक्त र सुसूचित हुनु अपरिहार्य शर्त हो। लोकतन्त्र केवल आवधिक निर्वाचन, संविधानको व्यवस्था वा संस्थागत संरचनामा मात्र सीमित रहने अवधारणा होइन। यसमा नागरिकको निरन्तर सहभागिता, सूचनामा समान र सहज पहुँच तथा राज्य संयन्त्रप्रतिको उत्तरदायित्व गहिरोसँग जोडिएको हुन्छ। जब नागरिकलाई सूचनाबाट टाढा राखिन्छ, तब लोकतन्त्र औपचारिक अभ्यासमा सीमित हुन्छ र जनताको शासन जनताका लागि भन्ने मूल भावनाले सार्थकता गुमाउन थाल्छ।

एकाइसौं शताब्दीलाई सूचना प्रविधिको युगका रूपमा चिनिन्छ। आजको समाजमा सूचना शक्ति हो र प्रविधि त्यो शक्तिको संवाहक। हाल, सूचनाको हक व्यवहारमा कार्यान्वयन हुन सूचना प्रविधि अनिवार्य साधनका रूपमा अघि आएको छ। सूचना सङ्कलन, भण्डारण, प्रशोधन, विश्लेषण र सम्प्रेषणको मेरुदण्ड नै सूचना प्रविधि हो। सूचनामा नागरिकको पहुँच सहज, छिटो र समान नहुने हो भने लोकतन्त्र कमजोर बन्छ र शक्ति सीमित व्यक्तिहरूको हातमा केन्द्रित हुने जोखिम बढ्छ। यसर्थ, आधुनिक लोकतन्त्रमा सूचना प्रविधिको भूमिका केन्द्रीय एवंम् अपरिहार्य भएको स्पष्ट देखिन्छ।

नेपाल संघीय लोकतान्त्रिक गणतन्त्रमा प्रवेश गरेसँगै राज्यको शासन प्रणालीलाई पारदर्शी, उत्तरदायी र जनमुखी बनाउने संवैधानिक प्रतिबद्धता व्यक्त गरिएको छ। नेपालको संविधानले संघ, प्रदेश र स्थानीय तहबीच शक्ति बाँडफाँट गर्दै शासनको पहुँच जनताको नजिक पुर्‍याउने लक्ष्य लिएको छ। संघीय संरचनामा प्रदेश सभा अत्यन्त महत्वपूर्ण अंग हो। जसले जनताको

आवाजलाई नीति, कानून र विकासको प्राथमिकतामा रूपान्तरण गर्ने जिम्मेवारी वहन गर्छ। प्रदेश सभा जनताको प्रतिनिधित्व गर्ने राजनीतिक मञ्च मात्र नभई लोकतान्त्रिक अभ्यासलाई सुदृढ बनाउने प्रयोगशाला पनि हो।

तर परम्परागत संसदीय कार्यप्रणालीले सूचनाको पहुँच सीमित बनाउने, निर्णय प्रक्रियालाई जटिल र ढिलो बनाउने तथा जनसहभागितालाई कमजोर बनाउने जोखिम बोकेको हुन्छ। परम्परागत कागजमुखी प्रक्रिया, बन्द कोठामा हुने छलफल, अभिलेखमा सीमित सूचना र नागरिकसँग न्यून अन्तरक्रियाले लोकतान्त्रिक अभ्यासलाई कमजोर बनाउने सम्भावना रहन्छ। यही सन्दर्भमा प्रदेश सभामा डिजिटल संसदको अवधारणा समयानुकूल, सान्दर्भिक र अपरिहार्य बन्दै गएको छ। आजको सन्दर्भमा डिजिटल संसद कुनै विकल्प मात्र नभई लोकतन्त्रलाई प्रभावकारी बनाउने अन्तिम उपायका रूपमा देखा परेको छ।

डिजिटल संसद भन्नाले संसदीय गतिविधिहरूलाई सूचना तथा सञ्चार प्रविधिको प्रयोग मार्फत सञ्चालन गर्ने समग्र प्रणालीलाई जनाउँछ। यस अवधारणा अन्तर्गत संसदीय बैठकहरूको प्रत्यक्ष प्रसारण, भर्चुअल वा हाइब्रिड बैठक प्रणाली, विधेयक तथा प्रस्तावहरूको डिजिटल दर्ता, निर्णय र अभिलेखको डिजिटल व्यवस्थापन, ई–भोटिङ प्रणाली तथा नागरिकसँग प्रत्यक्ष डिजिटल अन्तरक्रिया समावेश हुन्छ। डिजिटल संसदले संसदीय प्रक्रियालाई परम्परागत कागजमुखी र सीमित पहुँचको प्रणालीबाट मुक्त गरी खुला, पहुँचयोग्य र उत्तरदायी बनाउँछ।

डिजिटल संसदको मूल उद्देश्य संसदीय क्रियाकलापहरूमा पारदर्शिता अभिवृद्धि गर्नु हो। सभा तथा समितिका बैठकहरूको प्रत्यक्ष प्रसारण हुँदा नागरिकले आफूले निर्वाचित गरेर पठाएका प्रतिनिधिहरूको कानून निर्माण, संशोधन तथा नीति निर्माण प्रक्रियामा रहेको उपस्थिति, भूमिका, धारणा र मतदान व्यवहारको प्रत्यक्ष निगरानी गर्न सक्छन्। यसले जनप्रतिनिधि र नागरिकबीचको दूरी घटाउँछ र जनप्रतिनिधिलाई जनताप्रति थप उत्तरदायी बनाउँछ।

डिजिटल अभिलेख प्रणालीले नीति, कानून र निर्णयहरूलाई सार्वजनिक निगरानीको दायरामा ल्याउँछ। यसले शक्ति दुरुपयोग, भ्रष्टाचार तथा गोप्य रूपमा लिइने निर्णयहरूलाई सीमित गर्न मद्दत गर्छ। अपारदर्शी निर्णय प्रक्रिया न्यूनिकरण हुँदै संस्थागत उत्तरदायित्व मजबुत हुन्छ। साथै, डिजिटल संसदले समय र स्रोतको बचत, कार्यक्षमताको वृद्धि, द्रुत निर्णय प्रक्रिया र समावेशी सहभागिता सुनिश्चित गर्छ। नागरिकले कुनै पनि समय आवश्यक जानकारी प्राप्त गर्न सक्ने भएकाले सार्वजनिक निरीक्षणको दायरा व्यापक बन्छ।

डिजिटल संसदको प्रभावकारी कार्यान्वयनमा संसदीय पुस्तकालयको भूमिका पनि अत्यन्त महत्वपूर्ण हुन्छ। संसदीय पुस्तकालय केवल पुस्तक र दस्तावेज सङ्ग्रह गर्ने स्थल मात्र नभई नीति निर्माण, कानून निर्माण र संसदीय निगरानीका लागि आवश्यक ज्ञान र सूचनाको केन्द्र हो। डिजिटल प्रविधिको प्रयोगसँगै संसदीय पुस्तकालय पनि डिजिटल पुस्तकालयका रूपमा रूपान्तरण हुँदै गएका छन्। डिजिटल संसदीय पुस्तकालयले कानून, विधेयक, प्रतिवेदन, संसदीय बहस, शोधपत्र र अन्तर्राष्ट्रिय अभ्याससम्बन्धी सामग्रीलाई इलेक्ट्रोनिक रूपमा सङ्ग्रह, व्यवस्थापन र पहुँचयोग्य बनाउँछ। यसले सांसद, समिति सदस्य, कर्मचारी तथा अनुसन्धानकर्तालाई समयमै विश्वसनीय सूचना उपलब्ध गराई तथ्यमा आधारित निर्णय प्रक्रियालाई सहयोग पुऱ्याउँछ।

डिजिटल संसद र डिजिटल पुस्तकालयबीचको अन्तरसम्बन्धले संसदीय कार्यलाई ज्ञानमा आधारित, पारदर्शी र प्रभावकारी बनाउँछ। नागरिकले पनि सार्वजनिक रूपमा उपलब्ध डिजिटल सामग्रीमार्फत संसदीय गतिविधि बुझ्न सक्ने हुँदा सूचनाको हक सुदृढ हुन्छ। यसरी डिजिटल संसदको सफल अभ्यासका लागि आधुनिक, प्रविधिमैत्री र सशक्त संसदीय पुस्तकालय अपरिहार्य आधार हो।

नेपालको सन्दर्भमा डिजिटल संसद केवल सुविधा वा प्रविधिक विलासिता मात्र नभई भौगोलिक विकटता, पहुँचमा असमानता र स्रोत सीमितताकोबीच लोकतन्त्रलाई प्रभावकारी बनाउने व्यावहारिक समाधान हो। राजधानीमा दुर्गम क्षेत्रका नागरिकहरूको भौतिक उपस्थितिमा कठिनाइ भए पनि डिजिटल माध्यममार्फत उनीहरूले संसदीय गतिविधिबारे जानकारी लिन, प्रतिक्रिया दिन र सहभागिता जनाउन सक्छन्। यसले लोकतन्त्रमा समावेशी सहभागितालाई प्रवर्द्धन गर्दै "सबैका लागि लोकतन्त्र" भन्ने अवधारणालाई व्यवहारमा उतार्न सहयोग पुऱ्याउँछ।

बागमती प्रदेश नेपालको प्रशासनिक, राजनीतिक र आर्थिक केन्द्रका रूपमा रहेको प्रदेश हो। संघीय राजधानी काठमाडौं यही प्रदेशमा अवस्थित भएकाले बागमती प्रदेश सभा संघीय अभ्यासका दृष्टिले उदाहरणीय र प्रभावशाली संस्था मानिन्छ। बागमती प्रदेश सभामा सूचना प्रविधिको प्रभावकारी प्रयोगले प्रदेशभित्रको शासन प्रणालीलाई आधुनिक, पारदर्शी र उत्तरदायी बनाउन सक्छ। यसले अन्य प्रदेशहरूका लागि पनि अनुकरणीय अभ्यास प्रस्तुत गर्ने सम्भावना बोकेको छ।

बागमती प्रदेश सभामा सूचना प्रविधिको भूमिका अत्यन्त महत्वपूर्ण र बहुआयामिक छ। पहिलो, संसदीय कार्यसूची, विधेयक, प्रस्ताव, समितिका प्रतिवेदन र निर्णयहरू डिजिटल प्लेटफर्ममार्फत सार्वजनिक गर्न सकिन्छ। यसले नागरिक, सञ्चार माध्यम, नागरिक समाज र अनुसन्धानकर्तालाई समयमै सूचना प्राप्त गर्न सहयोग पुऱ्याउँछ। दोस्रो, प्रदेश सभा बैठकहरूको प्रत्यक्ष प्रसारण र अभिलेखले नागरिकलाई संसदीय गतिविधिसँग जोड्छ र लोकतान्त्रिक निगरानी प्रणालीलाई सुदृढ बनाउँछ। तेस्रो, आन्तरिक रूपमा डिजिटल दस्तावेज व्यवस्थापन प्रणालीले सांसद र कर्मचारीहरूको कार्यक्षमता वृद्धि गर्छ, कागजी प्रक्रियामा निर्भरता घटाउँछ र समय तथा स्रोतको बचत हुन्छ।

सूचना प्रविधिको अर्को महत्वपूर्ण आयाम प्रदेश सभा अन्तर्गतका समितिहरूको कार्यसम्पादनसँग प्रत्यक्ष रूपमा जोडिएको छ। संसदीय समितिहरूले विधेयक अध्ययन, नीतिगत छलफल र निगरानी कार्य गर्दा डिजिटल साधनको प्रयोगले कामलाई अझ व्यवस्थित र प्रभावकारी बनाउँछ। डिजिटल प्लेटफर्ममार्फत सरोकारवाला निकायहरूसँग परामर्श लिन, विज्ञहरूको राय संकलन गर्न तथा आवश्यक तथ्याङ्क र दस्तावेजहरू सहज रूपमा प्राप्त गर्न सकिन्छ। यसले निर्णय प्रक्रिया तथ्यमा आधारित, पारदर्शी र विश्वासयोग्य बनाउँछ।

नागरिकलाई अनलाइन माध्यमबाट सुझाव, प्रतिक्रिया र गुनासो राख्ने अवसर उपलब्ध गराउँदा संसदीय प्रक्रिया सहभागितामूलक बन्छ। यसले नीति निर्माण प्रक्रियामा नागरिकको स्वामित्व बढाउँछ र जनमुखी शासन प्रणालीलाई मजबुत बनाउँछ। साथै, समितिका प्रतिवेदन तयार गर्दा डिजिटल प्रणाली प्रयोग गर्दा समयको बचत हुनुका साथै गुणस्तरमा समेत सुधार हुन्छ।

यसका साथै बागमती प्रदेश सभामा ई–गभर्नेन्स र डिजिटल संसदबीचको अन्तरसम्बन्ध पनि अत्यन्त महत्वपूर्ण छ। प्रदेश सरकारले कार्यान्वयन गर्ने नीति तथा कार्यक्रमको निगरानी, मूल्याङ्कन र उत्तरदायित्व सुनिश्चित गर्न डिजिटल ड्यासबोर्ड, तथ्यांक प्रणाली र अनलाइन अनुगमन उपकरण प्रयोग गर्न सक्छ। यसले प्रदेश सभालाई केवल कानून निर्माण गर्ने निकाय मात्र नभई प्रभावकारी निगरानी र सन्तुलनको भूमिकामा पनि सुदृढ बनाउँछ।

यद्यपि नेपालमा, विशेष गरी प्रदेश तहमा डिजिटल संसद कार्यान्वयन गर्दा विभिन्न चुनौतीहरू देखिन्छन्। प्राविधिक पूर्वाधारको असमानता, ग्रामीण तथा दुर्गम क्षेत्रमा इन्टरनेट पहुँचको कमजोरी, डिजिटल साक्षरताको अभाव, साइबर सुरक्षाको जोखिम, डाटाको गोपनीयता सम्बन्धी चिन्ता, परम्परागत सोच भएको कर्मचारीतन्त्र र राजनीतिक इच्छाशक्तिको कमी प्रमुख

चुनौतीका रूपमा रहेका छन्। बागमती प्रदेशमा पूर्वाधार तुलनात्मक रूपमा राम्रो भए पनि सबै समुदाय र निर्वाचन क्षेत्रमा समान पहुँच सुनिश्चित गर्न अझै प्रयास आवश्यक छ।

यी चुनौतीहरू समाधान गर्न दीर्घकालीन दृष्टिकोण आवश्यक छ। चरणबद्ध कार्यान्वयन, सांसद तथा कर्मचारीहरूको क्षमता विकास, स्पष्ट कानूनी र नीतिगत व्यवस्था, साइबर सुरक्षा मापदण्डको कडाइका साथ पालना तथा नागरिकको डिजिटल साक्षरता अभिवृद्धि अनिवार्य छ। साथै, बागमती प्रदेश सभाले संघीय संसदसँग समन्वय गर्दै एकीकृत डिजिटल मानक विकास गर्न सकेमा लागत घट्ने र प्रणालीको प्रभावकारिता बढ्नेछ।

अतः सूचनाको हकको लागि सूचना प्रविधि र सूचना प्रविधि बिनाको लोकतन्त्र आजको युगमा एक अर्काका परिपूरक हुन्। डिजिटल संसद लोकतन्त्र र जनताबीचको सेतु हो। यसले जनताको प्रत्यक्ष निगरानी, सहभागिता र उत्तरदायित्व सुनिश्चित गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्छ। बागमती प्रदेश सभामा सूचना प्रविधिको प्रभावकारी प्रयोगले सभा तथा समितिका क्रियाकलापहरूमा पारदर्शिता, उत्तरदायित्व र सहभागितामा गुणात्मक सुधार ल्याएको छ। त्यसैले डिजिटल संसद केवल प्रविधिक सुधार वा आधुनिकीकरण मात्र नभई नेपालको लोकतान्त्रिक अभ्यासलाई सुदृढ, समावेशी र भविष्यउन्मुख बनाउने आधारभूत रूपान्तरण हो।

❐❐

# संघीयता र बागमती प्रदेश



**रिपेश दाहाल**
कम्प्युटर अपरेटर
बागमती प्रदेश सभा सचिवालय

अधिकारका सपना, विकासका अपेक्षा र स्वशासनको चाहनाबीच जन्मिएको संघीयता आज परिपक्वताको मोडमा उभिएको छ। यो यात्रा केवल शासन प्रणालीको परिवर्तन होइन, नागरिक र राज्यबीचको सम्बन्ध पुनःपरिभाषित गर्ने ऐतिहासिक प्रयास हो। सातवर्षपछि आज संघीयता केवल संविधानका पानामा सीमित छैन, यो सफलताका कथा र असफलताका प्रश्नहरू बोकेर हाम्रो दैनिक जीवनसँग जोडिएको यथार्थ बनिसकेको छ।

नेपालको राजनीतिक इतिहासमा २०७२ सालको संविधान एक युगान्तकारी उपलब्धिका रूपमा स्थापित भएको छ। लामो समयसम्म केन्द्रीकृत शासन प्रणालीको अभ्यास गरेको नेपालले संविधानमार्फत संघीय लोकतान्त्रिक गणतन्त्रको बाटो रोज्दै राज्यसत्तालाई विकेन्द्रित गर्ने निर्णय गर्‍यो। संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको सरकारको व्यवस्था गर्दै जनताको नजिक सरकार पुर्‍याउने, समावेशी शासन प्रणाली निर्माण गर्ने र क्षेत्रीय असन्तुलन घटाउने उद्देश्य संविधानको मूल मर्म रह्यो। यही सन्दर्भमा संघीयताको सफल वा असफल अभ्यासले नेपालको राजनीतिक स्थायित्व, विकास र लोकतन्त्रको भविष्य निर्धारण गर्ने देखिन्छ।

संघीयता भन्नाले राज्य शक्तिको बाँडफाँटसहित बहुतहमा शासन सञ्चालन गर्ने प्रणालीलाई बुझिन्छ। विभिन्न स्वायत्त इकाईहरूलाई एक साझा संविधान अन्तर्गत बाँधेर शासन गर्ने पद्धति नै संघीयता हो। सामान्यतया सङ्घीय व्यवस्थामा केन्द्र सरकार, प्रदेश सरकार र स्थानीय तहबीच संविधानद्वारा अधिकार र जिम्मेवारी स्पष्ट रूपमा बाँडिएको हुन्छ वा बाँडिनु पर्छ। त्यसैले पनि संघीयता जबर्जस्ती होइन, सहमतिमा आधारित शासन संरचना हो। केन्द्रीयकरणमा आधारित एकात्मक शासन प्रणालीभन्दा फरक रूपमा, संघीयताले विविधता व्यवस्थापन गर्ने प्रयास गर्छ।

अन्तर्राष्ट्रिय परिप्रेक्ष्यमा आज विश्वका करिब ३० भन्दा बढी देशहरूले सङ्घीय शासन प्रणाली अपनाएका छन्, जसमा विश्व जनसंख्याको झण्डै ४० प्रतिशत हिस्सा समेटिएको छ। संयुक्त राज्य अमेरिका, क्यानडा, जर्मनी, भारत, अष्ट्रेलिया, ब्राजिल, मेक्सिको, स्विट्जरल्यान्डजस्ता देशहरू सफल सङ्घीय अभ्यासका उदाहरण हुन्। ठूलो भौगोलिक क्षेत्रफल, जातीय, सांस्कृतिक विविधता र प्रशासनिक जटिलता भएका मुलुकहरूले संघीयतालाई प्रभावकारी शासन मोडेलका रूपमा अपनाएका छन्। अर्कोतर्फ, नेपाल, इथियोपिया, बेल्जियमजस्ता देशहरूमा एकात्मक प्रणालीबाट संघीयतामा रूपान्तरण भएको देखिन्छ। यी मुलुकहरूको अनुभवले देखाउँछ कि संघीयता केवल संरचना परिवर्तन होइन, राजनीति संस्कृति, सुशासन र समन्वय क्षमतासँग जोडिएको प्रक्रिया हो।

नेपालको संविधानले संघ, प्रदेश र स्थानीय तहलाई आ आफ्नो क्षेत्राधिकारसहित अधिकार सम्पन्न बनाएको छ। अनुसूचीहरूमा संघीय, प्रादेशिक र स्थानीय तहबीचको अधिकार स्पष्ट गरेको छ। शिक्षा, स्वास्थ्य, कृषि, उद्योग, पर्यटन, पूर्वाधार विकास, वातावरण संरक्षणजस्ता क्षेत्रमा प्रदेश सरकारलाई महत्वपूर्ण भूमिका दिइएको छ। तर व्यवहारमा अधिकार बाँडफाँटको अस्पष्टता, कानून निर्माणमा ढिलाइ र कार्यान्वयनको कमजोरीले संघीयताको अभ्यास अपेक्षाकृत सहज हुन सकेको छैन।

बागमती प्रदेश नेपालको मध्य भागमा अवस्थित छ र संघीय राजधानी काठमाडौं यही प्रदेशभित्र पर्छ। काठमाडौं, ललितपुर, भरतपुर, हेटौंडा र भक्तपुरजस्ता अत्यधिक शहरी क्षेत्रसँगै सिन्धुली, रामेछाप, दोलखा, रसुवा, नुवाकोट र धादिङजस्ता ग्रामीण तथा पहाडी जिल्लाहरू यस प्रदेशमा समावेश छन्।

राजधानी प्रदेशमै पर्नु बागमती प्रदेशका लागि अवसर पनि हो र चुनौती पनि। एकातिर प्रशासनिक पहुँच, पूर्वाधार र लगानीको सम्भावना उच्च छ भने अर्कोतर्फ संघीय संरचनाको छायाँमा प्रदेश सरकारको भूमिका ओझेलमा पर्ने जोखिम पनि उत्तिकै देखिन्छ।

संघीयताले प्रदेशलाई आफ्नै नीति, कार्यक्रम र बजेट निर्माण गर्ने अधिकार दिएको छ। औद्योगिक करिडोर, पर्यटन प्रबर्द्धन, शहरी व्यवस्थापन, वातावरण संरक्षण र यातायात पूर्वाधारमा प्रदेश सरकारले महत्वपूर्ण पहल गर्न सक्छ।

विशेषगरी राजधानी नजिकै रहेको फाइदाले निजी लगानी, रोजगारी सिर्जना र सेवा क्षेत्रको विस्तारमा बागमती प्रदेश अग्रणी बन्न सक्ने सम्भावना राख्छ। यदि सही योजना र सुशासन

कायम गर्न सकियो भने बागमती प्रदेश संघीयताको **नमूना प्रदेश** बन्न सक्छ। यद्यपि यस प्रदेशमा अवसरसँगै चुनौतीहरू पनि गम्भीर छन्। अधिकारको दोहोरोपन, स्रोत साधनको सीमितता, दक्ष जनशक्तिको अभाव र संघ-प्रदेश-स्थानीय तहबीच कमजोर समन्वय अन्य प्रदेश जस्तै बागमती प्रदेशका प्रमुख समस्या हुन्।

राजधानी प्रदेशमै रहेकाले सङ्घीय मन्त्रालय र निकायको प्रभाव प्रदेश सरकारमाथि पर्ने अवस्था अझै हट्न सकेको छैन। यसले प्रदेश सरकारको स्वतन्त्र निर्णय क्षमता कमजोर बनाएको अनुभूति जनतामा देखिन्छ।

**प्रदेश सभा आगजनीः संरचना मात्रै होइन, संस्थागत स्मृतिमा लागेको आगो**

गत भाद्र २४ गते आन्दोलनकारीको निसानामा परेर ध्वस्त भएका संरचनाहरूमा बागमती प्रदेश सभा पनि सबैभन्दा धेरै क्षति हुने सरकारी संरचनाहरू मध्य पर्दछ। आगजनीले प्रदेश सभाको करिब ३० करोड रुपैयाँ बराबरको क्षति भएको अनुमान छ । प्रदेश सभाका दुई ठूला भवनहरू फेरि प्रयोग गर्न नमिल्ने गरी जले भने अन्य भवनहरू पनि नराम्ररी क्षति भए । आगजनी हुनुभन्दा केही समयअघिसम्म बागमती प्रदेश सभाको नयाँ भवन झकिझकाउ र व्यवस्थित देखिन्थ्यो। करिब १२ करोड रुपैयाँ खर्च गरेर निर्माण सम्पन्न गरिएको उक्त भवनमा अत्याधुनिक सुविधासहितका कक्षहरू थिए। एक महिनाअघि मात्रै औपचारिक रूपमा सम्पन्न भएको यो भवनमा जम्मा तीन वटा बैठक मात्रै बस्न पाएको थियो।

सभा हलअगाडि सुन्दर हरित बगैंचा, ढुङ्गेधारा, साजसज्जाका संरचना र व्यवस्थित परिसरले प्रदेश सभालाई एउटा गौरवको प्रतीक बनाइरहेको थियो। संघीयताको अभ्यास, जनताको आवाज र लोकतान्त्रिक बहसको केन्द्र बन्ने अपेक्षासहित तयार पारिएको यो भवन राज्यको साझा सम्पत्ति थियो।

तर एकै दिनमा त्यो सबै इतिहास बनेर खरानीमा परिणत भयो। आगजनीले भवन मात्रै होइन, संघीय व्यवस्थाप्रतिको विश्वास, सार्वजनिक सम्पत्तिप्रतिको जिम्मेवारी र प्रशासनिक सुरक्षाको अवस्थामाथि पनि गम्भीर प्रश्न खडा गरिदिएको छ। करोडौंको लगानी, वर्षौंको श्रम र भविष्यप्रतिको आशा एकैछिनमा ध्वस्त भयो। बागमती प्रदेश सभाभित्र भएको आगलागीले भौतिक संरचनामा मात्र क्षति पुऱ्याएको छैन, यसले लोकतान्त्रिक अभ्यास, विधायिकी परम्परा र संस्थागत स्मृतिमै चोट पुऱ्याएको छ। प्रदेश सभाजस्तो संवैधानिक निकायमा भएको यो घटना अत्यन्तै दुःखद र गम्भीर विषय हो।

आगलागीका कारण प्रदेश सभाको सभाकक्ष, बैठक कक्ष तथा प्रशासनिक कक्ष समेत पूर्णरूपमा क्षति भएको छ । आगोले काठका फर्निचर, कुर्सी-टेबल, माइक, साउन्ड सिस्टम, एलइडी स्क्रिन, कम्प्युटर, प्रिन्टर, फोटोकपी मेसिनलगायतका विद्युतीय उपकरणहरू जलेर नष्ट भएका छन्। साथै, महत्वपूर्ण कागजात, फाइलहरू र अभिलेख सामग्रीहरू समेत खरानी भएको छ।

प्रदेश सभाभित्रको भौतिक क्षति मर्मत गरेर पुनः निर्माण गर्न सकिएला, तर लोकतान्त्रिक अभ्यासको केन्द्रमा यस्तो घटना हुनु आफैंमा चिन्ताको विषय हो। यसले सरकारी भवनहरूको सुरक्षा व्यवस्था तथा विपद् व्यवस्थापनप्रति गम्भीर पुनरावलोकनको आवश्यकता औंल्याएको छ।

यो घटना दुःखद भए पनि, यसबाट पाठ सिक्दै प्रदेश सभाको संरचनागत सुरक्षा, अभिलेख संरक्षण र आपत्कालीन व्यवस्थापन प्रणालीलाई अझ सबल बनाउनु आजको आवश्यकता हो। लोकतन्त्रका घरहरू सुरक्षित रहनु नै जनताको भरोसा सुरक्षित रहनु हो।

तर, बागमती प्रदेश सभा आगलागीको घटनाले प्रदेशको राजनीतिक र प्रशासनिक इतिहासमा एउटा कालो अध्याय थपेको छ। आगोले जलेका पर्खाल, धुवाँले कालो बनेका छाना र खरानी भएका कुर्सी– टेबलहरूभन्दा पनि डरलाग्दो दृश्य भने आगो निभेपछि देखियो –जहाँ राज्य नै हराएजस्तो देखिन्थ्यो।

आगलागी भएको केही घण्टामै होइन, त्यसपछिका दिनहरूमा प्रशासनिक उपस्थिति शून्यजस्तै रहँदा, प्रदेश सभाभित्र बाँकी रहेका सामग्रीहरूमा खुलेआम र क्रमिक रूपमा व्यापक लुटपाट भयो। आगोले नछोएका सामानहरू पनि सुरक्षित रहन सकेनन्। लोकतन्त्रको मन्दिर भनिने स्थल निकै दिनसम्म संरक्षणविहीन बन्यो।

प्रदेश सभाको आगोले नभेटेका समिति कक्ष, सचिवालय कक्ष र प्रशासनिक कोठाहरूबाट कम्प्युटर, प्रिन्टर, साउन्ड सिस्टम, माइक, एलइडी स्क्रिन, कार्यालय सामग्री हराउँदै गए। केही स्थानमा त भित्तामा जडान गरिएका संरचनासमेत उखेलिएको अवस्था देखियो। यो अवस्था केवल आगलागीपछिको अव्यवस्था भनेर पन्छाउन मिल्दैन। संविधानले व्यवस्था गरेको प्रदेश सभाजस्तो संवेदनशील र सार्वभौम संस्थामा केही प्रशासनिक नियन्त्रण नहुनु, सुरक्षा संयन्त्र निष्क्रिय हुनु र जिम्मेवारीको स्पष्टता नदेखिनु राज्य संयन्त्रको गम्भीर असफलता हो।

बागमती प्रदेश सभाको लगभग सबैजसो संरचना, सामग्री र व्यवस्थापन प्रणाली तहसनहस बनाइयो। बाँकी रहेको भन्दा हराएको, जलेको र नष्ट भएको विवरण धेरै छ। यो क्षति केवल आर्थिक हिसाबले मापन गर्न सकिने विषय होइनस यो संस्थागत स्मृति, विधायिकी अभ्यास र लोकतान्त्रिक गरिमामाथिको क्षति हो।

सबैभन्दा चिन्ताजनक पक्ष भनेको–यस्तो गम्भीर घटनापछि पनि स्पष्ट जवाफदेहिता, जिम्मेवार निकायको पहिचान र सार्वजनिक उत्तरदायित्वको अनुभूति नहुनु हो। प्रदेश सभाजस्तो निकाय केही दिन लुटपाटको जोखिममा पर्नु र आजसम्म पनि प्रहरी प्रशासन परिचालित नगरिनु भनेको भोलि कुनै पनि संवैधानिक संस्था असुरक्षित हुन सक्ने खतरनाक संकेत हो। आगोले बनेको खरानी र अङ्गारको तौल गरेर मात्रै राज्यको जिम्मेवारी पूरा हुँदैन । अब आवश्यक छ, जिम्मेवारी निर्धारण र प्रदेश सभाको सुरक्षा, अभिलेख संरक्षण तथा विपद् व्यवस्थापन प्रणालीको पूर्ण पुनःसंरचना।

लोकतन्त्र कार्यान्वयन गराउने थलोहरू सुरक्षित छैनन् भने, जनताको भरोसा सुरक्षित रहँदैन। बागमती प्रदेश सभामा भएको यो घटना केवल एउटा आगलागीको कथा होइन, राज्य कति सजिलै मौन र अनुपस्थित हुन सक्छ भन्ने गम्भीर चेतावनी हो।

## सुधारको बाटो र भविष्यको सम्भावना

समग्रमा, संघीयता नेपालको समावेशी, विकेन्द्रित र सहभागितामूलक शासन प्रणालीतर्फको ऐतिहासिक कदम हो। बागमती प्रदेश यसको सफलताको महत्वपूर्ण परीक्षणस्थल बनेको छ।

सार्वजनिक सम्पत्तिको संरक्षण, लोकतान्त्रिक संस्कृतिको सम्मान, सुशासन, पारदर्शिता र जनसंवादलाई प्राथमिकता दिन सके मात्र बागमती प्रदेश संघीयता नेपालको स्थिर, सक्षम र उदाहरणीय प्रदेशका रूपमा स्थापित हुन सक्छ। संरचना होइन, त्यसको व्यवहारिक अभ्यास नै संघीयताको वास्तविक परीक्षा हो। सङ्घीय शासन प्रणाली जनआकांक्षाबाट जन्मिएको व्यवस्था हो। लामो समयसम्म केन्द्रमुखी शासनका कारण उत्पन्न असमानता, पहुँचको अभाव र विकासको असन्तुलन अन्त्य गर्ने लक्ष्यसहित संघीयता अवलम्बन गरिएको हो। तर कार्यान्वयनको करिब एक दशक पुग्न लाग्दा पनि संघीयता अपेक्षित रूपमा जनताले अनुभूति गर्न सक्ने अवस्थामा पुग्न सकेको छैन। यसले "सङ्घीय व्यवस्था नै असफल हो कि" भन्ने

बहसलाई सतहमा ल्याएको छ। यथार्थमा समस्या संघीयताको अवधारणामा होइन, यसको कार्यान्वयनमा देखिएको कमजोरीमा छ।

संघीयतालाई सफल बनाउन सर्वप्रथम संविधानले निर्दिष्ट गरेको अधिकारको पूर्ण र इमानदार कार्यान्वयन आवश्यक छ। संघ, प्रदेश र स्थानीय तहबीच अधिकारको स्पष्ट बाँडफाँट भए पनि व्यवहारमा सङ्घीय सरकारले धेरै अधिकार आफैं केन्द्रित गर्ने प्रवृत्ति देखाएको छ। यसले प्रदेश र स्थानीय तहलाई निर्णय र कार्यान्वयनमा निर्भर बनाएको छ। संङ्घीय शासनको मर्मअनुसार संघले नीति निर्माणमा केन्द्रित भई प्रदेश र स्थानीय तहलाई कार्यान्वयनमा स्वतन्त्रता दिनु अपरिहार्य छ।

संघीयताको मेरुदण्ड भनेकै आर्थिक संङ्घीयता हो। पर्याप्त स्रोत र साधनबिनाको अधिकार केवल कागजी अधिकार मात्र हुन्छ। प्रदेश र स्थानीय तहलाई कर संकलन, राजस्व बाँडफाँट र बजेट विनियोजनमा प्रभावकारी भूमिका दिनुपर्छ। अनुदान वितरण राजनीतिक पहुँचका आधारमा होइन, आवश्यकता, जनसंख्या, भूगोल र कार्यसम्पादनका आधारमा हुनुपर्छ। आर्थिक आत्मनिर्भरता बिना कुनै पनि तहले प्रभावकारी सेवा दिन सक्दैन।

त्यसैगरी, दक्ष जनशक्ति र संस्थागत क्षमता विकास अर्को महत्वपूर्ण पक्ष हो। संघीय संरचनाअनुसार कर्मचारी समायोजन भए पनि धेरै स्थानमा आवश्यक सीप र अनुभव भएका जनशक्तिको अभाव छ। कर्मचारी व्यवस्थापनमा देखिएको अन्योल, असन्तुष्टि र अस्थायित्वले सेवा प्रवाह कमजोर बनाएको छ। प्रदेश र स्थानीय तहलाई सक्षम बनाउन नियमित तालिम, प्रविधिको प्रयोग र स्थायी कर्मचारी प्रणाली आवश्यक छ।

संघीयता प्रभावकारी बनाउन कानूनी संरचनाको समयमै निर्माण र कार्यान्वयन अनिवार्य हुन्छ। केन्द्र सरकारले कतिपय सङ्घीय अवश्यकताका कानून निर्माण ढिलो गरिदिदा प्रदेश र स्थानीय तहले अधिकार प्रयोग गर्न नपाएको अवस्था छ। संविधानले दिएको अधिकार प्रयोग गर्न आवश्यक ऐन, नियम र कार्यविधि समयमै नबन्दा विकास र सेवा प्रवाह अवरुद्ध भएको छ। साथै संघ, प्रदेश र स्थानीय तहबीच समन्वय गर्ने संयन्त्रलाई सक्रिय र परिणाममुखी बनाउनुपर्छ।

यसका साथै राजनीतिक इच्छाशक्ति र व्यवहार परिवर्तन संघीयताको सफलताको आधार हो। संघीयता संविधानमा लेखिएको विषय मात्र होइन, नेतृत्वको सोच र व्यवहारमा प्रतिबिम्बित हुनुपर्छ। केन्द्रमुखी मानसिकता त्यागी प्रदेश र स्थानीय नेतृत्वलाई विश्वास गर्ने संस्कृति विकास

गर्नुपर्छ। राजनीतिक दलहरूले पनि आफ्ना संगठनात्मक संरचना संघीय ढाँचाअनुसार सञ्चालन गर्न आवश्यक छ।

सङ्घीय शासन प्रणालीको आत्मा भनेकै सुशासन र जवाफदेहिता हो। स्थानीय तह जनताको सबैभन्दा नजिकको सरकार भएकाले त्यहाँ पारदर्शिता, भ्रष्टाचार नियन्त्रण र जनउत्तरदायी शासन अपरिहार्य हुन्छ। सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण र डिजिटल सेवा प्रणालीमार्फत सेवा प्रवाहलाई छिटो, सरल र प्रभावकारी बनाउन सकिन्छ। काम नगर्ने जनप्रतिनिधि वा कर्मचारीमाथि स्पष्ट र निष्पक्ष कारबाही प्रणाली हुनुपर्छ।

संघीयताको दीर्घकालीन सफलताका लागि नागरिक चेतना र सहभागिता पनि उत्तिकै आवश्यक छ। नागरिकले सङ्घीय शासन प्रणालीको अर्थ, आफ्नो अधिकार र जिम्मेवारी बुझ्नुपर्छ। विकास योजनाको तर्जुमा, कार्यान्वयन र अनुगमनमा नागरिकको सक्रिय सहभागिताले शासन प्रणालीलाई जीवन्त बनाउँछ। यसमा सञ्चारमाध्यमको भूमिका पनि महत्वपूर्ण हुन्छ, जसले संघीयताको सकारात्मक अभ्यास र उपलब्धिलाई उजागर गर्न सक्छ।

अन्ततः, प्रदेशहरूलाई केवल प्रशासनिक इकाइका रूपमा होइन, आर्थिक, सांस्कृतिक र विकासको केन्द्रका रूपमा विकास गर्नुपर्छ। प्रदेशस्तरीय उद्योग, पर्यटन, शिक्षा र स्वास्थ्य क्षेत्रमा लगानी बढाएर प्रदेशको आफ्नै पहिचान र क्षमता निर्माण गर्न सकिन्छ।

निष्कर्षमा भन्नुपर्दा, संघीयता असफल प्रणाली होइन। यसलाई कमजोर बनाउने तत्व भनेको आधा-अधूरो कार्यान्वयन, राजनीतिक अनिच्छा र केन्द्रमुखी सोच हो। संविधानको मर्मअनुसार अधिकारको अभ्यास, सुशासन, आर्थिक आत्मनिर्भरता र सक्रिय नागरिक सहभागिताबाट मात्रै संघीयता जनताले प्रत्यक्ष अनुभूति गर्ने शासन प्रणाली बन्न सक्छ।

❒❒

# बागमती प्रदेश सभाः संघीयता अभ्यास र उपलब्धिहरु



पोष्टराज अधिकारी (कुमार)

## पृष्ठभूमिः

नेपालको संविधानले परिकल्पना गरेको संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको तीन तहको संरचना मध्ये प्रदेश संरचना एक महत्वपूर्ण कडी हो। देशको संघीय राजधानी समेत रहेको बागमती प्रदेशको विधायिकी अंगको रूपमा 'बागमती प्रदेश सभा' हेटौंडामा अवस्थित छ। वि.सं. २०७४ मा स्थापना भएको बागमती प्रदेश सभाले हाल आफ्नो दोस्रो कार्यकाल (२०७९ को निर्वाचन पछि) सञ्चालन गरिरहेको छ।

## प्रदेश सभाको बनोट र प्रतिनिधित्वः

बागमती प्रदेश सभा ११० सदस्यीय एक सदनात्मक व्यवस्थापिका हो। यसमा १३ वटा जिल्ला (काठमाडौं, भक्तपुर, ललितपुर, मकवानपुर, चितवन, धादिङ, रसुवा, नुवाकोट, काभ्रे, सिन्धुपाल्चोक, सिन्धुली, रामेछाप, दोलखा) बाट प्रतिनिधित्व हुन्छ।

## निर्वाचन प्रणालीः

पहिलो हुने निर्वाचित हुने (प्रत्यक्ष) प्रणालीबाट ६६ जना र समानुपातिक निर्वाचन प्रणालीबाट ४४ जना सदस्य निर्वाचित हुने व्यवस्था छ। राजनीतिक दलहरूको उपस्थितिः सभामा नेपाली काँग्रेस, नेकपा (एमाले), नेकपा (माओवादी केन्द्र), राष्ट्रिय प्रजातन्त्र पार्टी, नेकपा (एकीकृत समाजवादी), नेपाल मजदुर किसान पार्टी र हाम्रो नेपाली पार्टी गरी ७ वटा राजनीतिक दलहरूको प्रतिनिधित्व रहेको छ।

## प्रमुख पदाधिकारीहरुः

दोस्रो कार्यकालको नेतृत्व सम्हाल्दै हाल प्रदेश सभाका प्रमुख पदाधिकारीहरू निम्न अनुसार रहेका छन्।

सभामुखः ................(हाल रिक्त)

उपसभामुखः अपसरा चापागाईं
मुख्यमन्त्रीः इन्द्रबहादुर बानियाँ
सभा सचिवः रामकुमार पौडेल
सचिवालय सचिवः पूर्णबहादुर दर्जी

संसदीय समितिहरू (मिनी संसद):
प्रदेश सभाको कार्यलाई प्रभावकारी बनाउन र सरकारलाई जवाफदेही बनाउन विभिन्न विषयगत समितिहरू गठन गरिएका छन्। बागमती प्रदेश सभामा हाल ६ वटा समितिहरू क्रियाशील छन्।

१. प्रदेश मामिला समितिः (सभापतिः छिरिङ दोर्जे लामा)
२. अर्थ तथा विकास समितिः (सभापतिः नुरज बज्राचार्य)
३. सार्वजनिक लेखा समितिः (सभापतिः श्रीराम लामिछाने)
४. शिक्षा, स्वास्थ्य तथा कृषि समितिः (सभापतिः ठाकुर प्रसाद ढकाल)
५. उद्योग, पर्यटन तथा वातावरण समितिः (सभापतिः आनन्द कुमार श्रेष्ठ)
६. विशेषाधिकार समितिः (सभापतिः मायादेवी शर्मा)

साथै, सभा सञ्चालनको सहजताका लागि 'कार्यव्यवस्था परामर्श समिति' पनि रहेको छ। सो समितिको नेतृत्व सभामुखले गर्ने व्यवस्था रहेको छ। प्रदेशसभाको तथ्यांक र विवरणका आधारमा बागमती प्रदेश सभामा प्रतिनिधित्व गर्ने ११० सदस्यहरूलाई लैगिंक, निर्वाचन प्रणाली र भौगोलिक क्षेत्रका आधारमा तल प्रस्तुत गरिएको छ।

**१. लैङ्गिक आधारमा प्रतिनिधित्वः**
बागमती प्रदेश सभामा कुल ११० सदस्यहरू रहने व्यवस्था छ। दोस्रो कार्यकालको प्रत्यक्ष र समानुपातिक तर्फबाट प्रदेशसभामा प्रतिनिधित्व गरेका सांसदहरूको उपस्थिती अनुसार महिला र पुरुषको उपस्थिति निम्न अनुसार रहेको छ।

| विवरण | पुरुष | महिला | जम्मा |
|---|---|---|---|
| पहिलो हुने निर्वाचित हुने (प्रत्यक्ष) | ६१ | ५ | ६६ |
| समानुपातिक निर्वाचन प्रणाली | ९ | ३५ | ४४ |
| कुल सङ्ख्या | ७० | ४० | ११० |
| प्रतिशत (करिब) | ६३.६४% | ३६.३६% | १००% |

## २. निर्वाचन प्रणालीगत आधारमा प्रतिनिधित्वः

संविधान अनुसार प्रदेश सभामा ६० प्रतिशत प्रत्यक्ष र ४० प्रतिशत समानुपातिक प्रतिनिधित्व रहने व्यवस्था छ।

**प्रत्यक्ष तर्फः**

| जिल्ला | संख्या | प्रत्यक्ष निर्वाचित | समानुपातिक |
|---|---|---|---|
| काठमाडौं | ३४ जना | २० जना | १४ जना |
| चितवन | ११ जना | ६ जना | ५ जना |
| भक्तपुर | १० जना | ४ जना | ६ जना |
| ललितपुर | ९ जना | ६ जना | ३ जना |
| सिन्धुपाल्चोक | ७ जना | ४ जना | ३ जना |
| मकवानपुर | ६ जना | ४ जना | २ जना |
| धादिङ | ६ जना | ४ जना | २ जना |
| सिन्धुली | ६ जना | ४ जना | २ जना |
| काभ्रे | ५ जना | ४ जना | १ जना |
| रामेछाप | ५ जना | २ जना | ३ जना |
| दोलखा | ५ जना | २ जना | ३ जना |
| नुवाकोट | ४ जना | ४ जना | ० |
| रसुवा | २ जना | २ जना | ० |

६६ जना (१३ जिल्लाका ६६ निर्वाचन क्षेत्रबाट निर्वाचित)

**समानुपातिक तर्फः**

४४ जना (प्रदेशलाई एक निर्वाचन क्षेत्र मानी दलले प्राप्त गरेको मतका आधारमा निर्वाचित)

## ३. भौगोलिक क्षेत्रका आधारमा प्रतिनिधित्वः

१३ वटा जिल्लाहरू रहेका बागमती प्रदेशको सांसदहरूको भौगोलिक विभाजन र जिल्लागत प्रतिनिधित्व यस प्रकार छ।सबैभन्दा धेरै निर्वाचन क्षेत्र र जनसंख्या भएको काठमाडौं जिल्लाबाट सबैभन्दा बढी ३४ जना सांसदहरूको प्रतिनिधित्व रहेको छ।

**बागमती प्रदेश सभामा दलगत प्रतिनिधित्वः**

बागमती प्रदेश सभामा प्रतिनिधित्व गर्ने राजनीतिक दलहरूको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ।

| क्र.स. | दलको नाम | प्रत्यक्ष | समानुपातिक | जम्मा संख्या |
|---|---|---|---|---|
| १. | नेपाली काँग्रेस | २५ | १२ | ३७ |
| २. | नेकपा एमाले | १३ | १४ | २७ |
| ३. | नेकपा माओवादी केन्द्र | १४ | ७ | २१ |
| ४. | राष्ट्रिय प्रजातन्त्र पार्टी | ७ | ६ | १३ |
| ५. | नेकपा एकीकृत समाजवादी | ५ | २ | ७ |
| ६. | नेपाल मजदुर किसान पार्टी | १ | २ | ३ |
| ७. | हाम्रो नेपाली पार्टी | १ | १ | २ |
| | कुल | ६६ | ४४ | ११० |

**लैङ्गिक विच्छेदन सहित विवरणः**

| दलको नाम | प्रत्यक्ष | | समानुपातिक | | जम्मा |
|---|---|---|---|---|---|
| | पुरुष | महिला | पुरुष | महिला | |
| नेपाली काँग्रेस | २३ | २ | १ | ११ | ३७ |
| नेकपा एमाले | १३ | ० | ५ | ९ | २७ |
| नेकपा माओवादी केन्द्र | १२ | २ | २ | ५ | २१ |
| राष्ट्रिय प्रजातन्त्र पार्टी | ७ | ० | १ | ५ | १३ |
| नेकपा (एकीकृत समाजवादी) | ४ | १ | ० | २ | ७ |
| नेपाल मजदुर किसान पार्टी | १ | ० | ० | २ | ३ |
| हाम्रो नेपाली पार्टी | १ | ० | ० | १ | २ |
| जम्मा | ६१ | ५ | ९ | ३५ | ११० |

**कानून निर्माणको अवस्थाः**

कानून निर्माण प्रदेश सभाको प्रमुख कार्य हो। संघीयता कार्यान्वयनको २०८२ सम्म (जारी ८ वर्षको अवधि)मा बागमती प्रदेश सभाले महत्वपूर्ण उपलब्धि हासिल गरेको छ।

**विधेयक दर्ताः** ९३ वटा

**पारित विधेयकः** ९० वटा

**जारी अध्यादेशः** १४ वटा

**प्रमाणीकरणः** ८९ वटा विधेयक प्रदेश प्रमुखबाट प्रमाणीकरण भई राजपत्रमा प्रकाशित भइसकेका छन्।२ विधेयक फिर्ता भएकोमा हाल एउटा पुनः सभामा छलफल पछि प्रमाणिकरण भइसकेको र एउटा संसदमा विचाराधीन अवस्थामा रहेको छ।

यस अवधिमा प्रदेश निजामती सेवा ऐन, स्थानीय तहको सेवा गठन सम्बन्धी ऐन, र प्रदेश हस्तकलाग्राम स्थापना जस्ता महत्वपूर्ण विधेयकहरू पारित भएका छन्।हाल संसदमा २ वटा नयाँ विधेयक दर्ता भएको छ भने २ वटा संसदीय समिति र सभामा विचाराधिन अवस्थामा रहेको छ।

**संघीयता कार्यान्वयनमा बागमती प्रदेशसभाका कानुनहरू कार्यान्वनः**

नेपालको संविधान २०७२ ले परिकल्पना गरेको संघीय संरचनालाई व्यवहारिक रुप दिन प्रदेश सभाको भूमिका अपरिहार्य छ।स्थापनाको ७ वर्ष (२०७४ देखि २०८१ सम्म) को अवधिमा बागमती प्रदेश सभाले महत्वपूर्ण विधेयकहरू पारित गरी कानुनको रुप दिएको छ।सो कानुनहरूलाई संघीयताका विभिन्न आयामहरू देख्न सकिन्छ।

प्रदेशले आफ्नो कर्मचारी प्रशासन सञ्चालन गर्न प्रदेश निजामती सेवा ऐन, बनाएको छ।तर, संघीय निजामती सेवा ऐन नबन्दासम्म यसको पूर्ण कार्यान्वयन र वृत्ति विकासमा अन्योल देखिएको छ।स्थानीय तहको सेवा गठन तथा सञ्चालन ऐनले स्थानीय तहमा कर्मचारी व्यवस्थापन गर्न उक्त ऐन महत्वपूर्ण छ।यसले प्रदेश र स्थानीय तहबीचको प्रशासनिक सम्बन्धलाई जोड्ने प्रयास गरेको छ।प्रदेश सुशासन ऐन प्रदेश भित्र सुशासन कायम गर्न बनाइएको भए पनि संस्थागत संरचना र जनशक्तिको अभावमा यसको प्रभावकारितामा प्रश्न उठेको छ।

प्रदेशलाई आर्थिक रुपमा अधिकार सम्पन्न बनाउन वार्षिक बजेट तथा आर्थिक कार्यविधिसँग सम्बन्धित कानुनहरू नियमित रुपमा निर्माण भएका छन्।प्रत्येक वर्ष नियमित रुपमा पारित भएका विनियोजन र आर्थिक ऐनहरू छन्।यसले प्रदेशको सञ्चित कोष सञ्चालन र बजेट खर्च गर्ने कानुनी बाटो खुलाएको छ।प्रदेशको एकल अधिकार सूचीमा रहेका राजस्व सङ्कलन गर्न प्रदेश कर तथा गैर-कर राजस्व ऐन बनेको छ।तथापि, ठूला राजस्वका स्रोतहरू सङ्घमै केन्द्रित हुँदा प्रदेश अझै पनि सङ्घीय अनुदानमै निर्भर देखिन्छ।आर्थिक अनुशासन कायम गर्न यो कानुन बनेको प्रदेश आर्थिक कार्यविधि ऐन छ।तर महालेखा परीक्षकको प्रतिवेदनले बेरुजु बढ्दै गएको देखाएको छ।

शान्ति सुरक्षा प्रदेशको एकल अधिकार भए पनि यो क्षेत्रमा निर्मित कानुन संघीय कानुनसँगको अन्तरविरोध वा अभावका कारण सबैभन्दा बढी प्रभावित देखिन्छ।प्रदेशले प्रहरी भर्ना र परिचालन गर्न प्रदेश प्रहरी ऐन पारित गरिसकेको छ।तर, संघीय सरकारले प्रहरी समायोजन

नगर्दा यो ऐन 'कागजमा मात्र सीमित' जस्तो भएको छ। शान्ति सुरक्षाका लागि गुप्तचर संयन्त्र बनाउने गरी प्रदेश अनुसन्धान ब्युरो ऐन बने पनि कार्यान्वयनमा आउन सकेको छैन।

बागमती प्रदेशले आफ्नो मौलिक पहिचान झल्काउन र समावेशीतालाई संस्थागत गर्न केही ऐतिहासिक कानुनहरू निर्माण गरेको छ। यो पक्षमा प्रदेश सभा अन्य प्रदेश भन्दा अगाडि देखिन्छ। प्रदेश सरकारी कामकाजको भाषा ऐन, २०८० नेपाली भाषाका अतिरिक्त तामाङ र नेपाल भाषा (नेवारी) लाई सरकारी कामकाजको भाषाको मान्यता दिइएको छ। यो संघीयताको मर्म (पहिचान) कार्यान्वयनको एउटा उत्कृष्ट नमुना हो।

प्रदेश उच्च शिक्षा ऐन प्रदेश विश्वविद्यालय स्थापना र सञ्चालन गर्न बाटो खुलेको छ। प्रदेश स्वास्थ्य सेवा ऐन, स्वास्थ्य सेवालाई विकेन्द्रीकरण गर्न मद्दत पुगेको छ। तर, 'उत्तर-विधायिकी परीक्षण' का आधार र प्रदेशको गतिविधिले कानुन निर्माण र कार्यान्वयन बीचको तुलनात्मक अवस्थालाई उजागर गरेको छ। धेरैजसो कानुनहरू बने पनि तिनको नियमावली, कार्यविधि र निर्देशिका समयमा नबन्दा कानुनहरू निष्क्रिय जस्तै रहेका छन्। साझा अधिकार सूचीका विषयमा संघले 'अम्ब्रेला ल' नबनाइदिँदा प्रदेशले बनाएका कानुनहरू (विशेषगरी प्रहरी र निजामती) कार्यान्वयनमा आउन सकेका छैनन्।

बागमती प्रदेश सभाले संघीयता कार्यान्वयनका लागि आवश्यक आधारभूत कानुनी संरचना तयार गरिसकेको छ। तुलनात्मक रुपमा सांस्कृतिक पहिचान (भाषा ऐन) र सेवा प्रवाहका संरचना खडा गर्ने सवालमा प्रदेश सभा सफल देखिन्छ। बागमतीले स्थानीय भाषालाई प्रशासनिक कामकाजमा ल्याउने कदम चालेको छ। प्रदेशमा जनसांख्यीयक बाहुल्यता रहेको नेपाल (नेवारी) र तामाङ दुई भाषालाई आधिकारिक रुपमा प्रयोग गर्ने परिपाटीको विस्तार गरेको। जसले केन्द्रिकृत प्रशासनबाट प्रदेश-स्तरमा सार्वजनिक पहिचान र समावेशीकरणलाई बल पुऱ्याएको मान्न सकिन्छ।

यद्यपि, प्रशासनिक र सुरक्षा संघीयता कार्यान्वयनमा भने संघीय सरकारको कानुनसँग बाझिने डर वा संघीय कानुनको अभावले गर्दा प्रदेश कानुनहरू पूर्ण रुपमा प्रभावकारी हुन सकेका छैनन्। प्रदेश सरकारले अहिलेसम्म प्रहरीलाई समायोजन गर्ने गरी काम अगाडी बढाउन सकेको छैन।

**मुख्य गतिविधि र अभ्यासहरुः**

प्रदेश सभाले नियमित बैठक बाहेक अन्य सिर्जनात्मक र क्षमता अभिवृद्धि कार्यक्रमहरू पनि सञ्चालन गर्दै आएको छ। विभिन्न समयमा हुने तालिम र गोष्ठिहरूले संघियता कार्यान्वयनमा प्रदेश सभा सदस्य लागएत सरोकारवालाहरूको भूमिकालाई थप बल पुगेको छ।

**प्रदेशसभा मार्फत् अन्तर-प्रदेश अनुभव आदान-प्रदान**

कोशी, गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेश सभाहरूसँग अनुभव आदान-प्रदान भ्रमण र अन्तरक्रिया कार्यक्रमहरू सम्पन्न भएका छन्।

**नमुना युवा संसदः**

प्रदेश भित्रका विद्यार्थी र युवाहरूलाई संसदीय अभ्यास सिकाउन 'नमुना युवा संसद' अभ्यास गराइएको छ।

**क्षमता अभिवृद्धिः**

प्रदेशसभाका सदस्यहरू, महिला सांसदहरू र कर्मचारीहरूका लागि कानून निर्माण, संसदीय प्रक्रिया र प्रविधि मैत्री सीप सम्बन्धी तालिमहरू सञ्चालन गरिएका छन्।

**नागरिकसँग जोड्ने प्रयासः**

'प्रदेश सभा दर्पण' प्रकाशन, वेवसाइट र सामाजिक सञ्जालको प्रयोग तथा विभिन्न जिल्लाहरूमा स्थलगत अनुगमन र नागरिक अन्तरक्रिया मार्फत सभालाई जनतासँग जोड्ने प्रयास गरिएको छ।

**चुनौती र आगामी बाटोः**

प्रदेश सभाले भौतिक पूर्वाधारको अभाव, कर्मचारी व्यवस्थापन र संघीय सरकारसँगको अधिकार बाँडफाँटमा रहेका अस्पष्टता जस्ता चुनौतीहरू सामना गरिरहेको छ। तथापि, पूर्व मुख्यमन्त्रीहरू र वर्तमान नेतृत्वको विचारमा संघीयतालाई बलियो बनाउन, कानूनको प्रभावकारी कार्यान्वयन गर्न र जनमुखी सेवा प्रवाह गर्न प्रदेश सभाले निरन्तर खबरदारी र समन्वयकारी भूमिका खेलिरहेको छ।

**निष्कर्षः**

बागमती प्रदेश सभाले आफ्नो स्थापनाको सातौं वर्ष पार गर्दा संस्थागत संरचना निर्माण र आवश्यक कानून तर्जुमामा महत्वपूर्ण फड्को मारेको छ। आगामी दिनमा संसदीय समितिहरूलाई अझ सक्रिय बनाउँदै, कानून कार्यान्वयनको उत्तर-विधायिकी परीक्षण र प्रविधिको उच्च प्रयोग मार्फत सभालाई अझ पारदर्शी र जनउत्तरदायी बनाउने लक्ष्य लिइएको देखिन्छ।

❑❑

# संघीयता कार्यान्वयन र सवलीकरणमा बागमती प्रदेशको भूमिका



श्यामलाल दुलाल (गणेश)

नेपालको संविधान २०७२ ले मुलुकलाई एकात्मक शासन व्यवस्थाबाट संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थामा रुपान्तरण गरेसँगै सात प्रदेशहरूको संरचना खडा भयो। उक्त सात प्रदेशमध्ये बागमती प्रदेश स्रोत, साधन, जनशक्ति र रणनीतिक अवस्थितिका हिसाबले अन्य प्रदेशभन्दा विशिष्ट र महत्वपूर्ण छ।

१३ जिल्लामा फैलिएको बागमती प्रदेशमा संघीय राजधानी काठमाडौं समेत समावेश रहेको छ। २०७६ पुस २७ मा हेटौंडा राजधानी र बागमती प्रदेश नामाकरणका गरिएको यस प्रदेशले संघीयता कार्यान्वयन र सवलीकरणमा महत्वपूर्ण भूमिका निर्वाह गर्दछ। बागमती प्रदेशको सफलता वा असफलतासँग समग्र देशको संघीयताको भविष्य जोडिएको छ। तसर्थ, संघीयता कार्यान्वयन र यसको सवलीकरणमा बागमती प्रदेशले केवल एक "प्रशासनिक एकाइ" को रुपमा मात्र नभई "नमुना सरकार" को रुपमा भूमिका खेल्नुपर्दछ।

**रणनीतिक महत्व र अवसर**

बागमती प्रदेश नेपालको अर्थतन्त्रको मेरुदण्ड हो। मुलुकको कुल गार्हस्थ्य उत्पादनमा करिब ३६ प्रतिशतभन्दा बढी योगदान गर्ने बागमती प्रदेशमा शिक्षा, स्वास्थ्य र पूर्वाधारको विकास अन्य प्रदेशको तुलनामा अब्बल छ।

संघीयता कार्यान्वयनको चरणमा बागमतीले मुख्य भूमिका निर्वाह गर्न सक्ने सामर्थ राख्छ। यसले नीति निर्माण, सेवा प्रवाहको डिजिटलाइजेसन र प्रशासनिक चुस्ततामा अन्य प्रदेशका लागि "बेञ्चमार्क" खडा गर्न सक्छ।

**कार्यान्वयनमा खेलेको भूमिका**

विगतका वर्षहरूलाई फर्केर हेर्दा, संघीयताको संस्थागत संरचना खडा गर्न बागमती प्रदेशले महत्वपूर्ण भूमिका खेलेको छ।

## १. कानुन निर्माणः

बागमती प्रदेश कानुन निर्माण, प्रदेश सभा सञ्चालन र संघीयता कार्यान्वयनमा अग्रणी देखिएको छ। हालसम्म प्रदेशसभाबाट पारित करिब ९० वटा विधेयकले नेपालको संविधान २०७२ को कार्यान्वयन र संघीयता सुदृढीकरणमा महत्वपूर्ण जग बसालेका छन्।

### क. संस्थागत संघीयता

संविधानको परिकल्पना अनुसार प्रदेश सरकार सञ्चालनका लागि नभई नहुने आधारभूत संरचना खडा गर्न सुरुवाती विधेयकहरू केन्द्रित रहे। यस अन्तर्गत प्रदेश सभा सञ्चालन, आर्थिक कार्यविधि, स्थानीय तहका पदाधिकारीको सुविधा र प्रदेश लोकसेवा आयोग गठन जस्ता ऐनहरू बनेका छन्।

- ✓ प्रदेश सभा सञ्चालन
- ✓ प्रदेश सरकारको आर्थिक कार्यविधि
- ✓ स्थानीय तहका पदाधिकारीको सुविधा तथा सभा सञ्चालन
- ✓ प्रदेश लोक सेवा आयोग गठन

सो कानुनले प्रदेशलाई कानुनी रुपमा "सरकार" को हैसियतमा स्थापित गर्दै संघीयताको संस्थागत ढाँचा तयार पारेका छन्।

### ख. प्रशासनिक संघीयता कार्यान्वयन

प्रदेशलाई संघको प्रशासनिक छायाँबाट मुक्त गरी आफ्नै कर्मचारी र सुरक्षा संयन्त्र निर्माण गर्ने अधिकार संविधानको अनुसूची ६ ले दिएको छ।

- ✓ प्रदेश निजामती सेवा गठन तथा सञ्चालन
- ✓ प्रदेश प्रहरी सेवा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक
- ✓ प्रदेश सुशासन ऐन
- ✓ प्रदेश सरकारी कामकाजको भाषा

प्रदेशलाई संघको प्रशासनिक छायाबाट मुक्त गर्न र स्वायत्तता प्रदान गर्न प्रदेश निजामती सेवा, प्रदेश प्रहरी सेवा, सुशासन र भाषासम्बन्धी महत्वपूर्ण ऐनहरू जारी गरिएका छन्। यद्यपि, प्रदेश प्रहरी र अनुसन्धान ब्युरो जस्ता ऐनहरूको पूर्ण कार्यान्वयनमा भने संघीय सरकारको उदारता आवश्यक देखिन्छ।

जनशक्ति व्यवस्थापनमा बागमती प्रदेशले उल्लेख्य सक्रियता देखाएको छ। प्रदेश लोकसेवा आयोग मार्फत २०७८ सालदेखि भर्ना प्रक्रिया थाली हालसम्म १ हजारभन्दा बढी कर्मचारी नियुक्त भइसकेका छन् भने ५,२०० भन्दा बढी दरबन्दी कायम गरिएको छ। २०७९ मा पारित निजामती कर्मचारी ऐन (प्रदेश र स्थानीय) कार्यान्वयन गर्दै कर्मचारीको सिटरोल दर्ता, सरुवा, र वृत्तिविकासको काम भइरहेको छ। यसै ऐन अनुसार १४ जना कर्मचारीलाई ११औं

तह (संघीय सहसचिव सरह) मा बढुवा गरिएको छ। जसमध्ये ३ जनाले मन्त्रालयको सचिवको जिम्मेवारी सम्हालिरहेका छन्।

त्यस्तै, पहिचानको मुद्दालाई सम्बोधन गर्दै २०८० मा जारी 'प्रदेश सरकारी कामकाजको भाषासम्बन्धी ऐन' मार्फत तामाङ र नेपाल भाषालाई सरकारी कामकाजको भाषाको रुपमा प्रयोग गर्न थालिएको छ। प्रदेश मातहतका निकाय र १३ जिल्लाका स्थानीय तहका साइनबोर्ड तथा लेटरप्याडमा यी भाषाहरूको प्रयोग हुनुका साथै प्रदेशसभामा भाषा अनुवादक समेत नियुक्त गरिएका छन्।

**ग. वित्तीय संघीयता र आर्थिक अधिकार**

संविधानले प्रदेशलाई आफ्नो स्रोत साधन परिचालन गर्ने, कर लगाउने र बजेट बनाउने अधिकार दिएको छ। नेपालको संविधान, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम प्रदेशले आफ्नो वित्तीय अधिकार प्रयोग गरिरहेको छ। संघ, प्रदेश र स्थानीय तहबीच राजस्व बाँडफाँटको स्पष्ट कानूनी व्यवस्था गरिएको छ।

- ✓ विनियोजन विधेयकहरू (प्रत्येक वर्षको बजेट)
- ✓ कर तथा गैर कर राजस्व
- ✓ प्रदेश वित्तीय हस्तान्तरण
- ✓ प्रदेश आकस्मिक कोष

सो कानुनहरूले प्रदेशलाई आर्थिक रुपमा आत्मनिर्भर बन्न र केन्द्रबाट प्राप्त अनुदानलाई व्यवस्थित गर्न बाटो खोलेका छन्। "कर तथा गैर कर" ऐनले प्रदेशको आफ्नै राजस्वको दायरा निर्धारण गरेको छ। घरजग्गा रजिस्ट्रेसन शुल्क, सवारी साधन कर, मनोरञ्जन कर, विज्ञापन कर, कृषि आयमा कर प्रदेशको एकल अधिकार क्षेत्रमा समावेश छन् भने सेवा शुल्क, दस्तुर, दण्ड जरिवाना, पर्यटन शुल्क र प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी साझा अधिकार सूचिमा रहेको छ।

सवारी साधन कर प्रदेशले उठाएर ४०% स्थानीय तहलाई दिन्छ भने घरजग्गा रजिस्ट्रेसन, विज्ञापन र मनोरञ्जन कर स्थानीय तहले उठाएर ४०% प्रदेशलाई बुझाउनुपर्ने व्यवस्था छ। बागमती प्रदेशको बजेटमा आन्तरिक स्रोतको योगदान करिब १५ प्रतिशत मात्र छ भने ८५ प्रतिशत स्रोतका लागि संघीय सरकार (अनुदान र राजस्व बाँडफाँट) मा निर्भर रहनुपरेको छ। प्रदेशको आन्तरिक आयमा "घरजग्गा रजिस्ट्रेसन शुल्क" र "सवारी साधन कर" को हिस्सा सबैभन्दा ठूलो छ।

विनियोजित बजेटको खर्च (विशेष गरी पुँजीगत) सन्तोषजनक छैन। खर्च प्रतिशत करिब ६०/७०% को हाराहारीमा देखिन्छ। चालु खर्च भने बढ्दै गएको छ। प्रदेश र स्थानीय तहबीच "विभाज्य कोष" मा जम्मा हुनुपर्ने रकम र त्यसको बाँडफाँटमा समस्या देखिएको छ। स्थानीय

तहमा पठाइएको सशर्त, समपूरक र विशेष अनुदानको रकम बचत भएमा फिर्ता नहुने र पुनः ठेक्का लगाउने प्रवृत्ति देखिएको छ। अनुमान गरे अनुसारको राजस्व संकलन हुन नसक्दा र संघीय सरकारबाट आउने समानीकरण अनुदान घट्दा बजेट व्यवस्थापनमा चाप परेको छ।

### घ. मौलिक हक र सामाजिक न्यायको कार्यान्वयन

संविधानको भाग ३ मा उल्लेखित मौलिक हकहरू (शिक्षा, स्वास्थ्य, सूचना, बालबालिका) को कार्यान्वयन प्रदेश सरकारको प्रमुख दायित्व हो।

- ✓ प्रदेश स्वास्थ्य सेवा ऐन
- ✓ प्रदेश उच्च शिक्षा ऐन (प्राविधिक शिक्षा समेत)
- ✓ प्रदेश बालबालिकाको अधिकार
- ✓ प्रदेश सूचनाको हक सम्बन्धी ऐन
- ✓ मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन

सो विधेयकहरूले 'सिंहदरबारको अधिकार गाउँगाउँमा' भन्ने संघीयताको मर्मलाई जनताले महसुस गर्ने गरी सेवा प्रवाह (Service Delivery) मा बदल्ने प्रयास गरेका छन्। प्रदेशमा स्वास्थ्य सेवा प्रवर्द्धन गर्न चिकित्सा शिक्षाका विभिन्न विषय अध्यापन गर्ने, बागमती विश्वविद्यालयबाट उच्च शिक्षाको क्षेत्रमा काम गर्ने गरी अघि बढेको छ। जुन प्रदेश सरकारको अधिकार क्षेत्र भित्रका विषय हुन्।

### ङ. आर्थिक विकास र पूर्वाधार व्यवस्थापन

प्रदेशको समृद्धि र विकासका लागि संविधानको अनुसूचीमा रहेका अधिकारहरूको प्रयोग गरेको देखिन्छ।

- ✓ प्रदेश दुग्ध विकास बोर्ड ऐन
- ✓ प्रदेश कृषि विकास ऐन
- ✓ प्रदेश सहकारी ऐन
- ✓ प्रदेश सवारी तथा यातायात ऐन
- ✓ प्रदेश पर्यटन विकास ऐन
- ✓ वन तथा वातावरण संरक्षण ऐन

प्रदेशको भूगोल सुहाउँदो विकास मोडल तय गर्न र प्राकृतिक स्रोतको व्यवस्थापन गर्न सो ऐनहरूले कानुनी आधार प्रदान गरेका छन्। प्रदेश सरकारले उक्त ऐन अनुसार विशेष क्षेत्र कार्यक्रम (चिउरी चेपाङ चमेरो, गृहणी महिला,वडा समाजवादी कार्यक्रम) संचालनमा ल्याएको छ।

| विषय | सुरुवाती चरण (२०७४–७५) | पछिल्लो चरण (२०७९–८१) | संविधान/संघीयता कार्यान्वयनमा प्रभाव |
|---|---|---|---|
| प्राथमिकता | पदाधिकारीको सेवा सुविधा, सभा सञ्चालन, आर्थिक कार्यविधि। | निजामती सेवा, प्रहरी, विश्वविद्यालय, कृषि, वातावरण। | सुरुमा "संरचना" निर्माणमा केन्द्रित भई हाल "सेवा प्रवाह" मा मोडिएको देखिन्छ। |
| संघीयताको अभ्यास | आधारभूत कानुनी दस्तावेज तयार पार्नमा सीमित। | प्रदेश प्रहरी र निजामती सेवा ऐन मार्फत पूर्ण संघीय अभ्यासको थालनी। | प्रशासनिक संघीयतालाई बलियो बनाउँदै गएको देखिन्छ। |
| मौलिक हक | कम प्राथमिकता। | स्वास्थ्य, शिक्षा र बालबालिका सम्बन्धी ऐनहरू निर्माण। | जनतालाई संघीयताको लाभांश (Dividend of Federalism) वितरण गर्ने प्रयास। |

### २. पूर्वाधार विकास

प्रदेश गौरवका आयोजनाहरू र रणनीतिक सडक सञ्जालको विस्तारमा प्रदेश सरकारले तदारुकता देखाएको छ। प्रदेश सरकारले उक्त अवस्थामा प्रदेश सडक गुरुयोजना तयार गरेर काम गरिरहेको छ भने स्थानीय तहका केन्द्र जोड्ने सडक, करिव २०० सडक पुल, विद्यालय भवन तथा संरचना, नागरिकका आवश्यकता अनुसार सामुदायिक भवन, खेलकुद पूर्वाधारहरू निर्माण गरिरहेको छ।

### ३. सवारी तथा यातायात व्यवस्थापन

यातायात कार्यालयहरूको सेवालाई अनलाइन प्रणालीमा लैजाने र स्मार्ट लाइसेन्स वितरणलाई सहज बनाउने प्रयासमा (चुनौतीका बाबजुद) बागमतीले पहलकदमी लिएको छ। स्मार्ट लाइसेन्स छपाईको पहलमा बागमती प्रदेश सक्रिय रहेको छ भने सवारी साधान नविकरण, सवारी धनी पूर्जा डिजिटल गर्ने काममा बागमतीको भूमिका उल्लेखनीय देखिन्छ।

## सवलीकरणमा खेल्नुपर्ने भूमिका

संरचना खडा भइसके पनि संघीयताको वास्तविक अनुभूति जनताले "सेवा प्रवाह" मा पाउनुपर्छ। अबको चरणमा बागमती प्रदेशले निम्न क्षेत्रमा नेतृत्वदायी भूमिका खेल्नुपर्छ।

### १. संघीयताको वकालत र अधिकार प्राप्ति

संघीय सरकारले प्रहरी समायोजन, निजामती सेवा ऐन र जग्गा प्राप्तिजस्ता विषयमा अधिकार नदिँदा प्रदेशहरू 'पंगु' बनेको गुनासो छ। बागमती प्रदेशले संघीय राजधानीमै सरकार रहेको हुनाले संवैधानिक अधिकार प्राप्तिका लागि संघीय सरकारसँग दर्विलो कानुनी र राजनीतिक 'लबिङ' गर्नुपर्छ। बागमतीले जब उक्त अधिकार पाउँछ, त्यसको बाटो अन्य प्रदेशका लागि पनि खुल्नेछ।

**२. वित्तीय संघीयताको नमुना**

बागमती प्रदेश राजस्व संकलनमा आत्मनिर्भरता तर्फ उन्मुख छ। यसले आफ्नो स्रोतको सही बाँडफाँड गरेर स्थानीय तहलाई सशक्तिकरण गर्ने र उत्पादनमुखी क्षेत्रमा लगानी गरी 'वित्तीय संघीयता' कसरी सफल हुन्छ भन्ने उदाहरण पेस गर्नुपर्छ।

**३. अन्तर-प्रदेश समन्वय**

बागमती प्रदेशले छिमेकी मधेश प्रदेश वा गण्डकी प्रदेशसँग मिलेर अन्तर-प्रदेश पर्यटन प्रवर्द्धन, जलाधार संरक्षण र आर्थिक करिडोर निर्माणमा सहकार्य गर्न सक्छ। यसले "सहकारितामूलक संघीयता" को अवधारणालाई बलियो बनाउँछ।

**४. सुशासन र प्रविधिमैत्री सेवा**

काठमाडौं उपत्यकाको भीडभाड र प्रदूषण व्यवस्थापन बागमती प्रदेशको ठुलो चुनौती हो। फोहोर व्यवस्थापन, ट्राफिक व्यवस्थापन र सार्वजनिक यातायातमा सुधार गर्न सकेमा मात्रै संघीयताको औचित्य पुष्टि हुन्छ। नागरिकले "पहिलेको विकास क्षेत्र र अहिलेको प्रदेश सरकारमा के फरक छ?" भनेर प्रश्न गर्दा सेवाको गुणस्तरबाट उत्तर दिन सक्नुपर्छ।

**चुनौतीहरू**

बागमती प्रदेशका सामु अवसरसँगै चुनौतीहरू पनि छन्। संघीय सरकारको केन्द्रीकृत मानसिकता, कर्मचारीतन्त्रमा देखिएको अस्थिरता र प्रदेश सरकार स्वयंमा देखिने राजनीतिक अस्थिरता (बारम्बार सरकार परिवर्तन) मुख्य बाधक हुन्। साथै, राजधानी केन्द्रित विकासलाई विकेन्द्रीकरण गर्दै रसुवा, सिन्धुली वा धादिङका दूरदराजसम्म विकास पुऱ्याउनु अर्को चुनौती हो।

**निष्कर्ष**

समग्रमा, बागमती प्रदेश सभाले पारित गरेका विधेयकहरूले संविधानको कार्यान्वयनलाई "कागजबाट व्यवहारमा" उतार्ने क्रमबद्ध यात्रा तय गरेको देखिन्छ। अब सेवा प्रवाहलाई गुणस्तर बनाउँदै आन्तरिक आय बढाउन करको दायरा विस्तार गर्नुपर्ने देखिन्छ। परियोजना बैंकको प्रभावकारी कार्यान्वयन गरी योजना छनौट, तीन तहका सरकारबीच, विशेष गरी प्रदेश र स्थानीय तहबीच वित्तीय समन्वय र विभाज्य कोषको अनुगमनलाई प्रभावकारी बनाउनुपर्ने आवश्यकता देखिन्छ।

संघीयताको 'मुटु' को रुपमा रहेको बागमती प्रदेशले संघीयताको सफल कार्यान्वयन गर्न सकेन भने, कर्णाली वा सुदूरपश्चिमले मात्रै गरेर संघीयता जोगिँदैन। तसर्थ, बागमती प्रदेशले सिंहदरबार (संघ) र गाउँपालिका (स्थानीय तह) बीचको भरपर्दो पुल बन्दै सुशासन र समृद्धिको स्पष्ट खाका कोर्नुपर्छ। बागमतीको सफलता नै नेपालको संघीयताको सफलताको मानक बन्नेछ।

❒❒

# संघीयताको असल बाटो: प्रदेश सवलीकरण



**शिवराज खड्का**
सम्पादक : गाउँसहर डटकम

"संघीयता संविधानले स्थापित गरेको एउटा पद्धति हो जस अन्तर्गत उपयुक्त स्वायत्तताका दुई तहका सरकार हुन्छन्। ती सरकारहरू आफूलाई निर्वाचित गर्ने मतदाताप्रति प्राथमिक रुपमा जवाफदेही हुन्छन" - जर्ज एण्डरसन

**नेपालको नयाँ शासन संरचना संघीयता**

विश्वका विभिन्न मुलुकहरूमा राज्य सञ्चालन गर्न विभिन्न शासन पद्धति प्रयोगमा छन् । जसमा मूलतः एकात्मक र संघीय शासन प्रणाली बढी अपनाइएका देखिन्छन्। खासगरी एउटा व्यक्तिमा केन्द्रित शासन प्रणालीमा आमनागरिकको असन्तुष्टि हुँदा त्यसको विकल्पको खोजी हुनु स्वाभाविक हो। यस्तो प्रणालीमा केन्द्रमा रहेको सम्पूर्ण अधिकार तल्लो तहसम्म पुग्छ । यसैलाई साधारण रूपमा संघीयता भनिएको हो । नागरिकमाथिको शासकका विभेद, शोषण र अन्यायले नै संघीयताको जन्म भएको इतिहास छ ।

संघीयता केवल शासनको संरचना वा पद्धति मात्र होइन, यो बहु-सांस्कृतिक, बहु-जातीय, बहु-भाषिक र भौगोलिक रूपमा विविध नेपालको वास्तविकतालाई व्यवस्थापन गर्ने एक समग्र राजनीतिक र प्रशासनिक माध्यम हो। नेपालमा २०७२ सालको संविधानले एकात्मक संरचना र केन्द्रीयतामूलक शासन प्रणालीबाट संघीय लोकतान्त्रिक गणतन्त्रतर्फ रूपान्तरण गरेको हो। यस रूपान्तरणको मूल उद्देश्य केवल शक्ति विकेन्द्रीकरण मात्र नभई समावेशी लोकतन्त्र, स्थानीय विकास, समृद्धि र जनताको जीवनस्तर सुधारमा योगदान पुऱ्याउने हो। संघीयता लागू भएपछि नेपालमा तीन तहका सरकार संघ, प्रदेश र स्थानीय तह स्थापित भएका छन्। यी तीनै तहको संरचना संविधानअनुसार स्वतन्त्र भएपनि कार्यान्वयनमा उनीहरूको शक्ति, अधिकार र संसाधनको वितरणमा असन्तुलन देखिन्छ। संघीय संरचना लागू गर्न संविधानले प्रत्येक तहलाई

एकल र साझा अधिकार प्रदान गरेको छ भने अवशिष्ट अधिकार संघीय सरकारमा राखिएको छ। यसले स्पष्ट रूपले देखाउँछ कि संघीयता केवल संरचनात्मक विभाजन मात्र नभई शक्ति र जिम्मेवारीको उचित विकेन्द्रीकरणमार्फत जनताको हित सुनिश्चित गर्ने प्रयास हो। तर नेपालमा कार्यान्वयनको वास्तविकता यस आदर्शसँग पूर्ण मेल खान सकेको छैन। संविधानले प्रदेश, संघ र स्थानीय तहबीच सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्त स्थापित गरेको भएपनि व्यवहारमा संघीय प्रणाली अझै राजनीतिक, प्रशासनिक र वित्तीय दृष्टिले असन्तुलित छ।

नेपालमा संघीयताको ऐतिहासिक उद्‌भव मात्र होइन, यसको भौगोलिक, जातीय र सामाजिक विविधताको पक्ष पनि महत्वपूर्ण छ। विभिन्न समुदाय, जाति र क्षेत्रीय पहिचानलाई प्रतिनिधित्व गर्ने उद्देश्यले संघीय संरचना आवश्यक थियो। संघीयता लागू गर्नुको अर्थ केवल अधिकार हस्तान्तरण गर्नु मात्र होइन, जनतासम्म पहुँच र सेवासुविधा पुऱ्याउने प्रक्रिया सबल बनाउनु पनि हो। संघीयता कार्यान्वयनमा तीन तहका सरकारहरूको स्वतन्त्रता र जवाफदेहिता सुनिश्चित गर्नुको सट्टा, प्रायः प्रदेश र स्थानीय तह संघीय निर्णयमा निर्भर बनेका छन्। यसले संघीयता कार्यान्वयनमा असफलताको एक मुख्य कारणको रूपमा केन्द्रिकृत मानसिकतालाई देखाउँछ।

**संघीयताको कार्यान्वयन : चुनौती र अभ्यास**

नेपालको संघीय प्रणाली लागू भएको एक दशक भएको छ, तर यसको कार्यान्वयनमा चुनौतीहरू धेरै देखिए। संघीयता केवल कानूनी संरचना मात्र नभई राजनीतिक, प्रशासनिक र वित्तीय अभ्यासमा प्रभावकारी हुनुपर्ने हुन्छ। संघीयता कार्यान्वयनका मुख्य चुनौतीहरूमा वित्तीय संघीयताको कमजोरी, प्रदेशको स्वायत्तताको अभाव, साझा अधिकारको अस्पष्टता, कर्मचारी व्यवस्थापनमा कठिनाइ, अन्तरसरकारी समन्वयको कमी र राजनीतिक अस्थिरता पर्दछन्। वित्तीय संघीयता, जसलाई संघीयताको आत्मा पनि भनिन्छ, प्रदेश तहलाई खर्च जिम्मेवारी, राजस्व अधिकार, वित्तीय हस्तान्तरण र ऋण व्यवस्थापनमा सक्षम बनाउँछ। तर नेपालमा अधिकांश वित्तीय स्रोत संघीय सरकारले नियन्त्रण गर्ने हुँदा प्रदेशहरू आफ्नो अधिकार प्रयोग गर्न असमर्थ छन्। उदाहरणका लागि, प्रदेशले बनाएका कतिपय ऐन, नीति वा योजनाहरू संघीय अनुमतिबिना कार्यान्वयन हुन सक्दैनन्। यसले प्रदेशलाई सिर्जनात्मक र उत्पादनमुखी काममा बाधा पुऱ्याएको छ।

प्रदेशले आफ्नो अधिकार प्रयोग गर्न नसक्दा स्थानीय तहको सेवा प्रवाह प्रभावित हुन्छ। स्थानीय सरकारहरू जनताको नजिक भएकाले सेवा वितरणको मुख्य जिम्मेवारी उनीहरूकै मातहतमा छ, तर प्रदेशको कमजोर स्थिति र केन्द्रको हस्तक्षेपले सेवाको गुणस्तरमा कमी ल्याउँछ। साझा अधिकारको अस्पष्टता र कानून निर्माणमा ढिलाइले पनि कार्यान्वयनमा असर पारेको

छ। संघीयता लागू भएदेखि प्रदेशहरूको वास्तविक शक्ति सीमित हुनु र राजनीतिक अस्थिरताले संघीयता कार्यान्वयनमा चुनौती थपेको छ।

राजनीतिक अभ्यासले पनि संघीयता कार्यान्वयनलाई प्रभावित पारेको। राजनीतिक दलहरूले प्रदेशलाई केवल आफ्नो कार्यकर्ता व्यवस्थापनको माध्यम बनाएको, प्रदेश नेतृत्वको स्वतन्त्रता र निर्णय क्षमतामा बाधा पुऱ्याएको देखिन्छ। मुख्यमन्त्री वा प्रदेश प्रमुखले आफ्नो अधिकार प्रयोग गर्दा पनि केन्द्रको सहमति आवश्यक पर्ने अवस्था छ। यसले प्रदेश निर्णयहरू ढिलाइ र प्रभावहीन बनाउँछ। मन्त्रीमण्डल गठनदेखि सामान्य नियुक्तिमा पनि दलहरू केन्द्रको आदेश कुरेर बस्नुले आफैंले आफ्नो अधिकार केन्द्र बुझाएको देखिन्छ। संघीय प्रणालीको सफलता प्रदेश तहको सवलीकरणमा निर्भर रहन्छ। यदि प्रदेश स्वतन्त्र, सक्षम र राजनीतिक रूपमा स्थिर भए, तब मात्र संघीयता सफलतापूर्वक कार्यान्वयन हुन सक्छ। जुन अहिले अत्यावश्यक छ।

**संघीयता सबलीकरणः आवश्यकता र उपाय**

संघीयताको स्थायित्व र प्रभावकारिता प्रदेश तह सबल भएको अवस्थामा मात्रै सुनिश्चित हुन्छ। प्रदेशलाई सबल बनाउन संविधानले दिएको अधिकारको पूर्ण प्रयोग, वित्तीय स्रोतको उपलब्धता, प्रशासनिक क्षमता र राजनीतिक स्वतन्त्रता आवश्यक छ। राष्ट्रिय सभा संघीयता कार्यान्वयन अध्ययन तथा अनुगमन संसदीय विशेष समितिले प्रदेशलाई सबल बनाउने सन्दर्भमा प्रमुख सुझावहरू प्रस्तुत गरेको छ। प्रमुख सुझावहरूमा केन्द्रीयकरणको अन्त्य, साझा अधिकारको स्पष्टता, वित्तीय विकेन्द्रीकरण, कर्मचारी व्यवस्थापन, स्थानीय तहसँग समन्वय र जवाफदेहिता सुनिश्चित गर्नुपर्ने कुरा रहेका छन्। यसले स्थिर नेतृत्व र कार्यक्षमता सुनिश्चित गर्दछ। साथै, प्रदेशले आफ्नो नीति, योजना र बजेट स्वतन्त्र रूपमा निर्माण गर्न सक्षम हुनु आवश्यक छ। राजनीतिक दलहरूको भूमिका पनि महत्वपूर्ण छ। दलहरूले प्रदेशलाई केवल कार्यकर्ता व्यवस्थापनको माध्यमका रूपमा प्रयोग गर्नुको सट्टा संविधानअनुसार अधिकार सम्पन्न बनाउने वातावरण सिर्जना गर्नुपर्छ। केन्द्र सरकारले पनि प्रदेशलाई आवश्यक ऐन, बजेट र कर्मचारी उपलब्ध गराएर यसको क्षमता बढाउन सहयोग गर्नु आवश्यक छ।

प्रदेशको सबलीकरणले मात्र संघीयताको वास्तविक लाभ जनतासम्म पुग्छ। प्रदेशले विकास, रोजगारी, सेवा प्रवाह, स्थानीय पहिचानको संरक्षण र समावेशी लोकतन्त्रलाई सुदृढ पार्न सक्नेछ। वित्तीय विकेन्द्रीकरण, अधिकारको स्पष्टता, कर्मचारी व्यवस्थापन र स्वतन्त्र राजनीतिक निर्णयले प्रदेश सबल हुने वातावरण सिर्जना गर्न सक्छ। प्रदेशको सबलीकरण नगरी संघीयता स्थायी, दिगो र जनमुखी बन्न सक्दैन।

## संघीयता र लोकतन्त्र: समृद्धि र दिगोपन

संघीयता केवल प्रशासनिक संरचना मात्र होइन, लोकतन्त्रलाई सबल बनाउने उपकरण हो। संविधानको प्रस्तावनामा उल्लेख भएअनुसार, संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पूरा गर्न संघीयता आवश्यक छ। संघीयता लागू भएपछि मात्र मुलुकमा विभिन्न जातीय, भाषिक, क्षेत्रीय र सांस्कृतिक विविधताको उचित प्रतिनिधित्व सुनिश्चित गर्न सकिन्छ।

प्रदेशको सवलीकरणले संघीयताको वास्तविक उद्देश्य प्राप्त गर्न सकिन्छ। प्रदेश सबल भएपछि संघीय संरचना केवल शासनको संरचना नभई जनताको जीवन सुधार गर्ने शक्तिशाली साधन बन्नेछ। यसले स्थानीय विकास, रोजगारी सिर्जना, आर्थिक समृद्धि, सेवा प्रवाह र सामाजिक न्याय सुनिश्चित गर्न सक्नेछ। संघीयता र लोकतन्त्रबीचको सम्बन्ध अस्थिर नीतिगत अभ्यास, केन्द्रवादी सोच र असन्तुलित संसदीय प्रणालीको सुधारबाट बलियो हुनसक्छ। संघीयता कार्यान्वयन र सबलीकरणको माध्यमबाट मात्रै नेपालले दिगो विकास, सामाजिक न्याय, समावेशिता र सुशासन सुनिश्चित गर्न सक्छ। प्रदेशलाई सबल बनाउनु, अधिकार स्पष्ट गर्नु, वित्तीय विकेन्द्रीकरण र स्वायत्तता सुनिश्चित गर्नु संघीयता सफलताको आधार हो। यदि राजनीतिक दल र संघीय सरकारले यसमा ध्यान नदिए, संघीयता केवल कागजमा सीमित रहनेछ।

संघीयता र लोकतन्त्र एक-अर्कालाई सुदृढ गर्ने संरचनाहरू हुन्, जहाँ सत्ता विकेन्द्रण र जनसहभागिताले शासनलाई जनमुखी, पारदर्शी र उत्तरदायी बनाउँछ, र यही संयोजनले राष्ट्रलाई समृद्धि तथा दिगोपनको मार्गतर्फ अग्रसर गराउँछ। संघीय व्यवस्थाले प्रदेश र स्थानीय तहलाई अधिकार, स्रोत र निर्णय क्षमता प्रदान गरी आर्थिक क्रियाकलापलाई स्थानीय स्तरमै सक्रिय बनाउँछ भने लोकतान्त्रिक मूल्यहरूले नीति निर्माणदेखि कार्यान्वयनसम्म जनताको आवाजलाई केन्द्रमा राख्छ। जब यी दुबै प्रणाली प्रभावकारी रूपमा चल्छन् अर्थात् अधिकारको स्पष्टता, स्रोतसाधनको न्यायोचित वितरण, समन्वय र नेतृत्वको जवाफदेहिताबाट मात्र आर्थिक वृद्धि, सामाजिक न्याय र दीर्घकालीन विकास सम्भव हुन्छ। यस कारण, संघीयता र लोकतन्त्रको सुदृढीकरण नै नेपालको समृद्ध र दिगो भविष्यको आधारशिला बन्न पुग्छ।

❒❒

# बागमती प्रदेशसभामा महिला प्रतिनिधित्व र समावेशिता



सुनिता सापकोटा

नेपालको संविधान २०७२ ले परिकल्पना गरेको संघीय लोकतान्त्रिक गणतन्त्रको मुख्य आधारस्तम्भ नै राज्यका हरेक निकायमा समानुपातिक र समावेशी प्रतिनिधित्व सुनिश्चित गर्नु हो। देशको राजधानी समेत समेटिएको बागमती प्रदेश, जातीय, भाषिक र सांस्कृतिक विविधताको एक अनुपम संगम हो।

बागमती प्रदेश सभा बागमती प्रदेशको एक सदनात्मक व्यवस्थापिका हो। नेपालको संविधान २०७२ अनुसार यसको गठन भएको यस सभाको कार्यकाल ५ वर्षको हुन्छ। प्रदेश सभाको मुख्य कार्य प्रदेश सरकार गठन गर्नु, मुख्यमन्त्री चयन गर्नु, आवश्यक कानुन बनाउनु, बजेट पारित गर्नु र नागरिकका समस्याहरू प्रतिनिधि मार्फत् उजागर गर्नु लगायत हो। १३ जिल्ला समेटिएको यस प्रदेशको स्थायी राजधानी हेटौंडामा प्रदेश सभा अवस्थित छ। यो संघीयता कार्यान्वयन र प्रादेशिक विकासका लागि महत्त्वपूर्ण निकाय हो।

प्रदेश सभा स्थापनाको सातौं वर्ष पूरा भई आठौं वर्षमा प्रवेश गरिरहँदा, बागमती प्रदेश सभाले बनाएका कानुनहरूमा समावेशीताको मर्म कति समेटियो र व्यवहारमा कति लागु भयो भन्ने विषय गहन विश्लेषणको पाटो बनेको छ। प्रदेश सभाका विवरणहरूलाई आधार मान्दा, कानुनी र संरचनागत रुपमा समावेशीतालाई संस्थागत गर्न महत्वपूर्ण फड्को मारेको देखिन्छ। बागमती प्रदेश सभाले ९० बढी कानुन निर्माण गर्दा प्रदेशले "प्रदेश सरकारी कामकाजको भाषा ऐन, २०८०" मार्फत तामाङ र नेपाल भाषालाई सरकारी कामकाजको भाषाको मान्यता दिएर भाषिक समावेशीताको उत्कृष्ट नमुना देखाएको छ। साथै, प्रदेश निजामती सेवा ऐनमार्फत आरक्षणको व्यवस्था गरी सीमान्तकृत समुदायलाई प्रशासनिक मूलधारमा ल्याउने प्रयास सह्रानीय छ।

प्रदेश सभामा ३६ प्रतिशत महिला सहभागिता रहनुले संवैधानिक बाध्यता टरेको देखिन्छ। तथापि, कानुनी दस्तावेजमा देखिएको यो समावेशी चमक व्यवहारिक धरातलमा भने

केही फिक्का महसुस हुन्छ। प्रदेश सभाका सदस्यहरूको अनुभवमा संख्यात्मक उपस्थिति र अर्थपूर्ण सहभागिता बिचको दुरीलाई उजागर गरेका छन्। महिला सांसदहरूको उपस्थिति ३३ प्रतिशत नाघे पनि प्रत्यक्ष निर्वाचन प्रणाली र संसदीय समितिहरूको नेतृत्वमा पुरुषको बर्चस्व बढि रहनुले व्यवहारिक रुपमा अझै पितृसत्तात्मक सोच हाबी रहेको संकेत गर्छ। कानुन निर्माणको प्रक्रियामा सरोकारवाला र सीमान्तकृत समुदायको पहुँच अझै पनि "शून्य समय" मा सीमित रहनु र बजेट विनियोजनमा पहुँचवालाकै हालिमुहालि हुनुले "कागजको समावेशीता" र "व्यवहारको समावेशिता" बिच खाडल देखिएको छ।

अतः यो आलेखले बागमती प्रदेश सभाले बनाएका कानुनहरू र तिनले बोकेका समावेशीताको सिद्धान्तलाई व्यवहारिक कसीमा राखेर तुलनात्मक विश्लेषण गर्ने प्रयास गरेको छ। यसले प्रदेशसभालाई केवल विधि निर्माणको थलो मात्र नभई, सबै वर्ग, लिङ्ग र समुदायको साझा अपनत्व हुने थलोका रुपमा विकास गर्न आवश्यक सुधारका पक्षहरू औंल्याउने जमर्को गरेको छ।

बागमती प्रदेश सभामा महिला प्रतिनिधित्व र समावेशिताको अवस्था कानुनी रुपमा सुरक्षित देखिए पनि व्यावहारिक रूपमा अझै धेरै चुनौतीहरू  देखिन्छ।

### १. महिला प्रतिनिधित्वको सांख्यिक अवस्था

बागमती प्रदेशसभामा कुल ११० सदस्यहरू छन्। प्रदेशसभाको दोस्रो कार्यकालको तथ्यांक हेर्दा लैंगिक उपस्थितिको अवस्था यस्तो देखिन्छ।

कुल सदस्यः ११० जना

पुरुष सदस्यः ७० जना (६३.६४%)

महिला सदस्यः ४० जना (३६.३६%)

संविधानले व्यवस्था गरेको ३३ प्रतिशत महिला सहभागिताको सुनिश्चितता बागमती प्रदेश सभाले पूरा गरेको छ। तर, निर्वाचन प्रणालीगत विभेद भने स्पष्ट देखिन्छ।

**प्रत्यक्ष निर्वाचनः**

६६ सिटमध्ये ५ जना महिला मात्र प्रत्यक्ष निर्वाचित भएर आएका छन् भने ६१ जना पुरुष छन्।

**समानुपातिक निर्वाचनः**

४४ सिटमध्ये ३५ जना महिला र ९ जना पुरुष छन्।

यसले के देखाउँछ भने, राजनीतिक दलहरूले महिलालाई प्रत्यक्ष चुनावमा टिकट दिन हिचकिचाउने र संवैधानिक बाध्यता पूरा गर्न मात्र समानुपातिक प्रणालीमा महिलालाई सीमित गरेको देखिन्छ।

## २. नेतृत्व तहमा समावेशीताको प्रश्न

संसदीय नेतृत्व र समितिहरूको नेतृत्वमा महिलाको उपस्थिति कमजोर देखिन्छ।

### सभामुख/उपसभामुखः

संविधानको बाध्यात्मक व्यवस्था अनुसार सभामुख र उपसभामुख फरक लिंगको हुनुपर्ने भएकाले सभामुखमा भुवन कुमार पाठक (पुरुष) (हाल राजिनामा दिएका) र उपसभामुखमा अप्सरा चापागाईं (महिला) हुनुहुन्छ।

### संसदीय समितिः

प्रदेशसभामा रहेका ६ वटा विषयगत समितिहरूमध्ये केवल १ वटा समिति (विशेषाधिकार समिति) को सभापतिमा महिला (मायादेवी शर्मा) हुनुहुन्छ। बाँकी ५ वटा महत्वपूर्ण समितिहरू (प्रदेश मामिला, अर्थ, लेखा, शिक्षा/स्वास्थ्य, उद्योग/पर्यटन)को नेतृत्व पुरुष सांसदले गरिरहनुभएको छ।

## ३. प्रदेश सभा सदस्यहरूको अनुभव र गुनासो

बागमती प्रदेश सभाका महिला सांसदहरूले भोग्नुपरेका वास्तविक चुनौतीहरूलाई प्रदेश सभाको बैठकमा अभिव्यक्त हुने सांसदहरूको आवाजले पनि उजागर गरेका छन्।

### विभेदकारी दृष्टिकोणः

प्रदेश सभामा आभिव्यक्त भएका महिला सांसदहरूको भनाइका आधारमा संसद्मा महिला र पुरुष सांसदबीच बोल्ने समय उपलब्ध गराउने देखि लिएर उनीहरूका कुरा सुन्ने विषयमा विभेद छ। महिला सांसदहरूलाई "समानुपातिक कोटा" बाट आएको भनेर कमजोर आँक्ने गरिन्छ।

### दोहोरो जिम्मेवारीः

पितृसत्तात्मक सामाजिक संरचनाका कारण महिला सांसदहरूले घरपरिवारको जिम्मेवारी र राजनीति दुवै सम्हाल्नुपर्ने बाध्यता छ। जसले गर्दा पुरुष सांसदहरूसँग प्रतिस्पर्धा गर्न उनीहरूलाई थप चुनौती छ।

### प्रत्यक्ष निर्वाचनमा टिकट नदिनुः

दलहरूले जित्ने सुनिश्चित भएका ठाउँमा पुरुषलाई र जोखिमपूर्ण वा देखावटी रुपमा मात्र केही स्थानमा महिलालाई प्रत्यक्ष टिकट दिने गरेको गुनासो लेखहरूमा पाइन्छ। निर्वाचन महँगो हुनुले पनि महिलालाई प्रत्यक्ष चुनाव लड्न गाह्रो बनाएको छ।

## ४. जातीय तथा क्षेत्रीय समावेशीता

बागमती प्रदेश बहुजातीय र बहुभाषिक प्रदेश हो। जनगणना २०७८ अनुसार बागमती प्रदेशमा तामाङ (२०.५४%), ब्राह्मण (१८.३२%), क्षेत्री (१७.१३%) र नेवार (१७.०७%) समुदायको बाहुल्यता छ।

प्रदेशसभाले "प्रदेश सरकारी कामकाजको भाषा ऐन, २०८०" पारित गरेर नेपाली भाषाका अतिरिक्त तामाङ र नेपाल भाषा (नेवारी) लाई सरकारी कामकाजको भाषाको मान्यता दिएको छ। यो समावेशिताको हिसाबले एक ऐतिहासिक फड्को हो। यद्यपि, सीमान्तकृत समुदाय, दलित र अल्पसंख्यकको उपस्थिति समानुपातिक तर्फबाट सुनिश्चित गरिए पनि निर्णय प्रक्रिया र मुख्य नेतृत्वमा उनीहरूको प्रभावकारी उपस्थिति अझै बढाउनुपर्ने देखिन्छ।

बागमती प्रदेश सभाले हालसम्म (७ वर्षको अवधिमा) ९० वटा भन्दा बढी कानुन (मूल र संशोधन सहित) निर्माण गरेको छ। सो कानुनहरू र समावेशिताको सिद्धान्तबीचको तुलना निम्न पक्षहरूमा हेर्न सकिन्छ।

### १. भाषागत समावेशितामा ऐतिहासिक फड्को

- कानुनः प्रदेशसभाले "प्रदेश सरकारी कामकाजको भाषा ऐन, २०८०" पारित गरेको छ।
- समावेशिताः सो ऐनले नेपाली भाषाको अतिरिक्त प्रदेशमा बहुसंख्यक रुपमा बोलिने तामाङ र नेपाल भाषा (नेवारी) लाई सरकारी कामकाजको भाषाको रुपमा कानुनी मान्यता दिएको छ।
- विश्लेषणः सो समावेशिताको दृष्टिकोणले सबैभन्दा बलियो र प्रशंसनीय कदम हो। यसले बागमती प्रदेशको जातीय र भाषिक विविधता (तामाङ र नेवार बाहुल्यता) लाई सम्बोधन गरेको छ।

### २. प्रशासनिक संरचना र आरक्षण

- कानुनः प्रदेश सभाले "प्रदेश निजामती सेवा ऐन" र "स्थानीय तहका सेवाको गठन तथा सञ्चालन सम्बन्धी ऐन" निर्माण गरेको छ।
- समावेशिताः सो ऐनहरूले सरकारी सेवामा महिला, दलित, आदिवासी, जनजाति, मधेसी, थारु, मुस्लिम, अपांगता भएका व्यक्ति र पिछडिएको क्षेत्रका लागि निश्चित प्रतिशत आरक्षण (कोटा) सुरक्षित गरेका छन्।
- विश्लेषणः कानुनी रुपमा समावेशी प्रशासन यन्त्र बनाउन सो कानुनहरू कोशेढुंगा हुन्। तर, महिला सांसदहरूका अनुसार, कानुनमा व्यवस्था भए पनि कार्यान्वयन पक्ष फितलो हुँदा लक्षित वर्गले यसको पूर्ण लाभ लिन सकेका छैनन्।

**३. प्रतिनिधित्वः कानुनी बाध्यता र व्यवहारिक विभेद**

कानुन/संवैधानिक व्यवस्थाः संविधान र निर्वाचन कानुनले ३३ प्रतिशत महिला सहभागिता अनिवार्य गरेको छ। साथै, सभामुख र उपसभामुखमध्ये एक जना महिला हुनुपर्ने व्यवस्था छ।

**समावेशिताको अवस्थाः**

प्रदेश सभामा ३६.३६% (४० जना) महिला सदस्य छन्। जुन कानुनी सीमाभन्दा माथि छ। उपसभामुख पदमा महिला (माननीय अपसरा चापागाईं) हुनुहुन्छ।

तुलना/आलोचनाः कानुनी कोटा पुर्याउन समानुपातिक तर्फ ३५ महिला छन् भने प्रत्यक्ष तर्फ केवल ५ जना मात्र छन्। यसको पुष्टि प्रदेशसभाका महिला सांसदहरूको अभिव्यक्तिले समेत प्रष्ट पाररहेको छ। दलहरूले प्रत्यक्ष निर्वाचनमा महिलालाई टिकट नदिनुले कानुनले "संख्या" पुर्याए पनि "नेतृत्व" मा समावेशिता कमजोर रहेको देखाउँछ। ६ वटा संसदीय समितिमध्ये १ वटामा मात्र महिला सभापति हुनुले पनि सो अवस्थालाई प्रष्ट पार्छ।

**४. कानुन निर्माण प्रक्रियामा सहभागिता**

कानुनः कानुन निर्माण प्रक्रियामा सरोकारवालासँग छलफल गर्नुपर्ने संसदीय अभ्यास छ।

समावेशिताः कानुन निर्माणको मस्यौदा चरणमा नै महिला, दलित, र सीमान्तकृत समुदायसँग पर्याप्त छलफल नहुने गरेको सांसदहरूले नै स्वीकार्नुभएको छ।

कानुनका दफाहरू समावेशी भए पनि, कानुन बनाउने प्रक्रिया चाहिँ पूर्णतः समावेशी हुन सकेको छैन। हामीले यस्तो कानुन बनाउँदैछौं, सुझाव दिनुहोस् भनेर सार्वजनिक आह्वान गर्ने परिपाटी अझै कमजोर छ।

**५. नीति तथा कार्यक्रम र बजेटमा समावेशिता**

कानुनः विनियोजन विधेयक (बजेट) हरेक वर्ष पास हुन्छ।

समावेशिताः "न्यूनतम समाजवाद" को धारणा अनुसार शिक्षा र स्वास्थ्यमा सबैको पहुँच पुग्ने गरी कानुन र बजेट बन्नुपर्ने पर्छ। सो विषयलाई प्रदेशका पुरुष सांसदहरूले पनि निरन्तर रुपमा उठाउँदै आएका छन्। तर, व्यवहारमा बजेट विनियोजन गर्दा पहुँचवालाको क्षेत्रमा बढी र सीमान्तकृत (चेपाङ, जिरेल, थामी आदि) वस्तीमा कम पुग्ने गरेको गुनासो दस्तावेजमा पाइन्छ।

**सारांश तालिका**

| विषय | कानुनले गरेको व्यवस्था | समावेशिताको (अवस्था) |
|---|---|---|
| भाषा | कामकाजको भाषा ऐन पारित | तामाङ र नेपाल भाषाले मान्यता पाएको (उत्कृष्ट)। |
| सरकारी सेवा | आरक्षणको व्यवस्था | कानुन बनेको छ, कार्यान्वयनको चरणमा छ। |
| महिला नेतृत्व | ३३% आरक्षण<br>प्रमुख/उपप्रमुखमा फरक लिङ्ग | संख्या पुगेको तर नेतृत्व (प्रत्यक्ष निर्वाचित/सभापति) मा कमजोर। |
| निर्माण प्रक्रिया | सरोकारवालासँग छलफल | सीमान्तकृत समुदायको पहुँच न्यून, प्रक्रियामा समावेशीताको कमी। |

बागमती प्रदेश सभामा महिला प्रतिनिधित्व र समावेशीताका सन्दर्भमा गम्भीर चुनौतीहरू देखिएका छन्। तथ्यांक हेर्दा प्रदेश सभामा ३६.३६ प्रतिशत (४० जना) महिला सदस्य छन्, जुन संवैधानिक अनिवार्यता (३३ प्रतिशत) भन्दा बढी हो। तर, "सांख्यिक उपस्थिति" र "अर्थपूर्ण सहभागिता" बीच ठुलो समस्या रहेको छ।

**१. प्रत्यक्ष निर्वाचनमा अविश्वासः**

६६ प्रत्यक्ष सिटमध्ये केवल ५ जना महिला मात्र निर्वाचित हुनुले राजनीतिक दलहरू महिलालाई प्रत्यक्ष चुनावमा टिकट दिन र विश्वास गर्न अझै तयार नभएको देखाउँछ। महिलाहरूलाई केवल समानुपातिक कोटा भर्नका लागि मात्र सीमित गरिएको छ।

**२. नेतृत्वमा शून्यताः**

६ वटा संसदीय समितिमध्ये ५ वटाको नेतृत्व पुरुषले गर्नु र मुख्य कार्यकारी पदहरूमा महिलाको पहुँच नहुनुले 'निर्णय प्रक्रिया' मा महिलाको भूमिका गौण रहेको स्पष्ट हुन्छ।

**३. पितृसत्तात्मक संरचनाः**

प्रदेश सभाका महिला सांसदहरूका अनुसार सदनभित्रै पनि महिलालाई बोल्ने समय कम दिने र उनीहरूको क्षमतामाथि प्रश्न उठाउने प्रवृत्ति कायमै छ। दोहोरो जिम्मेवारी (घर र राजनीति) र महँगो निर्वाचन प्रणालीले सीमान्तकृत समुदाय र महिलालाई मूलधारमा आउन बाधा पुर्याएको छ।

अतः कानुनले समावेशिताको ढोका खोले पनि दलभित्रको परम्परागत सोच र संरचनागत विभेद नै वास्तविक समावेशिताका मुख्य चुनौती हुन्।

**निष्कर्ष:**

बागमती प्रदेश सभाले "कागजमा" (कानुनी रुपमा) समावेशितालाई बलियो बनाएको छ, विशेषगरी भाषा र आरक्षणको सवालमा। तर, "व्यवहारमा" नेतृत्व तहमा महिला र सीमान्तकृत समुदायको पहुँच तथा कानुन निर्माण प्रक्रियामा उनीहरूको अर्थपूर्ण सहभागिता अझै चुनौतीको विषय बनेको छ।

बागमती प्रदेश सभामा संवैधानिक बाध्यताका कारण महिलाको ३६ प्रतिशत उपस्थिति देखिनु सकारात्मक पक्ष हो। भाषागत समावेशितामा पनि प्रदेशले राम्रो उदाहरण पेश गरेको छ। तर, तथ्यांकको गहिराइमा जाँदा नेतृत्वदायी भूमिका, प्रत्यक्ष निर्वाचनमा टिकट वितरण र समितिहरूको नेतृत्वमा महिला र सीमान्तकृत समुदायको पहुँच अझै कमजोर छ।

अष्टलक्ष्मी शाक्य (पूर्व मुख्यमन्त्री) जस्ता व्यक्तित्वहरूले नेतृत्व गरेको इतिहास भए पनि, वर्तमानमा "अर्थपूर्ण सहभागिता" (Meaningful Participation) भन्दा "सांख्यिक उपस्थिति" (Numerical Presence) मा मात्र दलहरू केन्द्रित भएको देखिन्छ। समावेशितालाई नारामा मात्र सीमित नराखी व्यवहारमा उतार्न दलहरूभित्रको पितृसत्तात्मक सोच र संरचनागत विभेद अन्त्य हुनु जरुरी देखिन्छ।

❐❐




बागमती प्रदेश सभाको पुरानो भवनमा बैठक सञ्चालन




बागमती प्रदेश सभाको पुरानो भवनमा बैठकमा सञ्चालन



बागमती प्रदेश सभाको पुरानो भवनमा बैठकमा सञ्चालन




बागमती प्रदेश सभाको नयाँ भवन



बागमती प्रदेश सभाको नयाँ भवनमा बैठक सञ्चालन



बागमती प्रदेश सभाको नयाँ भवनमा बैठक सञ्चालन



जेन्जी प्रदर्शन पश्चात् क्षतिग्रस्त बागमती प्रदेश सभाको पुरानो भवन



जेन्जी प्रदर्शन पश्चात् क्षतिग्रस्त बागमती प्रदेश सभाको पुरानो भवन




बागमती प्रदेश सभा सचिवालय भवन



जेन्जी प्रदर्शनपछि जलेको अवस्थामा सचिवालय भवन



जेन्जी प्रदर्शनपछि जलेको अवस्थामा सचिवालय भवनको दोस्रो तल्ला



जेन्जी प्रदर्शनपछि जलेको अवस्थामा सचिवालय भवनको दोस्रो तल्ला




बागमती प्रदेश सभाको नयाँ भवन जेन्जी प्रदर्शन अघि र पछिको अवस्था

# हेटौँडा उपमहानगरपालिका परिसरमा रहेको प्रदेश सभा हल












प्रदेश सभा सचिवालयमा कार्यरत कर्मचारीहरूको सामूहिक तस्बिर

# सन्दर्भ सामग्री


- नेपालको संविधान, २०७२
- प्रदेश सभा नियमावली, २०७४
- राष्ट्रिय तथ्याङ्क कार्यालय, राष्ट्रिय जनगणना २०७८
- विभिन्न समितिहरूका प्रतिवेदन तथा कार्यविधिहरू
- विभिन्न कार्यक्रमहरूका प्रतिवेदन
- विभिन्न समितिहरूका निर्णयहरू
- प्रदेश सभा सचिवालयका अभिलेखहरू

# बागमती प्रदेश सभा सचिवालय

## हेटौँडा, नेपाल

**सम्पर्कः**

०५७-५२४८८९, ५२७५०८

https://provincialassembly.bagamati.gov.np

info.assembly@bagamati.gov.np; state3assembly@gmail.com